# नवौँ परिच्छेद

# स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका प्रतिनिधि कवि र तिनका कविता कृति

## ९.१ विषय प्रवेश

भारतमा भएका राष्ट्रिय तथा क्षेत्रीय आन्दोलनहरूले नेपाली जातीय स्वाभिमान संस्कृति र साहित्यको उत्थानमा जागृति ल्याएका छन् । असमेली नेपाली कविताको उत्थानमा विभिन्न आन्दोलनको विशेष भूमिका रहेको छ । भारतीय भूमि र असमेली भू-भागमा भएका आन्दोलनको परिणाम स्वरूप असमेली नेपाली कविताको उत्थानमा विविधता र बहुआयामिकता देखा परेको छ । यसले कविताको स्वरूप, संरचना, शिल्प, विषय आदि क्षेत्रमा विविधता सृजना गरेको छ । यस परिच्छेदमा जातीय जागरणको उत्थान कालमा देखिएका कविहरूको प्रतिनिधिमूलक चयन गरी तिनका कविताको विश्लेषण गरिएको छ ।

जातीय जागरणको उत्थान कालमा जम्मा तेह्रजना प्रतिनिधि कवि प्रमुख रूपमा रहेका छन् । ती मध्ये किरणकुमार राई, खेमराज नेपाल, गोविन्द शाण्डिल्य, पुष्पधर शर्मा, मैना थापा, चन्द्रकला नेवार, जयन्तकृष्ण शर्मा, निरु शर्मा पराजुली, लक्ष्मीप्रसाद पराजुली, विद्यापति दाहाल, श्याम लिवाङ, शान्ति थापा, होमबहादुर क्षेत्री आदि प्रमुख रहेका छन् । यस चरणमा आउने चन्द्रकला नेवारलाई असममै जन्मी हुर्की स्थापित भएर नेपाल प्रवेश गर्ने कविका रूपमा राखिएको छ । त्यसै गरी किरणकुमार राईलाई कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र असममा बीसौं वर्ष बसेर स्थापित भएकाले छनोट गरिएको छ ।

## ९.२ जातीय जागरणको उत्थान कालको विशेषता

स्वाधीनता उत्तर कालको तेस्रो उपचरणलाई जातीय जागरणको उत्थान काल भनिएको छ । यस जातीय जागरणको उत्थान काल २०१२ सम्मको अवधिमा जम्मा ७८ जना कविका १२० कविता सङ्ग्रहहरू प्रकाशित देखिन्छन् । यस कालका प्रारम्भिक कविताहरूका विशेषतालाई हेर्दा मान्छेको आत्मपरिचय हीनता, समाजप्रति व्यङ्ग्यात्मक अनुभूति, राजनीति, विसङ्गतिको चित्रण, दमित इच्छाका अव्यक्त अनुभूति, उत्तर आधुनिक प्रवृत्ति, केन्द्रभञ्जन जस्ता विचारका साथै छन्दको खडेरीमा छन्दमय काव्यहरूको प्रस्तुति पाइन्छ । यसका साथै भारत वर्षको इतिहास यसको निर्माण र विकास, स्वतन्त्रताका निम्ति आत्मबलिदानको संस्मरण, स्वदेश प्रेमको भावना, दुर्नीति र व्याभिचारले ग्रस्त समाजप्रति व्यङ्ग्य जस्ता मूलभूत प्रवृत्ति पनि यस कालका प्राथमिक चरणमा पर्ने विशेषता हुन् । यसका साथै व्यक्तिवादी चिन्तन, जातीय संस्कृतिको विनाशप्रति असन्तुष्टि, वृहत् जातीय अस्मिताको खोज गर्नु, प्रगतिशील विचारधाराको प्रस्फुटन, अस्तित्व र आदर्श जस्ता

विचारलाई आधार मानेर मानवीय अस्तित्वको खोज गर्नु, युद्धजन्य परिस्थितिको छानविन गर्नु, ऐतिहासिक बिम्बहरूको प्रयोग गरेर परम्पराप्रति मोह देखाउनु, राजनैतिक अस्थिरताप्रति व्यङ्ग्यात्मक मनोभाव प्रकट गर्नु, शोषणको विरोध गर्दै भ्रष्टाचार निर्मूलप्रति सजग रहनु, काल महिमाको वर्णन गर्दै मान्छेलाई मृत्युको त्रास देखाउनु, प्राकृतिक विनाशको वर्णन गर्दै पर्यावरणको पक्षधरमा बोल्नु, वैज्ञानिक प्राविधिक वस्तुका सुविधा र असुविधाहरूको गुण र अवगुणहरूको वर्णन गर्नु आदि रहेका छन् ।

भाषा आन्दोलन र विदेशी वहिष्कार आन्दोलन कालका विशेषताहरू यस कालमा पनि सामान्य रूपमा आएको पाइन्छ । वर्षौंदेखि बसोबास गर्दै आएका नेपालीहरूले असम छोडेर नेपालतिर बसाइ सर्ने प्रक्रियाको विरोध गर्दै त्यस्ता बसाइ सरुवाहरूलाई भगौडे भन्दै आक्रोश व्यक्त गरिएको छ । यसका साथै नेपालीको सिङ्गो इतिहासलाई पुनः मूल्याङ्कन गर्नु पर्ने भावका कविताहरू पनि पटक पटक दोहोरिएको देखिन्छ । त्यसरी नै नब्बेकै दशकको मध्य भागतिरका कवितामा वास्तविकतालाई छुँदै शून्यवादसम्म पुगेका विचारहरूको प्रकट भएको छ । त्यसै गरी स्वाधीनतापछि पाएको आनन्दलाई विदेशी वहिष्कार आन्दोलनले तर्साउँदा त्यो असर यस उपचरणका कवितासम्म पनि साम्य नभएको एकाध कविताहरूमा देख्न पाइन्छ । केही कविताहरूमा वर्तमानमा कष्ट गरे आउने दिनहरूमा राम्रो फल प्राप्ति होला भन्ने आशावादी भावना पनि यस कालका मध्य भागतिरका कवितामा वर्णन गरिएको छ । भावनाको उडान, भावुक प्रलाप, आत्मकेन्द्री वैयक्तिकता जस्ता पुरानै प्रवृत्ति रहे पनि यस प्रकारका प्रवृत्तिहरूले यस कालसम्म पछ्याएको देखिन आउँछ ।

नब्बेका दशकको मध्य भागतिरका कवितामा वास्तविकतालाई निर्वैयक्तिक अभिव्यक्ति दिएका एकाध कविता पाइन्छन् । यस कालमा आत्मवेदनाको प्रकटीकरणका साथै दुःखको समीकरण गरेर पनि कविताहरू लेखिएका छन् । वस्तुगत लेखन यस कालको विशेषता रहेको देखिन्छ । संयुक्त संकलनहरूमा आत्मशक्ति बृद्धिका निम्ति उत्साह, मानवतावादी मनोभाव, अस्तित्ववादी चिन्तन, भाषा सेनानीहरूको त्याग र बलिदानको वर्णन, असम मातृभूमिको सौन्दर्यको वर्णन, विश्व बन्धुत्वको भावना व्यक्त वसुधैव कुटुम्बको नारा, एक नायकत्व, स्वेच्छाचारिता, स्वार्थपरकताको विरोध जस्ता विशेषता यस कालका संयुक्त संकलनहरूका कवितामा पाइन्छन् । एक्काइसौं शताब्दी यताका कविताहरू हेर्दा युगीन परम्पराप्रति मोहका साथै केही उत्तराधुनिक विचार धाराको पनि प्रकटीकरण भएको छ । एकाध कविताहरूमा केन्द्रभञ्जन तर्फको प्रयास, पर्यावरण संरक्षणप्रतिको मोह, शोषित वर्गप्रति शोषक वर्गले गरेको अन्यायको विद्रोहात्मक प्रतिकार, आशावादी जीवनदृष्टि साथै अवास्तवजगत्को काल्पनिक प्रस्तुति आदि प्रवृत्ति पाइन्छ । यसका साथै कहिलै समाप्त नहुने युद्धहरूप्रति व्यङ्ग्य तथा यौन बिम्बहरूको यदाकदा प्रयोग पनि गरिएको देखिन्छ । संवादभित्र नाटकीय प्रस्तुतिका साथै विद्रोहात्मक स्वर, नेपाली जातिप्रति सकारात्मक

दृष्टिभङ्गी, अस्तित्ववादी चिन्तन, नवीनताको आशा, परिवर्तनको आशा, स्वच्छन्दतावादी विचार आदि यस कालका विशेषता हुन् । निराशा भित्र आशाको सञ्चार, मानवता शून्यप्रायः अवस्था देख्दा दुःख प्रकट, वर्तमानको यथास्थितिको चित्रण, भग्नावशेष परिवेशको चित्रण, अस्मिता र अस्तित्वको खोज, राष्ट्रियताको भावना, आस्था र विश्वासप्रतिको सकारात्मक विचार धारा जस्ता विशेषता पनि यस कालमा देखिन्छन् ।

यस कालको अन्तिम समयका कविताहरूमा निम्नस्तरीय जीवनबाट उच्च स्तरीय जीवनतर्फको उडान, संकुचित मनोभावको विकास, एकल पारिवारिक शृङ्खलाको प्रारम्भ, भयङ्कर सुनामीहरूको चित्रण, मुक्तकीय आकारका कवितामा व्यङ्ग्यात्मक दृष्टिकोणको विकास, अधिकारको लडाइँ, जातीय अस्तित्वको चिन्ता, शोषणको विरोध, देशप्रेममूलक भावना, प्राविधिक वस्तुहरूप्रति बढी आकर्षण र रुझान जस्ता थुप्रै विशेषता यस कालमा पाइन्छन् ।

यस कालमा देखिएका मूलभूत विशेषताहरूलाई बुँदागत रूपमा निम्नानुसारले देखाउँन सकिन्छ :

(१) आत्मपरिचय हीनता, राजनैतिक अस्थिरता तथा राजनीतिक विसङ्गतिको चित्रण
(२) दमित इच्छाको अव्यक्त अनुभूति तथा शून्यवादी विचारबाट प्रभावित
(३) उत्तर आधुनिक विचार धाराबाट प्रभावित हुँदै केन्द्र भञ्जन तथा पर्यावरण तर्फको रुझान
(४) स्वदेश प्रेम, स्वतन्त्रता र आत्मबलिदान जस्ता विषयमा केन्द्रित
(५) भ्रष्टाचार एवं दुर्नीतिप्रतिको कडा विरोध
(६) जातीय संस्कृतिको संरक्षण तथा युगीन परम्पराप्रति आस्था
(७) राजनैतिक व्यभिचारप्रति व्यङ्ग्य, विदेशी वहिष्कार आन्दोलनप्रति धिक्कार तथा देश छोडेर भाग्नेहरूप्रति वितुष्टि मनोभाव
(८) वैज्ञानिक प्रविधिहरूको मूल्याङ्कन गर्दै आशावादी भावनाको विकास
(९) आत्मकेन्द्री र वैयक्तिकताको भावना
(१०) अस्तित्ववादी चिन्तनको विकास
(११) मानवतावादी मनोभाव एवं विश्व बन्धुत्वको भावनाको विकास
(१२) एक नायकत्व तथा स्वेच्छाचारिताको विरोध
(१३) प्रगतिशील भाव तथा विद्रोहात्मक स्वरको विकास
(१४) मानवीय अस्तित्व र अस्मिताको खोज
(१५) एकल पारिवारिक शृङ्खलाको चित्रण

### ९.२.१ जातीय जागरणको उत्थान कालका प्रतिनिधि महाकाव्य र खण्डकाव्यको विश्लेषण

जातीय जागरणको उत्थान कालमा जम्मा तीनओटा महाकाव्य र पाँचओटा खण्डकाव्य प्रकाशित छन् । उक्त तीनओटा महाकाव्य र पाँचओटा खण्डकाव्य मध्ये दुईओटा

महाकाव्य र एउटा खण्डकाव्यलाई मुख्य प्रतिनिधि महाकाव्य र खण्डकाव्यका रूपमा छनोट गरिएको छ । उक्त महाकाव्यहरूमा विद्यापति दाहालको 'उषाहरण' महाकाव्य (२००६), खेमराज नेपालको 'सृष्टि' महाकाव्य (२००९) र छविलाल उपाध्यायको 'कामरूपा' (१९९५) खण्डकाव्यलाई तल क्रमशः विश्लेषण गरिन्छ ।

### ९.२.१.१ विद्यापति दाहाल र उनका काव्य कृति

स्वाधीनता उत्तर कालको तृतीय चरणमा देखिएका कविहरूमा विद्यापति दाहाल महत्त्वपूर्ण छन् । यहाँ उनको काव्यगत प्रवृत्ति र प्रतिनिधि महाकाव्यको विश्लेषण गरिएको छ ।

### ९.२.१.२ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरण जातीय जागरणको उत्थान कालका राम्रा काव्य लेख्ने कविका रूपमा विद्यापति दाहाल (वि.सं. १९९६) देखा पर्छन् । १९७० को दशकदेखि काव्य लेखनको प्रारम्भ गर्ने दाहालले साहित्यको समालोचना विधामा पनि निरन्तर कलम चलाउँदै आएको देखिन्छ । उनको काव्य यात्रा १९७९ को रामानन्द आचार्य जन्म जयन्ती विशेषाङ्कमा 'आचार्य जयन्ती' शीर्षक कविताबाट थालिएको हो । उनको प्रथम काव्य कृति भने २००१ मा मात्र प्रकाशित भएको देखिन्छ । काव्य सँगसँगै अनुसन्धानात्मक समालोचनामा पनि उत्तिकै दखल भएका दाहालका प्रकाशित खण्डकाव्य र महाकाव्य यस प्रकार छन् :

(१) **काम्य** (खण्डकाव्य, २००१)

(२) **आमा** (खण्डकाव्य, २००४)

(३) **उषाहरण** (महाकाव्य, २००४)

विद्यापति दाहालको चार दशकको कविता यात्रा देखिन्छ । यस अवधिमा उनले समालोचनात्मक ग्रन्थका साथै संस्कृत साहित्यमा पनि योगदान पुऱ्याएको देखिन्छ । उनले नेपालीका साथै संस्कृत भाषामा पनि कलम चलाएका छन् । यस अवधिमा उनका अनुसन्धानमूलक दुई ग्रन्थ प्रकाशित छन् । उनका चार दशकको कविता यात्रालाई हेर्दा प्रारम्भिक चरणमा केही फुटकर रचनाहरू फेला परेका छन् । प्रारम्भिक चरणमा संस्कृत कविता पनि लेखेको पाइन्छ । उनका काव्य यात्रालाई निम्नलिखित तिन चरणमा विभाजन गर्न सकिन्छ :

(१) प्रथम चरण (१९७९-१९९०)

(२) दोस्रो चरण (१९९१-२००१)

(३) तेस्रो चरण (२००२ देखि हालसम्म)

विद्यापति दाहालको प्रथम चरण फुटकर कविताहरूको चरण हो । यस चरणमा फुटकर बाहेक उनका कुनै पनि रचना प्रकाशित भएको देखिँदैन । यस चरणमा पत्रपत्रिकामा

प्रकाशित कवितामा मानवतावादी भावधाराका साथै आत्मचिन्तन बोध, परोपकारी भावना जस्ता प्रवृत्तिहरू मुखरित भएको पाइन्छ । दोस्रो चरण (१९९१-२००१) सम्ममा उनको एउटा खण्डकाव्य प्रकाशित देखिन्छ । यो दश वर्षको समयमा उनको एकमात्र खण्डकाव्य प्रकाशित छ । यस चरणमा प्रकृति चित्रण, उच्चाकाङ्क्षी भावना, परम्परावादी मनोभाव, जातीय सद्भाव, जातीय उत्थानको र एकताको भाव, जातीय वीरत्वप्रति गौरव बोध, भाषा सेवाप्रति सजग, अहिंसावादी, साहित्य साधना र साहित्यको प्रचार प्रसारप्रति जोड, अतीत गौरव, राष्ट्रिय सभ्यताको गुनगान, मातृभूमिप्रति प्रेमभाव, पौराणिक स्थलहरूको वर्णनमा जोड जस्ता मूलभूत प्रवृत्ति देखिन्छन् । तेस्रो चरण कविको उर्वर चरण हो । यस चरणमा एक खण्डकाव्य र एक महाकाव्यको सृजना भएको छ । यस चरणका खण्डकाव्य र महाकाव्यमा जीवनवादी मनोभाव प्रकट भएको छ । जीवात्मा र परमात्माको सत्तालाई चिनाउने प्रयास, जीवन असत्य र मृत्यु सत्यको व्याख्या पनि पाइन्छ । यसमा मानिसका निरुपाय, निःसहाय, विवशतापूर्ण, अपरिहार्य जीवनको अन्तिम क्षणका मार्मिक वेदनाको वर्णन गरिएको छ । कृति सृजन गर्नुको परम लक्ष स्मृतिका मार्मिक पक्षहरू तथा नेपाली समाजमा प्रचलित भइरहेका धार्मिक संस्कार अनि सांस्कृतिक पक्षलाई यथावत् जीवित राख्नु एवम् आमाप्रतिको छोराको कर्तव्य श्रद्धापूर्वक पालन गर्ने व्यवस्था यथावत् कायम राख्न चाहनु (दाहाल, २००४ : २०) प्रकृति चित्रण, उच्चाकाङ्क्षी भाव, कार्य र कारणको समन्वयमा विश्वास, परोपकारी, सत्कर्म र ममतामयी जीवनको चाहना, मृत्युमुखी जीवनको चित्रण, कर्ममय जीवनमा विश्वास, जातीयतावादी चेतना, अग्रज कविहरूप्रति सद्भाव, जातीय वीरत्वप्रति सम्मान जस्ता मूलभूत प्रवृत्तिहरू पाइन्छ । यसका साथै यस चरणको महाकाव्यमा ऐतिहासिक विषयवस्तुको अन्मेषण गरिएको छ ।

### ९.२.१.३ 'उषाहरण' महाकाव्यको विश्लेषण

विद्यापति दाहालले संस्कृत तथा नेपालीमा केही फुटकर कविता लेख्नुका साथै दुई खण्डकाव्य तथा एक महाकाव्य लेखेको पाइन्छ । ऐतिहासिक दिग्दर्शन, कलात्मकता तथा असमेली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनको **उषाहरण** शीर्षकको महाकाव्यलाई मुख्य प्रतिनिधि महाकाव्यका रूपमा मानिएको छ । **उषाहरण** महाकाव्य २००५ मा प्रकाशित भएको हो । पौराणिक विषयवस्तुलाई आधार मानेर लेखिएको प्रस्तुत महाकाव्यले युगीन असमेली नेपाली सामाजिक, सांस्कृतिक सन्दर्भलाई पनि प्रतिबिम्बित गरेको छ । पौराणिक पात्र उषा र अनिरुद्ध बिचको प्रेमाख्यानको मूल्यमा रहेको कृष्ण र वाणासुरको युद्धलाई मुख्य कथ्य बनाए पनि प्राचीन असम राज्यको अवस्था, असम र द्वारकाको सम्बन्ध, मानवीय प्रणय, कला, संस्कृति, सभ्यता आदिलाई महाकाव्यमा प्रस्तुत गरिएको छ । यहाँ महाकाव्यलाई विषयवस्तु, कथावस्तु, पात्र विधान, परिवेश, रस भाव, शीर्षकीकरण, भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिएको छ :

## (क) विषयवस्तु

**उषाहरण** महाकाव्यको मूल स्रोत श्रीमद्भागवत् महापुराण हो । यस पुराणको दशमस्कन्ध अन्तर्गत वैसट्ठी र त्रिसट्ठी अध्यायमा वर्णित उषा र अनिरुद्धको प्रेमाख्यान नै महाकाव्यीय वस्तुको स्रोत हो । पुराणमा वर्णित कथा अनुसार शोणितपुर (वर्तमान तेजपुर) का राजा दानवराज वाणासुरकी छोरी उषाले सपनामा द्वाराकाधीश कृष्णका नाति अनिरुद्धलाई देखेकी हुँदा उषा अनिरुद्धप्रति आकर्षित भएकी हुन् । उषाकी साथी चित्रलेखाको सहयोगले उषा र अनिरुद्धको भेट भएको र त्यसबाट कृष्ण र वाणासुर बिच घनघोर युद्ध र उषा अनिरुद्धको विवाह भएको घटना नै प्रस्तुत काव्यमा विन्यास हुन पुगेको छ । पौराणिक वस्तु स्रोत भए पनि महाकाव्यकार विद्यापति दाहालले पर्याप्त मात्रामा मौलिकता प्रदान गरी आधुनिक असम, असमेली नेपाली स्थिति, नेपाली संस्कृति र सभ्यतालाई महाकाव्यमा स्थापना गरेका छन् । विशेष गरेर नेपाली चाडवाड, आपसी सद्भाव, राज्य व्यवस्था आदिलाई महाकाव्यमा उपस्थापन गरिएको छ । भागवतमा २ अध्यायमा वर्णित प्रसङ्गमा जम्मा ८३ श्लोकमा प्रस्तुत प्रेमाख्यान विस्तारित भएको छ भने महाकाव्यकारले त्यस पौराणिक वस्तुलाई महाकाव्यीय संरचनामा विस्तार गरेका छन् । 'उषाहरण' महाकाव्यमा मुख्यतः उषा र अनिरुद्धको प्रणय नै कथावस्तुका रूपमा आएको छ । शोणितपुर राज्यका राजा वाणासुरकी छोरी उषाले सपनामा कृष्णका नाति र प्रद्युम्नका छोरा अनिरुद्धलाई देखेकी हुँदा उनी व्याकुल बन्न पुगेको घटना महाकाव्यमा वर्णित भएको छ । उषाकी सहेली चित्रलेखाको सहयोगले अनिरुद्ध शोणितपुरमा नै ल्याइन्छन् र यी दुवै गोप्य रूपमा चार महिनासम्म रहेको देखिन्छ । भागवतमा वर्णित कथालाई यथावत् राखी झिनो आख्यानयुक्त महाकाव्यीय स्वरूप निर्माण हुन पुगेको देखिन्छ । महाकाव्यको चतुर्थ सर्गसम्म कथावस्तुको पृष्ठभूमिगत वर्णन मात्र देखिन्छ । प्रथम श्लोकमा मङ्गलाचरणबाट प्रारम्भ भएको महाकाव्यमा चौथो सर्गसम्म प्राचीन शोणितपुरको पृष्ठभूमि र राजा वाणासुरको प्रसङ्ग मात्र वर्णित भएको हुँदा कथावस्तुका दृष्टिले यो अंश अनावश्यक विस्तारका रूपमा रहेको छ । पञ्चम सर्गमा महाकाव्यकी नायिकाको जन्म प्रकरण र उनको यौवन एवम् प्रणयको घटना प्रारम्भ भएको छ । पाँचौं सर्गमा उषाको जन्म, न्वारन, यौवनारम्भ, प्रणयको अङ्कुरण र अनिरुद्धसँगको सहवास भएको देखिन्छ । एउटै सर्गमा यति धेरै कथावस्तुको विन्यासले कथावस्तु सन्तुलित रूपमा विकास भएको देखिँदैन । छैठौं सर्गमा उषा र अनिरुद्धको सामान्य प्रसङ्ग पाइन्छ भने सातौं सर्गदेखि कथावस्तुमा मोड आएको छ । उषा र अनिरुद्धको गोप्य सहवास र गोपनीयता भङ्ग भएपछि वाणासुर र अनिरुद्धको युद्ध, अनिरुद्ध पराजित र कारावास, नारदद्वारा वाणासुर राज्यको भ्रमण र वाणासुरलाई अनिरुद्ध शक्तिशाली कृष्णका नाति भएको जानकारी, नारदद्वारा द्वारका गमन र कृष्णलाई अनिरुद्ध बन्दी भएको जानकारी, कृष्ण, बलराम, प्रद्युम्न आदि द्वारकावासीको चिन्ता र शोणितपुरमा आक्रमण, कृष्ण र वाणासुर बिच युद्ध,

वाणासुर पराजित, कृष्ण र महादेवको युद्ध र अन्त्यमा कृष्ण र उनका सेनाको विजय प्रसङ्ग पाइन्छ । कृष्ण र द्वारकावासीको विजयसँग वाणासुर र शोणितपुरवासी बिच मेलमिलापूर्ण वातावरणको सृजना एवम् उषा र अनिरुद्ध बिच परिणय बन्धन भएर उषा र अनिरुद्धलाई लिएर कृष्ण बलराम आदि द्वारका प्रस्थान गरेको र गोकुल वरसाना हस्तिनापुर जस्ता पुराना ठाउँको अवलोकन, इष्टमित्रसँग भेटघाट गर्दै द्वारका पुगेको प्रसङ्ग कथावस्तुका रूपमा रहेको छ ।

महाकाव्यीय कथावस्तुको विकासलाई हेर्दा उषा र अनिरुद्धको प्रणय भन्दा पनि कृष्ण र वाणासुरको युद्धलाई प्राथमिकता दिएर उषा र अनिरुद्धको प्रणयलाई कथावस्तुको सानो अंशका रूपमा लिइएको छ । समग्र कथावस्तुको विकासलाई आदि, मध्य र अन्त्यको क्रममा विभाजन गर्दा पृष्ठभूमि स्वरूप भएको चौथो सर्गसहित पाँचौं सर्गमा वर्णित उषा र अनिरुद्धको मिलनका रूपमा रहेको घटना आदि भागका रूपमा रहेको छ । यसमा कृष्ण र वाणासुरको युद्धको कारणको बीजाधान भएको छ भने उषाहरणको पृष्ठभूमि पनि निर्माण भएको छ । मध्य भागका रूपमा नारदद्वारा वाणासुरलाई यदुवंश र कृष्णको परिचय दिनु, कृष्णलाई अनिरुद्ध बन्दी भएको जानकारी गराउनु, कृष्ण ससैन्य शोणितपुर प्रस्थान गर्नु, वाणासुर र महादेवसँग कृष्णको युद्ध हुनु र कृष्णको विजय हुनु जस्ता घटना पर्दछन् । यसमा उषाहरणको पूर्ण वातावरण सिर्जना हुन्छ र दानवीय शक्तिका रूपमा विकास भइरहेको वाणासुरको पराजयले उषाको र अनिरुद्धको मुक्तिको सङ्केत गरेको छ । कथावस्तुको अन्य भागमा वाणासुरद्वारा सम्मानपूर्वक उषा र अनिरुद्धलाई विदाइ गर्नु, कृष्ण बलराम, प्रद्युम्न, उषा, अनिरुद्धलाई लिएर आफ्नो पूर्वस्थल गोकुल वरसाना हुँदै द्वारका पुग्नु जस्ता घटना पर्दछन् । यसरी आदि, मध्य र अन्त्यको क्रममा कथावस्तुको विकास भए पनि यसमा परिपुष्टता भने आउन सकेको छैन । कथावस्तुको परिपुष्ट रूप विकास हुन नसक्नुमा कविको प्राकृतिक, सांस्कृतिक, भौगोलिक आदि वस्तुको वर्णनमा देखिएको मोह नै मुख्य कारण देखिन्छ ।

### (ख) पात्र विधान

'उषाहरण' महाकाव्यमा प्रमुख पात्रका रूपमा उषा, अनिरुद्ध, कृष्ण, वाणासुर एवम् चित्रलेखा रहेका छन् । अन्य पात्रहरूमा बलराम, प्रद्युम्न, कृष्ण, सैन्य पात्रहरू पौराणिक पात्र भएको हुँदा यिनमा आद्यरूपीय गुण विद्यमान देखिन्छ। यहाँ केही प्रमुख पात्रको चरित्रलाई प्रस्तुत गरिएको छ।

### (१) उषा

महाकाव्यकी प्रमुख पात्रका रूपमा उषा रहेकी छन् । उषा शोणितपुरका राजा वाणासुरकी छोरी, चित्रलेखाकी साथी र अनिरुद्धकी प्रेमिकाका रूपमा रहेकी देखिन्छिन् । उषाको रूप लावण्य चन्द्रमाझैं सुन्दर भएको कुरालाई कविले वर्णन गरेका छन् । जस्तो :

जति गइ मुख हेर्थे फर्किनै मुस्किलै भै
अतिशय रमणीयै चन्द्रमा झै सुहाकी

बढिकन अब उषा तोतिलो बोली बोल्ने
सबतिर घुमि फिर्ता बाबु आमा सहर्ष (पृ. २१)

उषाका सौन्दर्य देख्नेहरूका निम्ति ज्यादै आकर्षक भएको र हेरेर फर्किन गाह्रो पर्ने भाव यहाँ व्यक्त भएको छ । कविले उषाको रूप, चाल, व्यवहार आदि सौन्दर्यलाई वर्णन गर्दै नारी सौन्दर्य व्यक्त गरेका छन् । उषाले स्वप्नमा देखेको युवा अनिरुद्धसँग प्रेम गरे पनि पतिव्रता स्वीया नायिकाका रूपमा उनको चरित्र रहेको देखिन्छ । आफ्ना पितामाताको राजकीय प्रेम तथा कडा सुरक्षामा हुर्किएकी उषालाई हंसगामिनी, हात्तीको चाल भएकी, मिष्टभाषी, राज्य लक्ष्मी समान जस्ता गुणले परिपूर्ण देखिएको वर्णन पाइन्छ । उषाको सौन्दर्य प्रकृतिको उषा जस्तै सुन्दर भएको भाव व्यक्त भएको छ । उषा सौन्दर्यका दृष्टिले प्रातःकालीन उषाको आद्यरूपीय प्रतिमूर्ति पनि रहेको देखिन्छ । कहिलै नष्ट नहुने सौन्दर्यकी प्रतिमूर्ति भएकी उषा शाश्वत सौन्दर्यकी प्रतीकका रूपमा पनि रहेकी छे । महाकाव्यको नामकरणमा नै उषाको नाम जोडिएको हुँदा काव्यकी प्रमुख पात्रका रूपमा उषा नै रहेकी देखिन्छिन् ।

### (२) अनिरुद्ध

**उषाहरण**' महाकाव्यको प्रमुख पुरुष पात्रका रूपमा अनिरुद्धको चरित्र रहेको छ । द्वारकाधीश कृष्णका नाती र प्रद्युम्नका छोराका रूपमा रहेका अनिरुद्ध उषाद्वारा सपनामा देखिएको सुन्दर युवा हुन् । अनिरुद्ध आफ्नो कोठामा सुतेको बेला नै उषाकी साथी चित्रलेखाद्वारा अपहरण गरी शोणितपुर पुऱ्याइएको छ । कवि विद्यापति दाहालले अनिरुद्धलाई सौन्दर्यमा कामदेव समान चित्रण गरेका छन् । जस्तो :

उषासँगै एक उनकै सधैं नै
घुम्दा फिर्ता दृष्टि पातै विहीन
सौन्दर्यमा कामदेवै समान
साथै हिँड्दा एक नासे दुवै नै (६/१९)

यस पद्यमा उषा र अनिरुद्धको सौन्दर्यगत समानता वर्णित हुन पुगेको छ र अनिरुद्ध उषाका निम्ति योग्य वरका रूपमा चित्रित भएको देखिन्छ । द्वारकाबाट अपहृत भई उषाको कोठामा बन्दी भएका अनिरुद्ध चार महिनापछि मात्र वाणासुरबाट देखिएका छन् । आफ्नी छोरीसँग रहेका अनिरुद्धसँग रुष्ट बन्न पुगेका वाणासुरले उनीसँग युद्ध गरी कारागारमा हालेको देखिन्छ । वाणासुरका सेनासँग एक्लो अनिरुद्धले साहस एवं वीरतापूर्ण युद्ध गरेको हुँदा उनी वीरता र धैर्य भएका नायकका रूपमा देखिन्छन् ।

महाकाव्यकार विद्यापति दाहालले महाकाव्यीय चरित्र विन्यासमा त्यति धेरै कौशल प्रदर्शन गरेको देखिँदैन । महाकाव्यका पात्रमा देखिने भव्यता, उदात्तता, व्यापकता यस महाकाव्यका पात्रीय विन्यासमा पाइँदैन तथापि पुराणमा निर्मित भएका उषा र अनिरुद्धको चरित्र स्वाभाविक एवं विश्वसनीय बन्न पुगेको छ ।

'उषाहरण' महाकाव्यमा उषा र अनिरुद्ध बाहेक कृष्ण, वाणासुर र चित्रलेखाको चरित्र पनि महत्त्वपूर्ण देखिन्छ । वाणासुर शोणितपुरका राजाका रूपमा रहेका र शिवको आराधनाबाट गर्वोन्मत्त बनेका शासकका रूपमा देखिन्छन् । शिवबाट प्राप्त बलले उन्मत्त भएर शिवसँग नै युद्ध गर्न तम्सेका वाणासुर दानवीय वृत्ति भएका असुर सम्राटका रूपमा रहेका छन् । वाणासुर आसुरी शक्ति भएका आद्यरूपीय चरित्रका रूपमा रहेका छन् ।

प्रस्तुत महाकाव्यका अर्का महत्त्वपूर्ण पात्रका रूपमा कृष्णको चरित्र रहेको छ । द्वारकाका शक्तिशाली देवचरित्रका रूपमा रहेका कृष्णले आफ्ना नाति अनिरुद्ध कारागारमा रहेको सुनेपछि शोणितपुर आक्रमण गरी वाणासुर र उनका उपास्य शिवसँग नै युद्ध लडेको पाइन्छ । महाकाव्यमा कृष्णलाई अनन्त शक्ति र वैभव सम्पन्न परमात्माका रूपमा लिइएको छ । नायकलाई आपत् पर्दा बचाउने आद्यरूपीय शक्ति सम्पन्न चरित्रका रूपमा कृष्णको चरित्रलाई लिन सकिन्छ ।

**उषाहरण** महाकाव्यमा महत्त्वपूर्ण पात्रका रूपमा चित्रलेखाको उपस्थिति रहेको छ । यिनी नायिका उषाकी सहयोगी पात्रका रूपमा रहेको भए पनि विद्या, शिल्प र तन्त्रका दृष्टिले चित्रलेखाको भूमिका महत्त्वपूर्ण देखिन्छ । चित्रलेखासँग संसारका सबैको चित्र उतार्न सक्ने र चाहेको व्यक्तिलाई ल्याउन सक्ने क्षमता देखिन्छ । यिनले नै उषाले सपनामा देखेका पुरुष अनिरुद्धको फोटो खिचेको र द्वारकाबाट उनलाई अपहरण गरी ल्याएको वर्णन पाइन्छ । यस प्रकारको चारित्रिक विशिष्टता मायिक गुणले विशिष्ट आद्यरूपीय चरित्र हो । यी विभिन्न पात्रहरूको विन्यासद्वारा निर्मित प्रस्तुत महाकाव्यमा मानवीय सौन्दर्य, प्रेम, वीरता, अहंमन्यता, वात्सल्य समर्पण जस्ता पक्ष प्रकट भएका छन् । चरित्र विन्यासमा विविध मानवीय प्रवृत्ति पनि प्रकट भएको छ ।

**(ग) परिवेश**

**उषाहरण** महाकाव्यमा मूलतः पौराणिक परिवेश रहे पनि कवि दाहालले असमका विभिन्न स्थानलाई देखाउने प्रयास गरेका छन् । पुराणमा वर्णित शोणितपुर राज्य, कामाक्षा, लोहित नदी, ब्रह्मपुत्र जस्ता असम प्रान्तीय परिवेश काव्यमा चित्रित हुन पुगेको छ । कृष्णको नगरी द्वारकाको सूच्चात्मक परिवेशलाई काव्यमा सङ्केत गरिएको छ । महाकाव्यमा तत्कालीन असम प्रान्तको शैव, वैष्णव र अन्य साम्प्रदायिक सद्भावपूर्ण सामाजिक परिवेशको सङ्केत गरेर वर्तमान असमको बहुधार्मिक, बहुसांस्कृतिक एवं बहुभाषिक परिवेशलाई व्यञ्जित गरिएको छ । जस्तो :

शैवी तथा वैष्णव साधका जन
बस्ने गरेका भव पार काममा
श्रेष्ठत्व वर्चस्व समान धारणा
राजर्षिको ध्यान समस्त राज्यमा (१/४४)

प्रस्तुत महाकाव्यमा समन्वयमूलक सांस्कृतिक परिवेशको पृष्ठभूमि भए पनि नेपाली सांस्कृतिक परिवेश निर्माणमा विशेष ध्यान दिएको देखिन्छ । महाकाव्यको दोस्रो सर्गमा शरद ऋतुको वर्णन गरिएको छ र यस ऋतुमा पर्ने दशैं र तिहारको विशेष सन्दर्भ देखाइएको छ । जस्तो :

टीका अनेकौं विविधै निधार्मा
सन्तुष्ट भावै मन माफिकैका
वाणासुरैका जनता सभामा
लाइन्छ टीका सम भावनामा
गाई र गोरु सहर्ष भावमा
लक्ष्मी र भ्राता यमपञ्चकैमा
उल्लास आनन्दसितै सधैं भैं
पूज्ने गरेका जनता सहैमा (२/९४-९५)

उपर्युक्त पद्यांशमा नेपालीहरूले मान्ने दसैं र तिहारको सांस्कृतिक दृश्य पाइन्छ । निधारमा टिका लगाउने, गाई, गोरु, पुज्ने, दाजु भाइलाई टीका लगाइ दिने जस्ता सांस्कृतिक परिवेशको अङ्कन गरेर नेपाली संस्कृतिलाई देखाइएको छ । यस महाकाव्यमा समन्वयमूलक सांस्कृतिक परिवेश निर्माण गर्ने प्रयास भएको छ । कवि स्वयंले भारतीय भूमिका पूर्वीय प्रान्त असम र द्वारकालाई जोड्ने काम भएको उल्लेख गरेका छन् । जस्तो : "यसमा अखण्ड भारत वर्षको पूर्व र पश्चिमको राजकीय सम्बन्ध प्राचीन कालदेखि नै रहेको कुरालाई विषयवस्तुका रूपमा उपस्थापन गरिएको छ र असमको सांस्कृतिक पक्षलाई पनि विशेष रूपमा प्रसङ्ग अनुसार उपस्थापन गर्ने प्रयास गरिएको छ" (प्राक्कथन, ख) । कवि दाहालले सचेत रूपमा आधुनिक विविध परिवेशको निर्माण गरेर महाकाव्यीय परिवेशलाई व्यापक बनाएका छन् । यस महाकाव्यमा प्राकृतिक परिवेशको चित्रण गर्ने क्रममा विभिन्न ऋतुहरूको वर्णन, वन, झरना, नदी आदिको वर्णन पनि पाइन्छ । यसरी कवि दाहालले प्राचीन पौराणिक परिवेशको चित्रण गर्दै त्यसबाट आधुनिक असमेली परिवेशगत वैविध्यलाई देखाउने काम गरेका छन् ।

पूर्वीय काव्यशास्त्रले सङ्केत गरे अनुरूप युद्ध प्रयाण, युद्ध, विवाह आदि परिवेशलाई पनि महाकाव्यमा विन्यास गरेको देखिन्छ । द्वारकाबाट कृष्ण र बलरामका सेना शोणितपुर प्रस्थान गरेको वर्णन, कृष्ण र वाणासुरको युद्ध, उषा र अनिरुद्धको विवाह, यज्ञयागादिको वर्णनगत परिवेशले महाकाव्यीय परिवेशलाई व्यापक र विशिष्ट बनाएको छ ।

**(घ) भाषाशैली**

**उषाहरण** महाकाव्य शास्त्रीय छन्दमा लेखिएको छ । यसमा मालिनी, शालिनी, इन्द्रवज्रा, उपेन्द्रवज्रा, शार्दूलविक्रीडित, तोटक र भुजङ्ग प्रयात छन्दको प्रयोग गरिएको छ र

सबैभन्दा बढी मालिनी छन्दको उपयोग भएको छ । कतिपय ठाउँमा छन्दका नियमहरू भङ्ग भएकाले छन्दोभङ्ग हुन पुगेको देखिन्छ । प्रयोगका दृष्टिले हेर्दा महाकाव्यमा उपमा, सन्देह, अतिशयोक्ति, उदात्त जस्ता अर्थालङ्कार र अन्त्यानुप्रास र वृत्यानुप्रास जस्ता शब्दालङ्कारको प्रयोग भएको देखिन्छ । जस्तै :

छटपट अलि बढ्दै चञ्चला छन् स्वभाव
अतिशय रमणीया अङ्ग सौन्दर्य पूर्ण
गमन गति सुहाकै राज हंसै समान
नयन नजर पर्दा खञ्ज पक्षी सरीका (५/३०)
वरिपरि सजिएका शारदी पूर्णिमामा
शरद भरि बनिएका कृष्णका मूर्ति सारा
विविध विधि विधाका रासकै मान पर्दा
विरह बनिएका गोप गोपी समस्त (३/८४)
चर्चा र निन्दा छ अनेक शास्त्रमा
कहीं कतै छैन विवाद भावमा
विश्वास मातै अबता समाजमा
पाइन्छ पूरा जन भावना सदा (५/१८)

उपर्युक्त पद्यहरूमा क्रमशः उपमा, सन्देह र उदात्त अलङ्कार रहेका छन् । पहिलो पद्यमा उषाको चाललाई हंसको गतिसँग तुलना गरिएको छ । यस प्रकारको उपमान उपमेय भावले नायिका उषाको सौन्दर्य व्यञ्जित गरेको छ । यसरी नै दोस्रो पद्यमा शोणितपुरमा अनेक मन्दिरहरू रहेका र तीमध्ये कृष्णका मूर्तिहरू शरद ऋतुमा रास लीलाको भ्रम गराउने प्रसङ्गले सन्देह अलङ्कार बन्न पुगेको छ । यस प्रकारको सन्देहमूलक अभिव्यक्तिले शोणितपुरको धार्मिक, सांस्कृतिक वैभवलाई सङ्केत गरेको छ । तेस्रो पद्यमा शोणितपुरको वर्णन गर्ने क्रममा त्यहाँ शास्त्र आदिको चर्चा भएको, लोकमा विवाद नभएको र जन भावनामा विश्वास मात्र भएको उल्लेख गरेर उदात्तता प्रदर्शन गरिएको हुँदा उदात्त अलङ्कार बन्न पुगेको देखिन्छ ।

### ९.२.२ खेमराज नेपाल र उनको महाकाव्य

खेमराज नेपाल असमेली नेपाली कविताको जातीय जागरणमा विशेष योगदान पुऱ्याउने कवि हुन् । यहाँ उनको काव्यगत प्रवृत्तिको निरूपण गर्दै उनको प्रतिनिधि महाकाव्यको विश्लेषण गरिएको छ ।

#### ९.२.२.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको तेस्रो उपचरण जातीय जागरणको उत्थान कालमा प्रभावशाली काव्य लेख्ने कविका रूपमा खेमराज नेपाल (वि.सं. २०१४) देखा पर्छन् । १९८४ देखि नै कविता यात्रा प्रारम्भ गरेका खेमराज नेपालको कविता यात्रा ‘यहीं जन्मेका हौं भनि अब चिनारी दिनु पऱ्यो’ (असम गोर्खा सम्मेलनको मुख पत्र सम्मेलन पत्रिका,

१९८४) शीर्षकको कविताबाट थालिएको हो । उनको प्रथम खण्डकाव्य भने १९९३ मा प्रकाशित भएको देखिन्छ । “नेपालको यही जन्मेका हौं भनी चिनारी दिनु पऱ्यो, सम्मेलन, आमाको पुकार, विश्वनाथ, जस्ता केही जातीयतावादी कविताहरू १९८३ को छेउछाउदेखि नै असम गोर्खा सम्मेलन, समसामयिकी, विश्वनाथ, आजको वार्ता, (देशवार्ता) जस्ता पत्र पत्रिकामा प्रकाशित भएको पाइन्छ” (उपाध्याय, १९९३ : ग) । खेमराज नेपालले मौलिक उपन्यास तथा समालोचनातर्फ पनि कलम चलाएको देखिन्छ । कथा अनुवादप्रति पनि उनको रुचि रहेको छ । उनका अनुवाद उपन्यास तथा समालोचनात्मक कृतिहरू प्रकाशित छन् । खेमराज नेपालको कवित्वको अन्तर्विकासका सन्दर्भमा २०१२ सम्ममा उनले चालिस वर्षीय काव्य साधना नेपाली काव्यमा गरेका छन् । यस अवधिमा उनका कवितामा राष्ट्रवादी चिन्तनको नव प्रवर्तन तथा जातीयतावादी चिन्तनको चेतना प्रवाहका साथै समाज विकासको चिन्तन पाइन्छ । मूलतः खण्डकाव्य र महाकाव्यकारका रूपमा सशक्त योगदान दिएका खेमराज नेपालका हालसम्म प्रकाशित काव्य कृति तथा अन्य कृतिहरू यस प्रकार छन् :

(१) मेरो देश हिजो, आज र भोलि (खण्डकाव्य, १९९३)

(२) सृष्टि (महाकाव्य, २००९)

खेमराज नेपालको करिब चार दशकको कविता यात्रा देखिन्छ । उनका प्रारम्भिक रचनाहरू मूलतः छन्दमा रचिएका छन् । विशेष गरेर राष्ट्रिय मनोभाव, राष्ट्रप्रेम, प्राचीन पौराणिक आख्यान, स्वतन्त्रता सङ्ग्राम जस्तो ऐतिहासिक विषयवस्तुसँग मिल्दा जुल्दा देखिएका र पछिल्लो समयमा विश्व सृष्टिको रहस्यात्मक खोज तथा विश्व सञ्चालनको रहस्यात्मक अन्वेषणमा केन्द्रित रहेको पाइन्छ । उनका काव्य यात्रालाई निम्नलिखित चरणमा विभाजन गर्न सकिन्छ :

(क) पूर्वार्द्ध (१९८४-१९९३)

(ख) उत्तरार्द्ध (१९९४-२००९)

खेमराज नेपालको काव्य यात्रामा देखिएको मूल प्रवृत्ति भनेको नै राष्ट्रिय प्रेम तथा मानवतावादी भावधारा हो । खेमराज नेपालले आफ्नो काव्य कृतिमा भारतीयताबोध र यस देशमा घटेको विविध ऐतिहासिक घटनाहरूलाई काव्यात्मक भाषामा सम्प्रेषणीय ढङ्बाट प्रस्तुत गरेको पाइन्छ । उनको प्रारम्भिक काव्यमा देशको स्थिति-परिस्थिति विभिन्न कारणले विग्रँदै गए पनि भारतवासीहरूले क्षुद्रस्वार्थ वा भौतिक सुख भोगको लालसा, साम्प्रदायिक वा क्षेत्रीय स्वार्थ त्यागेर पूर्वीय प्राचीन आदर्श, संस्कृति अँगाल्दै अथवा महात्मा गान्धी प्रभृति जस्ता देश मातृका वीर सपुतहरूले स्वाधीन भारतको सपना सँगालेर गरेको त्याग, वसुधैव कुटुम्बकमलाई विचार र व्यवहारमा ल्याएर देश मातृकाको सेवा गरेर आजको विथोलिएको स्थिति भोलि समालिने छ र देशमा शान्ति सुरक्षा स्थापना हुने छ अनि भारतले विश्वलाई नै नयाँ आलोक दिन सक्ने छ भन्ने प्रारम्भिक काव्यको केन्द्रीय मर्म रहेको बोध हुन्छ (उपाध्याय, १९९३ : ङ) । विशेष गरेर

मानवीय भावधारा र देशभित्र घटित हुने विविध समस्याहरूलाई केन्द्रमा राख्दै मानवीय भावधारा, अहिंसा र दयाशील भावना, कर्मप्रतिको विश्वास, ज्ञान र विज्ञानलाई सृष्टिको खोज गर्ने दुई तत्त्व मान्दै त्यसप्रतिको आस्था, परब्रह्म र वेद आदि पौराणिक ग्रन्थहरूप्रति आस्था, आत्मा र परम्पराप्रति सकारात्मक मनोभाव, सुसंस्कृति तथा सदाचारको भावना, कर्मवादी धारणा, सत्कर्मप्रति निष्ठाभाव, प्रकृति चित्रण, अतीतको भारतप्रति आस्था र वर्तमान भारतप्रति वितृष्णा तथा अहिंसा आदि भाव पनि उनका कवितामा पाइन्छ । यसै गरी पौराणिक आख्यानको चर्चा छोरा छोरीप्रति सद्भाव, मातृभूमि र मातृभाषाप्रति अगाध स्नेह उनको प्रथम चरणका काव्यका मूल प्रवृत्ति हुन् । उनको महाकाव्यको मूलभूत प्रवृत्ति हेर्दा पृथ्वीको क्रम विकास पद्धतिद्वारा भएको सृष्टिमा विश्वास, पञ्चभूतादिलाई सृष्टिको चक्र मान्नु, संसारको आदिम सृष्टिमा पुस्तौं पुस्ताले भोगेको परिस्थितिको वर्णन, सौरमण्डलको वर्णन, भौगोलिक चित्रण, हिमालको गौरव गाथा, विश्व सृष्टि र मानवीय सृष्टिको रहस्य उद्घाटन, प्रगतिशील विचार धाराका साथै स्वच्छन्दतावादी भावना, एकताका निम्ति आह्वान, प्रशासनप्रति वितृष्णा, मानवीय क्षणिक जीवनको चित्रण, मृत्यु सत्य र कर्म श्रेष्ठप्रति सकारात्मक भाव, भविष्यत कर्मयोजनाप्रति सचेतता, आडम्बर र अहंकार रहित समाजको कल्पना, ऋतु चक्रको यथोचित वर्णन, जातीय संस्कृति र चाडपर्वको महत्त्व, ग्रामीण जीवनको सरलतम अभिव्यक्ति, साझा संस्कृतिप्रति गौरव, परम्परा र संस्कृतिको संरक्षण, प्रकृति सम्पदा र मानव सम्पदाको मूल्याङ्कन, राष्ट्रिय चिन्तन एवम् स्वराजप्रतिको कर्तव्य निष्ठा भाव आदि विषयवस्तु पनि उनका काव्यमा पाइन्छन् । त्यस्तै विदेशी वस्तुको परित्याग तथा स्वदेशी ग्रहणको भाव, स्वावलम्बन, राष्ट्रियताका साथै कृषि पद्धतिमा जोड दिँदै यसको पूर्णतः विकासको चाहना, राजनैतिक तथा आर्थिक सुधारप्रति सचेतता, समाजउन्मुख भाव, भारत छोड आन्दोलनप्रति समर्थन, मृत्युप्रतिको निडरता, अङ्ग्रेजहरूको अनाचारको विरोध, युद्धजन्य परिवेशको चित्रण, त्रासदीय स्थितिको वर्णन, असमको संस्कृति धरोहरप्रति सम्मान, भ्रष्टाचारको विरोध गर्दै अज्ञानता र अन्धतालाई हटाउने प्रयास, बढ्दो विग्रदो समाजप्रति चिन्तित, दरिद्रताले ल्याएको विभाजनको विरोध, आर्थिक असमानताले ल्याएको युद्धजन्य परिस्थितिको चित्रण, कर्मको महत्त्वप्रति जोड, भ्रष्टाचारको विरोध, धनलाई प्राधान्य दिने समाज र रीतिप्रति व्यङ्ग्य भाव, अनुशासनहीन समाजको दुर्गतिप्रतिको चिन्ता, संस्कार र संस्कृतिप्रतिको आस्था आदि प्रवृत्तिगत विशेषताबाट उनको कविताको निर्माण भएको छ ।

उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) भाषा प्रेम, विश्व बन्धुत्वको आदर्श र मानवतावादी दृष्टिकोण

(२) देशभित्र घटित हुने समस्यालाई केन्द्रमा राख्दै मानवीय अहिंसा र दयाशील भाव

(३) कर्मवादी चेतना, सत्कर्मप्रति निष्ठा देखाउँदै अतीतको भारतप्रति आस्था र वर्तमान भारतप्रति वितृष्णा

(४) पृथ्वीको क्रमविकास पद्धतिद्वारा भएको सृष्टिप्रति विश्वास गर्दै पञ्चभूतादि सृष्टिको चक्रको वर्णन र विश्व सृष्टिको रहस्यको चित्रण

(५) वर्तमानप्रतिको असन्तुष्टि र अनुशासनहीन समाजको दुर्गतिप्रति चिन्ता तथा क्रान्ति चेतना

(६) आर्थिक असमानताले ल्याएको यद्धुजन्य परिस्थितिको चित्रण गर्दै कृषिको महिमा र श्रमप्रतिको आस्था

(७) राजनैतिक तथा आर्थिक सुधारप्रतिको सचेतता

(८) भ्रष्टाचारको विरोध र राष्ट्रवादी चेतनाका साथै समाज विकासको चिन्तन

**९.२.२.२ 'सृष्टि' महाकाव्यको विश्लेषण**

खेमराज नेपालले फुटकर कविताका साथै एकचालिस पृष्ठको खण्डकाव्य र एक सय अट्ठाइस पृष्ठ तथा बाइस सर्गको महाकाव्य लेखेको पाइन्छ । समाज विकासको चिन्तन, कलात्मकता तथा युगीन यथार्थप्रति सजगता, असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनको **सृष्टि** शीर्षकको महाकाव्यलाई मुख्य प्रतिनिधि महाकाव्यका रूपमा मानिएको छ । **सृष्टि** महाकाव्य महाकाव्यको अनुर्वर भूमिमा भगीरथको गंगा सावित भएको पाइन्छ । खेमराज नेपालको कवित्वको अन्तर्विकासका सन्दर्भमा २००९ मा उनले चालिस वर्षीय (१९७४ यता) काव्य साधना नेपाली महाकाव्य क्षेत्रमा गरेको राष्ट्रियतावादी चिन्तनको नव प्रवर्तन तथा जातीयतावादी चिन्तनको चरम सीमा हो । असमेली नेपाली जगतमा महाकाव्यको औंलामा गन्न सक्ने स्थितिमा नयाँ प्रयोग र राष्ट्रिय चिन्तन धारामा नवधारा थप्दै उनको यो काव्यिक यात्राको प्रारम्भ भएको पाइन्छ । यस प्रतिनिधिमूलक काव्यलाई संरचना, सर्गबन्ध, कथावस्तु, पात्र विधान, चरित्र चित्रण, शीर्षकीकरण, भाव विधान, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, महाकाव्यात्मक प्रबन्ध विधान, भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ ।

**(क) विषयवस्तु**

खेमराज नेपालको **सृष्टि** महाकाव्य १९९४ मा नै लेख्न प्रारम्भ भएको पाइन्छ । तर ६ सर्गसम्म लेखिएपछि पीएच.डी. को अध्ययनले सृष्टिको काम ठप्प भएको (नेपाल, २००९ : ५) देखिन्छ । यस प्रकार १९९४ मा प्रारम्भ गरेको महाकाव्य लेखनी काम २००९ मा आएर पुरा भएको देखिन्छ । उनको यो महाकाव्य एक सय अट्ठाइस पृष्ठमा आबद्ध जम्मा बाइस सर्गमा विस्तारित देखिन्छ । जम्मा १४२५ श्लोक भएको यस काव्यको आन्तरिक संरचना सुगठित रहेको देखिन्छ ।

**सृष्टि** महाकाव्यको प्रारम्भ ब्रह्माण्ड अथवा यस चराचर जगतको सृष्टि अनि मानवीय सृष्टिको मूलबाट भएको देखिन्छ । तारका राज्य र ग्रह उपग्रहको मूल शक्तिपुञ्ज 'सूर्य' लाई अनादि र अनन्त भन्दै सूर्यका वरिपरि अरू ग्रह मालका गोरुझैं घुमेको वर्णन

पाइन्छ । यसमा श्लोक सङ्ख्या एकदेखि छत्तीससम्म सृष्टि चक्रको वर्णन पाइन्छ । घाम, पानी, भूकम्प, वात वृष्टिको वर्णन हिमालय वर्णन, महासागरको वर्णन आदिलाई विषयवस्तु बनाइएको छ । पृथ्वीको बिचोबिच कोरिएको सुमेरु रेखालाई पृथ्वीको मेरुदण्ड भन्दै सौर्य जगतको विभिन्न ग्रह उपग्रहको वर्णनका क्रममा बादल, घाम, जुन, वटवृक्ष, भीर, पखेरा, बाँदर, मृग-मृगीको वर्णन गरिएको पाइन्छ । हिमालको मानवीकरण गर्दै हिमानी मुखमा हास्नाले हिमालको अनुहार सेतो भएको हो भन्ने वर्णन पाइन्छ । आरम्भमा सर्वोपरि हिमालको गुणगान तथा हिमालमा गरिएका कार्यहरूको चर्चा पाइन्छ । हिमाल वरिपरि देखिने बादलका टाकुरालाई उमा र महेश्वर देख्नु, घाम र जुनले हिमालको शोभा बढाउनु, वेदपाठ र शङ्खध्वनिले हिमालको पवित्रतालाई देखाउनु जस्ता कथाको वर्णन पाइन्छ । हरिया लहरा, विशाल जङ्गल, विशाल आकारका वटवृक्षमा लागेका कन्दमूललाई पूर्वाँलो भन्दै यसले हिमालको शोभा बढाएको देखाइएको छ । यसै प्रकार प्रारम्भमा चरा चुरुङ्गीको सौन्दर्य वर्णन गर्दै ती चराहरूले हिमालमा तपस्यारत शिवजीको तपस्या भङ्ग गर्न खोजेको भावार्थ व्यक्त भएको पाइन्छ । श्लोक बत्तिस तेत्तिसमा भौंरा र फूलको वर्णन, प्रकृतिका अमूल्य रत्न मृग र मृगीको रति राग वर्णन गर्दै कथावस्तु अघि बढेको छ । पृथ्वी सृष्टिको अपूर्व सम्मिश्रणमा प्रारम्भमा चराचर जगतको सृष्टि भए पश्चात् जीवनको सृष्टि भएको देखाइन्छ । प्रकृतिका विभिन्न अवयवहरूको वर्णन पश्चात् काव्यको मानवीय पात्रको वर्णन पाइन्छ । पौराणिक आख्यान अनुसार हिमालको पूर्वी भागमा कामदेव भष्म भएको ठाउँमा पुनः जीवश्रेष्ठ प्राणी देखिएको छ । जो साधारण कृषिजीवी प्रजापति नाम गरेका एक कृषक आफ्नी भार्या पृथासँग निवास गर्दछन् । यहींबाट कथावस्तुको प्रारम्भ हुन्छ । पत्नी पृथा र पति प्रजापतिलाई कविले पौराणिक आख्यानको पात्र वशिष्ठ र अरुन्धतिको उपमा दिँदै आदरणीय बनाएको पाइन्छ ।

कथावस्तुको विकास प्रथम सर्गको चवालीस श्लोकबाट क्रमशः भएको देखिन्छ । यसमा किरात र कामिनीको प्रणय लीलाको काल्पनिक वर्णन पाइन्छ । प्रजापतिले आफ्नी पत्नी पृथालाई कामविभोरको समयमा उक्त कल्पना गरेको पाइन्छ । प्रजापति र पृथाको रतिराग र यौनक्रिडाको वर्णन गर्दै पृथ्वी सृष्टि सँगसँगै मानवीय भ्रुण सृष्टिको पनि वर्णन गरिएको देखिन्छ । काव्यमा मानव भ्रुणबाट सृष्टि हुने मानवीय चक्रको वर्णन भएको छ । मानवीय रतिक्रिडा र रतिरागमा विभोर भएपछि हुने वीर्य स्खलनलाई बाँधभित्र सलल्ल बग्ने पानीले सन्ततिको उब्जनी हुने देखाएर पृथ्वीमा हुने खेतीको उब्जनीसँग तुलना गरिएको पाइन्छ । यहाँ आख्यानलाई डोऱ्याएर लैजाने प्रजापति र पृथा नयाँ सृष्टिको चाहना बोकेर आफ्नो दैनिक कृषि जीवनमा तल्लीन भएको देखाउँदै कथावस्तु विकसित भएको छ । दोस्रो सर्गारम्भमा नियमित गतिले ऋतु अनुसार हुने सृष्टि चक्रमा केही विडम्बना र अड्चन वाधाको सृष्टि भएको देखाइएको छ । अनावृष्टि छाउँदा प्रजापति दुःखी हुँदै केही निष्कर्षको

खोज तर्फ लाग्नु, ढिकी, जातो फ्याँकी हलो फ्याकी भ्यागुताको बिहे गर्नु, नदी बाँधी कुलो खनाउने योजनामा मिलाउनु, जनता शक्तिको जागृति गराउँदै प्रजापति जगन्नाथकोमा पुग्नु, दैवात र माधवले पनि सम्मति जनाउनु, पानी नपर्दा सबै चिन्तित हुनु, नदीको मुहानमा पुगी कुलो खन्ने सिद्धान्त लिनु र सबै प्रकारका औजारहरू बोकी नदीको मुहानतिर लाग्नु र नदी फर्काउँदै ल्याउनु जस्ता घटना सन्दर्भ पनि यहाँ देखिन्छन् । प्रजापति साधारण कृषकभैँ हलो जोत्न जानु, पृथाले खाजा पुऱ्याउनु गर्भिनी पृथाको रूप लावण्यमा प्रजापति लठ्ठ पर्नु, गाभो धानसँग पृथाको तुलना गर्नु, पृथाले साधारण नेपाली नारीभैँ खेत रोप्नु जस्ता वर्णन पनि पाइन्छ । यस प्रकार मानवीय कर्म संस्कृतिको वर्णन गर्दै पशुजीवनबाट मानिसको क्रम विकास भएको देखाउँनु, संस्कृतिको जगेडा गर्नु, गाउँमा पुस्तकालय र विद्यालय स्थापना गर्नु, सांस्कृतिक कार्यक्रममा नेपालीका विभिन्न प्रकारका नृत्यादिको वर्णन गर्दै तामाङसेलो, मालश्री, पञ्चै, बालुन, भजन, कीर्तन, मागल, सङ्गिनी, भैलो, देउसी जस्ता विभिन्न सांस्कृतिक कार्यक्रमद्वारा संस्कृति भल्काउने कार्यहरूको वर्णन पनि भएको देखिन्छ । महा श्वेतालाई विरुवाका रूपमा देखाउँदै सारै कोमल र वात्सल्य भाव उसैमा खन्याएको पाइन्छ । महाश्वेता सिकुवामा लडी बडी गर्नु, बामे सर्नु, भुल्ली खेल्नु, भट्ट श्रमिक भैं निदाउनु, आमा र बाबुका पछि पछि धुरु धुरु रुँदै हिड्नु जस्ता वात्सल्य प्रवृत्तिहरूको चित्रण पनि भएको छ । यसपछि वृटिस भारतमा भएको अङ्ग्रेज शासनका पीडास्पद भोगाइको चित्रण पाइन्छ । यसै क्रममा भारत छोडो आन्दोलन मच्चिएको देखाइएको छ । विदेशी वस्तु वर्जन गर्नु जस्ता राष्ट्रप्रेम भाव व्यक्त भएका छन् । छैठौँ र सातौँ सर्गमा वृटिस भारतमा वृटिस राजको मूल उच्छेद गरेको वर्णन पाइन्छ । यसमा विभिन्न स्वतन्त्रता सेनानीको नामसम्म उल्लेख गरिएको छ । आन्दोलनले चरमसीमा नाघेको छ । वृटिस आन्दोलनको समयमा महाश्वेता बाल्यावस्थामा भएको देखाइएको छ ।

काव्यको चरमोत्कर्षमा पृथा र प्रजापतिको सुपुत्री महाश्वेता जवान भएको देखाइन्छ । महाश्वेताले स्कुल जीवन समाप्त गरेर महाविद्यालयको जीवन प्रारम्भ गरेको देखाउँदै मातृ र पुत्री बिच भएको अगाध स्नेह देखाइन्छ । शिक्षाका निम्ति छोरीको घरदेखि बाहिरको जीवनको प्रारम्भमा भएकोमा मातृ पृथाले दिएका अर्ति र उपदेशलाई महाश्वेताले शीरोधार्य गर्दै अक्षर अक्षरको पालना गर्ने प्रतिश्रुति दिएको पाइन्छ ।

शोणितपुर पुराण प्रसिद्ध ऐतिहासिक ठाउँ भएकाले यस ठाउँको ऐतिहासिक वर्णन पनि यहाँ गरिएको छ । काव्यमा उषा, अनिरुद्ध र चित्रलेखाको वर्णन गर्दै पौराणिक आख्यानलाई थोरै तानिएको पाइन्छ । महाश्वेताले जोस र उमङ्गले पाठ अध्ययन गर्नु गुरुको स्नेह पात्र बन्नु, महाश्वेताले गीत, गाथा, कथा कविता काव्य आदिको रचना गर्नु, नृत्य सङ्गीत र नाटकमा पारदर्शिता देखाउनु, पढाइमा पनि सफलता हासिल गर्नुका साथै महाश्वेताको बहुआयामिक प्रतिभा यसै चरणमा विकास भएको देखिएको छ । महाश्वेताको

लगनशीलता तार्किक पटुता र भविष्यत कार्य योजनाप्रति आकर्षित हुँदै विद्युत नाम गरेको छात्रले प्रेमको निवेदन गरेको देखिन्छ । नवौं सर्गको अन्तिम उनन्चास श्लोकसम्म, महाश्वेताको रूप र कृतिको वर्णन पाइन्छ । दसौं सर्गमा महाश्वेताको दरङ कलेजबाट विदाई हुने समारोहको वर्णन गरिएको छ । त्यही विदाइ समारोहमा महाश्वेताले 'आतङ्कवादको कारण र यसको निर्मूलको उपाय' विषयवस्तु माथि उसले दिएको बौद्धिकतापूर्ण र तार्किकतापूर्ण भाषणले सबै मोहित र चकित भएको देखाइएको छ । यही तार्किकपूर्ण भाषणमा मक्ख पर्दै विद्युत नाम गरेको सहपाठीले महाश्वेतालाई प्रेमको निवेदन गर्नु, सुरुमा महाश्वेताले यसमा ध्यान निदनु, विद्युतको प्रेम निवेदनले महाश्वेतालाई दोधारमा पार्नु, पृया र प्रजापतिका अर्ति उपदेशहरू बारम्बार सम्झनु, साथीहरूको राय लिन पनि डराउनु जस्ता कुराको वर्णन पाइन्छ भने प्रेममा कति सत्यता छ त्यसको निर्क्योल समेत गरेको देखिन्छ । विद्युतले महाश्वेतासँगको पहिलो भेटको कल्पना गर्नु, आतङ्कवाद र त्यसको निराकरण माथि महाश्वेताले दिएको विद्वतपूर्ण भाषण प्रसङ्गलाई सम्झेको देखिन्छ ।

तेह्रौं सर्ग महाश्वेताले आतङ्कवाद माथि दिएको भाषणमा केन्द्रित देखिन्छ । चौधौं सर्गमा विद्युतको घर परिवारको वर्णन, अघिको धनी मानिसको छोरो विद्युत अचानक आएको प्रलयङ्कारी प्राकृतिक प्रकोप भुइँचालो, बाढी, पैरोले धन दौलत सबै सखाप भएर गरीब अवस्थामा पुगेको वर्णन पाइन्छ । विद्युतले गरीबपूर्ण अवस्थामा महाश्वेताप्रति नजर लगाउनु उचित नभएको कुरा प्रस्तुत भएको छ । यहाँ नेर प्रेम शिथिल भएको देखिन्छ । परिश्रममा व्रती भई आफ्नो लक्ष र उद्देश्यमा व्रती भएको भाव देखिन्छ । यस महाकाव्यको पन्ध्रौं सर्ग सबै भन्दा लामो छ । त्यहाँ महाश्वेताका भविष्यत कार्य योजनाको काल्पनिक चित्र प्रस्तुत गरिएको छ । त्यस पछि कार्य योजनाका निम्ति बनतिर प्रस्थान गर्नु, नदीको किनारमा महाश्वेता र साथीहरू कुटी हाली बस्नु, खेती लगाउनु, त्यसको निरीक्षण गर्नु जस्ता कार्यहरू पूर्ण काल्पनिक देखिन्छ । आत्म विश्वास र आत्म शक्तिमा भर पर्दो कार्य योजना सफल हुँदै गएको तर एकदिन अचानक महाश्वेता हराएको वर्णन पाइन्छ । महाश्वेतालाई अर्कै राज्यका असत पुरुषहरूले अपहरण गर्नु तर महाश्वेताको भविष्यत कार्य योजना समाज कल्याणमूलक भएको जानेर सुवहुले महाश्वेतालाई फर्काउन ल्याउनु र महाश्वेताका साथीहरूको विशाल जनसमूह महाश्वेतालाई खोज्न निस्कनु र महाश्वेतालाई सुवाहु र अन्य पाले प्रहरीले नौकामा लिएर आउनु र दुवै पक्षले सम्झौता गर्नु जस्तो घटना सन्दर्भबाट काव्यका आख्यानको अन्त्य भएको देखिन्छ ।

**(ख) पात्र विधान**

प्रस्तुत महाकाव्यमा प्रमुख, बद्ध र प्रतिनिधिमूलक नारी तथा पुरुष पात्र देखिन्छन् । काव्यको प्रारम्भिक चरणमा प्रजापति र पृथाको भूमिका मुख्य रहेको र अरू प्रजापतिका साथीहरूको भूमिका बद्ध रहेको देखिन्छ । यस महाकाव्यमा प्रायः सत्पात्रहरूको उपस्थिति

पाइन्छ । पृथा र प्रजापतिका बिच प्रणयमूलक काम वृत्ति, दाम्पत्यमूलक उदात्त र अहम् पनि पाइन्छ । बद्ध पात्रमा महादेव गौरी किरात कामिनी, गङ्गा भगीरथ, विश्वामित्र र अरुन्धती जस्ता पौराणिक पात्रहरू पनि रहेका छन् । त्यसरी नै प्रजापतिका गाउँले साथीहरूमा जगन्नाथ दैवात, माधव, जगन्नाथकी पत्नी रीता, वीरभद्र आदिका साथै जलस्रोत योजनाका सत पात्र तथा स्वाधीनता सङ्ग्रामको समयका पात्र पुन्डरी, चन्द्रकान्त, योगी, खिनी, बिस्नी, लक्ष्मीनाथ, प्रपन्नका साथै महात्मा गान्धी तथा शान्ति सेनाहरू गौण पात्रका रूपमा देखिन्छन् । त्यसरी नै यसोदा, अनिरुद्ध, प्रद्युम्न, उषा, चित्रलेखा आदि सबै साङ्केतिक पात्रहरू पनि यहाँ रहेका छन् । महाकाव्यका अपेक्षा अनुरूप यिनको भव्य चरित्राङ्कन तर्फ महाकाव्यकारले त्यति ध्यान दिएको पाइन्न । त्यसै गरी महाश्वेता र उसका साथीहरू महेष, मनीषा, साधना, साधन, विद्युत, शान्ता, वसुन्धरा, रश्मि, लता, रिता, कान्ता, मालती, ललीता, सुधा यी सबै पात्रहरू गौण रूपमा नामोल्लेख मात्र भएको देखिन्छ । यसमा विद्युत सक्रिय पात्र हो जसले महाश्वेतासँग प्रेमको निवेदन गर्छ । विद्युत यस महाकाव्यको सक्रिय पात्रका रूपमा देखिन्छ । महाश्वेताको भविष्यत कार्य योजनामा देखिएका पात्रहरूमा विभा, शोभा, आराधना, साधना, वसन्त प्रणयानन्द, प्रशान्त, चन्द्रमोहन आदि देखिन्छन् । यसै गरी विना नामका पात्रहरूमा स्त्री पुरुष, दाउरे भारवाहक, मगन्ते, ढँटुबारे, बौलाहा, साधु, साधक, गोठालो, हली आदि रहेका छन् । भविष्यत कार्य योजनामा भेष बदल्नु पऱ्यो भने उपस्थित हुने पात्रहरूलाई पनि देखाइएको छ । त्यसै गरी मञ्जुल, कुञ्जल, भोला र सुवाहु आदि पात्रहरू महाकाव्यको अन्तिम चरणमा देखिन्छन् । यस महाकाव्यमा साधारण भन्दा साधारण पात्रहरूको प्रयोग गरिएको छ । पाश्चात्य वा पूर्वीय महाकाव्य परम्परामा धीरोदात्त अथवा कुलीन घरानाका नायक नायिका राख्ने परम्पराको अन्त्य गर्दै महाकाव्यकारले साधारण भन्दा साधारण खेतीपाती गर्ने गरीब घरका पात्रहरूलाई महाकाव्यको मुख्य भूमिकामा उभ्याएका छन् । यहाँ कुनै धीरोदात्त र नायक र कुलीन घरकी नायिका देखिन्न । यहाँ किनारबाट उठेका आफ्नै बलबुतामा आफ्नै दृढता र परिश्रमले केन्द्रसम्म पुग्न सक्न सफल भएका आत्मस्वाभिमानी नायक नायिका देखिन्छन् । यो महाकाव्य एउटै नायक वा नायिकाको केन्द्रीयतामा उभिएको देखिँदैन । यस काव्यमा मुख्य भूमिकामा प्रजापति, पृथा, महाश्वेता र विद्युत यी चार पात्र देखिन्छन्, उक्त चार पात्रमा महाश्वेताको भूमिका सबै भन्दा धेरै छ र महाश्वेतालाई महाकाव्यकी नायिकाका रूपमा उभ्याइएको देखिन्छ । उक्त चार पात्रहरूको चरित्र चित्रण निम्नानुसार वर्णन गरिन्छ :

### (१) प्रजापति

**सृष्टि** महाकाव्यको प्रथम सर्गको सैंतीसौं श्लोकमा पहिलो पल्ट प्रजापतिको नाम उच्चारण भएको पाइन्छ । प्रजापति हिमालको पूर्व भू-भागमा साधारण गृहाश्रम गरी बस्ने एक कृषिजीवी पुरुषका रूपमा परिचित देखिन्छन् । प्रजापतिको नित्यकर्म कृषि हो । कृषिमा

चासो लिने प्रजापति एक कृषि समर्थकका रूपमा खण्डकाव्यमा आदिदेखि मध्य भागसम्म व्याप्त देखिन्छन् । कृषिले नै घरको अकाल टार्ने, समाज, राष्ट्र र विश्वको नै स्रष्टा जस्तो देखिने प्रजापतिको सिद्धान्त अति उच्च किसिमको रहेको छ । प्रजापतिका अनुसार सृष्टि मानवको लक्ष्य हुनु पर्छ र सम्पदा देश र राष्ट्रको सम्पत्ति हो भनी व्याख्या गरिएको छ । प्रजापति आफ्नो गृहस्थ जीवन आफ्नी पत्नी पृथाका साथ सुखद जीवन बिताउने पुरुषका रूपमा चित्रण गरिउको छ । प्रजापतिलाई दोस्रो सर्गको १३ औं श्लोक, १५, १६, १७, १८, २०, २१, २२, २७, २९, ३०, ३१, ३४, ३९, ४०, ४१, ४२, ४३, ५३, ६१ देखि ७० सम्म देख्न पाइन्छ । काव्यमा प्रजापतिको व्यक्तित्वको वर्णन यसरी गरिएको देखिन्छ :

सुडोल मुहडाको छ गहुँगोरो प्रजापति
घाममा धापिदा आँखा-मुख रातो छ आकृति
पाखुरा पिडुला डोला-सग्ला अङ्ग मिलाउने
हृष्ट पुष्ट थियो उसको जीउ-डाल सुहाउने (पृ. १४)

प्रजापतिले समाज सेवा, राष्ट्र सेवाको काम गरेको देखिन्छ । पानी नपरेर सुखा परेको स्थितिमा पृथाको सल्लाह अनुसार प्रजापतिले आफ्ना साथीहरूसँग मिली कार्य योजना बनाएको देखिन्छ । नदी फर्काएर कुलो खनाएर खेतमा छताछुल्ल पानीको वर्षा गराएको वर्णनले प्रजापतिलाई एउटा समाजलाई नेतृत्व दिन सक्ने, समाज सेवीका रूपमा उभ्याइएको छ । प्रजापतिका अनुसार सतकर्मले सृष्टिको बीज टुसाउँछ र सतकर्मले मात्र भावी सन्ततीलाई नयाँ बाटो देखाउँछ । उसका अनुसार खेतीपाती गर्नु, यसको उब्जनीबाट सभागृह बनाउनु, त्यस सभागृहमा तिथि पर्वका साथै उत्सव आदि मनाउनु, रङ्मञ्च बनाएर संस्कृतिको प्रचार गर्नु, विद्यालयको स्थापना गर्नु, पुस्तकालय स्थापना गर्नु, त्यसबाट रहेका पैसा समाजको ढुकुटीमा राख्नु र त्यसबाट परिआएका समस्या टार्नु जस्ता कार्य योजना प्रजापतिका देखिन्छन् । यस प्रकार हेर्दा प्रजापति एक निष्ठावान, त्यागी र समाजका निम्ति निस्वार्थी पुरुषका रूपमा उभिएको देखिन्छ । भालेका डाकमा उठ्नु, घाँस, पराल, दाना, वस्तुलाई खुवाउनु, हलो लिएर खेततर्फ लाग्नु प्रजापतिको नित्य कर्म हो । प्रजापतिका अनुसार यो सृष्टि विश्वका लागि हो भन्ने रहेको छ । महाकाव्यमा कृषिलाई जगतको केन्द्र भन्दै सर्वोपरि सृष्टि र कृषिको समर्थनको नारा लगाएको पाइन्छ । महाकाव्यमा प्रजापतिलाई हली, बियाडे, बाउसे र रोपाहारका रूपमा पनि वर्णन गरिन्छ । पृथाले खाजा ल्याउनु, दुवै खेतमा बसी खाजा खानु, मलाई भयो तिमी खाऊ भन्दै पत्नीलाई माया देखाउनु जस्ता वर्णनले पत्नीप्रतिको अगाध स्नेह झल्काउँछ । काव्यको मध्य भागबाट प्रजापतिको स्थान उसकी छोरी महाश्वेताले लिएको देखिन्छ । प्रजापतिले खेती किसानहरूको प्रतिनिधित्व गरेको छ । कृषिलाई नै मूल ठान्ने र कृषिबाट नै देशको विकास, आर्थिक उन्नति हुने विचार प्रजापतिको छ र उसले त्यस प्रकारका कामहरू गरेर देखाएको पनि छ । प्रथम सर्गदेखि आठौं सर्गसम्म मात्र प्रजापतिको चारित्रिक भूमिका देखिन्छ । त्यसपछि महाकाव्यमा कतै

प्रजापतिको भूमिका देखिँदैन । महाकाव्यमा प्रजापतिले देशको स्वतन्त्रता सेनानी, कृषक, समाजसेवी, असल पति, असल पिता, कृषि क्षेत्रमा आन्दोलन ल्याउने कृषक नेताको प्रतिनिधित्व गरेको देखिन्छ ।

(२) **पृथा**

**सृष्टि** महाकाव्यमा पहिलो सर्गको छत्तीस श्लोकबाट आठौं सर्गको अठ्तीसौं श्लोकसम्म पृथाको भिन्न भिन्न प्रकारले चारित्रिक वर्णन गरिएको छ । आफ्नो पति प्रजापतिलाई विभिन्न दिशामा उसले सघाउ पुऱ्याएको देखिन्छ । महाकाव्यमा एक प्रकारले पृथाले एक कुशल सल्हाकारको भूमिका निभाएको पाइन्छ । कृषि क्षेत्रमा, राजनैतिक क्षेत्रमा सुझाव र सल्लाह दिन पृथा निपुण देखिन्छे । पृथाले भने अनुसार नदी बाँधेर कुलो खनाएर पानी छताछुल्ल पार्ने सुझावका साथै यस्तो महान कामका निम्ति कार्य योजना तथा साथी सङ्गीहरूको सल्लाह र सुझाव पनि लिने सल्लाह प्रजापतिलाई दिएको देखिन्छ । प्रजापतिले सधै उन्नतिको कार्य योजना बनाउँदा कुन प्रकारले बनाउने हो, के गर्दा सफल हुइन्छ त्यसप्रति पृथासँग सल्लाह मागेको देखिन्छ । यस प्रकार महाकाव्यमा पृथाको भूमिका एक असल मार्ग दर्शकका रूपमा निरूपण गरिएको छ । पृथाले एक कुशल श्रीमती, कुशल गृहणी र एक कुशल आमाका रूपमा सफल भूमिका निभाएको देखिन्छ । आफ्नो सन्तान महाश्वेतालाई एउटी आमाको हैसियतले पृथाले छोरीलाई दिएको अर्ति यस प्रकार देखिन्छ :

(१) लथालिङ नहोस् छोरी ! तिम्रो सङ्कल्प साधना
लक्ष्य विहीन झैं नौका मानौं सागर बिचमा
(२) साथी-सङ्गीहरू छान्नु धीर स्थिर स्वभावका
धेरै दिन गरो राम्रो परीक्षा सुख-दुःखका
(३) सभ्यता-संस्कृति आज आधुनिक भयो भने
चुर्ल्लुम्मै होमिनु हुन्न फाली दुर्लभ यो जुनी (५/४०)

पृथाले दिएको पहिलो कवितांश अर्तिमा जीवन एक उद्देश्यमा बाधिनु पर्छ भन्ने उपदेश पाइन्छ । त्यसै गरी सङ्कल्प र साधनामा विश्वास राख्ने पृथाले छोरीलाई सङ्कल्प साधना र लक्ष्यको नाउलाई सागर बिचबाट पार गरेर लैजान उपदेशात्मक वाणी यसरी सुनाएको पाइन्छ । एउटी कृषककी पत्नी र स्वयम् कृषि जीवनमा व्यस्त हुने आमाका मुखबाट यस प्रकारका अर्ति उपदेश लिने पृथा पनि उच्च शिक्षिता भएझैं लाग्छ तर महाकाव्यमा कतै पनि पृथाको शिक्षा बारे चर्चा गरिएको पाइँदैन । धीर, स्थिर पृथाको चरित्रले गर्दा छोरीलाई पनि धीर स्थिर साथीको सङ्गत गर्नका निम्ति उपदेश गरेको पाइन्छ । वर्तमानको आधुनिक सभ्यता र संस्कृतिसँग डुब्दै आफ्नो लक्ष्यबाट विचलित नहुन पनि छोरीलाई उपदेश दिएको देखिन्छ । आफू स्वयम् चरित्रवान पतिव्रता नारी भएकाले यस प्रकारका उपदेशहरू पृथाले छोरीलाई दिएको देखिन्छ । महाकाव्यमा पृथाको नामोल्लेख त्यति धेरै भएको देखिँदैन । त्यस कारण पृथा महाकाव्यकी गतिशील पात्र रहँदा रहँदै पनि सहायक पात्रका रूपमा देखिन्छे ।

### (३) महाश्वेता

महाश्वेता **सृष्टि** महाकाव्यकी प्रधान नायिकाको भूमिकामा रहेको देखिन्छ । 'सृष्टि' महाकाव्यमा पाँचौं सर्गमा पहिलो पल्ट महाश्वेताको पदार्पण भएको छ । यहाँ प्रजा र पृथाकी पुत्री सन्तान महाश्वेतालाई सरस्वतीसँग आरोपित गरिएको छ । महाकाव्यमा महाश्वेताको चरित्र बाल्यावस्थादेखि तरुण अवस्थासम्म रहेको छ । पाँचौं सर्गमा महाश्वेताको बाल्यावस्थाको चित्रण गरिएको छ भने आठौं सर्गदेखि अन्तिम बाइस सर्गसम्म महाश्वेतालाई तरुण अवस्था र नेतृत्व दिन सक्ने विदुषीको रूपमा चित्रण गरिएको छ । प्रजापति र पृथाको आस्था महाश्वेताप्रति प्रबल रहेको र त्यही बाबु आमाको आस्था र भरोसामा महाश्वेताको जीवन समर्पित हुन सक्ने भावना महाश्वेतामा पनि रहेको छ । महाश्वेतालाई प्रबल ज्ञानको सागर भएकी, सङ्कल्प र साधनामा जुटिरहेकी, धीर स्थिर स्वभाव भएकी, कहीं फूलसरी र कहीं बज्र स्वरूप भएकी नारीका रूपमा चित्रण गरिएको छ । पिता प्रजापतिले पुत्री महाश्वेतालाई सौन्दर्य र माधुर्य गुणले व्याप्त भएकी, दुराचारीलाई मेटाउन सक्ने क्षमता भएकी, प्रकाश ज्योतिर्मय तर बल भाष्कर भएकी भनेर वर्णन गरेको देखिन्छ । महाश्वेतालाई जोस र उमङ्गले दत्त-चित्त भई पढ्ने विद्यार्थीका रूपमा नवौं सर्गको श्लोक बीसमा उल्लेख पाइन्छ । महाश्वेता एक स्वच्छ विचार र कार्यकी धनी, गुरुको हृदयाह्लादित पार्ने र स्नेह पात्रका रूपमा वर्णन गरेको देखिन्छ । त्यसै गरी नृत्य र गीतको चर्चा गर्ने भएकी, नाटक लेख्ने, रूपक लेख्ने, गीत गाथा, कविता काव्यमा कौशल भएकी भनेर महाश्वेताको कार्य योजना वर्णन गरिएको छ । महाश्वेताको रूपको वर्णन काव्यकारले यस प्रकार दिएको पाइन्छ :

> चन्द्रकान्ति सरी उसको देहकान्ति छ निर्मल
> गोल मुहारमा हेर्दा जुनेली भैंं छ उज्वल
> ठूलो निधारको टीको पूर्णिमाको शशाङ्क हो
> कालो केश त्यो डोल्ने शोभा चमरको भयो
> स्मृति शक्ति थियो मानौं अलौकिक प्रवाहित
> तर्कना-कल्पना निष्ठा प्रतिभामा समाश्रित (३४-५-४५)

उपर्युक्त कवितांशमा महाश्वेताको रूपलावण्यको वर्णन गरिएको छ । निधारमा लगाएको टिकोलाई पूर्णिमाको आशङ्का गरिएको र कालो केशलाई चौंरीको पुच्छरसँग आरोपित गरी सौन्दर्य उपमा अलङ्कारले अलङ्कृत गरिएको छ । साथै महाश्वेताको स्मृति शक्ति अलौकिक रहेको र तर्क शक्ति, कल्पना शक्ति, निष्ठा र प्रतिभाको वर्णन गरिएको छ । बहुमुखी प्रतिभाकी धनी महाश्वेता नाट्य स्पर्धामा अभिनेत्री, रूप सुन्दरी प्रतियोगीतामा, गायिकामा, नृत्यङ्गनामा, वाचिकामा, काव्य तर्कनामा सधै प्रथम स्थान ओगट्ने अग्रणीको रूपमा देखिन्छे । महाश्वेता स्थानीय सांस्कृतिकमूलक चाड बैशाख महिनामा पर्ने 'बिहु' असमियाको जातीय उत्सवमा भाग लिएर बिहु कुँवरी (बिहु रानी) सम्म हुन सफल भएको प्रतिभावान् नृत्याङ्गनाका रूपमा समेत चित्रण गरिएको छ ।

महाश्वेतालाई एक प्रेमिकाका रूपमा पनि चित्रण गरिएको छ । तर 'सृष्टि' महाकाव्यमा प्रेम प्रीति भन्दा पनि कर्ममर्यादामा बढी जोड दिएको हुनाले प्रेमलाई त्यति प्राधान्य दिएको देखिँदैन । एकतर्फी प्रेम गर्दै विद्युत नामको सहपाठीले महाश्वेतासँग प्रेमको याचना गरेको देखिए तापनि प्रेमलाई भन्दा कर्ममय जीवनलाई सर्वोपरि ठान्दै प्रेमलाई गौण रूपमा राखिएको छ । यस **सृष्टि** महाकाव्यकी नायिका प्रेममा कुनै निर्णय लिन नसकेको अवस्थामा रहेकी छे र बाबु आमाको सपनालाई पुरा गर्ने दृढ सङ्कल्पनामा व्रती देखिन्छे । प्रेमलाई भन्दा आफ्नो समाज राष्ट्रको हितको बारेमा बढी महत्त्व दिएको देखिन्छ । नायिका महाश्वेताले आतङ्कवादको जन्म र त्यसको निराकरणका निम्ति दिएको तार्किकपूर्ण भाषणले उसको विद्वत्वको परिचय दिएको छ । कृषिप्रति निष्ठा भाव पिताकै समान भएकी महाश्वेता कृषिकर्मप्रति अटल अनुरागी भएकी एक सक्षम पात्र हो । आज समाज, देश, राष्ट्रमा कृषिलाई अवहेलना गरेकाले नै देश दरिद्रता तर्फ लागेको हो भन्ने उच्च विचार महाश्वेतामा देखिन्छ । महाश्वेताको विचारमा सडेको पथमा हिड्नु भन्दा आफै बाटो बनाएर हिड्नु र गफ लडाउनु भन्दा कामले देखाउनु जस्ता कर्ममय विचार धाराहरू प्रवाहित भएका छन् ।

महाश्वेता एक कर्मनिष्ठ गीताको कर्मवादमा विश्वास राख्ने समाज, देश, राष्ट्र र देशका जनताको हितको कामना गर्ने एक महान विदुषी नारीका रूपमा रहेकी छ र महाकाव्यकी मुख्य नायिकाका रूपमा परिचित देखिन्छे । काव्यमा सृष्टिभन्दा महाश्वेताको नाम अधिक पटक उच्चारित भएको र महाश्वेताले नै सारा महाकाव्यलाई ओगटेको देखिन्छ ।

**(ग) परिवेश**

प्रस्तुत महाकाव्यमा परिवेशका रूपमा प्रकृतिका पृथ्वी, जल, वायु, जुन, घाम र पृथ्वी लोक तथा शिवजीको स्वर्गलोक, हिमाल तथा साधारण जनताहरूको निवास नदी किनार ग्रामीण परिवेशको चित्रण गरिएको छ । यसका साथै सृष्टिबाट माथि उठ्तै मान्छेहरू जङ्गली परिवेशबाट क्रमशः विकसित रूप लिदै नागर सभ्यताको विकाशोन्मुखता पनि चित्रण गरिएको पाइन्छ । छिटपुट रूपमा प्राकृतिक सभ्यता, नगर सभ्यता र दैविक आराध्य परिवेशको विस्तृत व्याख्या नभएर अलङ्कार उपमादिमा मात्र छिटपुट चित्रण गरिएको पाइन्छ र यस महाकाव्यमा कृषि र प्राकृतिक परिवेशको भव्य समर्थन गरिएको छ । प्रकृतितर्फ फर्कने, प्रकृतिलाई पाठशालाका रूपमा लिने, कृषि कर्मलाई वैज्ञानिकताको साचोमा ढाल्दै यसबाट बढीभन्दा बढी उत्पादन गराउँदै समाज र राष्ट्रको हित साधन गर्ने स्वच्छन्दतावादी मनोगत भाव विचारबाट यस महाकाव्यको प्राकृतिक स्थानगत परिवेश चित्रण भएको छ । महाकाव्यमा प्रान्त, राज्य, पहाडका टाकुरा, खेत आदिको परिवेश, अग्ला अग्ला, शैल, देवाल, नैसर्गिक वातावरण, चिसो पानीको छहरा, राजकिल्ला, अभेद्य दुर्ग, मन्त्रणालय आदिको वर्णन पाइन्छ । प्रस्तुत महाकाव्यमा चित्रित परिवेशलाई निम्नलिखित तथ्याङ्कहरूका आधारमा यस प्रकार देखाइन्छ :

(१) शक्ति पुञ्ज भयो सूर्य अनादि औं अनन्तक
सौर मण्डलमा घुम्छन गोरुझैं मालक ग्रह

(२) थियो ठाउँ त्यहाँ ठूलो हिमाल दुवै भागमा
कामदेव भई भष्म रूप फेरि लियो जहाँ (पृ. ४)

(३) शोणितपुरले ख्यात पुरापोक्त मनोहर
उषा राजकुमारीको कथाख्यान छ सुन्दर (पृ. ३)

(४) दौरङग नामको राज्य वृटिस कालको अघि
जो थियो त्यो गयो जिल्ला दरङ नामले पछि (पृ. ५३)

(५) जन मानसको शिक्षाप्रतिको चाहना भयो
पूर्व भारतको मानौ नालन्दा नै खडा छ यो

(६) फेरि सुनसान फैलिन्छ भाव केही विथोलिए
निस्तब्ध जलराशिमा उठेका छाल झैं भए

(७) सिरुवानी थियो गाउँ भूडुलीको किनारमा
खेती पुछारमा गर्थे, गोठ राख्ने सिरानमा (१०/८१)

(८) असारको थियो पन्ध्र मध्य रात अचानक
प्रलयकालको मानौं भयो रात भयानक

(९) आमाका काखको कोही उठन लाग्दा बगे कति
भाग्न लाग्दा मरे कोही आत्तिएर गए कति (२९/७३)

(१०) हेर्दै दोभानमा पुग्छन् भूडुली ब्रह्मपुत्रको
भूमुरा गुडीको फेद जल धारा सुहाउँदो (५/८९)

(११) पूर्वमा भूडुली बग्छ, ब्रह्मपुत्र छ दक्षीण
त्यही भर्ना बगेको छ जलधारा समीप छ

उपर्युक्त तथ्याङ्कहरूले 'सृष्टि' महाकाव्यका स्थानिक, कालिक र वातावरणीय परिवेशलाई देखाएका छन् । उक्त तीनै किसिमका परिवेशको चित्रण युग सापेक्ष यथार्थका निम्ति भएको छ । उक्त तथ्याङ्कहरू मध्ये तथ्याङ्क (१) मा सृष्टिको रूपलाई निरन्तरता दिने सबैभन्दा ठूलो बास्पपिण्ड सूर्यको प्रकृतिलाई दर्शाउँदै यो अनादि र अनन्त भएको व्याख्या अघि सारिएको छ । यस सूर्यको वरिपरि घुम्ने ग्रह उपग्रह आदिलाई मालका गोरु र सूर्यलाई मियोका रूपमा वर्णन गरिएको छ भने तथ्याङ्क (२) मा हिमालको पूर्व भागमा कामदेवलाई शिवजीले भष्म पारेको पौराणिक आख्यानलाई सूचित गरिएको छ । तथ्याङ्क (३) मा ऐतिहासिक स्थल शोणितपुरको वर्णन गर्दै कुनै कालमा यस ठाउँमा वर्मन वंशका राजाले राज गरेको तथ्यलाई उद्घाटित गरिएको छ । तथ्याङ्क (४) मा ब्रिटिसका पालाभन्दा अघि दौरङ्गी राज्य ब्रिटिस राजपछि 'दरङ्ग' नामले प्रख्यात भएको र त्यही ठाउँमा पछि त्यही नामले शिक्षाको ठूलो महाविद्यालय स्थापना भएको देखाइएको छ । तथ्याङ्क (५) मा यस शोणितपुर तेजपुरमा स्थापन भएको महाविद्यालयलाई पूर्व भारतको नालन्दा विश्वविद्यालयसँग तुलना गरिएको छ । तथ्याङ्क (६) मा यस महाकाव्यकी नायिका महाश्वेताका जीवनमा कुनै विद्युत नाम गरेको एक युवकले प्रेमको प्रस्ताव दिँदा उसको सागर जस्तो स्थिर भएर बसेको मनमा त्यो छाललाई रोकाउँदै विद्युत नाम गरेको ढुङ्गो

अचानक परेको प्रसङ्गलाई देखाइएको छ । तथ्याङ्क (७) मा भूडुली नदीको किनारको गाउँ सिरुवानीमा मध्यरातमा आएको प्रलयङ्कारी बाढीको प्रसङ्लाई देखाउँदै धन र जनको नाश भएको स्थितिको वर्णन गरिएको छ । तथ्याङ्क (८) मा वातावरण सूचक बाढीमा गाउँलेहरूले भोगेको विकृति र विसङ्गतिलाई देखाउने सन्दर्भमा समग्र गाउँलेले भोगेका स्थितिहरूलाई सूचित गरिएको छ । तथ्याङ्क (९) मा मध्यरातको समयमा आएको बाढीले काखका नानी समेत बगाएर लगेको विडम्बनापूर्ण परिस्थितिलाई समयसूचक वर्णन गरिएको छ । तथ्याङ्क (१०) मा प्राकृतिक वातावरण भूडुली नदी र भूमोरागुडीको स्थानिक वातावरणीय सौन्दर्यको चर्चा गरिएको छ । त्यस्तै तथ्याङ्क (११) मा महाकाव्यमा कार्यक्षेत्रको वर्णन गर्ने क्रममा स्थान र वातावरण सूचक भूडुली नदी र ब्रह्मपुत्रको स्थान निदर्शन गरिएको छ । तथ्याङ्क (१२) मा पहाड फेदिको गाउँको चित्रण गर्दै स्थानिक र कालिक परिवेश भन्दा वातावरणीय परिवेश बढी प्रभावपूर्ण रूपमा आएको देखिन्छ ।

उपर्युक्त तथ्याङ्कहरूले जातीय जागरणको उत्थान कालको महाकाव्यमा परिवेश चित्रण व्यापक र विस्तृत भएको सङ्केतका रूपमा देखाइएको छ । उपर्युक्त तथ्याङ्कहरूका आधारमा महाकाव्यको स्थान सूचक, समय सूचक र वातावरण सूचक तथ्यहरूलाई अझ स्पष्ट रूपमा यस प्रकार देखाइन्छ :

| क.सं. | परिवेश सूचक | तथ्याङ्कहरूको विश्लेषण | वातावरण सूचक तथ्याङ्क |
|---|---|---|---|
| | स्थान सूचक | समय सूचक | |
| १. | सूर्य, सौरमण्डल | अनादि अनन्त | |
| २. | पृथ्वी, नदी, सागर, द्वीप, पहाड, वन जङ्गल, गुफा र ओडार | | |
| ३. | हिमाल | | कामदेव झैं भष्म रूप लिइ |
| ४. | | पुराणोक्त समय | |
| ५. | दौरङ्ग/दरङ्ग | | राजाहरू रजाइ गर्छन् |
| ६. | पूर्वभारत नालन्दा | | जनमानसको शिक्षाप्रतिको चाहना |
| ७. | निस्तब्ध | | (१) फेरि सुनसान फैलिन्छ<br>(२) निस्तब्ध जल राशिमा उठेको छाल |
| ८. | सिरुवानी, भूडुलेको किनार, गोठ, सिरान, पुछार | (१) असारको पन्ध्र<br>(२) मध्यरात | प्रलयकालको मनौं भयो रात भयङ्कर |
| ९. | गाउँ | आज | गाउँलेले भोगेका दुर्दशा |
| १०. | आमाको काख | | (१) उठ्न लाग्दा बगे कति<br>(२) भाग्न लाग्दा मरे कोही<br>(३) आत्तिएरै गए कति |
| ११. | (१) भूडुली<br>(२) ब्रहमपुत्र | | |
| १२. | दोभान, भोमोरागुडीको फेद गुफा, वसन्त | | झर्ना बगेको र जलधार देखेर गरेको अनुभूति |

उक्त परिवेश सामान्य र एक कालिक वर्णन भए पनि विविध परिवेशले महाकाव्यलाई प्रभावपूर्ण बनाएको हुनाले यी परिवेशहरू जातीय जागरणको उत्थान काल र सार्वभौम र सर्वकालिक परिवेशको रूपमा नै आएको देखिन्छ ।

**(घ) उद्देश्य**

असमेली नेपाली कविताको उत्थान कालमा प्रकाशित भएको 'सृष्टि' महाकाव्यको आफ्ना उद्देश्य र प्रयोजन छन् । गहिरिएर हेर्दा यस महाकाव्यले जे जस्ता कुरा देखाउन खोजेको छ ती सबै नै उद्देश्यका रूपमा रहेको देखिन्छ तापनि एउटै मात्र उद्देश्य भन्ने हो भने यथार्थको प्रकटीकरण **सृष्टि** महाकाव्यको प्रमुख उद्देश्य हो । त्यस प्रमुख उद्देश्य अन्तर्गत अरू धेरै सानातिना उद्देश्यहरू रहेका छन् । **सृष्टि** महाकाव्यले युग सचेतता र युगीन यथार्थको प्रकटीकरण गर्नका साथै ऐतिहासिकता, देशप्रेम र वातावरणीय सचेततताप्रति कृषि उन्नति र विकास, मानवीय, पृथ्वी र पञ्चभूतादिको 'सृष्टि' को महिमा देखाउनु, संस्कृति विकास गर्दै कृषि विज्ञानप्रतिको सजगता, पुराना शिक्षा नीतिको परिवर्तन, वर्तमान शिक्षा नीतिको विरोध, कर्मको मर्यादा देखाउने उद्देश्य, कर्म प्राधान्य संस्कृतिको पालना, स्वाभिमानमा रहँदै लक्ष्य प्राप्तिको उद्देश्य, शान्ति मैत्रि र सद्भावना, निर्दोषी जनको रक्षा, सङ्घर्ष र लुट्नेको विपरीत आत्मरक्षा र सुरक्षाप्रतिको ध्यान, मलजल गरेर धर्ती आमालाई सिगार्ने जस्ता काव्य सिर्जनाका प्रमुख उद्देश्य मानिए पनि मूलभूत रूपमा 'सृष्टि' महाकाव्यको उद्देश्य यथार्थको प्रकटीकरण हो ।

**सृष्टि** महाकाव्यका प्रमुख प्रवृत्तिलाई पनि उद्देश्यका रूपमा लिन सकिन्छ । एकताको खोज अन्वेषण तथा सृष्टिको रक्षा गर्दै अनन्तलाई ध्वंश पार्ने क्रूर प्रवृत्तिको विरोध गरिएको छ । वर्तमान दुष्कृतिहरूले विथोलेको परिस्थितिलाई पुनः साम्य पार्ने उद्देश्य पनि काव्यमा यदाकदा देखिन्छ । वर्तमान समयको विसङ्गति, युद्धजन्य परिस्थिति र आतङ्ककारी परिवेशलाई साम्य पार्नका निम्ति कृषिको उन्नति तथा प्रकृतितर्फ फर्कने आग्रह तथा उद्देश्य पनि महाकाव्यको रहेको छ । साथै सामाजिक विसमताको चित्रण पनि प्रस्तुत गरिएको छ । यहाँ सशस्त्र द्वन्द्वको प्रभावलाई अभिव्यक्त गरिएको छ र परम्परित कृषिजन्य परिवेशलाई पुनः फर्काउने अभीष्ट पनि राखिएको छ । यी मूलभूत आधारमा सृष्टि महाकाव्यले उपर्युक्त विविध पक्षका नकारात्मकताहरूलाई देखाई सकारात्मकताको प्राप्तिको लागि एउटा सन्देश छोडेको देखिन्छ ।

**सृष्टि** महाकाव्यको युगीन यथार्थको प्रकटीकरणलाई पुष्टि गर्ने उद्देश्यका बुँदाहरूलाई 'सृष्टि' महाकाव्यका तलका तथ्याङ्कहरूबाट स्पष्ट पारिन्छ :

(१) उद्देश्य-लक्ष्य हो हाम्रो संस्कृतिको विकासको
जगेडा गर्नु पर्ने छ नत्र मुर्झाउने छ यो (पृ. १८)
त्यसैको ध्येयमा बन्छ रङ्गमञ्च सभागृह
शिक्षा सन्ततिका लागि बनियी ज्ञान-मन्दिर

(२) एकका आँसुमा आँसु समग्र देश भार्दछ ॥३४॥
एक हाँसे जहाँ, हाँसे समग्र राष्ट्र छर्दछ
एक रोए जहाँ आँसु राष्ट्रले नै चुहाँछ ॥३५॥
त्यस्ता स्वराज हो हाम्रो लक्ष्य-धर्म यहीव्रत

(३) उर्ध्वगामी भए दृष्टि सधैं हुन्छ उँभो गति
नीचो दृष्टि भए हुन्छ - उँधै गति उँधै मति ॥६१॥

(४) कर्म, प्राधान्य हो हाम्रो संस्कृतिको धरोहर
कर्माश्रयी बने मात्र जीवन हुन्छ सुन्दर
त्यसैले म भन्दैछु जन-जीवन-आश्रित
कर्म-संलग्नमा हुन्छ सृष्टि उत्कर्ष साधक

(५) हाम्रो उद्देश्य हो शान्ति-मैत्री-सद्भाव-उन्नति
सेवा समाजको बाटो सृष्टि मानव-संस्कृति (पृ. ८४)

(६) वेदादिको यहाँ ज्ञान अनुसन्धान दृष्टिले
विश्लेषण गर्नु पर्ने छ लक्ष्य नवीन सृष्टिले

(७) प्रस्थानको गरे जोहो-मानौ भीज बनान्तमा
उद्देश्य-लक्ष्य यो गोप्य-सर्वेक्षण समाजमा

उक्त तथ्याङ्कहरूबाट जातीय जागरणको उत्थान कालको महाकाव्य सृष्टिको प्रमुख वा सामान्य उद्देश्य यथार्थको प्रकटीकरणका साथै कर्ममय जीवनप्रतिको झुकाव हो भन्ने स्पष्ट देखिन्छ । उपर्युक्त तथ्याङ्कहरूका आधारमा यसको उद्देश्य संस्कृतिको धरोहरको रक्षा गर्नु, विग्रदो राजनैतिक व्यवस्थाको सुधार तथा आर्थिक उन्नतितर्फको योजना, राजनैतिक विसङ्गतिले मान्छेको जीवनमा ल्याएको विषाद परिस्थितिलाई हटाउनु, भ्रष्टाचारको निदान खोज्नु, कर्ममुखी शिक्षा व्यवस्थाको प्रारम्भ र विकासतर्फ जोड दिनु, शान्तिमयता, सद्भावना र मित्रतापूर्ण जीवनको अपेक्षा गर्नु, परम्पराप्रति आकर्षित बन्दै पौराणिक खेल मल्ल युद्ध, धनुर्विद्या, क्षेप्यास्त्र तथा योग साधनको प्रारम्भ र विकास गर्नु, शान्तिको प्रतिष्ठा गर्नु, पौराणिक सम्पदाहरूको ज्ञान लिनु, वेदको अनुसन्धान गर्दै पौराणिक ज्ञानको सृजना गर्नु, गोप्यतापूर्वक समाजको सर्वेक्षण गर्दै कमी कमजोरीहरूको निदानसम्म पुग्नु, कृषिमा वैज्ञानिक पद्धतिको अवलम्बन गर्नु, देशलाई आर्थिक क्षेत्रमा सबल तुल्याउनु जस्ता मूलभूत उद्देश्य यस महाकाव्यमा देखिन आएका छन् ।

यस आधारमा 'सृष्टि' महाकाव्यको प्रमुख उद्देश्यहरूलाई विशिष्ट उद्देश्यका रूपमा मानेर निम्नानुसारका बुँदाहरूमा देखाइन्छ :

(१) विश्व सृष्टि र मानवीय सृष्टिको रहस्योद्घाटन गर्नु

(२) आडम्बर र अहंकार रहित समाजको स्थापनाको चाहना र कर्मवादी चेतनाको प्रस्तुतीकरण गर्नु

(३) संस्कृतिको जगेर्ना गर्दै संस्कृति विकासका निम्ति विभिन्न कार्य योजनाहरूमा सक्रियता देखाउनु

(४) राजनैतिक र आर्थिक सुधारप्रति सचेत बन्दै कृषि पद्धतिमा जोड दिनु

(५) आतङ्कवादको जन्म एवं त्यसको निराकरणका निम्ति आतङ्कवाद फैलिने कारणसम्म पुग्नु

**(ङ) भाषाशैली**

**सृष्टि** महाकाव्य संसारको सृष्टि, विकास र विनाशको चक्रीय रूपलाई देखाउने महाकाव्य हो । झिनो आख्यान भएको यस महाकाव्यमा सृष्टिचक्रलाई पौराणिक, धार्मिक र विज्ञानसम्मत दृष्टिको मिश्रणबाट हेरिएको छ । कविका सूक्ष्मतम अन्तर दृष्टिलाई अभिव्यक्त गर्ने भाषिक कौशल विषयवस्तु अनुरूप सूक्ष्म अभिव्यञ्जनात्मक, प्रतीकात्मक, आलङ्कारिक किसिमको देखिन्छ ।

प्रस्तुत महाकाव्यमा सुरुदेखि अन्त्यसम्म एउटै छन्दको प्रयोग भएको छ । शास्त्रीय वर्णमात्रिक छन्द अन्तर्गत बत्तीस अक्षरको अनुष्टुप छन्दलाई प्रयोग गरिएको छ । पूर्वीय महाकाव्य सिद्धान्तले स्विकारेको सर्गान्तमा छन्द बदल्नु पर्ने सामान्य नियमलाई समेत यस महाकाव्यमा अङ्गीकार गरिएको छैन । सृष्टि प्रपञ्चको विविधतालाई विविध छन्दमा प्रस्तुत गर्न सकिने भए पनि कविले आद्योपान्त अनुष्टुप छन्द प्रवाहमा आफ्ना भाव, विचार वा अनुभूतिलाई व्यक्त गरेका छन् । अनुष्टुप छन्दको वर्ण र मात्राको वितरण शास्त्रीय नियमानुसार भए पनि कतिपय ठाउँमा छन्द भङ्ग भएको पाइन्छ । जस्तो :

देख्नमा यो शिला एक तर मानव भित्र छ
अट्टालिका गगनचुम्बी मानौं हिमाल भित्र छ (१ : १९)
आफैं बोक्सी अनि आफैं सुडुनी पनि बन्दछ
आफैं जाल कतै बुन्ने षडयन्त्र मिलाउँछ (१५ : ९६)

उपर्युक्त पद्यहरू मध्ये प्रथम पद्यको दोस्रो पङ्क्तिमा छैठौं अक्षर दीर्घ हुनु पर्ने ह्रस्व भएर छन्द भङ्ग हुन पुगेको छ भने दोस्रो पद्यको दोस्रो पङ्क्तिमा षड्यन्त्रलाई षडयन्त्र बनाएर 'ड' स्वरान्तका रूपमा प्रयोग गरिएको छ । यस प्रकारका छन्दगत सामान्य त्रुटि बाहेक अनुष्टुप छन्दको निर्बाध प्रयोग भएको छ ।

प्रस्तुत महाकाव्यका शब्द, वाक्य र अर्थको तहमा सरलता पाइन्छ । कतिपय गम्भीर तत्सम शब्द उपयोग गरिए पनि धेरै जसो प्रचलित तत्सम, तद्भव र आगन्तुक शब्दको उपयोगले महाकाव्यलाई सरल बनाएको छ । जस्तो :

व्यक्ति सम्पत्ति बन्ने छ राष्ट्रको सम्पदा जहाँ
राष्ट्र सम्पदामा व्यक्ति हुन्छ आनन्दित त्यहाँ

यसमा राष्ट्र र व्यक्ति सम्बन्धलाई सरलता साथ प्रस्तुत गरिएको छ । देश र व्यक्ति बिचको अन्योन्य सम्बन्धलाई प्रस्तुत गर्दै व्यक्तिगत स्वतन्त्रता र राष्ट्रको गरिमालाई कविले

सरल भाषिक चयनबाट नै प्रकट गरेका छन् । सरल शब्दको उपयोगसँगै कतिपय अप्रचलित तत्सम शब्दलाई पनि प्रयोग गरिएको छ । जस्तो :

रोपाइँ एक वा दुई बाली लाग्ने जमीन हो
नदीमातृक हो किम्वा देवमातृक नै छ त्यो

यस पद्यमा एकातिर रोपाइँ जस्तो सरलतम शब्द प्रयोग गरिएको छ भने अर्कातिर नदीमातृक र देवमातृक जस्ता दुरुह एवं अप्रचलित तत्सम शब्द उपयोग भएका छन् । यसरी हेर्दा महाकाव्यमा प्रायः शब्द वाक्य र अर्थका तहमा सरलताको संवरण पाइन्छ भने आवश्यकता र भाव अनुसार तत्सम शब्दहरूको समेत उपयोग गरिएको छ ।

महाकाव्यमा शब्दहरूको चयनगत वैशिष्ट्य पाइन्छ । भावलाई प्रभावकारी बनाउनका निम्ति प्रसङ्ग र सन्दर्भ अनुरूप हुने शब्दहरूको चयन गरिएको छ । जस्तो :

आयो बादलको कालो लुम्सो मडारिदै त्यहाँ
मानौ कर्तव्य हो उसको जलप्लावन लोकमा (२ : १)
खन्ती-खुँडो कटारी र कचिया कर्द व अरू
आरा छेनीहरू लिन्थे हातैपिच्छे खुरु खुरु (२ : १५)

यी श्लोकहरूमा शब्द चयनगत विशिष्टता पाइन्छ । पहिलोमा 'जलप्लावन' शब्द उपयोग गरेर विनाशको भयङ्कर रूपलाई सङ्केत गरेको पाइन्छ । हजारौं वर्षदेखि प्रकृतिमा विनाश चक्रलाई देखेको मानवीय अनुभूतिलाई जलप्लावन शब्दको उपयोगले अभिव्यञ्जित गरेको छ । दोस्रो पद्यमा उपयोग गरिएका औजारहरूले आदिम मानव सभ्यताको उषाकाललाई विशेष रूपमा व्यञ्जित गरेको छ र आज पनि मानिस त्यस प्रकारको कठिन सङ्घर्ष गर्दै छ भन्ने तथ्य समेत प्रकट भएको छ ।

महाकाव्यमा भाव प्रवाहलाई अविच्छिन्न राख्नका निम्ति भाषाको नियम विपरित कोशीय, व्याकरणिक, आर्थिक जस्ता विचलन गरेको पाइन्छ । जस्तो :

साथै अक्षम नै ठान्छु योजना वास्तवायित
गर्ने नीति प्रणाली वा प्रकल्प अभिकल्पित (२२ : २२)
सौर मण्डलमा घुम्छन गोरु भैं मालका ग्रह
मियो सूर्य सदा स्थिर समस्त चक्र धारक (१ : २)

यी दुई पद्यमध्ये पहिलोमा 'वास्तवायित' जस्तो अव्याकरणिक शब्द प्रयोग गरेर शब्द बनोटगत विचलन गरिएको छ भने दोस्रोमा मालका ग्रह कर्तालाई अन्त्यमा प्रयोग गरेर पद सङ्गतिगत विचलन गरेको पाइन्छ ।

महाकाव्यलाई शब्दार्थलाई चमत्कृत बनाउने शब्दालङ्कार र अर्थालङ्कारको पनि उपयोग भएको देखिन्छ । अन्त्यानुप्रास, वृत्यनुप्रास जस्ता शब्दालङ्कारले लय सिर्जना र सौन्दर्य सिर्जना गरेको देखिन्छ । जस्तो :

चैतन्य चेतना उक्स्यो बुद्धि वृत्ति प्रदीप्त यो
छुट्याउने भयो माटो-पानी समग्र सृष्टिको (१ : ११)

यसमा चैतन्य-चेतना बुद्धि-वृत्ति समग्र सृष्टि जस्ता शब्द युग्मकहरूको आद्य वर्णगत अनुप्रास भएकाले वृत्यनुप्रास बन्न पुगेको छ । यसरी अन्त्यमा भो-को मा स्वरगत समानताले अन्त्यानुप्रास बन्न पुगेको छ ।

अर्थगत अलङ्कारका रूपमा उत्प्रेक्षा, रूपक, दृष्टान्त, व्यतिरेक, स्वभावोक्ति आदि प्रयोग भएका छन् । यहाँ तिनको उदाहरण दिइएको छ :

**उत्प्रेक्षा**

प्रस्तुत महाकाव्यमा प्राकृतिक सौन्दर्य वर्णन गर्ने क्रममा प्रकृतिको मानवीकरण गरी उत्प्रेक्षा गरिएको छ । जस्तो :

सेतो पाहा बिहानीको हिमानी मुखमा घसी
हाँस्छ मुसुक्क यो मानौँ घुम्टामा लाजले पसी (१ : २२)
विस्तारै ओर्लिए गर्दै हातेमालो निरन्तर
कालो बादलको सिंढी मानौ उमा महेश्वर (१ : २६)

उपर्युक्त पद्यांशहरू मध्ये पहिलो पद्यमा हिमाली सौन्दर्य वर्णन गर्ने क्रममा बिहानी पख हिमानी घुम्टोमा लुकेकी नारीका रूपमा हिमाली सौन्दर्यको उत्प्रेक्षा गरिएको छ । यसरी नै दोस्रो पद्यमा कालो बादल र सेतो बादललाई उमा महेश्वरको सम्भावना गरिएको हुँदा उत्प्रेक्षा गरिएको छ ।

**रूपक**

यस महाकाव्यमा रूपक अलङ्कारका माध्यमले पनि काव्यार्थलाई चमत्कृत बनाएको पाइन्छ । जस्तो :

नौलो काव्य सुधा प्राण कविता विश्व विक्रम
सृष्टि सङ्कल्पमा आयो प्रजापति पृथासँग
अनियोजित जो काम-उच्छवास रतिरागको
शिव क्रोधाग्निमा दग्ध भष्मीभूत हुने थियो (१ : ४९-५०)

पहिलो पद्यमा काव्यलाई सुधामा आरोप गरेको पाइन्छ भने दोस्रो पद्यमा शिवको क्रोधलाई अग्निमा आरोप गरिएको छ ।

**व्यतिरेक**

उपमान भन्दा उपमेयमा गुणको आधिक्य देखाएर कथनलाई विशिष्ट बनाइएको छ । जस्तो :

तथापि रूखको कीर्ति ज्ञानीभन्दा अधिक छ
ज्ञानी गर्व कतै गर्ला परन्तु वृक्ष मौन छ (५ : ५)

यस पद्यमा उपमान रूप भएको ज्ञानीभन्दा रूखको कीर्ति बढी भएको देखाइएको हुँदा व्यतिरेक अलङ्कार हुन पुगेको छ ।

प्रस्तुत महाकाव्यमा अनेक अलङ्कार, विशिष्ट शब्द, भाषिक विचलन आदि विशेष भाषागत वैशिष्ट्य रहन गएको हुँदा यसमा भाषा शैलीगत कलात्मकता पाइन्छ ।

## ९.३ स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थानकालका प्रतिनिधि फुटकर कविताको विश्लेषण

जातीय जागरणको उत्थान कालमा आउने प्रतिनिधि कविहरूमा फुटकर प्रतिनिधिका रूपमा जम्मा एघार जना कविहरू रहेका छन् । उक्त कविहरूका प्रकाशित फुटकर कविता सङ्ग्रहबाट प्रतिनिधि कविता छनोट गरी विश्लेषण तथा निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।

### ९.३.१ मैना थापा आशा र उनका कविता कृति

असमेली नेपाली कवितामा जातीय जागरणका कविता लेख्ने कविहरूमा मैना थापाको नाम महत्त्वपूर्ण छ । यहाँ थापाका काव्यगत प्रवृत्तिको निरूपण गर्दै उनको प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

#### ९.३.१.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरण जातीय जागरणको उत्थान कालको सशक्त कविता लेख्ने कविका रूपमा मैना थापा आशा (१९५२) देखा पर्छिन् । आशाको कविता यात्रा 'विषाक्त परिवेश' (**स्मृति**, १९६७) शीर्षकको कविताबाट थालिएको हो । उनको प्रथम कविता सङ्ग्रह भने हिन्दी भाषामा १९९५ मा र नेपालीमा २००० मा प्रकाशित भएको देखिन्छ । उनले हिन्दी भाषामा पनि उत्तिकै कलम चलाएको देखिन्छ । १९८९ देखि गुवाहाटीबाट प्रकाशित हिन्दी समाचार पत्र पूर्वाञ्चल प्रहरी र सेन्टिनलमा स्वतन्त्र पत्रकारिता र आजीवन शिक्षिकाका रूपमा रहेर पनि निरन्तर साहित्यको सेवा गरेको देखिन्छ । मूलतः कविता विधामा सशक्त योगदान दिएकी मैना थापा आशाको हालसम्म प्रकाशित कृतिहरू यस प्रकार छन् :

(१) **कस्तुरी** (कविता सङ्ग्रह, २०००)

(२) **स्पर्श अन्तर्मनको** (कविता सङ्ग्रह, २०१०)

मैना थापा आशाको पाँच दशकको कविता यात्रामा हिन्दी र नेपाली भाषामा समेत योगदान पुऱ्याएको देखिन्छ । मूल रूपमा उनको काव्य यात्रामा प्रवृत्तिगत भिन्नता त्यति नदेखिए पनि उत्तरार्द्धका कविता केही पृथक् देखिन्छन् । उनका कविता यात्रालाई निम्नलिखित पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गर्न सकिन्छ :

(क) पूर्वार्द्ध (१९६७-१९९५)

(ख) उत्तरार्द्ध (१९९६ देखि यता)

मैना थापा आशाको काव्य यात्रामा देखिएको मूल प्रवृत्ति भनेको यथार्थवादी चित्रण हो । यसका साथै उनका कवितामा राष्ट्र महिमा, प्रकृति प्रेम, वर्तमान अशान्त परिवेशको चित्रण, नारी विद्रोहात्मक भावना तथा मातृ भाषाप्रतिको अगाध स्नेह पाइन्छ । उनका पूर्वार्द्धका कवितामा वर्तमानको परिवेश विशाक्त भएको चित्रण, अत्याचार, आतङ्क र लुटपाटप्रति वितुष्टि, जाति विभेदको विरोध, वैयक्तिक अनुभूतिको चित्रण, गरिब र मजदुरहरूप्रति सहानुभूति, देशप्रेमका साथै असमको प्राकृतिक सौन्दर्य र कला संस्कृतिप्रतिको आस्था, प्रेम र सहिष्णुताको भावना, युद्धजन्य परिस्थितिको वर्णन गरिएको छ । धेरै जसो कविताले नै जीवनको विसङ्गति औंल्याएका छन् । उनको 'विभाजन रेखा' जस्ता कविताले आज पृथक्तावादी भावनाले मानिसको मन सङ्कुचित हुँदै गएको यो वर्तमानमा, मानिसको सम्बन्ध धरतीमा कोरिएको सीमारेखाले छुट्याउन सक्तैन भन्ने मानवतावादी भावना पोखेर वसुधैव कुटुम्बकमको पाठ पढाउन खोजेको छ (क्षत्री, २०१० : ७) । उनका प्रथम चरणकै कवितामा दुराचार र भ्रष्टाचारको उत्कर्ष गर्ने आह्वान, जनताको विस्थापन र देश विघटनको विरोध, सामाजिक न्याय र समानताबाट वञ्चित नारीको वर्णन, मानवीय विचार, भावना र सोचमा परिवर्तन ल्याउनु पर्ने आह्वान, नारी अस्मिताको सुरक्षा गर्दै नारी शोषणको विरोध, भ्रष्टाचार र आतङ्कले त्रसित भएको मानवीय यथार्थ परिस्थितिको चित्रण, युद्ध र सन्त्रासको भूमरीमा संस्कृति र परम्परा रक्षाको चिन्तन, सत्यम् शिवम् र सुन्दरमको अभिव्यक्ति, वर्गीय विभेदको कडा विरोध, मानवीय आवेग र अनुभूतिप्रति समर्थन, देशका सहिदहरूप्रति अनुराग, विभिन्न धर्मशालाका नैसर्गिक सुन्दरताप्रति आकर्षण, विश्व भातृत्वबोध जस्ता प्रवृत्तिहरू प्रथम चरणमा देखिन्छन् । उनका उत्तरार्द्धका कविताहरूमा केही प्रवृत्तिगत भिन्नता रहे पनि प्रायः एउटै प्रवृत्ति बढी देखिन्छ तापनि केही हदसम्म उत्तरार्धका कविताहरू नवीन देखिन्छन् । उनका उत्तरार्द्धका कविताहरूमा मूर्तिवत् ईश्वरप्रति आस्था, विश्वासको भावना, सर्वधर्मप्रति श्रद्धा र सद्भावना, आमाप्रतिको आस्था, पर्यावरण विनाशको विरोध गर्दै पर्यावरण संरक्षणको चाहना, विश्व बन्धुत्वको भावना, जातीय संस्कृतिको गुणगान, मजदुरहरूप्रति सहानुभूतिशील मनोभाव जस्ता प्रवृत्तिहरू देख्न पाइन्छ ।

उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) यथार्थवादी विचार धाराको प्रकटीकरण गर्दै वर्तमान स्थितिका अमिल्दा परिवेशको चित्रण

(२) पर्यावरण विनाशप्रतिको चिन्ता र पर्यावरण संरक्षणको चाहना

(३) संस्कृति संरक्षणप्रतिको सचेतता, संस्कृतिको गुणगान र विश्व बन्धुत्वको भावना

(४) नारी उत्पीडन र नारीमाथिको अत्याचारको विरोध गर्दै नारी अस्मिताको सुरक्षाको निम्ति आह्वान

(५) बाल श्रमशोषणको विरोध, शिशुहरूलाई संरक्षण दिनु पर्ने आह्वान र निम्न वर्गप्रति सहानुभूति

### ९.३.१.२ 'ए वीर तिमीलाई नमन' कविताको विश्लेषण

मैना थापा आशाले विभिन्न कविता सङ्ग्रह र फुटकर गरी दुई सय कविता लेखेको पाइन्छ । विषयवस्तुगत विविधता, युगबोध, यथार्थ चित्रण, असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनका 'ए वीर तिमीलाई नमन' र 'म समय हुँ' शीर्षकका कवितालाई मुख्य प्रतिनिधि कविताका रूपमा मानिएको छ । ती प्रतिनिधिमूलक कवितालाई भाव विधान, विचार वा उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ :

मैना थापा आशाको 'ए वीर तिमीलाई नमन' कविता **कस्तुरी** शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित छ । उनको यो कविता एकचालिस पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हो । संरचनात्मक दृष्टिले यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

**(क) भाव विधान**

'ए वीर तिमीलाई नमन' देशप्रेममूलक कविता हो । यसमा वीर सहिदहरूलाई सर्वोपरि ठानेर सहिदलाई केन्द्रीय विषयवस्तुको रूपमा वर्णन गरिएको छ । देशमातृका सपुतहरूले मातृभूमिको रक्षाका निम्ति आफ्नो प्राणाहुति दिएको वर्णन यहाँ गरिएको छ । वीर योद्धाहरूले लडेका विभिन्न युद्धको वर्णन गर्दै वंगलादेशको युद्ध, कच्छांको बलौटे रन, हिउँले ढाकेको लद्दाख, पूँछ र छम्बाको युद्ध, सियाचीन ग्लेशियरको युद्ध र पूर्वाञ्चल भारतको सीमा क्षेत्रमा लडेका युद्ध स्थलहरू देखाइएका छन् । वीरहरूले देशको अखण्डता कायम राख्न लडेका युद्धहरूमा सहेका अनेकौं कष्टहरूको वर्णन गर्दै जाडो, गर्मी, झरी, बादल आदि वातावरणको वर्णन गरिएको छ । उनीहरूको कष्ट, दुःख र जहीं तहीं फैलिएको उनीहरूले खपेका त्रासमय परिस्थितिको भावनाको चित्रण पाइन्छ । यहाँ केन्द्रीय विषयवस्तुको रूपमा युद्धलाई लिइएको छ । युद्ध र त्रासमय परिस्थितिको चित्रण गर्नु नै यस कविताको मूल विषयवस्तु हो । कवितामा योद्धाहरूले लडेका युद्धबारे यसरी भनिएको छ :

यस देशका पराक्रमी योद्धा तिमीहरू
लडेनौ तिमीले एटै मात्र युद्ध यहाँ
मातृभूमिको रक्षाको निम्ति
प्रमाण छ इतिहासमा अंकित शौर्यको गाथा तिम्रो
यस देशको माटोमा मुछिएको रगत तिम्रो

अनि...
स्मारक स्थलहरू तथा अनाम चिहानहरू अनगन्ति (पृ. ५६)

उपर्युक्त कवितांशमा यस देशका पराक्रमी योद्धाहरू भनेर 'भारत देश' को परिवेशलाई अंकित गरिएको छ । देशका वीरहरूले लडेका अनेकौं युद्धको वर्णन यहाँ गरिएको छ । मातृभूमिको रक्षा गर्दै लडेका युद्धहरूको इतिहास र यस देशको माटोमा मुछिएका रगत र अनेकौं अनाम चिहानहरूको उल्लेख यहाँ गरिएको छ । मूल रूपमा यहाँ यौवनावस्थामा सहिद भएका वीर योद्धा र सहिद पत्नी यौवनावस्थामै वैधव्य जीवन व्यतीत गर्न बाध्य भएकाहरूको वर्णन पाइन्छ । कवितामा नववधुले चुरा फुटाएको, पोते चुँडाएको र गर्भमै टुहुरा भएका सन्तानको वर्णन यसरी प्रस्तुत गरिएको छ :

यौवनमानै शहीद भए कति वीरहरू
...
फुटाले चुरा कति नव वधुले
चुँडाली फ्याँके होला पोते कति पत्नीले
सुखद भविष्यको सपना बिर्सेर
गर्भमा भएका कति संतानले
देख्न पनि पाएनन् अनुहार आफ्नो बाबुको (पृ. ५७)

उद्धृत कवितांशमा प्रयुक्त आमाको काख रित्तिनु, तरुणी नव विवाहिताको चुरा फुट्नु, पोते चुडिनु र सुखद भविष्यको सपना चकनाचुर हुनु यी सबै युद्धले ल्याएको त्रासद फलको परिणति हो । कवितामा वियोगात्मक स्थितिको क्रन्दन बढी वर्णित भएको देखिन्छ । वीर योद्धाहरूले लडेका युद्धहरूको वीरताको वर्णन यसरी गरिएको छ :

लड्यौ तिमीले अनेक युद्ध यहाँ
छातीमा गोलीको अनेक चोट सहँदै
तर निहुरेन शिर तिम्रो दुश्मन अघाडि
देश भक्ति र पराक्रमको मिशाल कायम राख्दै (पृ. ५७)

उद्धृत कवितांशमा वीर देशभक्तहरूले वीरतापूर्वक युद्ध लडेको वर्णन पाइन्छ । गोलीको चोटले घायल हुँदा पनि शत्रुका सामु शिर ननिहुरिएको र वीरतापूर्वक युद्ध लड्दै सहिद भएको भाव यहाँ व्यक्त भएको छ ।

**(ख) उद्देश्य**

मैना थापा आशाको प्रस्तुत कविताको मूल उद्देश्य सामाजिक यथार्थको चित्रण प्रस्तुत गर्दै देशभक्तिमूलक भावनालाई देखाउनु रहेको छ । यहाँ मातृभूमिका देशभक्तहरूले देशको अखण्डता रक्षा गर्दै देशका निम्ति युद्ध लडेको यथार्थमूलक चित्रण प्रस्तुत गरिएको छ । मूलतः वीर सहिदहरूले देशका निम्ति उठाएको कष्ट, बगाएको रगत र त्यसको मूल्याङ्कन गर्न खोज्नु पनि यसको उद्देश्य रहेको देखिन्छ । यस कविताको मूल उद्देश्य योद्धाहरूको करुण प्राणाहुतिको चित्रण प्रस्तुत गर्दै उनीहरूको परिवारमा परेको कारुणिक

स्थितिलाई देखाउनु रहेको छ । साथै वीर योद्धाहरूले वीरतापूर्वक देशका सीमा क्षेत्रमा लड्दै प्राणाहुति दिएपछि पनि उनीहरूको उचित कदर नहुनु, उनीहरूका लाशको सनाखत नहुनु र उनीहरूको चिहानमा अनाम सहिदको फलक टासिनु र उनीहरूको नामको कदर नहुनु, परिवारले आफ्नो वीर पुत्र गुमाएर पनि त्यसको कुनै कदर नहुनु, आश्वासन नपाउनु जस्ता कारुणिक दृश्यलाई यस कवितामा वर्णन गरिएको छ ।

**(ग) भाषाशैली**

प्रस्तुत कविताको भाषा सरल र कथन शैली वर्णनात्मक रहेको देखिन्छ । कवितामा मानवीय जगतको युद्धजन्य प्रस्तुत विधानबाट अप्रस्तुत जीवन कथा व्यक्त भएको हुँदा कविता अभिधात्मक भन्दा पनि व्यञ्जनात्मक बन्न पुगेको देखिन्छ । रगत, अनाम, चिहान, मक्किसकेका हाडहरू, हिउँ, सागरको विशाल तट, उराठलाग्दा डाँडा काँडा, फुटेका चुरा, चुडिएको पोते, बाँझो भूमि, बंकर, खोला, नाला, पाइला, गर्भका सन्तान, गोली जस्ता बिम्बहरूले जीवनका दुःखद र नकारात्मक पक्षलाई सङ्केत गरेका छन् । यहाँ प्रयुक्त तिमीहरू, चिहानहरू, धडहरू, वीरहरू जस्ता अन्त्यानुप्रासयुक्त पदहरूले बाह्य समानान्तरताको सृजना गरेका छन् ।

**९.३.१.३ 'म समय हुँ' कविताको विश्लेषण**

मैना थापा आशाको 'म समय हुँ' कविता २०१० मा लेखिएको र उनको **स्पर्श अन्तर्मनको** शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित छ । उनको यो कविता बत्तिस पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हो । संरचनात्मक दृष्टिले यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

**(क) भाव विधान**

'म समय हुँ' अस्तित्ववादी कविता हो । यसमा समयलाई आफूसित समाहित पार्दै म नै समय हुँ भनिएको छ । सृष्टिको आदिदेखि वर्तमान अवस्थासम्म आइपुग्दा के कस्ता घटनाचक्रबाट पृथ्वी गुज्रिँदै आएको छ त्यसको एकमात्र साक्षी 'समय' नै हो । त्यही समयलाई मानवीय आत्माको स्वरूपमा प्रतिफलित पार्दै समयले ती घटित दृश्यहरू सबै देख्दै आएको भाव यहाँ प्रस्तुत गरिएको छ । समयले विश्व रङ्गमञ्चमा घटेका घटनाचक्रको प्रत्यक्षदर्शी बनेको भाव कवितामा यसरी वर्णन गरिएको छ :

> यहाँ विश्वको रङ्गमञ्चमा
> समय अन्तराल घटित हुने
> प्रत्येक घटना चक्रको (पृ. ३०)
> प्रत्यक्षदर्शी बनेर
> साँची राखेको छु, अनगन्ती
> अतीतका इतिहासहरू
> म नै भूत ! भविष्य ! वर्तमान हुँ (पृ. ३०)

उद्धृत कवितांशमा विश्वमा विभिन्न समयमा घटेका विभिन्न घटनाहरूको प्रत्यक्षदर्शी समय आफू स्वयम् भएको भाव व्यक्त भएको छ । समयले धेरै इतिहासहरू आफूभित्र साँचि राखेको छ । यहाँ समय भनेको नै भूत, भविष्यत र वर्तमान हो भन्ने देखाइएको छ । यहाँ भूत, भविष्यत, वर्तमान भनेको नै समय हो भन्दै 'समय' लाई नै सर्वोपरि ठानिएको छ । पृथ्वीमा भएका अनेकौं उन्नति, पतन, हार, जीत, युद्ध, शान्ति र महाभारतको चक्रव्यूहको रचना गर्ने पनि म नै हुँ भनेर समयले आफ्नो कार्यमा घमण्ड गरेको वर्णन यस प्रकारले काव्यमा व्यक्त भएको छ ।

> उन्नति / पतन / हार / जीत
> युद्ध शान्तिका
> चक्रव्यूह पनि मैले रचेको हुन्छु । (पृ. ३०)

उपर्युक्त पद्यांशमा युगैपिच्छे भएका परिवर्तन समयको गतिमा समाहित हुँदै आएको देखाएर म समय सबै कुराको साक्षी र अति बलवान रहेको भाव प्रकट भएको छ ।

### (ख) उद्देश्य

समयलाई सधै ध्यानमा राख्दै समयलाई चिन्नु वा समयलाई पछ्याउँदै समयको गतिमा निरन्तर क्रियाशील रहनु जस्ता शिक्षा प्रदान गर्नु नै यस कविताको उद्देश्य रहेको देखिन्छ । समयले सधै धर्मको जय र अधर्मको नाश गराएको छ भन्ने भाव प्रकट गर्दै धर्मतिर लाग्दै अधर्मको परित्याग गर्नु भन्ने सन्देश पनि कविताको उद्देश्य हो । समयको मूल्य बुझ्नेलाई समयले साथ दिएको र समयको मूल्य नबुझ्नेलाई समयले साथ नदिएको सन्देश यस कवितामा व्यक्त गरिएको छ । यहाँ समयले साथ दिनु भनेको नै समयमा नै अवसर प्राप्ति गर्नु रहेको छ । साथै धर्म र अधर्मको उल्लेख गर्दै अधर्मको नाश र धर्मको जय भन्ने सन्देश प्राप्त भएको छ । समयले धर्मलाई साथ दिएको र धर्मलाई जसले साथ दिए त्यसको जीत हुन्छ भन्ने सन्देश पनि यहाँ प्राप्ति भएको छ । यहाँ धर्म र अधर्म, शान्ति र अशान्ति दुई विपरीत युग्मकमा जसले धर्मलाई रोज्यो त्यसलाई शान्ति प्राप्ति हुने र जसले अधर्मलाई रोज्यो त्यसलाई अशान्ति हुने भाव देखिन्छ । अधर्म छोडेर धर्मतिर लाग्नु पर्छ भन्ने नैतिक शिक्षा दिनु पनि कविताको उद्देश्य रहेको देखिन्छ ।

### (ग) भाषाशैली

'म समय हुँ' मुक्त लयमा लेखिएको प्रगीतात्मक कविता हो । प्रस्तुत कविताको भाषा सरल भए पनि उक्ति वैचित्रपूर्ण रहेको छ । यहाँ 'समय' लाई आफूसँग समाहित पार्दै 'म' नै समय हुँ' भनेर समय र आफूमा भिन्नता नभएको देखाएर रूपक अलङ्कारको प्रयोग गरिएको छ । आशाका अन्य कविताका सापेक्षतामा प्रस्तुत कविता अलग किसिमको प्रतीत हुन्छ । यस कवितामा क्लिष्ट शब्दको ज्यादै न्यून प्रयोग भएको र नेपाली वाक् व्यवहारमा

प्रचलित तत्सम शब्द र तद्भव एवं आगन्तुक शब्दहरू उपयोग भएको देखिन्छ । कवितामा अलङ्कारको प्रयोग यस प्रकारले भएको छ :

म समय हुँ
शाश्वत पनि
सृष्टिबाट अनादिसम्मको
एकमात्र साक्षी
समय हुँ म ! (पृ. ३०)

उद्धृत कवितांशमा म नै समय हुँ भनेर समय र 'म' मा भिन्नता नरहेको देखाउँदै यहाँ रूपक अलङ्कारको प्रयोग गरिएको छ । यहाँ 'म' सँग दाँज्दै 'म' नै समय हो र 'समय' नै 'म' हो भन्ने देखाइन्छ । रङ्गमञ्च, कुरुक्षेत्र, युद्ध, असुर, चक्रव्यूह जस्ता बिम्बहरूले समय समयमा भएका युद्धहरूलाई देखाउँदै यी सबै समयका परिणति हुन् भन्ने कुरालाई दर्साएको छ । कवितामा समयको प्रस्तुत विधानबाट अप्रस्तुत इतिहास र जीवन कथा व्यक्त भएको हुँदा कविता अभिधात्मक भन्दा पनि व्यञ्जनात्मक बन्न पुगेको देखिन्छ । समयलाई आलम्बन बनाएर समदर्शी मानवरूपी 'म' समयले समस्त भूत, भविष्यत र वर्तमानमा घटेका घटना चक्रहरूको प्रत्यक्ष दर्शन गरेको भाव यहाँ व्यक्त हुन पुगेको छ ।

असमेली कविताका साथै हिन्दी कवितामा पनि मैना थापा आशाको योगदान उल्लेखनीय देखिन्छ । नेपाली भाषामा जत्तिकै हिन्दी भाषामा पनि काव्यिक योगदान पुऱ्याउने आशाका हिन्दीमा पनि रजनीगन्धा (१९९५) कविता सङ्ग्रह प्रकाशित देखिन्छ । उनका नेपालीमा प्रकाशित कविताहरूले पाठक जगतलाई नैतिक चेतावनी र मानवीय यथार्थताको पाठ सिकाएको छ । छोटा, सरल र सुबोध्य भाषामा लेखिएका उनका कविताहरूले समाजका नैतिक पतनोन्मुख व्यक्तिहरूलाई सामाजिक पाठ पढाएको छ । भाव र शिल्पगत दृष्टिले यिनका कविता सरल र बच्चा बूढा सबैले पढ्न सक्ने किसिमका छन् । प्रकृति चित्रण, पर्यावरण संरक्षण, नारी अस्तित्व रक्षा, ममता र वात्सल्यप्रेम, धर्म र राजनैतिक जस्ता विषयमा यिनका कविताहरू संरचित छन् । उपमा अलङ्कारको प्रशस्त प्रयोग यिनका कवितामा देखिन्छ ।

### ९.३.२ लक्ष्मीप्रसाद पराजुली र उनका कविता कृति

नेपालीहरूको स्वाधीनता र आत्मसम्मानको विषयलाई कवितात्मक रूप दिनेहरूमा लक्ष्मीप्रसाद पराजुलीको स्थान महत्त्वपूर्ण छ । यहाँ उनको काव्यगत प्रवृत्ति र प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

#### ९.३.२.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरणका शक्तिशाली कविता लेख्ने कविका रूपमा लक्ष्मीप्रसाद पराजुली (१९४६) देखा पर्छन् । १९६० को

दशकदेखि कविता यात्रा प्रारम्भ गरेका पराजुलीको कविता यात्रा (जागृति हस्त लिखित पत्रिकामा) 'जागरण' (१९६०) शीर्षकका कविताबाट थालिएको हो । त्यसपछि प्रभात, जागृतिमा उनका प्रशस्तै कविताहरू छापिँदै गएको पाइन्छ । उनको प्रथम कविता सङ्ग्रह भने २००६ मा मात्र प्रकाशित भएको देखिन्छ । साठीको दशकदेखि कविता लेखन प्रारम्भ गर्ने पराजुलीको कविता सँगसँगै समालोचना विधामा राम्रो दखल भएको पाइन्छ । मूलतः कविता विधामा योगदान दिएका पराजुलीका कविता लगायत अन्य समालोचना कृति पनि प्रकाशित छन् । उनको एकमात्र कविता सङ्ग्रह **माटो र मान्छेका कविता** (२००६) प्रकाशित छ ।

लक्ष्मीप्रसाद पराजुलीको करिब चारदशकको कविता यात्रा देखिन्छ । यस अवधिमा उनका साहित्य सम्बन्धी समीक्षात्मक कृतिहरूका साथै कथा र निबन्धहरू प्रकाशित छन् । उनका पत्रिकामा प्रकाशित प्रारम्भिक कविताहरूमा स्वच्छन्दतावादी भाव धाराको अभिव्यक्ति पाइन्छ । उनका पछिल्लो समयमा प्रकाशित कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरू उर्वर देखिन्छन् । आफ्नो सेवा निवृत्त प्राप्त जीवनमा प्रकाशित कविता सङ्ग्रहमा निकै सारगर्भित कविताहरू रहेका छन् ।

लक्ष्मीप्रसाद पराजुलीको काव्य यात्रा साठीको दशकमै भए पनि यिनी जातीय जागरणको उत्थान कालका कवि हुन् । दरङ नेपाली छात्र सङ्घको मुखपत्र प्रभातमा कथाको खोजमा (१९५९), देवकोटाको काव्यमा मानवतावाद (१९६३) जस्ता समालोचनात्मक लेखहरू छपाएर नेपाली साहित्य जगतमा प्रवेश गर्दै यिनले आफ्नो प्रतिभाको परिचय दिएको पाइन्छ । 'माटो र मान्छेका कविताहरू' (२००६) मूलतः भाषा र भावना प्रधान रहेको पाइन्छ । माटो प्रकृति हो, हावा-पानी, वर्षा-वाढी, वन-जङ्गल, रूख-पात, धर्ती-आकाश आदि सबै प्रकृति हुन् । कवि कतै प्रकृतिको दिव्य-रमणीय सौन्दर्य देखेर भाव-विभोर भएका छन् भने कतै त्यही प्रकृतिको ताण्डवलीला एवम् विनाशशील प्रवृत्ति देखेर विस्मित पनि भएका छन् (उपाध्याय, २००६ : ५) । उनका प्रारम्भिक कविता र वर्तमान कवितामा केही प्रवृत्तिगत भिन्नता रहे पनि त्यति ठूलो अन्तर भने देखिँदैन । उनका कविताहरू मुक्तलयमा लेखिएका छन् । उनका कविताको मूल विशेषता भनेको नै स्वच्छन्दतावाद हो । उनका कवितामा जन्मभूमिको माया, जातीय जागरणमूलक मनोभाव, मानवीय दृष्टिकोण, कर्ममय जीवनप्रति विश्वास, स्वच्छन्दतावादी चेतना, नारीप्रति श्रद्धा, प्रेमको वर्णन, प्राकृतिक अभिव्यञ्जना, प्रकृतिप्रेम, देशप्रेमका साथै क्रान्तिकारी भावना, आजको जीवन जगत, माटो, मान्छे, आशा, आकाङ्क्षा, प्रेम प्रीतिमा विश्वास, जीवन जगत उपयोगी अकृत्रिम र आदर्श भावनाको चित्रण, परम्पराका नाममा व्यभिचारी, दुराचारी र अनाचारी नहुनका निम्ति आह्वान, सङ्घर्षशील जीवनप्रति विश्वास र गतिशीलता रहनु उनको थप विशेषता हो । त्यसै गरी उनका कवितामा आक्रोश तथा जीवन जगतका नैरास्यहरूको चित्रण, तीव्र परिवर्तनको चाहना, मानव मूल्यको ह्रास, जीवनको नश्वरता, रहस्यवादी चेतना आदि पनि उनका

कवितामा पाइने विशेषता हुन् । त्यसरी नै वासनाहीन प्रेममय भावनाको स्वर्गीय अनुभूति, अनुराग, युद्धजन्य परिस्थितिको वर्णन, शान्तिकामी मनोभाव, ईश्वरीय चिन्तन, अनुभूति र अन्तर्दृष्टि सम्पन्न जीवनको खोजी, बाह्य दृष्टि भन्दा आन्तरिक दृष्टिको सत्यताप्रति विश्वास, ग्रामीण जीवनको सरलतम अनुभूतिको वर्णन, आजको असङ्गत जीवन शैलीको त्रासपूर्ण परिस्थितिको चित्रण, मानवीय सम्वेदना, भ्रष्टाचार, युद्ध, दुर्नीतिग्रस्थ समाजको चित्रण गर्नुका साथै शान्तिकामी चाहना र आउने दिन शान्ति बन्ने आशावादी मनोभाव उनका कवितामा पाइन्छ । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) विश्वजनीन भावनाको चित्रण गर्दै प्रकृतिप्रेम, देशप्रेम र आत्मचिन्तनका साथै सूक्ष्म मानवीय अनुभूतिको अभिव्यक्ति

(२) ईश्वरीय सत्ताप्रतिको विश्वास, प्रकृति चेतना र पर्यावरणीय चेतनाको अभिव्यक्तिका साथै प्रणयपरक रागात्मक चेतनाको प्रस्तुति

(३) मानवीय संवेदना, भ्रष्टाचार, शोषण, अनाचार, युद्ध, दुर्नीतिग्रस्त समाजको चित्रण, शान्तिकामी मनोभावको प्रकटीकरण

(४) आजको असङ्गत जीवन शैलीको त्रासमय परिस्थितिको वर्णन

(५) हिन्दु संस्कृतिप्रतिको आस्था, जीवनको नश्वरता, विसङ्गति आदि भावको प्रकटीकरण र सरल भाषाशैलीको प्रयोग

### ९.३.२.२ 'आउनुहोस हामी एउटा युद्धको शुभारम्भ गरौं' कविताको विश्लेषण

लक्ष्मीप्रसाद पराजुलीले कविता सङ्ग्रह र फुटकर गरी हालसम्म दुई सय छैसठ्ठी जति कविता लेखेको पाइन्छ । विषयवस्तुको सशक्तता, बौद्धिकपूर्ण अभिव्यक्ति, युगीन यथार्थ चिन्तन र असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनका 'आउनुहोस हामी एउटा युद्धको शुभारम्भ गरौं' र 'समय यो कस्तो समय' शीर्षकका कवितालाई मुख्य प्रतिनिधि कविताका रूपमा मानिएको छ । ती प्रतिनिधि कवितालाई भाव वा विषयवस्तु, विचार वा उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ :

लक्ष्मीप्रसाद पराजुलीको 'आउनुहोस हामी एउटा युद्धको शुभारम्भ गरौं' १९९३ मा लेखिएको र उनको यो कविता **माटो र मान्छेका कविता** शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित भएको छ । उनको यो कविता एकतीस पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हो । संरचनात्मक दृष्टिले यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

**(क) भाव विधान**

प्रस्तुत कविता मानवतावादी भावधारामा लेखिएको छ । यस कवितामा मानवीय संवेदना भ्रष्टाचार, युद्ध, दुर्नीतिग्रस्थ समाजको चित्रण गर्नुका साथै शान्तिकामी चाहना र भोलि आउने दिन शान्तिपूर्ण बनोस् भन्ने आशावादी मनोभाव व्यक्त भएको देखिन्छ । वर्तमान मानव समाजमा सदाचार, शान्तिलोप भएको देखाउँदै नागरिकहरूलाई सचेत बन्न आह्वान गरिएको छ । कविले देशप्रति दायित्वशील बन्दै प्रत्येक प्रान्तमा भएका खण्डयुद्धहरूदेखि, त्रसित हुँदै नागरिकहरूलाई यस्तो हुनबाट देशलाई जोगाउन आह्वान गरेका छन् । कवितामा वर्तमान अशान्त जर्जर भए पनि अब आउने दिनलाई कर्ममय र शान्तिमय बनाउने चाहना कविको छ । भ्रष्टाचार, दुर्नीति, छल, कपट व्यभिचार, युद्ध, अशान्ति जस्ता विषयवस्तुलाई मुख्य रूपमा लिँदै त्यस्ता अमानवीय कार्यहरू रोकिनु पर्ने भाव यहाँ देखिन्छ । कवितामा आकाश, धरती, नदीहरू, पहाडहरू, उपत्यकाहरू, रूखपात लहराहरू, सूर्य र चन्द्रमाहरू, हरिया वनहरू सधैं अटल रहने तर दुर्नीति र युद्धले समाज ध्वंश हुने भाव व्यक्त भएको देखिन्छ । कवितामा समाजको विडम्बनालाई यसरी देखाइएको छ :

> यहाँ सदाचारको गीत गाइन्छ
> बुद्ध-गान्धीको प्रशंसा गरिन्छ
> शान्तिको परेवा उडाइन्छ
> हे देशका दायित्वशील नागरिकहरू
> हुनुपर्ने के हुन्छ
> तर यहाँ अर्कै थोक हुन्छ (पृ. ५७)

प्रस्तुत कवितांशमा सदाचारको गीत गाउनु, बुद्ध, गान्धीको प्रशंसा गर्नु, शान्तिको परेवा उडाउनु जस्ता कार्यहरू केवल देखावटी भएको र वास्तविकता अर्कै भएको देखिन्छ । बुद्ध र गान्धीलाई केवल उदाहरणमा राखेर उनीहरूको नामको मात्र प्रशंसा गरिएको र उनीहरूको आदर्शमय कार्यलाई पर पन्छाइएको छ । शान्तिको परेवा उडाउँदै अशान्तिको बीज रोपिएको व्यङ्ग्यात्मक भाव पनि यहाँ देखिन्छ । सामान्य अर्थमा बुद्ध, गान्धी, आदर्शमय पुरुषको चित्रण गरिए पनि यहाँ ती आदर्शमय पुरुषका आदर्श कार्यहरूलाई मनन नगरेर केवल नामको मात्र ढोल पिटिएकोमा व्यङ्ग्य गरिएको छ । जतातते राजनीति विकृति मात्र देखिएको कुरा यस कवितामा प्रस्तुत गरिएको छ ।

**(ख) उद्देश्य**

प्रस्तुत कविता मानवीय जगतको ह्रासोन्मुख परिस्थितिको दुःखद चित्रण प्रस्तुत गर्ने उद्देश्यमा लेखिएको मानवतावादी कविता हो । दुर्नीति, भ्रष्टाचार, युद्ध र झुठो सानले ग्रस्त पारेको समाज व्यवस्थादेखि तिक्त हुँदै एउटा नयाँ शान्तिकामी, राष्ट्र निर्माणका निम्ति एउटा शान्तिकामी युद्धको घोषणा गर्ने उद्देश्यले प्रस्तुत कविता लेखिएको पाइन्छ । यस कवितामा दुर्नीति मुक्त समाजको स्थापना गर्ने उद्देश्य रहेको कुरा तलका पङ्क्तिले स्पष्ट पार्छन् :

आउनुहोस आफ्नो सङ्कल्पलाई दृढ बनाऔं
दुर्नीतिमुक्त समाजको निर्माणका लागि
भोलिको बिहानलाई प्रतीक्षा गरौं
आउनुहोस हामी सवै मिलेर
एउटा युद्धको शुभारम्भ गरौं (पृ. ५८)

उपर्युक्त कवितांशमा एउटा दुर्नीतिमुक्त समाज निर्माणका निम्ति आह्वान गरिएको छ । भोलिको बिहानले एउटा शान्ति समृद्धि र दुर्नीतिमुक्त समाजको र राष्ट्रको निर्माण गर्ने छ भन्ने आशावादीता देखाइएको छ । कविले कवितामा आफ्ना व्यक्तिगत गुनासाहरू पोखेको पाइन्छ । मानवतावादी विचार धाराले भरिएको यस काव्यको प्रमुख उद्देश्य नै मानवतावादको प्रचार प्रसार नै हो । समाजमा घटित हुनु पर्ने नभएर नहुनु पर्ने भएको त्रासदीय स्थितिलाई देखाउने उद्देश्य पनि कवितामा पाइन्छ । यस प्रकारका अमिल्दा परिस्थितिलाई देखाउँदै समाज व्यवस्था, राजनैतिक व्यवस्थाप्रति शङ्का व्यक्त गरिएको छ । समाजमा भएका कुकर्म र दुर्नीतिमूलक व्यवस्थाको निर्मूल गर्नका निम्ति एउटा शान्तिकामी युद्धको घोषणा गर्नु पर्ने आशय मुख्य उद्देश्यका रूपमा आएको छ ।

**(ग) भाषाशैली**

प्रस्तुत कविता सरल, सुवोध र प्राञ्जल भाषामा लेखिएको छ । पुराजुलीको यस कवितामा वर्णित भाषाशैली उनका अरू कविता भन्दा केही फरक किसिमको देखिन्छ । यसमा केही तत्सम शब्द बाहेक धेरैजसो चलन चल्तीकै सरल नेपाली शब्दको प्रयोग गरिएको देखिन्छ । परम्परित बिम्ब र प्रतीकको सामान्य प्रयोग पाइने यस कविताको भाषाशैलीमा खासै नवीनता र विशिष्टता पाइँदैन । अनुप्रासको सामान्य आयोजन गरी मुक्त छन्दमा संरचित गद्य कविता लयात्मक तुल्याउने प्रयत्न गरिएको छ । आकाश, धरती, नदीहरू, पहाडहरू, उपत्यकाहरू, रूखपात, लहराहरू जस्ता दृश्यात्मक बिम्बहरूको प्रयोगले प्राकृतिक र चराचर जगतको निष्कपटतालाई दर्साएको छ ।

यसरी भाव अनुकूलका बिम्ब तथा प्रतीकहरूको प्रयोगले कवितालाई प्रभावपूर्ण बनाएका छन् । कतिपय ठाउँमा विचलन र समानान्तरताको प्रयोगका साथै उपमा र रूपक अलङ्कारको पनि प्रयोग भएको देखिन्छ । देशको समसामयिक सामाजिक, आर्थिक तथा राजनैतिक अवस्था आदिको चित्रण गर्दा कविले वर्णनात्मक र व्यङ्ग्यात्मक शैलीको उपयोग गरेका छन् । बुद्ध र गान्धी जस्ता ऐतिहासिक सन्दर्भलाई जोडेर केवल शान्तिको ढोङ रचिएको र वास्तविकता अर्कै रहेको व्यङ्ग्यात्मक अभिव्यक्ति सरल भाषामा गरिएको छ ।

कवि लक्ष्मी पराजुलीको 'आउनुहोस् हामी एउटा युद्धको शुभारम्भ गरौं' कविता शान्तिको उद्घोष गर्नु तर्फ उन्मुख रहेको देखिन्छ । समाजमा व्याप्त अशान्ति र खण्डयुद्ध निर्मूल पारी शान्तिमय समाजको निर्माणमा जुटेर एक शान्तिमय युद्धको उद्घोषण गरिएको

छ । प्रस्तुत कृतिमा शान्तिको ढोङ्ग रचनेहरू माथि व्यङ्ग्य गर्दै दायित्वशील नागरिकहरूलाई शान्तिमय युद्धमा भाग लिन आह्वान गरिएको छ । अशान्तिलाई निर्मूल पारी शान्तिमय समाजको निर्माणमा जुटेका पराजुलीले प्रस्तुत कवितामा भोलिको शान्तिमय बिहानलाई प्रतीक्षा गर्दै सबैलाई देशभक्त बन्ने प्रेरणा समेत दिएका छन् ।

### ९.३.२.३ 'समय यो कस्तो समय' कविताको विश्लेषण

लक्ष्मीप्रसाद पराजुलीको 'समय यो कस्तो समय' २००६ मा लेखिएको र **माटो र मान्छेका कविता** (२००६) शीर्षकको सङ्ग्रहमा प्रकाशित कविता हो । संरचनात्मक दृष्टिले यो कविता पच्चिस पङ्क्तिको आयाममा विस्तारित प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

**(क) भाव विधान**

'समय यो कस्तो समय' कविता मूलतः युद्धको धरातलमा लेखिएको कविता हो । यहाँ 'समय यो कस्तो समय' भनेर वर्तमान समय माथि दोषारोप गरिएको छ । कवितामा युद्धलाई मुख्य विषयवस्तुका रूपमा लिएर समयलाई आरोप गरिएको छ । समयमाथि आक्रोश खन्याउँदै वर्तमान परिस्थितिको जिम्मेवार समय नै हो भनिएको छ । समयको गतिले ल्याएको भातृघात, सङ्घर्ष, सामाजिक विध्वंश, रक्तरञ्जित परिवेश, हत्या, विस्फोट, आँसु आदिलाई केन्द्रीय विषयवस्तुका रूपमा चर्चा गरिएको छ । कवितामा युद्धको त्रासदीय अवस्थाको सृजना गरेको कुरा देखाउँदै युद्ध विरोधी भाव, भाइ भाइ बिचको सङ्घर्षले प्रतिकूल स्थिति उत्पन्न भएको कुरा पनि देखाइएको छ । वर्तमान स्थिति त्रासदीय भएको चित्रण यहाँ यस प्रकार गरिएको छ :

> बिहानीको कुइरोले
> त्रास अनिश्चयताको
> भातृघाती सङ्घर्ष
> सामाजिक संशय विध्वंसी
> रक्तयज्ञ (पृ. ५९)

उपर्युक्त कवितांशमा बिहानीको शीतलता स्वच्छ वातावरण हराएको स्थिति देखिन्छ । युद्धले गर्दा चारैतिर त्रासमय वातावरण छाएको भाव देखिन्छ । वर्तमान स्थितिमा शान्तिकामी यज्ञको आहुति होइन रगतको आहुतिले रक्तयज्ञको प्रारम्भ भएको यथार्थ स्थितिको चित्रण गरिएको छ । युद्धका परिवेशमा आकाश धुवाँमय बनेको, आँखामा दुःखका पानी टिलपिलाएको, रगतको इतिहास रचिएको हृदय छिया छिया भएको जस्ता त्रासमय स्थितिले युगको चरम व्यर्थतालाई इङ्गित गरेको कुरा यहाँ देखाइएको छ । कवितामा वर्तमान समय निरुद्वेग, निरुत्ताप र निरूपद्रव बिहीन भएकोमा दुःख प्रकट गरिएको छ । हत्या विस्फोट, आँसुले वर्तमान वातावरणलाई कलुषित पारेको भाव पनि व्यक्त भएको छ ।

... आँसु मिसिन्छ रगतमा
रगत मिसिन्छ आँसुमा ।
मृत्यु स्पर्शले आक्रान्त
समय यो कस्तो समय (पृ. ५९)

प्रस्तुत कवितांशमा वर्तमान भैरहेको युद्धजन्य परिस्थितिमा हत्या हिंसा, बम ब्लाष्ट जस्ता घटनाहरूले विध्वंशीरूप ल्याएकोमा कविले आजका समय यो कस्तो भैरहेको छ भनेर युगलाई र समयलाई प्रश्न गरिरहेछन् । यस कवितामा आँसु मिसिनु, आँसुमा रगत मिसिनु वर्तमान समयले ल्याएको त्रासदीय स्थिति हो । मानिसको मृत्युको निश्चितता नजिकै आइपुगेको त्रासदीय स्थितिको वर्णन गरिएको छ र युद्धजन्य भयावह परिस्थितिले विश्वशान्ति सङ्कटमा परेको विश्वमा अशान्तिको सिर्जना भएको हुँदा पराजुलीका कविताले युद्धको विरोध र विश्वशान्तिको कामना गरेको पाइन्छ ।

**(ख) उद्देश्य**

'समय यो कस्तो समय' यथार्थवादी कविता हो । वर्तमान समयको त्रासपूर्ण परिस्थितिलाई देखाउनु कविताको मुख्य उद्देश्य रहेको देखिन्छ । प्रस्तुत कविताले विश्वजनीन भाव व्यक्त गरे पनि कविताले स्थानिक त्रासदीय घटनाहरूलाई औंल्याएको छ । वर्तमान प्रान्त प्रान्तमा भइरहेका सङ्घर्षको करुण स्थितिलाई देखाउँदै समय नै त्रासदीय बनेको स्थितिको वर्णन गरिएको छ । कवितामा भाइ भाइको लडाइमा देखिने स्थिति र भातृघाती सङ्घर्षको स्थिति बिच तुलना गरेर यस युद्धलाई भातृघाती युद्ध नामकरण गरिएको छ ।

प्रस्तुत कवितामा वर्तमान स्थितिको जटिलता सङ्घर्षशीलता, युद्ध र रक्तता बिच मानिसले सङ्घर्षशील जीवन बिताउनु परेको स्थिति कवितामा वर्णन गरिएको छ । भाइ भाइमा युद्ध हुनु, स्वच्छ परिवेश कतै नदेखिनु, शिशुका रगत आकाशमा उडेको देखिनु, रगतका आँसु बग्नु, मृत्यु स्पर्शले आक्रान्त हुनु जस्ता त्रासदीय घटनाका वरिपरि मानवीय जीवन व्यतीत भएको जस्ता विचार कवितामा प्रवाहित भएका छन् । कवितामा एउटा सुखद स्थितिमा बाँचेको समाजमा अचानक आइपरेको वर्गीय सङ्घर्ष र त्रासदीय स्थितिलाई सर्वोपरि वर्णन गरिएको छ ।

**(ग) भाषाशैली**

प्रस्तुत कवितामा कविले सरल, सरस, वर्णनात्मक प्रश्नात्मक एवम् व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरेका छन् । यस कवितामा पराजुलीले तत्सम, तद्भव र नेपाली भाषाका कथ्य रूपको अधिक प्रयोग गरेको पाइन्छ । कवितामा प्रयुक्त चतुर्दिक, त्रास, भातृघाती, सङ्घर्ष, संशय, विधंशी, हृदय, रक्तयज्ञ, प्रभा, स्पर्श, निरुद्वेग, निरुत्ताप, निरूपद्रव जस्ता तत्सम शब्द र बिहानी, कुइरो, आगो, सेतो जस्ता तत्भव शब्दहरूको प्रयोगले कविता रोचक बनेको छ । यस कवितामा प्रश्नात्मक भाषाशैलीको पनि प्रयोग गरिएको छ । उदाहरणका रूपमा निम्न कवितांश प्रस्तुत छन् :

के घट्दै छ आज यस समयमा ?
के घट्दै छ आज यस समाजमा ? (पृ. ५९)

उक्त कवितांशमा त्रासदीय घटनाहरू घटेकोमा समयलाई र समाजलाई दोषारोप गरिएको छ । यहाँ समय र समाज स्थानिक र कालिकमा घटेका घटनाहरूलाई इङ्गित गरिएको छ । घट्न नहुने घटना घटेकोमा सिङ्गो समयलाई र सिङ्गो समाजलाई प्रश्न गरिएको छ । त्यसै गरी प्रकृति पनि स्वच्छ नभएकोमा यसरी प्रश्न गरिएको छ :

सकिन्छ यहाँ आज
उपभोग गर्न वासन्ती प्रभाको ? (पृ. ५९)

यसरी प्रस्तुत कवितामा पराजुलीले प्रश्नात्मक भाषाशैलीको पनि प्रयोग गरेका छन् । यस कवितामा कतै कतै अनुप्रासको संयोजन भएको छ । उदाहरणका रूपमा निम्न कवितांश प्रस्तुत छ :

आँशु मिसिन्छ रगतमा
रगत मिसिन्छ आँसुमा (पृ. ५९)

प्रयुक्त कवितांशमा छेकानुप्रासको प्रयोग भएको पाइन्छ । यसरी सरल भाषाशैलीमा कवि पराजुलीले वर्तमान युगका अनेक त्रासद परिस्थितिको चित्रण गर्दै त्यसबाट उत्पन्न समस्याको सजीव चित्र उतारको छन् ।

### ९.३.३ श्याम लिवाङ र उनका कविता कृति

जातीय जागरणका उत्थान कालका कविहरूमध्ये श्याम लिवाङ पनि एक महत्त्वपूर्ण कवि हुन् । यहाँ उनका काव्यगत प्रवृत्ति र प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

#### ९.३.३.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरणका राम्रा कविता लेख्ने कविका रूपमा श्याम लिवाङ (१९४३) देखा पर्छन् । उनको कविता यात्रा 'वाछिटा' (**प्रगति**, १९६२) शीर्षकको कविताबाट थालिएको हो । उनको प्रथम कविता सङ्ग्रह भने २००३ मा मात्र प्रकाशित भएको देखिन्छ । लघु कथा 'अहंकारको फल' (**आमा**, १९६२) शीर्षकको कथा उनको साहित्यिक यात्राको पहिलो रचना हो । उनले कविता विधाका साथै नाटकमा पनि कलम चलाएको देखिन्छ । उनको पहिलो नाटक 'नाटक' (मादल) शीर्षकमा छापिएको थियो भने 'चुनाव' नाटक (**खोजी** दार्जिलिङमा छापिएको थियो) । 'जीवन निर्वाह' नाटक (**दियालो** पत्रिकामा) र 'हुरी चलेको रात' **मादल**मा प्रकाशित भएको देखिन्छ (अधिकारी, २०१२ : १२) । उनका फुटकर कविता पनि धेरै प्रकाशित छन् । मूलतः गद्य कविता विधामा सशक्त योगदान दिएका श्याम लिवाङको 'उकुस-मुकुस शहरभित्र पर्खाल मान्छे' (२००३) कविता सङ्ग्रह प्रकाशित छ ।

श्याम लिवाङको करिब पाँच दशकको कविता यात्रा देखिन्छ । यस अवधिमा उनले कथा, नाटक, लघुकथा, निबन्ध तथा अन्य रचनाहरू प्रकाशित गरेको देखिन्छ । उनको यस काव्य यात्राको अवधिलाई हेर्ने हो भने प्रारम्भमा केही प्रवृत्तिगत भिन्नता रहे पनि युवा कवि श्याम लिवाङका कविताहरूले आयामिकतालाई पच्छ्याएझैं लाग्छ । प्रारम्भिक चरणका सरल कविता लेख्ने कवि लिवाङ अहिले आएर तेस्रो आयामबाट प्रभावित कविका रूपमा स्वयम्लाई उभ्याएर क्लिष्ट र अस्पष्ट शब्द प्रयोगद्वारा कवितालाई जटिलतातिर डोऱ्याएका छन् (रावत, १९८६ : २६) । श्याम लिवाङलाई आयामिक कविको संज्ञा दिए पनि उनले आफूलाई आयामेली कवि मानेको देखिँदैन । उनका प्रारम्भिक रचनाहरू समसामयिक विचार धारामा मिल्दा जुल्दा देखिएका र पछिल्लो समयमा आयामिक प्रवृत्तितर्फ लागेको हुनाले उनका कविता यात्रालाई निम्नलिखित चरणमा विभाजन गर्न सकिन्छ :

(१) पूर्वाद्ध चरण (१९६२-१९८१)

(२) उत्तरार्द्ध चरण (१९८२-२००३)

श्याम लिवाङको काव्य यात्रामा देखिएको मूल प्रवृत्ति भनेको विकृतिप्रतिको र असहमतिप्रतिको व्यङ्ग्य हो । उनका कविताहरूमा भूमण्डलीकरण प्रभाव पाइन्छ । उनले आफ्नो एकमात्र काव्य कृतिमा वर्तमान समयको असङ्गतिपूर्ण परिवेशको चित्रण गरेका छन् । विशेष गरेर युगीन विकृति र विसङ्गतिको वर्णन कवितामा बढी गरिएको देखिन्छ । मानवीय सम्बन्धमा उब्जिएका विश्वासहीन र मानवीय सम्बन्धको प्रस्तुतीकरण भएको पाइन्छ । मानव समाजमा बढ्दो कुकर्मको वर्णन गर्दै विश्व ग्रामीणकरणको पक्षधर भएर बोलेको देखिन्छ । उनका कविताहरूमा सङ्घर्षमय जीवनप्रति समर्थन, आशावादी मनोभाव, जीवन यात्राको कठिनतम अवस्थाको चित्रण, जातीय अस्तित्वप्रति सहभाव, आफ्ना अधिकारहरू चाहेर पनि लिन नसक्नुको स्थिति, पराधीन जिन्दगीको चित्रण, देशद्रोहीहरूप्रति नकारात्मक दृष्टिकोण, कामचोरहरूप्रति व्यङ्ग्य, देशमा भएका परिवर्तनप्रति समर्थनको भाव, पर्यावरणीय चेतना, विद्रोही र आतङ्ककारीहरूप्रति वितृष्णा, अस्तित्ववादी चेतना, देशको विग्रँदो स्थितिप्रतिको चिन्तन, त्रासपूर्ण भोगाइको चित्रण, तीव्र परिवर्तनको चाहनाप्रति आशावादी, जीवनको अबोध गम्यतालाई एब्स्ट्र्याकको पृष्ठभूमिमा अर्थ प्रदान, खण्डित विकृतिप्रति व्यङ्ग्य, बढ्दो सहरीकरणको विरोध गर्दै वन जङ्गलप्रति सहानुभूतिशील जस्ता मूलभूत विशेषताहरू उनका कवितामा पाइन्छन् । थापाका अनुसार उनका अधिकांश कविताहरूको भावात्मक पींधसम्म पुग्न सकिदैंन, पुग्न नसक्नुको अर्थ हो ती कविताहरूका भावधारा साँच्चिकैमा बहुआयामिक छन् । कविताहरू पढ्दै गरेर एउटा भाव धारामा बग्न खोज्दा अर्कै भावधारामा बगेको पाइन्छ (थापा, २००३ : ९) । उनका कवितामा पाइने थप विशेषताहरूमा दुर्बोध्य भाषाशैलीको प्रयोग, कहिलै सम्पूर्ण नहुने ज्ञानको खोज, कवितामा अर्थनिरपक्षता, जीवनको जीवन्ततालाई सबैमा एकै र उत्तिकै देख्नु, जीवनलाई जीवनकै

रूपमा उतार्नु, भाषाको दुरुहता, शब्दमा नयाँ अर्थ, बिम्ब र प्रतीकहरूको प्रयोग आदि आयामिक प्रवृत्ति उनका कवितामा यत्रतत्र पाइन्छन् । उनका कविताले युगीन विविध विसङ्गत परिस्थितिप्रति असन्तुष्टि प्रकट गरेका छन् । बोक्नु आकाश खोक्रो र शून्य हुनु जस्ता विसङ्गत परिस्थितिलाई पनि यहाँ देखाइएको छ । कवितामा आकाश जस्ता समस्याहरूलाई झेल्दै मान्छे अघि बढिरहनु परेको परिस्थितिको वर्णन यहाँ पाइन्छ । मान्छे आफू लाचार र अयोग्य भए पनि मान्छेको हुलमा मिसिएर अघि बढ्नु पर्ने विसङ्गत परिस्थिति उनका कवितामा देखिन्छ । उनका कविताले गतिशील जीवनप्रति विश्वास गर्दै ईश्वरको अस्तित्वप्रति शङ्का गरेको देखिन्छ । उनका धेरैजसो कवितामा दलित वर्गहरूप्रति करुण भावना देखाएको पाइन्छ । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) दुर्बोध्य भाषाशैलीका साथै स्वनिर्मित, अपारम्परिक तथा मिथकीय र अन्य बिम्ब तथा प्रतीकको प्रयोग

(२) कहिलै सम्पूर्ण नहुने ज्ञानको खोजी र कवितामा बहुल अर्थका सम्भावनाको स्थापना

(३) जीवनको गतिशीलताको चित्रण र आणविक शस्त्रास्त्रको बढ्दो प्रयोगप्रति चिन्ता

(४) प्रकृतिका विपरीत भएका कार्यहरूको प्रस्तुतिका साथै संसार ध्वंशात्मक तिर उन्मुख भएकोमा चिन्ता

(५) मान्छेमा देखिएको विश्वासको सङ्कट र जीवनको अबोधगम्यता तथा निस्सारताको अभिव्यक्ति

### ९.३.३.२ 'अभिशापित कलियुग' कविताको विश्लेषण

श्याम लिवाङले कविता सङ्ग्रह र फुटकर गरी एक सय चौध जति कविता लेखेको पाइन्छ । विषयवस्तुको सशक्तता, कलात्मक मूल्यबोध, तेस्रो आयामको गद्य कवितामा असमबाट प्रतिनिधित्व तथा असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनको 'उकुस-मुकुस शहरभित्र पर्खाल मान्छे' र 'अभिशापित कलियुग' शीर्षकका दुई कवितालाई मुख्य प्रतिनिधि कविताका रूपमा मानिएको छ । ती प्रतिनिधिमूलक कवितालाई विषयवस्तु वा भाव, विचार, उद्देश्य र भाषाशैलीको आधारमा क्रमशः तल विश्लेषण गरिन्छ :

श्याम लिवाङको 'अभिशापित कलियुग' १९८० मा लेखिएको कविता हो र उनको यो कविता **उकुस-मुकुस शहरभित्र पर्खाल मान्छे** शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित छ । 'अभिशापित कलियुग' कविता छोटा छोटा पाँच अनुच्छेद खण्डमा जम्मा त्रिसठ्ठी पङ्क्तिको

आयाममा विस्तारित प्रगीतात्मक कविता हो । वर्तमान युगका चरम विकृतिलाई कथ्य बनाएर लेखिएको प्रस्तुत कविता युगीन विसङ्गतिलाई देखाउन सफल छ ।

### (क) भाव विधान

'अभिशापित कलियुग' विसङ्गतिवादी कविता हो । प्रस्तुत कवितामा वर्तमान युगका अनेक अमिल्दा पक्षहरूलाई मुख्य कथ्य बनाएर अभिशप्त मानवीय जीवनलाई देखाइएको छ । पौराणिक युगले नामकरण गरेको कलियुगको माध्यमबाट आजका अँध्यारा पक्षलाई केलाइएको छ । कविका अनुसार वर्तमान समयमा दिन मरेर रात जन्मदै छ र दिनको मृत्युपछिको रातमा प्रेतात्माको राज चलेको र मानिस चाहिँ छटपटिएको भाव व्यक्त गरिएको छ । मानिस छिछिमिरा झैं प्वाँख झरेर भुईंमा पछारिन विवश छन् र सानो प्वालबाट निस्किएर मृत्युवरण गर्ने छिछिमिराको नियति भोग्न विवश भएको कारुणिक पक्ष यस कवितामा व्यक्त भएको छ । कविका अनुसार वर्तमान युगमा भद्रताको समाप्ति र अभद्रताको राज चलि रहेको हुँदा हरेक मानव यस कवितामा धार्मिक, सांस्कृतिक, लौकिक, यौनिक अनेक बिम्बात्मक प्रस्तुतिद्वारा आजको युग सर्वपक्षीय रूपमा नै नाशोन्मुख हुन पुगेको तथ्यलाई देखाइएको छ । यसरी कवि लिवाङले वर्तमान युगका चरम विकृतिलाई देखाउन पौराणिक, लौकिक एवम् सामाजिक बिम्बको सहारा लिई कवितालाई सहज एवम् सम्प्रेष्य बनाएका छन् । विचलनयुक्त पदहरूको प्रयोगद्वारा भावलाई प्रभावकारी र विशिष्टार्थ तुल्याउँदै नवीन कवित्व सन्धान गर्न लिवाङ सक्रिय देखिन्छन् । जस्तै :

> दिन मरिरहेछ रात जन्माउँदै
> रात भित्र प्रेतात्माले
> मित्यारी लाउँदैछ (पृ. १)

यो वाक्यमा 'रात मर्नु' 'प्रेतात्माले मितेरी गास्नु' जस्ता पदावलीका माध्यमबाट अर्थतात्विक विचलन पैदा भएको छ ।

### (ख) उद्देश्य

प्रस्तुत कविता युगीन विकृति र विसङ्गतिलाई व्यक्त गर्दै ह्रासोन्मुख मूल्य मान्यताको चित्रण गर्ने उद्देश्यद्वारा प्रेरित छ । पौराणिक परम्परा र लोक व्यवहारमा प्रचलित कलियुगका गुणलाई आधार मानेर लेखिएको यस कवितामा वर्तमान वैज्ञानिक युगका यान्त्रिक र संस्कार संस्कृति विहीन समाजका वेथितिलाई उद्घाटन गरिएको छ । वर्तमान युगमा मानवीय मूल्य ह्रास हुँदै गएकाले चराचर प्रकृतिमा नै विलोम परिस्थिति सिर्जना हुन पुगेको तथ्यलाई यस कविताले उद्घाटन गरेको छ । संस्कार संस्कृतिहीन आजको मानव प्रेतात्माझैं बनेको र महान् वैभव गुमाएर अस्तित्वहीन बन्न पुगेको तथ्य यस कवितामा उद्घाटन गरिएको छ । कवि मानवलाई सनातन भद्रता र सहृदयी सज्जनका रूपमा हेर्न चाहन्छन् तर आजको युगमा मानवले सनातन भद्रता गुमाएकाले जताततै बेथिति र

अविश्वास उत्पन्न भएको तथ्य कवितामा प्रकट हुन पुगेको छ । आजको युगमा बाबु-छोरा, आमा-छोरी बिचमा पनि विश्वास गुमिसकेको हुँदा यो युग नै अभिशप्त बन्न पुगेको भाव प्रकट भएको छ । मानिसमा नैतिकता सच्चरित्रता ह्रास भएको हुँदा र पाशविकता बढेको हुँदा सनातन र मानवीय मूल्य कालग्रस्त बन्न पुगेको निष्कर्षद्वारा यस युगलाई अभिशापित कलियुगका रूपमा मूल्याङ्कन गरेको देखिन्छ ।

**(ग) भाषाशैली**

'अभिशापित कलियुग' मुक्त लयमा लेखिएको र पाँच खण्डमा विभक्ति प्रगीतात्मक कविता हो । लिवाङका अन्य कविताका सापेक्षतामा प्रस्तुत कवितामा सरल बोलीचालीका शब्दहरू चयन गरिएको छ । क्लिष्ट तत्सम शब्दको ज्यादै न्यून प्रयोग भएको र नेपाली वाक् व्यवहारमा प्रचलित केही तत्सम शब्द र अधिकांश तद्भव एवम् आगन्तुक शब्दहरू उपयोग भएको यस कवितामा कतिपय लोकोक्तिमूलक पदावली एवम् वाक्यहरू यस प्रकार प्रयोग भएका छन् :

छेपारोले जामा लाउँछ
भ्यागुताले टाइटाफिट
भैसीलाई बुलाकी रे तिलहरी रे (पृ. २)

उपर्युक्त तथ्याङ्कमा प्रयुक्त छेपारोले जामा लाउँछ, भ्यागुताले टाइटफिट, भैंसीलाई बुलाकी जस्ता पदावली वा वाक्यहरूमा लोकोक्तिमूलकता माध्यमबाट युगीन बेथिति व्यञ्जित हुन पुगेको छ । कवितामा भद्रता लुकेर अभद्रता फुकेर जस्ता समध्वन्यात्मक शब्द चयनद्वारा अनुप्रासीय साङ्गीतिकता सिर्जना हुन पुगेको छ । वर्तमान युगका मानिसको नियतिलाई वर्षा कालका छिछिमिरासँग दाँजेर प्रस्तुत गरिएको हुँदा उपमा अलङ्कारको उपयोगले कविताको भावलाई विशिष्ट तुल्याएको देखिन्छ । व्यङ्ग्यात्मक शैलीको उपयोग गर्दै लेखिएको यस कवितामा व्यावहारिक बिम्ब, प्रतीकको उपयोग गर्दै आजका अनेक विलोम परिस्थितिको उद्घाटन गरिएको छ । यस कवितामा धार्मिक, सांस्कृतिक, लौकिक, यौनिक आदि अनेक बिम्बात्मक प्रस्तुतिद्वारा आजको युग सर्वपक्षीय रूपमा नै नाशोन्मुख हुन पुगेको तथ्यलाई देखाइएको छ । यसरी कवि लिवाङले वर्तमान युगका चरम विकृतिलाई देखाउन पौराणिक, लौकिक एवम् सामाजिक बिम्बको सहारा लिई कवितालाई सहज एवम् सम्प्रेष्य बनाएका छन् । विचलनयुक्त पदहरूको प्रयोगद्वारा भावलाई प्रभावकारी र विशिष्टार्थ तुल्याउँदै नवीन कवित्व सन्धान गर्न लिवाङ सक्रिय देखिन्छन् । जस्तै :

दिन मरिरहेछ रात जन्माउँदै
रात भित्र प्रेतात्माले
मित्यारी गाँस्तै छ (पृ. १)

उपर्युक्त कवितांशमा रात मर्नु, प्रेतात्माले मितेरी गाँस्नु जस्ता पदावलीका माध्यमबाट अर्थतात्विक विचलन पैदा भएको छ ।

### ९.३.४ होमबहादुर क्षेत्री र उनका कविता कृति

असमेली नेपाली कवितामा स्वाधीनता र जागरणका कविता लेख्ने होमबहादुर क्षेत्री एक महत्त्वपूर्ण कवि हुन् । यहाँ क्षेत्रीका काव्यगत वैशिष्ट्य र प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

#### ९.३.४.१ काव्यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरणका प्रभावशाली कविता लेख्ने कविका रूपमा होमबहादुर क्षेत्री (१९५७) देखा पर्छन् । साठीको दशकदेखि कविता यात्रा प्रारम्भ गरेका क्षेत्रीको कविता यात्रा १९६३ मा डिब्रुगढबाट प्रकाशित 'साथी' पत्रिकामा 'आज र भोलि' शीर्षकको कविताबाट थालिएको हो । उनको प्रथम कविता सङ्ग्रह भने १९९४ मा हस्तलिखित आकारमा प्रकाशित भएको देखिन्छ । लगत्तै दुई वर्षपछि १९९६ मा पुनः दोस्रो कविता सङ्ग्रह पनि हस्तलिखित रूपमा प्रकाशित भएको पाइन्छ । क्षेत्रीको पहिलो मुद्रित कविता सङ्ग्रह भने २००४ जुलाईमा प्रकाशित भएको देखिन्छ । कविता सँगसँगै यिनका कथाहरू पनि प्रकाशित छन् । यिनले विश्वका विभिन्न भाषाका कथाहरूलाई अनुवाद गरेर 'मेरा अनुदित कथाहरू' नाम दिएर प्रकाशित गरेको पाइन्छ । मूलतः कविता विधामा सशक्त योगदान दिएका होमबहादुर क्षत्रीका हालसम्म प्रकाशित कविता सङ्ग्रहहरू यस प्रकार छन् :

(१) **मेरा कविताहरू** (१९९६)
(२) **पर्खौं हामी** (२००४)
(३) **मृगतृष्णाको नदी** (२००६)
(४) **डुलुवाको डायरीबाट** (२००७)
(५) **सूर्य निभ्दैन** (२००८)
(६) **समयको फेद टुप्पो हुँदैन** (२००९)
(७) **घटनाहरूको जङ्गल** (२०१२)

होमबहादुर क्षेत्रीको करिब चार दशकको कविता यात्रा देखिन्छ । यस अवधिमा उनले असमिया, हिन्दी र अङ्ग्रेजी भाषामा समेत कलम चलाएका छन् । उनको कविता यात्रालाई हेर्दा प्रारम्भिक कविता र वर्तमान कवितामा केही प्रवृत्तिगत भिन्नता देखिन्छ । उनका पत्र पत्रिकामा प्रकाशित प्रारम्भिक कविताहरूमा प्रगतिशील, जातीय अस्मिताको खोजी र भाषाप्रेम पाइन्छ । पछिल्लो समयमा बर्सेनी प्रकाशमा आउने कवितामा उनको वैदेशिक अनुभव र अनुभूतिको प्रकाश पाइन्छ साथै जातीय अस्मिता र अस्तित्वको चिन्तन पनि देखिन्छ । छात्रवस्थादेखि नै मेधावी कवि वर्तमान स्थितिमा कुवेतको एक वरिष्ठ प्राविधिज्ञको रूपमा स्थापित भइसकेका छन् । उनका कविता यात्रालाई निम्नलिखित चरणमा विभाजन गर्न सकिन्छ :

(१)	पूर्वार्द्ध (१९७२-१९९४)

(२)	उत्तरार्द्ध (१९९५-२०१२)

होमबहादुर क्षेत्रीको काव्य यात्राको प्रारम्भ सत्तरीको दशकमै भए तापनि यिनी जातीय जागरणको उत्थान कालका कवि हुन् । उनका काव्य यात्रामा देखिएका मूल प्रवृत्ति भनेको युगीन विसङ्गति र मानवीय मूल्यबोधको चित्रण गर्नु हो । मानवीय प्रकृति र मानवीय प्रवृत्तिले गर्दा मानिस एक अर्काभन्दा भिन्न देखिन्छ । यही मानवीय चरित्रको विभिन्नतालाई उनले भिन्न पाराले व्याख्या गरेका छन् । मानवमा मानवीयता हराउँदै गएको वर्णन गर्ने उनी मानवतावादी कवि हुन् । यिनले मान्छेलाई विवादास्पद, हास्यास्पद र रहस्यास्पद भन्दै मान्छे माथि प्रश्नचिन्ह उभ्याएका छन् । मान्छे भित्रको विसङ्गति र विवशतालाई कोट्याएर हेर्नु यिनको विशेषता हो । यिनले आफ्ना कविता मार्फत नव जागरणको चेतना र दिव्य परिधानको सजगताप्रति सचेत दृष्टिकोण देखाएका छन् । मानवीय जीवनमा पाइने प्रकृति र प्रवृत्ति, विसङ्गति, विडम्बना, विपन्नता, निरर्थकता, निस्सारताको चित्रणसितै मानवीय मूल्य बोधतिर यिनका निकैजसो कविताले इङगित गर्छन् (क्षेत्री, २००४ : ज) । कविले आफू रेगिस्थानमा बसोबास गर्ने भएकाले मानिसको जिन्दगीलाई रेगिस्थानको ऊँटसँग दाँज्न पुगेका छन् । सधैं अघि बढ्दै जाँदा आफू स्खलित भएकोसम्म थाहा पाउँदैनन् । यिनका कवितामा दिनदुःखी, निरीह कामदारहरू, मजदुरहरू, कारिगरहरू र कलाकारहरूको चित्र प्रस्तुत गरेको पाइन्छ । यी मजदुरहरूले अरूका निम्ति सर्वस्व गुमाएको तर बदलामा यिनीहरूले उल्टै दुःख पाएका चित्रहरू पनि उनका कविताका विषयवस्तु हुन् । कुण्ठा बोकेर जीवनभरि अतृप्त भएर बाँचेको मानवीय जीवनलाई यिनले विसङ्गतिपूर्ण देखेका छन् । जीवन पीडादायक, निरर्थक र विसङ्गतिपूर्ण भए पनि जीवनका निम्ति सकारात्मक भावना राख्नु यिनको अर्को काव्यिक विशेषता हो । उनले जीवनलाई निराशावादी, खोक्रो, रित्तो, जड पदार्थ कहिलै मानेका छैनन् । जीवनलाई अन्धाको सहारा र सबल लौरो ठान्ने कविले मानिसलाई यही जिन्दगीले आफ्नो लक्ष्यमा पुऱ्याउँछ भन्ने जीवनप्रतिको सकारात्मक भावना देखाएका छन् ।

कवि होमबहादुर क्षेत्रीले लेखेका धेरै कविताहरूले प्रायः एउटै प्रकारका विशेषताहरू अँगालेको पाइन्छ । मानवीय प्रेम, देशप्रेम, राष्ट्र प्रेम, जातीयतावादी मनोभाव, पौराणिक मिथकीय बिम्बहरूको प्रयोग, उत्तर आधुनिक चेतना, किनारामा रहेकाहरूको पीडादायिक आवाज जस्ता मूलभूत प्रवृत्ति यिनका कवितामा यत्रतत्र पाइन्छन् । यिनले गरिबले सुत्ने सडकको पेटीलाई फुटपाथको आलीशान ओछ्यान भनेका छन् । यिनका कवितामा आजको निरन्तर र गतानुगतिक शिक्षा व्यवस्थाप्रति व्यङ्ग्य गरिएको छ । सधैं अतृप्त रहनेहरूलाई यिनले भोको बाघको आख्यान दिएका छन् । यिनी सन्तप्त जीवनको भोगाइमा मानिसहरूले अनन्त कालसम्म भोग्नु परेका यातना प्रस्तुत गर्ने कवि हुन् । साम्राज्यवाद, विस्तारवाद,

अन्याय, अत्याचार र शोषणको यिनले विरोध गर्दै आएका छन् । राष्ट्रिय समन्वय यिनका कविताको मूल मर्म हो । स्वच्छन्दतावादी प्रगतिशील विचारधारा भएका यिनका कवितामा भोक, गरिब, उदासीनता, भ्रष्टाचार, आतङ्क, व्यभिचारग्रसित समाजको चित्रण पाइन्छ । यिनले आफ्ना केही कविताहरूमा गरिब, किसान, मजदुर र निर्धालाई क्लोरोफीलरहित पहेँला पातहरूसँग तुलना गरेका छन् । ईश्वरप्रति आस्थावान हुनु यिनको अर्को विशेषता हो । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) मानवीय मूल्य र मान्यताप्रति आएको ह्रासोन्मुख परिस्थितिप्रतिको चिन्तन

(२) ईश्वरप्रति आस्थावान बन्दै बाह्याडम्बरप्रतिको व्यङ्ग्य र विचारमा उच्चता

(३) विस्तारवाद र साम्राज्यवादको विरोध गर्दै उपनिवेषितहरूप्रति सहानुभूति

(४) जीवनप्रतिको सकारात्मक भावना प्रस्तुत गर्दै जीवनवादी भावनाको प्रस्तुतीकरण र अस्तित्ववादी चेतना

(५) मान्छे भित्रको विसङ्गति र विवशताको चित्रणका साथै केही कवितामा दार्शनिक चिन्तनको प्रयोग

### ९.३.४.२ 'मृगतृष्णाको नदी' कविताको विश्लेषण

होमबहादुर क्षेत्रीले कविता सङ्ग्रह र फुटकर गरी हालसम्म पाँच सय भन्दा बढी कविता लेखेको पाइन्छ । विषयवस्तुको सशक्तता, कलात्मकता, युगीन यथार्थ र असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनका 'मृगतृष्णाको नदी' र 'सूर्य निभ्दैन' शीर्षकका कवितालाई मुख्य प्रतिनिधि कविताका रूपमा मानिएको छ । ती प्रतिनिधि कवितालाई भाव वा विषयवस्तु, विचार वा उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ :

होमबहादुर क्षेत्रीको **मृगतृष्णाको नदी** २००६ मा लेखिएको र उनको यो कविता **मृगतृष्णको नदी** शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित भएको छ । उनको यो कविता दुई सय बाउन्न पङ्क्तिको आयाममा विस्तारित लामो गद्य कविता हो । संरचनात्मक दृष्टिले यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

#### (क) भाव विधान

'मृगतृष्णाको नदी' अस्तित्ववादी कविता हो । यस कवितामा जीवनका विभिन्न रूप देखाइएको छ । यहाँ कतै गरिबी, कतै भोक, कतै तिर्खा त कतै अनगिन्ती मुखौटा लगाएका स्वार्थी व्यक्तिहरू देखिन्छन् । कवितामा शान्तिको परेवा थुनुवा हुनु, बारुदको डङ्गुर पड्किनु जस्ता त्रासदीय स्थितिहरूको चित्रण गर्दै भियतनामा, हिरोसिमा, नागासाकी, अफगानिस्तान र इराकमा भएका भयङ्कर युद्धको स्मरण गरिएको पाइन्छ । कवितामा विभिन्न

स्थितिहरूलाई देखाउने क्रममा डर लाग्दो कालो बिरालोको चर्चा गरिएको छ । कालो बिरालो पनि त्रासद स्थितिको प्रतीक हो । कवितामा भोकाएको बेला भोजन लुप्त हुनु, तिर्खाएको बेला जल शुष्क हुनु, मानिसको जीवनमा कुण्ठाको हुरी चल्नु जस्ता भावहरूलाई पनि व्यक्त गरिएको छ। कवितामा अभिधा अर्थमा 'मृगतृष्णाको नदी' नदी जस्तै देखिने एक मृगमरीचिका भए पनि यहाँ मृग तृष्णाको नदीले एउटा अस्तित्वहीन हुँदै गएको जातिलाई इसारा गरेका छन् । वास्तवमा यो अस्तित्वको मृगतृष्णा हो । नेपालीको अस्तित्व दाउमा लागेको स्थिति यहाँ यसरी देखाइएको छ :

तिमी बन्न सकेनौ नदी
बग्न सकेनौ देशको छातीबाट रक्त-सञ्चालन गर्दै
र त चौतर्फबाट घेरिएर
आफ्नो अस्तित्वलाई इनारको भ्यागुता बनाएर
... आज कुन्नि के खोजिरहेछौ
आफ्नो वरिपरि
फगत वालुवाको महल बनाउँदै
वर्षौ वर्ष .... (पृ. १३)

उपर्युक्त कवितांशमा नेपालीहरूको अस्तित्व विश्वको माटोमा जहिलै जोखिमपूर्ण रहेको भन्ने देखाइएको छ। देशको छातीबाट रक्त सञ्चालन गर्दै बग्न नसक्नु, कहिलै देशको आफ्नो नहुनुको स्थिति हो । यहाँ अभिधा अर्थमा कुवाको भ्यागुत्तो र लाक्षणिक अर्थमा नेपालीहरूको त्रासपूर्ण स्थिति हो। यहाँ नेपाली वालुवाको महल जस्तै क्षणिक आशामा बाँचेको छ भन्ने भाव देखिन्छ। वर्तमान परिस्थितिमा नेपालीहरू लाम लागेर तेस्रो राष्ट्रतर्फ माइग्रेट भइरहेका छन् । त्यही तेस्रो राष्ट्रतर्फको उडानलाई कविले यस प्रकार व्याख्या गरेको देखिन्छ :

लाहुरे बनेर बगदाद आगोमा
हामफाल्ने जेठा कान्छा
हलाल भएको त्यो टीसपूर्ण मुहुर्त र
आक्रोशले कस्सिएका अनेकौ मुट्ठीहरू
...
खाडी देशहरूतर्फ लागेका
'दिनार' कमाउने रहर
र सुनका थैला बोक्ने जाँगर (पृ. १५)

प्रयुक्त कवितांशमा अतीतदेखि वर्तमानसम्म नेपालीहरूको स्थिति देखाइएको छ । केवल पैसाका निम्ति अस्तित्वको नाप तौल भएको छ । विश्वको विभिन्न देशको युद्धमा विनास्वार्थमा केवल पैसाकै निम्ति बेचिएका नेपालीहरूको अस्तित्वको नाप तौल भएको स्थितिलाई यहाँ यसरी देखाइएको छ । यहाँ अतीत र वर्तमानका नेपालीहरूको त्रासपूर्ण परिस्थितिको चित्रण गरिएको छ । वर्तमान खाडी मुलुकहरूमा 'दिनार' कमाउन नेपालीहरू व्यस्त छन् । त्यही विदेशतर्फ लाग्न बाध्य भएका नेपालीहरूप्रति व्यङ्ग्यपूर्ण भाव यहाँ व्यक्त

भएको छ । नेपालीहरूको सपना टुटेको, अस्तित्व गुमेको र छोरी चेलीहरूको अवस्था त्रासपूर्ण भएको स्थितिलाई कविले यसरी देखाएका छन् :

लाहुरे बनेर आएका हाम्रा
हर्के-बीरे भाँडा माझ्किरहेछन् यहाँ
त सुनगाभा पुगेकी छे रेडलाइट इलाकामा
शहरको वाहुपाशामा (पृ. १४)

यहाँ लाहुरे बन्ने रहरमा हर्के बीरेले होटलमा भाँडा माझ्नु परेको र पैसा कमाउने धन्दामा नेपाली छोरी चेलीहरू रेडलाइट इलाकामा पुगेको दुःखद स्थितिलाई पनि कविताको विषयवस्तु चयन गरिएको छ । कवितामा मरुभूमिमा एक थोपा पानीका निम्ति छटपटिए जस्तै स्थिति वर्तमान युवा पिंढीको देखिन्छ । युवा पिंढी माथि कवि संवेदनशील बनेका छन् । मूलतः होमबहादुर क्षेत्री सन्तप्त जीवनका भोगाइमा मानिसहरूले अनन्त अनन्त कालसम्म भोग्नु परेका यातना प्रस्तुत गर्ने कवि हुन् । मानवीय अस्तित्व र महत्त्वलाई सर्वोपरि मूल्य दिएका यिनका कतिपय कवितामा ऐतिहासिक विषयवस्तुको पनि प्रस्तुत पाइन्छ ।

**(ख) उद्देश्य**

नेपालीहरूको अस्तित्वको खोज गर्नु यस कविताको मूल उद्देश्य रहेको देखिन्छ । विश्वका कुना कुनामा पुगेको नेपालीहरूको यथास्थिति पनि यस कवितामा प्रस्तुत गरिएको छ । मानवीय जीवनका पीडादायक, यातनादायक भोगाइलाई लाक्षा-गृह जस्तै कालमयी भएको परिस्थिति प्रस्तुत गर्नु पनि यसको उद्देश्य भित्र देखिन्छ । मानिसका जीवनमा विभिन्न समयमा आइपर्ने भिन्दा भिन्दै समस्याहरूलाई कविले आफ्नै अनुभव र आफ्नै भोगाइका दृष्टिकोणबाट व्याख्या गरेका छन् । मूलतः यहाँ मानवीय पीडाभित्र पनि आफ्नो जातिले पाएको दुःखको बखान गरिएको छ । नेपाली जाति मूलतः आफ्नो देशमा बसेर देशका निम्ति केही गर्न नसकी विश्वका विभिन्न देशमा पुगेर दुःख पाएको स्थिति यहाँ देखिन्छ । यस प्रकार ग्लोबलमा रमाउँदा रमाउँदै उनीहरूको अस्तित्व एउटा कुवाको भ्यागुताको जस्तो भएको चित्रण यहाँ देखाइएको छ । धेरै ठाउँमा उनीहरूको जीवन एक कैदीको जस्तो भएको छ । उनीहरूको पासपोर्ट र भीसाहरू छिनेर उनीहरूको अस्तित्व लोप पारिएको छ । यिनै ग्लोबलका विभिन्न समस्याहरूलाई देखाउँदै दुःखको वर्णन गर्ने उद्देश्य यस कवितामा देखिन्छ ।

**(ग) भाषाशैली**

'मृगतृष्णाको नदी' मुक्त लयमा लेखिएको र दुई सय बाउन्न पङ्क्तिमा विस्तारित प्रगीतात्मक कविता हो । क्षेत्रीका अन्य कविताका तुलनामा यो कविता आयामगत दृष्टिले सबैभन्दा लामो आयाममा विस्तारित भएको देखिन्छ । यसमा सरल शब्दमा क्लिष्ट भाव व्यञ्जनाको प्रयोग भएको छ । क्लिष्ट र घुमाउरो किसिमको भाषा प्रयोग गर्नु क्षेत्रीको वैशिष्ट्य रहेकाले उनका कविता सरल सुबोध्य र सरस नभएर केही हदसम्म क्लिष्ट नै

देखिन्छन् । कतै कतै सरल भाषाको पनि प्रयोग नभएको होइन तर उनको कथन पद्धतिले सोभ्को र सरल व्याख्या नगरेर घुमाउरो किसिमले कथन व्यक्त गरिएको हुन्छ । 'वर्णनात्मक शैलीमा लेखिएका धेरैजसो कवितामै कवि आफैले भोगेका, देखेका, अनुभव गरेका कुरा छन् तर ती सबैको लक्ष्य छ मानवीय जीवनलाई प्रष्ट्याउने मान्छे भित्रकै विसङ्गति र विवशता कोट्याएर देखाउने (क्षेत्री, २००४ : फ) । उनले प्रस्तुत कवितामा थुपारिएका शब्दहरू बढी प्रचलित शब्दहरू नै देखिन्छन् । तर त्यसभित्र प्रस्तुत भन्दा अप्रस्तुत र व्यक्तिगत भन्दा समष्टिगत समस्याहरूलाई देखाउने भएकाले कविता क्लिष्ट बनेको छ । जुन अर्थको शब्द जहाँ राखे पनि त्यसले अर्थ प्रदान गर्ने भएकाले यो कविता प्रयोगधर्मी बन्न पुगेको छ । कवितामा विदेशतिर पलायनको नियति देखाउँदै मानवीय मूल्यको ह्रासोन्मुख परिस्थितिको चित्रण प्रस्तुत गरिएको छ । कवितामा व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गर्दै फुटपाथको गरिबको ओछ्यानलाई आलीशान ओछ्यान भनिएको छ । कविका सकारात्मक मनोभावले शाब्दि अर्थले सोभ्को अर्थ प्रदान गरे पनि लाक्षणिक अर्थ प्रदानमा भिन्नता देखिन्छ । कवितामा सर्जरीको प्रेक्टिस, युनिवर्सिटीका डिग्री, रेसकोर्स ट्रेक, रेड-लाइट, थ्रीलर, ट्राइंगल जस्ता आगन्तुक शब्दहरूको पनि प्रशस्तै प्रयोग भएको देखिन्छ । सम्पूर्ण जीवन स्खलित भयो, मारिचको चित्कार, प्रियतमा सीताको हरण जस्ता प्रागऐतिहासिक कथालाई प्रयोग गर्दै सीता, मारिच, राम जस्ता मिथकीय बिम्बहरूको प्रयोग गरिएको छ ।

'मृगतृष्णाको नदी' कविता एक प्रतीकात्मक कविता हो । यहाँ मानवीय अतृप्ततालाई सङ्केत गरिएको छ । मानिसले बाँचेको भ्रमपूर्ण जिन्दगीलाई मृगतृष्णाको संज्ञा दिइएको छ । हामी देख्छौं एउटा र भोग्छौं एउटा यही हो मानवीय परिस्थिति, यही परिस्थितिलाई कवितामा देखाइएको छ । मान्छेले जस्तो देख्छ त्यस्तो हुँदैन । देख्नु एउटा भोग्नु एउटा यही नै आजको जीवनको भोगाइ हो । कवितामा यही सङ्केत पाइन्छ ।

### ९.३.४.३ 'सूर्य निभ्दैन' कविताको विश्लेषण

होमबहादुर क्षेत्रीको 'सूर्य निभ्दैन' २००८ मा लेखिएको हो र उनको यो कविता **सूर्य निभ्दैन** शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित छ । उनको यो कविता तीन सय दुई पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हो । संरचनात्मक दृष्टिले यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

#### (क) भाव विधान

'सूर्य निभ्दैन' प्रकृति र मानवीय अस्तित्ववादी कविता हो । कवितामा आकाश, धरती र सूर्य सँगसँगै मनुपुत्र यो संसारमा अनन्त कालदेखि वर्तमानसम्म एक अर्काको अविच्छेद अङ्ग बनेर यस धरतीमा अनन्तकाल बिताएको भाव प्रकट भएको छ । आकाश, वसुन्धरा,

सूर्य, मेघ, जल, बिजुली आदिको प्रेमले गर्दा यो विश्व, यो चराचर जगत चलिरहेको भाव व्यक्त भएको छ । 'बाटुलो टीका झैं बसुन्धराको सिन्दुर आकासमा देख्नासाथ मनुपुत्र जुर्मुरिएर उठ्नु' जस्ता वाक्यले मान्छे र प्रकृतिको अन्योन्याश्रित सम्पर्कलाई देखाउँदै धरतीलाई हिन्दु धर्मकी नारीका रूपमा आरोपित गरेको देखिन्छ । यहाँ हिन्दु धर्ममा नारीले निधारमा रातो ठूलो टीका लगाउने परम्पराप्रति सद्भावना देखाइएको छ । यहाँ सूर्यलाई धरतीको निधारको टीकाको रूपमा चयन गरिएको छ । कविले सूर्यको महिमा गान गर्दै सूर्यको प्रकाशले वसुन्धरामा पर्ने रोमाञ्चक चित्रणको वर्णन यस प्रकारले गरेका छन् :

चौतर्फ सूर्यको मिर्मिरे स्पर्शले
व्याप्त हुन्छ अतुल रोमाञ्च र
आभास हुन्छ
संगीत सृजिएको
मादलको धिनतांग धिनतांग
बसुन्धरा
फन्फन्ती नाचिरहेकी
चौबन्दी चोलो, फरिया र नउगेडीममा आभूषित (पृ. २)

उपर्युक्त कवितांशमा सूर्यको प्रकाशले सङ्गीत सृजना गरेको, मादलको धिनताङको आवाज गुञ्जिएको र सूर्यको आगमनको खुसियालीमा धरतीले नेपाली परम्परित आभूषणहरू पैह्रेर फन्फन्ती नाचिरहेको दृश्य प्रस्तुत गरिएको छ । धरतीलाई नेपाली नारीको रूपमा वर्णन गर्दै सूर्यको आगमनमा रोमाञ्चित भएको नारीको अतुलनीय सौन्दर्यको वर्णन गरिएको छ । यहाँ धरतीलाई नेपाली नारीको रूपमा मानवीकरण गरिएको छ । धरतीले चौबन्दी चोली, फरिया र नौगेडीमा आभूषित भएर नाचेको दृश्य प्रस्तुत गर्नु जातीयतावादी मनोभावना हो । कविले आफ्नो संस्कृति, आफ्ना भेषभूषा आदिको माया गर्दै धरतीलाई पनि नेपाली चेलीका रूपमा प्रस्तुत गरेको पाइन्छ ।

कविले यहाँ धरती र सूर्यको बिचमा भएको झगडालाई परालको आगो भन्दै प्रचलित उखान 'लोग्ने स्वास्नीको झगडा परालको आगो' भन्ने उक्तिलाई सार्थक पारेको पाइन्छ । धरती अँधेरिनु, उदासिनु, धरतीमा कुइरो छाउनु, धरती र सूर्यका बिचमा मेघ आएर दुईको मिलनमा अड्चन पुऱ्याउनु र सूर्य कोल्टे फेर्दै अर्को मुलुक लाहुरतिर लाग्नु जस्ता वर्णनले सूर्यलाई आफ्नी प्रेयसीसँग रिसाएर लाहुरतिर लागेको पुरुषका रूपमा चित्रण गरिएको छ ।

कवि वर्तमान युगको मानवीयहीनता परिस्थितिमा पनि सङ्गतिपूर्ण परिवेशलाई देखाउनका निम्ति चराचुरुङ्गीको नौमती बाजा, पुतलीहरूको फेसन परेड जस्ता कथनलाई प्रस्तुत गर्न पुग्दछन् । युगीन मानवीय विवशताका अनेक रूपहरू यस कवितामा प्रकट गरिएको पाइन्छ । खास गरेर यस कवितामा मनुपुत्र भनेर प्रजापति वा मन्वन्तरका मूल पुरुषलाई आरोपित गरे पनि यसले नेपाली पुरुषहरूलाई जनाएको छ । नेपालीहरूको विदेश पलायनलाई 'साहुको पाशोबाट फुत्कने आस' भन्दै 'हिन्दुस्थानको

सिमानाभित्र' सूर्यलाई चहार्दै गरेको दृश्य वर्णन गरेको पाइन्छ । कवितामा मान्छे र प्रकृतिसँगको सम्बन्ध युग युगदेखि जोडिदै आएको भाव यसरी प्रस्तुत गरिएको छ :

प्रकृति पुत्रको जन्ती
प्राकृतिक काखमै बस्न खोज्यो
र जंगलमा मङगल भयो
दुधको नदी बग्यो
ब्रह्मपुत्रको छेउ-छाउ
बुढी दिहींगको तरंगसंग तरंगित
बोगिबिल, माजुली, सैखुवा घाट
टिराप, सदिया
गाई भैंसी गोठ कतै (पृ. ३)

उक्त कवितांशमा सधै प्रकृतिको सान्निध्यमा बस्न रुचाउने नेपालीहरूलाई जनाएको छ । नेपालीहरूले असमको ब्रह्मपुत्रको छेउछाउ इलाका बोगिबिल, माजुली, सैखुवा घाट, टिराप सदिया आदि ठाउँमा गाइगोठ र भैंसीगोठ पालेर प्रख्यात भएको इतिहासलाई प्रस्तुत गरेको पाइन्छ । उनीहरूको काम गराइको मेहनत र लगनशीलतालाई सूर्यले देखेको छ भन्दै सूर्यलाई साक्षी मान्दै उनीहरूको इमान्दारीता र प्रकृतिसँगको सम्पर्कलाई सूर्यले युगौंदेखि देखेको तथ्य प्रस्तुत गरेको पाइन्छ ।

**(ख) उद्देश्य**

क्षेत्रीको कविताको मूल उद्देश्य नेपाली जीवन र समाजको पछौटे एवं मूल्यहीन मानव जीवनको चित्रण गर्नु रहेको देखिन्छ । कवितामा नेपाली जनजीवनलाई विभिन्न कोणबाट अध्ययन गर्दै उनीहरूको आर्थिक तथा यौन शोषण विश्वव्यापी रूपमा भएको तलका पङ्क्तिहरूबाट स्पष्ट पारिन्छ :

कतै देखा परे
कामतापुरा, जी.बी. रोड, सोनार गाछीका कान्छीहरू
पहाडी अमोल यौवन
कौडीका मोलमा बेचिरहेका
(पेट भर्नका निम्ति चीरहरण जस्मा कुनै कृष्ण पुग्दैनन्) ! (पृ. ४)

प्रस्तुत कवितांशबाट क्षेत्रीका कविताको प्रमुख वा सामान्य उद्देश्य नेपाली जनजीवनको यथार्थ स्थितिको प्रकटीकरण हो भन्ने स्पष्ट हुन्छ । उपर्युक्त तथ्याङ्कले नेपाल बाहिर भइरहेको हिमाली पहाडी चेलीहरूको चीरहरण, यौन शोषणलाई देखाई आर्थिक अनुशासन हीनता र आर्थिक विषमतालाई अभिव्यक्ति गरेको देखिन्छ । यहाँ देशका विभिन्न ठाउँमा कान्छीहरूलाई झुक्याएर होस्, छक्याएर होस् अथवा राजीखुसीले होस्, उनीहरू माथि भइरहेको अन्याय र अत्याचारहरूप्रति तीव्र व्यङ्ग्य गरिएकाले उक्त तथ्याङ्कको उद्देश्य आर्थिक, सामाजिक, प्रशासनिक आदि क्षेत्रमा देखिएका विषमतापूर्ण स्थितिलाई देखाउनु रहेको छ ।

## (ग) भाषाशैली

'सूर्य निभ्दैन' मुक्त लयमा लेखिएको बीस खण्डमा विभक्त लामो प्रगीतात्मक कविता हो । क्षेत्रीका अरू कविताका सापेक्षतामा प्रस्तुत कविता सबैभन्दा लामो रहेको देखिन्छ । पद पदावली सरल र सरस भए पनि भाव गाम्भीर्यले गर्दा कविता पठनीय बन्न पुगेको छ । यसमा तत्सम शब्दहरूको प्रयोग भएको र नेपाली संस्कृति परम्परा, भेषभूषा, व्यवहारमा प्रचलित उखान र लोकोक्तिपूर्ण वाक्य चयनले कविता सरल र सरस बन्न पुगेको छ । कवितामा प्रयोग यस प्रकार भएको पाइन्छ :

डाक्टर, इन्जीनीयर
शिक्षक राजनीतिज्ञ
खेलन्ते
सिनेकलाकार
बसुन्धराको काखमा
मादल-मुरली गुञ्जीरह्यो
सूर्य मुसुक्क मुस्काइरह्यो (पृ. ६)

प्रस्तुत कवितामा डाक्टर, इन्जीनीयर, ड्राइभर, क्लीनर, हेल्पर, रेष्टुरेन्ट, जीनप्यान्ट जस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ । अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग जति भएका छन् ती प्रयोगमा आएका हुनाले तिनले कविताको कथ्यलाई प्रभावपूर्ण बनाएका छन् । सरल र सामान्य वाक्यहरूको प्रयोग गरेर पनि भावलाई गम्भीर बनाउन सकिने भन्ने कुरा क्षेत्रीका कवितामा देखिन्छ । क्षेत्रीका कविताले अर्थगत सरलताको पनि निर्वाह यस प्रकार गरेको देखिन्छ :

कारखानामा हाड-मासु गलाएर
पसीना बगाएर
साटिरहे आफ्नो रगत कागजे नोटसँग
(तैपनि दरिद्रताको झण्डा हातबाट छुटेको छैन)
कतै रातभरि गेटमा
आँखा नझिम्क्याइ
आफ्नो निन्द्रालाई बेचे (पृ. ७)

उपर्युक्त तथ्याङ्कका आधारमा क्षेत्रीका कविताले अर्थगत सरलता वरण गरिएको स्पष्ट देखिन्छ । यहाँ कारखानामा पसिना बगाएको गरिबले आफ्नो रगतको मोल कागजका नोटसँग साटेको भावलाई सोझै अभिव्यक्त गरिएको छ र यस कुरालाई प्रस्तुत गर्न कुनै कलात्मक उक्ति वैचित्र्य र भाषिक चमत्कारको सृजना गरिएको छैन । गरिबले जतिसुकै परिश्रम गरे पनि उनीहरूको गरिबी र दरिद्रता नछुटेको, रात रात जागै बसेर आफ्नो निन्द्रालाई बेचेको कथ्यलाई घुमाउरो किसिमले नभनी सोझै कथन गरिएको छ ।

यस प्रकार क्षेत्रीले आफ्नो कविता 'सूर्य निभ्दैन' नामकरणको सट्टा 'सूर्य लुक्छ तर निभ्दैन' भन्ने वाक्यको सोह्र पटक पुनरावृत्ति गरेर सूर्यको विशाल महिमा गाएको देखिन्छ ।

सधैं पूर्वबाट पश्चिमतर्फ लाग्ने र डुब्ने सूर्यको वास्तविक अस्तित्वलाई देखाउँदै सूर्य केवल सौर जगतको नियम अनुसार छेलिन्छ तर अस्थाउँदैन भन्ने सत्य कुरालाई देखाइएको पाइन्छ । यस प्रकार सूर्यको गतिशीलताले अनन्त भोगाइलाई देखेको भाव व्यक्त भएको छ । मानिसको अतीत, मानव सृष्टि कालदेखि मानिसको पतनसम्मको स्थिति देख्ने साक्षीका रूपमा सूर्यको मानवीकरण गरिएको छ । यहाँ सूर्य हाँस्नु, सूर्य रिसाउनु, ठुस्किनु, पृथ्वीसँग झगडा लाग्नु जस्ता प्रवृत्ति सूर्यमा देखाउँदै सूर्य पनि मानिसको एउटा अङ्ग रूप भएको देखाइएको छ ।

### ९.३.५ जयन्तकृष्ण शर्मा र उनका कविता कृति

असमेली नेपाली कवितामा स्वाधीनता र पहिचानको खोजी गर्दै कविता लेख्ने कविहरूमा जयन्तकृष्ण शर्मा महत्त्वपूर्ण देखिन्छन् । यहाँ शर्माको काव्यगत प्रवृत्ति निरूपण गर्दै उनको प्रतिनिधि कवितालाई विश्लेषण गरिएको छ ।

#### ९.३.५.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरणमा राम्रा कविता लेख्ने कविका रूपमा जयन्तकृष्ण शर्मा (१९७४) देखा पर्छन् । १९८३ को दशकदेखि काव्य यात्रा प्रारम्भ गरेका शर्माको कविता यात्रा ‘गरीबको दुःख’ (**अरणी**, गहपुर, १९८३) शीर्षकको कविताबाट भएको हो । उनको प्रथम कविता सङ्ग्रह २००१ मा प्रकाशित भएको देखिन्छ । उनको प्रथम कविता सङ्ग्रह प्रकाश भएको बाह्र वर्षपछि उनको दोस्रो कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ । सृजनभन्दा बढी अनुवाद कार्यमा संलग्न रहने शर्माले असमिया भाषाका विविध कृति नेपालीमा अनुवाद गर्नुका साथै भारतीय अन्यान्य भाषामा पनि उनको राम्रो दखल रहेको कुरा प्रकाशमा आएको देखिन्छ । यसका साथै नेपाली लगायत असमिया भाषामा पनि यिनको एउटा कविता सङ्ग्रह प्रकाशित छ । मूलतः नेपाली कविता विधामा योगदान पुऱ्याउने जयन्त कृष्ण शर्माका हालसम्म प्रकाशित कविता कृतिहरू यस प्रकार छन् :

(१) **सदनको मझेरीमा माटाको बास्ना** (२००१)

(२) **संसदमा आँसु बोल्छ** (२०१२)

जयन्तकृष्ण शर्माको तीन दशकको कविता यात्रा देखिन्छ । यस अवधिमा उनले असमिया र अङ्ग्रेजी भाषामा समेत कलम चलाएका छन् । उनको यस कविता यात्रालाई हेर्नु हो भने प्रवृत्तिगत दृष्टिले त्यति भिन्नता नदेखिए पनि केही कविताहरूमा नवीनता दिने कोसिस गरिएको पाइन्छ । उनका कविता यात्रालाई निम्नलिखित चरणमा विभाजन गर्न सकिन्छ :

(१) पूर्वार्द्ध (१९८३-२००१)

(२)	उत्तरार्द्ध (२००२-२०१२)

मानवीय अनुभूतिलाई नै सर्वोपरि ठान्ने कविको केन्द्रीय विशेषता भनेको नै मानवतावादी बोध हो । क्षेत्रीका अनुसार “शोषित पीडित, लाञ्छित, संत्रस्त, भोका नाङ्गा जनताप्रति प्रेम र सहानुभूति रहेका छन् । कवि मानवतावादको यानमा चढेर उन्मुक्त चरो भएर धेरै माथिसम्म उडेका छन् । मानव-मानवमा प्रभेद हुँदैन कुनै सीमा रेखाले उनलाई छेक्दैन ... कविको मानवतावादी भावना कतिसम्म छ भने भगवानको अन्वेषण पनि उनी मानव हृदयको कण कणमा गर्न खोज्दछन्” (क्षत्री, २००१ : ९३) । उनका कविता यात्रालाई हेर्दा प्रारम्भिक कविता र वर्तमान कवितामा केही प्रवृत्तिगत भिन्नता देखिन्छ । उनका प्रारम्भिक कविताहरूमा सामाजिक सुधार, प्रेम, भ्रातृत्व र जातीय विभेदको विरोध पाइन्छ । उनको प्रारम्भिक चरणको कविता सङ्ग्रहमा ईश्वरप्रतिको आस्था र विश्वास, मानवीय वेदना, मानवतावादी स्वर, ग्रामीण परिवेशको चित्रण, देशप्रेमूलक भावना, पर्यावरण, मानव अधिकार, प्रगतिशीलता, स्वतन्त्रता, विश्व बन्धुत्व, समानता आदि भाव पाइन्छ । उनका कवितामा देशप्रतिको कर्तव्य र माया तथा व्यक्तिवादी चिन्तनको विरोध गर्दै समानताको अभिव्यक्ति पनि पाइन्छ । अर्काको माया अर्काको पीडालाई सजिलै आत्मसात गर्नु कविको महानतम अनुभूति हो । पत्रात्मक शैलीको प्रयोग, शोषक र सामन्तीहरूको शोषक प्रवृत्तिको वर्णन, राष्ट्रिय भावना, निम्न वर्गको अनुभूति आदि उनका प्रवृत्तिगत विशेषता हुन् । उनका दोस्रो चरणका कविताहरूमा त्यति प्रवृत्तिगत भिन्नता पाइँदैन । यस चरणमा पाइने मूलभूत विशेषताहरू हुन् जातपातरहित समाजको चित्रण, वात्सल्यपूर्ण प्रेमको चित्रण, जातिवाद र नातावादले मुछिएको समाजप्रति विरक्तिबोध, ग्रामीण जीवनप्रति आकर्षण, जातीय विभेदको विरोध, किनारीकृतहरूप्रति सहानुभूति, जातीय संस्कृतिप्रति सचेतता, पत्रात्मक शैलीको प्रयोग, उखान टुक्काको प्रयोग, मानवीय मूल्यहीनताको वर्णन, बढ्दो सहरीकरण, मानव मूल्यको उपेक्षा, शान्तिको कामना, जीवनको क्षण भङ्गुरता आदि विषयबाट पनि उनका कविता लेखिएका छन् । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१)	समाजका सीमान्तीकृतहरूका समस्या उठाई परित्याग, वर्ग र व्यक्तिका मर्मलाई समेटी मानवतावादी विचारको प्रस्तुतीकरण

(२)	गरिबी, भोक र बलात्कार, अभाव, असमानता जस्ता समस्याहरूको प्रस्तुति

(३)	पर्यावरणीय चेतना र ग्राम्य परिवेशको जीवनशैलीको चित्रणका साथै ईश्वरीय सत्ताप्रति प्रश्न

(४)	मानव अधिकारप्रतिको सचेतता, स्वतन्त्रताको चाहना र व्यक्तिवादी तथा स्वार्थी प्रवृत्तिको विरोध

(५)	वर्तमानका असान्त परिवेशको चित्रण, शान्तिप्रतिको आशावादी दृष्टिकोण र विश्वमानवतावादको अभिव्यक्ति

(६)	प्रेम र भ्रातृत्वको कामनाका साथै जातीय विभेदको विरोध र बाल श्रमिकको विरोध

### ९.३.५.२ 'भगवानको अन्वीक्षणमा' कविताको विश्लेषण

जयन्तकृष्ण शर्माले कविता सङ्ग्रह र फुटकर गरी हालसम्म दुई सयभन्दा बढी कविता लेखेको पाइन्छ । विषयवस्तुका सशक्तता, कलात्मकता र युगीन यथार्थता, मानवतावादी भावधारा, असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनका 'भगवानका अन्वीक्षणमा' शीर्षकको कवितालाई मुख्य प्रतिनिधि कविताका रूपमा मानिएको छ । यो प्रतिनिधि कवितालाई भाव वा विषयवस्तु, विचार वा उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ :

जयन्तकृष्ण शर्माको 'भगवानको अन्वीक्षणमा' मा लेखिएको र उनको यो कविता **सदनको मझेरीमा माटोको बास्ना** (२००१) शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित भएको छ । उनको यो कविता एकतिस पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हो । संरचनात्मक दृष्टिले यी कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

**(क) भाव विधान**

प्रस्तुत कविता मानवतावादी विचार धारामा केन्द्रित रहेको छ । ईश्वरले सृष्टि गरेको चराचर जगतको पालनकर्ता र रक्षाकर्ता ईश्वर नै हुन् भन्ने जगतमा विश्वास छ । यस प्रकार ईश्वरले मानिसलाई सदैव सङ्कटदेखि बचाउँछन् भन्ने जुन लोकमा विश्वास छ त्यस विश्वासमा आघात पुगेपछि र ईश्वरले मानिसलाई बचाउन छोडेपछि मानिस सँगसँगै युद्धमा ईश्वर पनि मरि सकेछन् कि भन्ने ईश्वरको अस्तित्वप्रति शङ्का गरिएको भाव कवितामा यत्र तत्र देखिन्छ । प्रस्तुत कवितामा ईश्वरको त्यही अस्तित्व माथि उठेका शङ्काले ईश्वरको यत्र तत्र मृत्यु भएको भाव व्यक्त गरिएको छ । कविताको केन्द्रीय विषयवस्तु नै ईश्वर हो । प्रत्येक प्राणीको आत्मामा ईश्वरको बास हुन्छ । त्यसै गरी गरिबहरूको आत्मामा पनि ईश्वरकै निवास हुन्छ । तर ईश्वरले गरिबको बेदना बुझ्दैनन् भने त्यस ईश्वरको मृत्यु भयो भन्ने बुझ्नु पर्छ । यही भाव कवितामा सर्वोपरि आएको छ । प्रत्येक मानिसको हृदयमा भगवानप्रति आस्था र विश्वास भरिएको हुन्छ । कवितामा शर्माले प्रत्येक मानिसको हृदयमा ईश्वरको बास हुन्छ भन्ने कुरालाई स्पष्ट पार्दै प्रत्येक मानिसको मृत्युमा ईश्वरको पनि मृत्यु भएको भाव यहाँ देखिन्छ । शर्माले वर्णन गरेको भगवानले कुनै मन्दिर र मस्जिदमा फूल थापेर बसेको हुँदैन । उनले प्रत्येक मानिसमा ईश्वर देखेका छन् । उनको प्रस्तुत कविता मानिसभित्र ईश्वरको बास हुन्छ भन्ने महाकवि देवकोटाको भनाइसँग निकट देखिन्छ । यहाँ भगवानलाई खोजेर कतै नपाएपछिको स्थितिको वर्णन पाइन्छ । कविले भगवानको खोज गर्ने क्रममा प्रत्येक तारामा, चन्द्रमा भन्दा अझ माथि रकेट उडाउँदै भगवानको खोज गरेका छन् तर भगवान कतै देखिँदैनन् । कविले सङ्कटकालीन परिस्थितिमा पनि भगवान नभेटेपछि उनको खुलेआम मृत्युको घोषणा गरेका छन् ।

हिजो सुने, भगवान बस्नियामा,
गोलीबिद्ध ! करङ्ग फुटेर निस्किरहेछ रगत !
पथरुघाट - नालापानीका साहसी भगवानलाई
मेरापानी-सुगौलीमा घाइते भगवानलाई
केकेरीकुसी - काविआङलङको सङ्क्रातिको उत्सवमै
हत्या गरेछन् कसैले निर्ममताले गोल्याएर (पृ. १२)

उक्त कवितांशमा कविले ईश्वरको अस्तित्व मानिसको मृत्यु सँगसँगै सिद्धिएको देखाएका छन् । कवितामा भगवान बस्नियामा गोलीबिद्ध हुनु, नालापानीका साहसी भगवानलाई मेरापानी र सुगौलीमा घाइते बनाउनु र केकेरीकुसी कार्विआङलङको सङ्कातिको उत्सवमा निर्ममताले हत्या गरिनु जस्ता घटनाहरूले भारत नेपाल सीमान्तमा भएको ऐतिहासिक लडाइमा मर्ने वीर नेपाली पुरुषहरूलाई सङ्केत गरिएको छ । अभिधा अर्थमा भगवानलाई मरेको देखाइए पनि लक्षार्थमा ती मर्नेहरू वीर नेपाली पुरुष नै रहेका भाव व्यक्त भएको छ । साथै पथरुघाट र धेमाजीमा मर्नेहरू आत्मामा भगवान भएका मानिसहरू नै हुन् भन्ने सङ्केत पाइन्छ । कवितामा भगवानको कलेजो फुटेर रगत निस्किुन र मरेका भगवानलाई कफिनमा राख्ने कि पोल्ने यी दुई कुरामा अन्योलमा पर्नु, कफिनबाट भगवान फेरि उम्रिऊन भन्ने कामना गर्नु र पोलेका भगवानको खरानी आफ्नै देशमा परोस भन्ने चाहना राख्नु जस्ता साङ्केतिक कुराहरूले मानवप्रतिको आस्था नमेटिनु र मानवको पुनः जन्मको चाहना राख्नु जस्ता कुरालाई देखाएको भाव स्पष्ट हुन्छ ।

**(ख) उद्देश्य**

प्रस्तुत कविता मानवतावादी विचार धारामा लेखिएको छ । मान्छे केवल ईश्वरीय प्रतिरूप हो भन्ने यहाँ देखाइएको छ । ईश्वरले मानव कल्याण गरून्, मान्छेको हित गरून्, मान्छेको सुरक्षा गरून् भन्दै मानव कल्याणका निम्ति ईश्वरको आह्वान गरिएको छ । ईश्वर र मान्छेको मधुर सम्बन्ध देखाउनु नै कविताको मूल उद्देश्य रहेको छ । तर ईश्वरप्रति विश्वास र आस्था रहँदा रहँदै पनि ईश्वरले मान्छेलाई भइरहेको आतङ्कमय परिवेशबाट बचाउन नसक्दा कविले यहाँ ईश्वरको पनि मृत्यु भयो कि भन्ने शङ्का प्रकट गरेको पाइन्छ । यस प्रकार ईश्वरको अस्तित्वको खोज गर्नु कविताको दोस्रो उद्देश्य रहेको देखिन्छ । कवितामा ईश्वरप्रतिको विश्वास र आस्थालाई निम्न प्रकारले देखाइन्छ :

केवल प्रार्थना गर्दछु
कफिनबाट भए पनि भगवान फेरि उम्रिउन
पोले पनि डडेको खरानी फेरि मेरै देशमा झरोस् (पृ. १२)

कविताको सर्वोपरि विषयवस्तु नै ईश्वर भएकाले उपर्युक्त कवितांश ईश्वरप्रति विश्वास राख्दै ईश्वरप्रतिको सकारात्मक दृष्टिकोण यसरी व्यक्त भएको पाइन्छ । कवितामा ईश्वरको खोज गर्ने उद्देश्य पनि रहेको देखिन्छ । ईश्वरको खोज गर्न तपस्या गरौं भन्दै रकेट

उडाएर तारामा, चन्द्रमामा र आकाश मास्तिर खोज गरिएको छ । भगवानको वृहत् खोज गर्दा भगवानलाई रनेको ओछ्यानमा, मन्दिरमा, मस्जिदमा, गिर्जाघरमा अविच्छेद्य सम्बन्धलाई देखाउनु पनि कविताको मुख्य उद्देश्य रहेको पाइन्छ ।

**(ग) भाषाशैली**

यस कविताको भाषा अत्यन्तै सरल, सरस र सहज छ भने शैली वर्णनात्मक छ । सरल शैलीमा अर्थगत भिन्नता उनको वैशिष्ट्य हो । यस काव्यको मूल विषय ईश्वर भएकाले आदिदेखि अन्त्यसम्म ईश्वरको अस्तित्वको खोज गरिएको छ । ईश्वरको खोज गर्ने क्रममा यसमा रकेट, तारा, चन्द्रमा, आकाश, बादल, बँदिया ओच्छ्यान, मन्दिर, मस्जिद, गिर्जा, छाती, करङ, भूँडि, रगत, कफिन आदि प्रकृतिका र मानवीय अवयवका विभिन्न बिम्बहरूको प्रयोग गरिएको छ । यहाँ प्रस्तुत यी बिम्बहरू जटिल र दुर्बोध्य नभई सरल र सुबोध्य छन् । यस प्रकारका बिम्बहरूको प्रयोगले कविता अर्थपूर्ण बनेको छ । कवितामा शर्माले सरल शब्दहरू प्रयोग गरे पनि भावलाई गहन बनाएर प्रस्तुत गर्न सफल भएका छन् । शर्माको प्रस्तुत कवितामा सरल शब्दको प्रयोगलाई यस प्रकार देखाइन्छ :

आऊ तपस्या गरौं खोजौं भगवान;
कि उडाऊँ रकेट प्रत्येकओटा तारामा
चन्द्रमाबाट फेरि माथि उडाऊँ रकेट
खोजौं भगवानलाई कहाँ छन् उनी (पृ. ११)

प्रस्तुत कवितांशमा सरल वाक्यहरूको प्रयोग गरेर वाक्यका तहमा सरलतालाई वरण गरिएको पाइन्छ । सरल र सामान्य वाक्यहरूको प्रयोग गरेर पनि भावलाई गम्भीर बनाउन सकिन्छ भन्ने कुरा शर्माका कवितामा देखिन्छ । भगवान सबैका एउटै भएको कुरा प्रस्तुत गरी भगवान सबैका साझा रहेको कुरा सरल वाक्य रचनाका माध्यमबाट देखाइएकाले यहाँ वाक्यका तहमा सरलता आई कथ्य समेत सम्प्रेष्य बनेको छ ।

अन्तमा भन्नु पर्दा कविताले ईश्वरको अस्तित्वमा शङ्का व्यक्त गरे पनि ईश्वर र मान्छेका बिचको अन्योन्याश्रित सम्पर्क प्रष्ट रूपमा देखाइएको छ । सोमालियाको भोकमरीमा मर्ने मानिसमा ईश्वर देख्नु, कार्विआङलङको सङ्क्रातिको उत्सवमा ईश्वरलाई गोली लाग्नु, भगवानको कलेजो फुटेर रगत निस्कनु जस्ता उदाहरणमा मान्छे र ईश्वरमा फरक नभएको स्थिति देखिन्छ । यहाँ अभिधार्थमा ईश्वरको मृत्युलाई देखाए पनि लक्ष्यार्थमा त्यो मृत्यु मान्छेको नै भएको पाइन्छ । मान्छेभित्र ईश्वरको बास छ भन्ने आस्तित्विक दृष्टिकोणले गर्दा मान्छेमा ईश्वरको छाया देखिनु र मान्छे मर्दा ईश्वरको मृत्यु भएको देखिनु कविताको सर्वोपरि विषय हो । अर्थात् मान्छेको हत्या गर्दा ईश्वरको पनि हत्या हुन्छ त्यसैले मान्छेलाई हेला नगर्नु भन्ने मानवतावादी भावधारा कवितामा यत्र तत्र देखिन्छ ।

### ९.३.६ पुष्पधर शर्मा र उनका कविता कृति

नेपालीहरूको स्वाधीनता र जातीय अस्तित्वका विषयमा कविता लेख्ने कविहरूमा पुष्पधर शर्मा पनि हुन् । यहाँ शर्माका काव्यगत वैशिष्ट्य र उनको प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

#### ९.३.६.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरण जातीय जागरणको उत्थान कालका शक्तिशाली कविता लेख्ने कविका रूपमा पुष्पधर शर्मा (१९६४) देखा पर्छन् । १९८६ को दशकदेखि नै कविता लेखन प्रारम्भ गरेका शर्माको कविता यात्रा 'सङ्ग्राम' (१९८६) शीर्षकको कविताबाट थालिएको हो । उनको प्रथम कविता सङ्ग्रह भने १९९६ मात्र प्रकाशित भएको देखिन्छ । कविता सँगसँगै अनुवाद साहित्यमा पनि यिनको उत्तिकै कलम चलेको देखिन्छ । यिनले विभिन्न भाषाका कविता तथा उपन्यास अनुवाद गरेर प्रकाशनमा ल्याइसकेका छन् । मूलतः कविता विधामा सशक्त योगदान दिएका पुष्पधर शर्माका हालसम्म प्रकाशित कविता सङ्ग्रह यस प्रकार छन् :

(१) हाम्रो धुकधुकी : जराहरू (१९९६)

(२) सपना हराएको रात (२००६)

कविता अनुवाद क्षेत्रमा भारतीय साहित्य अकादमी पुरस्कारले सम्मानित शर्माको करिब तिन दशकको कविता यात्रा देखिन्छ । यस अवधिमा उनी खोज अन्वेषणमूलक निबन्ध तथा अनुवाद साहित्यमै बढी संलग्न रहेको देखिन्छ । उनले असमिया तथा अङ्ग्रेजी भाषामा समेत कलम चलाएको देखिन्छ । उनको कविता यात्रालाई हेर्दा प्रारम्भिक फुटकर कविताहरू र सङ्ग्रहमा सङ्गृहीत नब्बेका दशकका कविताहरू र वर्तमान सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा केही प्रवृत्तिगत भिन्नता देखिन्छ । प्रारम्भिक समयमा पत्र पत्रिकामा प्रकाशित कविताहरू केही प्रगतिशील, जातीयतावादी, सङ्ग्रामीमूलक तथा जातीय अस्मिता, रक्षामूलक भाषा र जातिप्रेममूलक रहेका छन् । "उनका कवितामा समाज र जातिमाथि परेको विषमताको प्रतिच्छाया, नयाँबाटो खोज्ने जमर्को, परिवर्तनको हाँक र नयाँ समाजको आह्वान जस्ता विशेषता पाइन्छन्" (सापकोटा, १९९५ : ख) । उनको पछिल्लो समयका कविता असमिया कवि साहित्यकारहरूबाट बढी प्रभावित छन् । उनका कवितामा मूलतः देश र मातृभूमिप्रतिको अगाध स्नेह भेटिन्छ । छात्र अवस्थादेखि नै छात्र सङ्घमा आबद्ध रहँदै नेपालीका अस्तित्वमूलक अधिकार र अस्मिताको खोज गर्ने कविमा जातीय अस्तित्वको भाव बुलन्द रहेको देखिन्छ । असीको दशकदेखि नै कविता विधामा कलम चलाउँदै आउने उनका कविता यात्रालाई निम्नलिखित चरणमा विभाजन गर्न सकिन्छ :

(१) पूर्वार्द्ध (१९८६-१९९५)

(२) उत्तरार्द्ध (१९९६-२००६ यता)

पुष्पधर शर्माको करिब तीन दशकको कविता यात्रा देखिन्छ । उनको काव्य यात्रा असीको दशकदेखि नै प्रारम्भ भए पनि मूलतः उनी जातीय जागरणको उत्थान कालका कवि हुन् । उनका काव्य यात्रामा देखिने मूलभूत प्रवृत्ति भनेको नै जातीय अस्मिताको खोज गर्नु हो । देश र मातृभूमिप्रतिको अगाध स्नेह, तीव्र जातीयतावादी मनोभाव, विसङ्गतिमूलक चिन्तन, निस्सारताबोध, विसङ्गतिबोध, तीव्र परिवर्तनको चाहना, युद्धजन्य परिस्थितिको चित्रण, आतङ्कमय स्थितिको वर्णन, जीवनको निरर्थकता, सहिदप्रतिको सम्भना, जीवनप्रति नकारात्मक सोच, आशावादी चिन्तन, घट्दो मानवीय मूल्यप्रति चिन्ताबोध, जीवनप्रतिको विसङ्गति सोच, विसङ्गति र विवशतामा बाँचेको त्रासपूर्ण जिन्दगीको चित्रण, अन्याय र अत्याचारहरूप्रति व्यङ्ग्य, नाङ्गिएको अस्तित्वप्रति विरक्तिबोध, दलित र सर्वहाराप्रति प्रेमपूर्ण भावना, निखिन्न लागेको मानवीयताबोध, समान अधिकार र सममर्यादाको चाहना, अतीतलाई समेट्दै वर्तमानलाई निर्क्योल गर्ने चाहना, प्रगतिको इच्छा र आकाङ्क्षा, मानवताको खोजी जस्ता प्रवृत्ति प्रथम चरणमा देखिएका छन् भने दोस्रो चरणका प्रवृत्तिहरूमा अनिश्चित जीवनको घेरामा विस्थापितहरूको मर्मव्यथा, अस्तित्ववादी चिन्तन, मानिसका पीडादायक अनुभूतिको वर्णन, अमिल्दो मानवीय प्रवृत्तिको वर्णन, अर्काको निम्ति चोट सहन बाध्य भएका जातिहरूप्रति सहानुभूति, निस्वार्थ सेवा भाव, पर्यावरणप्रति सचेतता, रूख र मान्छेको अभिन्नताको चित्रण, पुरानोप्रति मोह, नयाँप्रति आस्था, आर्थिक स्रोतका निम्ति देश छोडेर परदेश लाग्नेहरूप्रति व्यङ्ग्य, थोत्रे परम्पराप्रति वितृष्णा, ईश्वरप्रति आस्था हराउँदै गएको भाव, विच्छिन्नतावादको विरोध, अस्तित्व विलयप्रति चिन्ता, उज्यालाको खोजी, जीवनबोधका साथै प्राप्तिमा पनि अप्राप्तिको विडम्बनाबोध, जीवनदेखि विरक्तिदै प्रशान्तिको चाहना, मानिस पृथ्वीबाट विलुप्त हुँदै जाने सम्भावनाको प्रस्तुतीकरण, अधिकार खोसिने आशङ्का गर्दै चिन्ताव्यक्त, अस्तित्वप्रति चिन्ताबोध जस्ता विशेषता दोस्रो चरणका कविताहरूमा पाइन्छ । यिनले निस्वार्थ सेवाका साथै अमिल्दो मानवीय प्रवृत्तिको चित्रण गरेका छन् । त्यसरी नै विलुप्त हुँदै गएका रूख विरुवाहरू देखेर यिनले रूख मासिए मान्छे मासिने र मान्छे मासिए रूख मासिने जस्ता पर्यावरण सचेततामूलक स्थितिको वर्णन गरेका छन् । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) मानवीय मूल्य र मान्यतामा आएको ह्रासोन्मुख परिस्थितिको चित्रणका साथै मानवतावादी चेतना

(२) नेपालीको ऐतिहासिक गौरव, प्राकृतिक सम्पदाको संरक्षणका साथै पौराणिक आदर्श मानवीय परम्पराको चित्रण

(३) जातीय अस्तित्वको संरक्षण, जातीय जागरणको अभिव्यक्ति, विखण्डनको विरोध

(४) जीवनको निस्सारता, निरर्थकता र विसङ्गतिको अभिव्यक्ति

(५) परिवर्तनको चाहना गर्दै परिवर्तन आफैले ल्याउनु पर्छ भन्ने चेतना र पर्यावरणीय चेतना

(६) समान अधिकार र सममर्यादाको चाहना राख्दै मानव अधिकारको शङ्घोष

(७) आर्थिक ह्रासोन्मुख परिस्थितिको वर्णन गर्दै विदेशतिर लागेकाहरूप्रति व्यङ्ग्य

### ९.३.६.२ 'हाम्रो धुक धुकी जराहरू' कविताको विश्लेषण

पुष्पधर शर्माले कविता सङ्ग्रह र फुटकर गरी हालसम्म एक सय चालिसभन्दा बढी कविता लेखेको पाइन्छ । सशक्त विषयवस्तु, युगबोध र तीव्र अस्तित्ववादी तथा राष्ट्रिय चेतनाका साथै असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनका 'हाम्रो धुक धुकी जराहरू' र 'सर्वहारा' शीर्षकका कवितालाई मुख्य प्रतिनिधि कविताका रूपमा मानिएको छ । ती प्रतिनिधि कवितालाई भाव विधान, उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ :

पुष्पधर शर्माको **हाम्रो धुक धुकी जराहरू** (१९९६) कविता सोही शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित भएको छ । उनको यो कविता छपन्न पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हो । संरचनात्मक दृष्टिले यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

### (क) भाव विधान

'हाम्रो धुक धुकी जराहरू' देशप्रेममूलक तथा अस्तित्ववादी कविता हो । प्रस्तुत कवितामा जन्मभूमिलाई माया गर्ने अधिकार, जन्मभूमिमा निर्धक्क भएर बस्न पाउनु पर्ने अधिकार तथा जन्मभूमिको माटोलाई आफ्नो सोच्न पाउने अधिकारप्रति तीव्र सचेतता देखाएका छन् । कविले वर्तमान पिंढीहरूलाई आजका विरुवाहरू हो भन्दै आफू जन्मेको माटोमा स्थायित्व लिएर बस्नको निम्ति आग्रह गरेको देखिन्छ । कविले आफू उम्रिएको माटोमा जराहरू बलियो पारी गाड्न आह्वान गरेका छन् । यहाँ विरुवाले नेपाली जातिलाई बुझाएको छ । कवितामा हुण्डरीको प्रगाढता तिक्खर हुनु, वाक्क लाग्दो भेलले बगाउनु, धेरै विरुवाहरू बच्नु र धेरै विरुवाहरू मासिनु जस्ता प्राकृतिक प्रकोपका आतङ्कमय परिस्थितिलाई देखाएर मानवीय आतङ्कमय परिस्थितिलाई चित्रण गरिएको छ । कविता अस्तित्ववादी चेतना प्रधान भएकाले यहाँका विरुवाहरूले नेपाली जातिका वर्तमान पिंढीका सन्तानहरूलाई बुझाएको छ । नेपालीहरूले आफू जन्मेको ठाउँ छोडेर हिड्नु पर्ने कुनै औचित्य छैन, अधिकार जमाएर ठाटसँग उनीहरू बस्ने अधिकार छ भन्ने भाव प्रस्तुत गर्ने केही उदाहरण यस प्रकार छन् :

(१) आफू उम्रिएको माटामा
जराहरू बलियो पारी गाड्न नबिर्स
आज भोलि हुन्डरीको प्रगाढता
अझ तिक्खर भएको छ । (पृ. १)

(२) तर त्यो माटोलाई कहिलै नबिर्स
जहाँ तिमी अंकुरित भएका छौ
ए, आजका बिरुवाहरू हो !
...
तिम्रो पुर्खादेखि तिमीसमेत
खुशी हाँसो र दुःख आँसु सबै
त्यही माटोले अँगालेको छ । (पृ. १)

तथ्याङ्क (१) मा कविले विरुवाहरूलाई आफू उम्रिएको माटोमा बलियो जरा गाड्ने सल्लाह दिएका छन् । अभिधार्थमा यहाँ विरुवा र जरा रूखका अवयव र रूखका साना चिचिला भए पनि लाक्षणिक अर्थमा यी विरुवाहरूले नेपालीका वर्तमान पिंढीका नयाँ सन्तानलाई जनाएको छ । जन्मगत यस माटोमा अधिकार रहे पनि जातिगत नाताले यहाँको माटोमा सन्त्रासको परिवेश छाइ रहने हुँदा कविले बलियो जरा गाड्न आह्वान गरेका छन् । यहाँ कुनै सन्त्रासको हुण्डरीले उडाउन नसकोस् अथवा खेद्न नसकोस् भन्ने लाक्षणिक अर्थ प्रदान गरिएको छ । त्यसरी नै तथ्याङ्क (२) मा पनि आफू जन्मेको माटोलाई नभुल्न र यस माटोलाई छोडेर अन्त कतै नजान आग्रह गरिएको देखिन्छ । पुर्खाको नासो यो देशमा नै उनीहरूको पनि दुःख र सुख मिश्रित छ । यस्तो देशलाई नबिर्सनका निम्ति कविले आह्वान गरेको पाइन्छ । कवितामा राष्ट्रिय चिन्तन देशप्रतिको मायाको भाव व्यञ्जित भएको छ । कवितामा वर्णित पर्खि बसेका चट्टानहरूले बाटो अवरोध गरे पनि जराहरू फैल्याउन नदिए पनि आफ्नो स्थायित्वमा अडिग रहन कविले यसरी आह्वान गरेका छन् :

(१) तिम्रो गतिपथमा स्वागतका निम्ति
पर्खी बसेका छन् चट्टानहरू
तै पनि तिमीले फैलिन छोडनु भएन
रूखलाई कहिलै बिर्सनु भएन (पृ. २)

यस कवितांशमा चट्टानहरू पर्खिबस्नु भन्नाले बाधाहरूले पर्खि बसेको भाव प्रकट भएको छ । ती चट्टानहरूले स्थायित्वमा पुऱ्याउने बाधाप्रति सजग बन्दै र पुर्खाको इतिहास मनन गर्दै अघि बढ्ने भाव प्रस्तुत भएको छ । यहाँ जराहरूलाई फैलिन नदिने तेस्रो शक्तिप्रति नडराउने भाव रहेको छ । रूखलाई नबिर्स भन्नाले इतिहास र पुर्खालाई बिर्सेर अन्तै स्थानान्तरण नहुनु भन्ने भावबोध भएको पाइन्छ । कविले यहाँ प्रतिकूल अवस्थामा पनि अथवा दुःखको स्थितिमा पनि स्थायित्वलाई डगमगाउन दिनु भएन भन्ने विचार व्यक्त गरेको पाइन्छ ।

### (ख) उद्देश्य

जन्मभूमिप्रतिको माया र अस्तित्वप्रतिको सजगता कविताको मूल उद्देश्य रहेको छ । यहाँ नेपालीहरूको स्थायित्व मूल उद्देश्य रहेको छ । यहाँ स्थायित्वप्रति आएको नैराश्यता, डर र त्रासको परिस्थिति र तेस्रो शक्तिले पिरोलेको परिस्थितिलाई देखाउँदै त्यसको समाधानको बाटो खोज्नु नै कविताको मुख्य उद्देश्य रहेको छ । देशप्रेम, अस्तित्व र स्थायित्वको चिन्तन नै कविताको उद्देश्य रहेकाले तलका तथ्याङ्कहरूबाट स्पष्ट पारिन्छ :

(१) धुक...धुक...धुक...गर्दै
जराहरूले ओसारि रहन्छन् बिरामहीन
तिम्रो स्थायित्व टल्काउँदै (पृ. २)

(२) उनीहरूले रोपेका बर-पीपलका छेवैमा
आफूलाई उमार्न नबिर्स
हाम्रो जीवनी शक्ति (पृ. २)

तथ्याङ्क (१) मा रूख जति छिप्पियो त्यसको जरा त्यति नै फैलिने गर्छ भन्ने भाव पाइन्छ । कविताको उद्देश्य नेपालीहरूले यस देशमा राखेको इतिहास देखाउनु हो । जरो जति गाडियो रूख त्यति नै मजबुत हुन्छ त्यसरी नै नेपालीहरूको इतिहास जति पुरानो हुन्छ उनीहरूको स्थायित्वको प्रमाणपत्र पनि त्यति नै असरदायी वा दह्रो कसैले डगमगाउन नसक्ने हुन्छ । त्यसै गरी तथ्याङ्क (२) मा पनि उनीहरू भनेर पुर्खाको कुरा गरिएको छ । पुर्खाले रोपेको बर पीपल साचो कुरा हो । कवितामा पुर्खाले रोपेको बर पीपलको छेवैमा आफूलाई उमार्नु भनेको पुर्खाको इतिहास हो र उनीहरूको अडेसो नै हाम्रो अस्तित्व हो । पुर्खाको आड बेगर हाम्रो कुनै अस्तित्व नभएको लाक्षणिक अर्थ यहाँ कवितामा देखिन आएको छ । कवितामा तिम्रो पुर्खाले बनाएको चौतारीको कुरा गर्न नबिर्स भन्दै आफ्नो इतिहासको पुरातनतालाई जनाउनु, हेप्पिएर थिचिएर नबस्नु र परिस्थिति आइपरे मुख खोल्नु भन्ने उद्देश्य कविताले दिएको पाइन्छ । कवितामा आफ्नो स्थायित्वलाई विस्थापित पार्दै आफू स्वयम् हलुका हुन नखोज भनिएको छ । कविले आफ्नो जातीय पुर्खा र इतिहासका कुराहरू दोहोऱ्याउँदै वर्तमान पिंढीलाई सजग पार्न खोजेका छन् । पुर्खाले बनाएका चौतारीको कुरा गर्नु, पुर्खाले रोपेका बर-पीपलका कुरा स्मरण गराउनु, रूखलाई कहिलै नबिसर्नु, आफू अङ्कुरित भएको माटोलाई नबिर्सनु र जराहरू बलियो पारि गाड्न नबिर्सनु जस्ता सङ्केत अविधा अर्थमा एक भए पनि लाक्षणिक अर्थमा जातीय अस्मिताको सुरक्षाप्रति नै सङ्केत गरेको पाइन्छ । कविताको मूल उद्देश्य नै जन्मभूमिको माया गर्दै आफ्नो अस्तित्वको रक्षा गर्नु रहेको छ ।

### (ग) भाषाशैली

प्रस्तुत कविताको भाषाशैली मुख्यतः व्यञ्जनात्मक देखिए पनि कविले सरल र सुबोध्य भाषामा अभिधेयार्थक, लक्षणार्थक दुवैको उत्तिकै उपयोग गरेका छन् ।

अभिधेयार्थमा हुण्डरीबाट जोगिन रूखले बलियो जरा गाढ्नु पर्छ भन्ने  लक्षणार्थमा नेपालीहरूले आफूलाई सबल र स्थापित पार्नु भन्ने अर्थ दिएको छ । प्रस्तुत कविताको भाषा आदिदेखि अन्त्यसम्म सरल तर व्यङ्ग्यधर्मी रहेको छ । कविले चयन गरेका शब्दरूले गर्दा कविता प्रभावकारी बनेको देखिन्छ । केही तथ्याङ्कहरू निम्न प्रकारका छन् :

(१) आफू उम्रिएको माटोमा
जराहरू बलियो पारि गाड्न नबिर्स (पृ. १)

(२) आज बाँचेका विरुवाहरू हो !
सबैथोक भुल्न सक्छौ
माया मार्न सक्छौ सबैलाई
कहीं पनि उम्रिन र मासिन सक्छौ
तर त्यो माटोलाई कहिलै नविर्स
जहाँ तिमी अंकुरित भएका छौ (पृ. १)

तथ्याङ्क (१) मा उम्रिएको, माटो, जराहरू, बलियो गाड्न शब्दका ठाउँमा क्रमशः पलाएको, जमिन, दर्बिलो पुर्न शब्दको चयन एवम् तथ्याङ्क (२) मा मासिन, माटोलाई, अङ्कुरित शब्दका ठाउँमा क्रमशः जिएका, पुलिहरू, पलाउन, सकिन, जमिनलाई टुसापलाउन शब्दको चयन पर्यायवाची चयन हो । यस प्रकार एकै अर्थ दिने उक्त शब्द चयन गर्दा कवितामा प्रभावकारिता आउँदैन । कवितामा चयन गरिएका शब्दहरू समुचित देखिन्छन् ।

कवितामा 'झन बलियो पारि अँठ्याउनु' को अँठ्याउनु र तिम्रो परिचय सोधिन, सक्छ, तिम्रो चिन्हारी खोजिन सक्छ वाक्यको सोधिन र खोजिनमा कोशीय विचलन भएको छ । यहाँ भएका कोशीय विचलन उद्देश्यपूर्ण र सार्थक छन् । कवितामा जराहरू बलियो पारि गाड्न नबिर्स वाक्यमा अभिधेयार्थ गौण भइ लाक्षणिक अर्थ प्रमुख भएको छ । यहाँ जरा गाड्न भन्ने शब्दले रूखको जरालाई नुबझाएर नेपालीहरूको स्थायित्वको जरालाई सङ्केत गरेको छ । त्यसैले यहाँ आर्थी विचलन भएको छ । त्यसै गरी कवितामा बिम्ब र प्रतीकको पनि प्रयोग उद्देश्यपूर्ण रहेको देखिन्छ । कवितामा प्रयुक्त विरुवाहरू, जराहरू, चट्टानहरू र माटो, रूख, चौतारी, बर-पीपल आदि बिम्बहरूले कवितालाई जीवन्तता र अर्थपूर्ण प्रदान गरेका छन् । यहाँ प्रयुक्त विरुवाहरू, जराहरू र चट्टानहरूले अभिधेयार्थमा रूखका विरुवा, रूखका जरा र पहाडका चट्टानलाई बुझाए पनि लाक्षणिक अर्थ प्रमुख हुँदै विरुवाले नेपालीका वर्तमान सन्ततिलाई, जराहरूले नेपालीको स्थायित्वलाई र चट्टानहरूले नेपालीहरू माथि आइपर्ने बाधा अड्चन र तेस्रो शक्तिको दवाव आदिलाई बुझाएको छ भने माटोले जन्मभूमिलाई, रूखले इतिहासलाई, चौतारीले पूर्खाको इतिहासलाई र बर-पीपलले पुर्खाको निसानीलाई सङ्केत गरेको देखिन्छ । शर्माका कवितामा बिम्बहरूको बहुलता त्यति पाइँदैन । बिम्बको प्रयोग कम भए पनि प्रयुक्त बिम्बहरूले अर्थ प्रदान गरेका छन् । कवितामा प्रयुक्त प्रतीकहरूलाई यस प्रकार देखाउन सकिन्छ :

उनीहरूले रोपेका बर-पीपलका छेवैमा
आफूलाई उमार्न नबिर्स : (पृ. १)

प्रयुक्त तथ्याङ्कमा आएको बर-पीपल स्थिरताको प्रतीकको रूपमा उभिएको छ । बर र पीपलको आयु धेरै हुनाले वर पीपलले नेपालीको पुर्खाको इतिहासलाई देखेको अर्थ पनि प्रदान गरेको छ अथवा वर्तमान नेपाली सन्ततीहरूलाई वर पीपल कपे जस्तै सधैंभरि यही ठाउँमा अडिग भएर रहनुको अर्थ पनि प्रदान गरेको छ । यहाँ बर र पीपलले प्रतीकात्मक अर्थ प्रदान गरेको छ ।

'हाम्रो धुक धुकी जराहरू' कवितामा एउटा प्रतीकात्मक कविता हो । प्रस्तुत कवितामा कविले आफ्नो पुर्खाको ऐतिहासिक थलो असमबाट नयाँ पुस्ताहरू विस्थापित हुँदै गएको देखेर विभिन्न बिम्बात्मक, प्रतीकात्मक र व्यङ्ग्यात्मक शैलीमा उनीहरूलाई यही जरो गाड्दै स्थायी बासिन्दा भएर रहनुको निम्ति आह्वान गरेको देखिन्छ । कवि स्वयम् जातीयतावादी चिन्तन र जातीय अस्तित्व रक्षकका पक्षधर भएकाले त्यस प्रकारको विस्थापनप्रति असन्तुष्ट बन्दै यस प्रकारको भाव व्यक्त गरेको देखिन्छ ।

### ९.३.६.३ 'सर्वहारा' कविताको विश्लेषण

पुष्पधर शर्माको 'सर्वहारा' कविता २००६ मा लेखिएको 'सपना हराएको रात' शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित छ । 'सर्वहारा' कविता छोटा छोटा नौ अनुच्छेद खण्डमा जम्मा त्रिचालिस पङ्क्तिको आयाममा विस्तारित प्रगीतात्मक कविता हो । वर्तमान युगका चरम विकृतिलाई कथ्य बनाएर लेखिएको प्रस्तुत कविता युगीन विसङ्गतिलाई देखाउन सफल छ ।

### (क) भाव विधान

'सर्वहारा' अस्तित्ववादी कविता हो । प्रस्तुत कवितामा अनिश्चित जीवनको घेरोमा सधै मजदुरीमा बाँच्नेहरूको कथा र व्यथालाई देखाइएको छ । कविको भनाइ अनुसार सेतु बनिदा नबनिदै बाटाहरू थुनिएका छन् । अतीतको अनुन्नत स्थिति र वर्तमान उन्नत स्थितिलाई रेखाङ्कन गर्दै अतीत शान्तिमय र वर्तमान अशान्तिमय रहेको भाव यहाँ प्रकट भएको छ । अतीतमा कतै सिमानाहरू नतोकिएको, जहाँ मन लाग्छ मानिसहरू आफूखुसी प्रवजन गर्न सक्ने तर वर्तमानमा कयौं युद्ध र हत्याबाट सीमा तोकिएको भाव यहाँ व्यक्त गरिएको छ । यहाँ अनिश्चित भविष्यत र अनिश्चित जीवनप्रति चिन्ता व्यक्त गरिएको छ । यहाँ कोदालो खोसिनु, आकाश खोसिनु, छाती बन्धक बस्नु जस्ता घटनाहरूले जातीय अस्तित्वमा ल्याएको सङ्कटलाई दर्साएको छ र कविले अस्तित्व सङ्कटमा परेको स्थितिलाई यसरी प्रस्तुत गरेको देखिन्छ :

(१) उनीहरूलाई थाहै भएनछ

उनीहरूको सानो आकाश खोसिएको
आफ्नो छाती नै बन्धक बसेको
अनि सयौं वर्षदेखि खनिल्याएको कोदालो समेत बिरानो बनेको (पृ. २)

(२) पहाडका थुम्का थुम्की कहिलै नकाटेकाहरूलाई
आफ्नो खेत र बारीका साँध ननाघेकाहरूलाई
माटो र जीवनमा एकाकार बनिसकेकाहरूलाई
कसैले पनि यो संचार पुऱ्याएनछ (पृ. १)

उपर्युक्त तथ्याङ्क (१) मा आफ्नो निश्चित सिमानाको घेरो चाल नपाउनेहरूको आफ्नो बासस्थान खोसिएको भाव प्रकट भएको छ। छाती बन्धक बन्नु भनेको शक्ति पक्षका सामु घुँडा टेक्नु हो । यहाँ सयौं वर्ष मेरो भनी खनि खोस्रिदै ल्याएको जग्गा जमिन सबै खोसिनु र वर्षौंदेखि खनिल्याएको कोदाली समेत बिरानो बन्नु जस्तो भाव प्रकट भएको पाइन्छ र यस कवितामा विस्थापित बनेका र सर्वहारा बनेकाहरूको दुःखद र मार्मिक चित्रण प्रस्तुत गरिएको छ । त्यसै गरी तथ्याङ्क (२) मा पहाडका थुम्का नकाटेकाहरूलाई, आफ्नो खेतबारी ननाघेकाहरूलाई माटो र जीवनमा एकाकार बनिसकेकाहरूलाई, चियाको बोट र कलघरको सीमित घेराभित्र एकाकार बनिसकेकाहरूलाई उनीहरूको गाँस र बास खोसिएको र आफू बिस्थापित बनेकोसम्म थाहा नभएको भाव प्रकट भएको छ । उनीहरूले बल्ल बनाउन खोजेको एउटा घर बनिँदा नबनिँदै गाउँ नै सखाप भएको र उनीहरूको वर्षौंको स्थापित ठाउँबाट उनीहरू विस्थापित भइसकेको भाव यहाँ व्यक्त गरिएको छ । यस प्रकार उनीहरूको अस्तित्वमा आएका सङ्कटको मार्मिक चित्रण यहाँ देखिन्छ ।

आफू हुर्कि बढेको ठाउँ एक्कासि खोसिदा आइपरेको पीडास्पद अनुभूतिको मार्मिक चित्रण यहाँ प्रस्तुत भएको देखिन्छ । यहाँ कलघरको बाटोले बर पीपलमा नयाँ फलक टाँसिनुको अर्थ त्यस गाउँबाट उनीहरूलाई खेदिएको र बेघर पारिएको अर्थात् विस्थापित पारिएको सङ्कटकालीन परिस्थितिको चित्रण यहाँ प्रस्तुत गरिएको छ । कविले अमानवीयताको चित्रणको प्रस्तुतीकरण गरेका छन् । जस्तो :

बल्ल बल्ल बनाउन लागेको एउटा घर
बनिदा नबनिदै
धेरै गाउँ सखाप भएका छन् (पृ. १)

यस कवितांशमा जीवनभरि कमाएको दौलत खर्चेर बनाउन लागेको घर बनिदा नबनिदै गाउँ नै सखाप भएको चित्रण प्रस्तुत गरिएको छ ।

### (ख) उद्देश्य

प्रस्तुत कविता युगीन विसङ्गति र मानवीय अस्तित्व लोप भएको चित्रण गर्दै विस्थापितहरूको पीडालाई देखाउने उद्देश्यद्वारा प्रेरित देखिन्छ । वर्तमान स्थितिमा मानवीय हिंसा र द्वन्द्वले ग्रामीण शान्ति परिवेशलाई ग्रसित पारेको तथ्यलाई यस कविताले उद्घाटन

गरेको छ । ग्रामीण कर्ममुखी वा कर्मप्रधान वैभवतालाई गुमाएर अस्तित्वहीन हुन पुगेको तथ्य कवितामा प्रकट हुन पुगेको छ । आजको युगमा आफ्नो जन्म थलो र कर्मस्थलोबाट खेदिएर चरम दुर्गतिपूर्ण अवस्था भोग्नु परेको भाव प्रकट भएको छ । यस प्रकार अस्तित्व लोप भएको स्थितिलाई कवितामा यसरी देखाइएको छ :

(१) उनीहरूको नाम कोरिँदा कोरिँदै
अक्षरहरू सबै रङ उडेर बिलाई सकेछन् (पृ. २)

(२) उनीहरूलाई थाहै भएनछ
उनीहरूको सानो आकाश खोसिएको
आफ्नो छाती नै बन्धक बसेको
अनि सयौं वर्षदेखि खनिल्याएको कोदालो समेत बिरानो बनेको (पृ. २)

तथ्याङ्क (१) को उद्देश्य मानवीय अस्तित्व लोप भएको चित्रण गर्नु हो । यहाँ उनीहरूको नाम कोरिँदा कोरिँदै अक्षरसम्म बिलाउनुको स्थिति भनेको उनीहरूलाई इतिहासबाटै मेटाइदिनु हो । यहाँ घर जग्गा जमिन सबै खोसेर अलपत्र भएका मान्छेहरूको नाम समेत मेटिएको र उनीहरूको जीवन बेठेगान भएको कुरा देखाइएको छ । तथ्याङ्क (२) को उद्देश्य आफ्नो जन्मस्थलो र कर्मस्थलो दुवैको घेरो नाघेकाहरूलाई वज्रसमान अप्रत्याशित विस्थापित पारेको युगको चरम वेथितिपूर्ण जीवनलाई अभिव्यक्त गर्नु हो । यहाँ देशका माटोमा मातृभूमिको आगनमा आफै विरानो बन्न लागेको मानवीय जीवनको मूल्यहीनतालाई अभिव्यक्त गरिएको छ । सम्पूर्ण कविताले हत्या, हिंसा र युद्धको विरोध गरी शन्तिको कामना गरिएको कुरालाई मूल उद्देश्य बनाई यहाँ युद्ध रोकिनु पर्छ र शान्तिको स्थापना हुनु पर्छ भन्ने उद्देश्य राखिएको छ । समग्रमा अस्तित्ववादी चिन्तनमा आधारित युगीन यथार्थलाई अभिव्यञ्जित गर्नु नै 'सर्वहारा' कविताको आफ्नो उद्देश्य हो ।

**(ग) भाषाशैली**

'सर्वहारा' मुक्त लयमा लेखिएको खण्ड खण्डमा विभाजित गरिएको प्रगीतात्मक कविता हो । शर्माका अन्य कविताको सापेक्षतामा सरल र बोलीचालीका शब्दहरू चयन गरिएको छ । प्रस्तुत कवितामा क्लिष्ट र तत्सम शब्दहरूको न्यून प्रयोग भएको र साधारण ग्रामीण व्यवहारमा प्रचलित शब्दहरूको यस प्रकार चयन गरिएको छ :

खेतका आली हुँदै
खोला नालाका डीलतिर
काँस घारी र वन पाखातिर खेल्दा खेल्दै (पृ. २)
त्यतै कता हराएको उनीहरूको शैशव पनि ।

उपर्युक्त तथ्याङ्कमा प्रयुक्त खेतका आली, खोला, नाला, डील, काँस, बारी, वन, पाखा, शैशव जस्ता पदावली वा वाक्यहरूमा ग्रामीण प्रकृतिको शान्तिमय वातावरणको चित्रण गरेर ग्रामीण बिम्बहरूको प्रस्तुतीकरण गरिएको छ । तर त्यही परिवेशमा उनीहरूको

शैशव हराउनु जस्तो दुःखद अनुभूतिको चित्रण पनि यहाँ प्रस्तुत भएको छ । यहाँ विचलन युक्त शब्दहरू छनोट गरी कथन भङ्गिमा भावगत विशिष्टता प्रदान गरिएको छ । सपनामा गरिएका घनिघसाईलाई मुटु थुपारेर पर्खाल उभ्याएको, छाती बन्धक राखिएको र फूलबारीमा फुलेका फूलहरूहरूमा रगतका टाटाहरू टल्कि रहेको जस्ता आर्थी विचलन, कोशीय विचलन जस्ता वाक्य चयनद्वारा युगको चरम बेथिति यस प्रकार प्रकट गरिएको छ :

(१) न्याना सूर्य किरणहरू भिजाउने निहुमा
रमाइलो मिरमिरेका सपनामा गरिएका घनिघसाइलाई
निरर्थक अनुगमन पार्दै (पृ. १)

(२) आफ्नो छाती नै बन्धक बसेको
अनि सयौं वर्षदेखि खनिल्याएको कोदालो समेत बिरानो बनेको (पृ. २)

(३) उनीहरूको सानो फूलबारीमा फुलेका फूलहरूमा
रगतका टाटहरू पो टल्किरहेछन् । (पृ. २)

माथि दिएका तथ्याङ्कहरूमा प्रयुक्त विभिन्न शब्द वा पदावलीहरूले विशेष सन्दर्भमा प्रचलित कोशीय वा मानक अर्थको अतिक्रमण गरेर प्रतीकात्मक, बिम्बात्मक, लाक्षणिक, व्यञ्जनात्मक रूपमा विशिष्ट अर्थलाई अभिव्यञ्जित गरेको पाइन्छ ।

तथ्याङ्क (२) मा छाती बन्धक बस्नु, कोदाला बिराना बन्नु शब्दको अभिधेयार्थ बाधा भई लाक्षणिक अर्थ प्रमुख भएको छ । 'छाती' मान्छेको एउटा प्रमुख अङ्ग हो । यो शिरदेखि तलको मानवीय अङ्गको प्रमुख भाग हो जहाँ मुटु हुन्छ । फोक्सो हुन्छ रगत शुद्धीकरण हुने यन्त्र हुन्छ, त्यस्तो छाती बन्धक दिनु भनेको मृत्युमा होमिनु अर्थ हुन्छ । यहाँ छातीले कोशीय वा अभिधेय अर्थलाई परित्याग गरेर सर सामान जस्तै बन्धक दिइने वस्तुको अर्थ बुझाएको छ । तथ्याङ्क (३) मा फूलहरूमा रगतका टाटा टल्किनुमा सामान्य अर्थको अतिक्रमण भई आर्थी विचलनद्वारा विशिष्ट अर्थ सिर्जना भएको छ । रगतका टाटा टल्कि दैनन्, रगतका टाटा फूल जस्तो कोमल सौन्दर्ययुक्त चिजमा बर्सनु युगीन विसङ्गति हो । यहाँ फूल र रगत नामिक पदलाई टल्किनु अर्थ प्रदान गरी आर्थी विचलनद्वारा विपन्न नेपालीहरूको अन्योलग्रस्त भविष्यलाई देखाइएको छ ।

पुष्पधर शर्मा असमेली नेपाली कविताको जातीय जागरण उत्थान कालका सशक्त र तीव्र जातीयतावादी कवि हुन् । असीको दशकदेखि नै निरन्तर साहित्यको सेवा गर्दै आउने शर्माका कविताहरूले तीव्र जातीयतावादी स्वर अँगालेको छ । अधिकार र अस्तित्व दुईटै उनका कवितामा सशक्त रूपमा आएका छन् । 'सर्वहारा' एक अस्तित्ववादी चिन्तन बोकेको कविता हो । भौगोलिक स्थितिले छेलिएका, ठगिएका, पछाडिएका सर्वहाराहरूको आफ्नै कथा र आफ्नै व्यथा छन् । कविता तिनै बेसहाराप्रति उब्जिएका वैयक्तिक चिन्तनहरू यस कवितामा सहज रूपमा अभिव्यक्त भएका छन् । यसमा दलित जनजाति, अनपढ र अशिक्षितहरूको व्यथालाई देखाउँदै उनीहरूको आर्थिक विपन्नता, सामाजिक वेथिति तथा

राजनैतिक हस्तक्षेपबाट भएको हानि जस्ता पक्षहरूको समेत उल्लेख गरी यी सबैमा विजय हासिल गर्न सम्पूर्ण सर्वहाराहरूलाई आह्वान गरिएको छ । सरल भाषाशैली र मुक्त छन्दमा लेखिएको शर्माको प्रस्तुत कविताले उल्लेखनीय स्थान ओगटेको छ ।

### ९.३.७ चन्द्रकला नेवार र उनका काव्य कृति

जातीय जागरणको अभियानमा सशक्त कविता लेख्ने कविहरूको पङ्क्तिमा चन्द्रकला नेवारको योगदान महत्त्वपूर्ण मानिन्छ । यहाँ उनको काव्यगत प्रवृत्ति र प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

#### ९.३.७.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरण जातीय जागरणको उत्थान कालमा राम्रा गीत तथा कविता लेख्ने कविका रूपमा चन्द्रकला नेवार (१९४२) देखा पर्छिन् । १९७५ को दशकदेखि काव्य लेखन प्रारम्भ गर्ने नेवारको कविता यात्रा 'टुक्रा कविता' (हाम्रो ध्वनि, १९७५) शीर्षकको कविताबाट थालिएको हो । साहित्यका गीत तथा कविता विधामा कलम चलाउँदै र भाषा आन्दोलनमा पनि सक्रियता देखाउँदै आएकी चन्द्रकला नेवारको प्रथम कविता सङ्ग्रह भने १९९३ मा मात्र प्रकाशित भएको देखिन्छ । वि.सं. २०२२ सालमै कथा यात्राको प्रारम्भ गरिसकेकी नेवारको 'ममता' (२०२२) कथा सङ्ग्रह प्रकाशित छ । मूलतः कविता विधामा सशक्त योगदान पुऱ्याउने चन्द्रकला नेवारका हालसम्म प्रकाशित गीत तथा कविता सङ्ग्रहहरू यस प्रकार छन् :

(१) **चक्रव्युह** (कविता सङ्ग्रह, १९९३)

(२) **शशिलालाई मेरो आवाज** (कविता सङ्ग्रह, २००५)

(३) **तृष्णाको लहरी** (गीत सङ्ग्रह, २००६)

गीत तथा कविताका साथै कथा लेखनमा पनि उत्तिकै दखल भएकी नेवारका करिब चार दशकको काव्य यात्रा देखिन्छ । यस अवधिमा उनले बङ्गाली र असमिया भाषामा समेत कविता लेखेकी छन् । उनको वि.सं. २०६२ मा 'साँघुरो धरातल' नामक कथा सङ्ग्रह पनि प्रकाशित देखिन्छ । भाषा सेवी र भाषा सङ्ग्रामीका रूपमा चिनिँदै आएकी चन्द्रकला नेवारको १९८८ मा 'चन्द्रकला नेवारका नेपाली गीतहरू' शीर्षकमा गीतको एल्बम पनि श्रोता माझ आइ सकेको छ । विभिन्न साहित्यिक संस्थाहरूसँग संलग्न रहेकी नेवारका यस अवधिमा विभिन्न लेख तथा निबन्धहरू पनि प्रकाशित भएका छन् । सत्तरीको दशकदेखि नै गीत तथा कविता विधामा कलम चलाउँदै आउने उनका कविता यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजित गरिएको छ :

(१) पूर्वार्द्ध (१९७५-१९९३)

(२) उत्तरार्द्ध (१९९४ देखि यता)

चन्द्रकला नेवारको कविता यात्रा सत्तरीको दशकमै प्रारम्भ भए पनि उनी जातीय जागरणको उत्थान कालकी कवयित्री हुन् । उनका काव्य यात्रामा देखिने मूलभूत प्रवृत्ति भनेको नै जीवनवादी मनोभाव हो । उनका कवितामा यथार्थ जीवनको अनुभूति पाइन्छ । जीवनलाई क्षण भङ्गुरताका दृष्टिले हेर्ने यिनका कवितामा जीवनप्रतिको अनुराग पाइन्छ । यिनका पूर्वार्द्धका कवितामा जिउनुको विवशता, जीवनप्रतिको अपेक्षा र आकाङ्क्षा, हाँसो, आँसु, जीत हार, पिरको भारी, पीडाको समाधिका रूपमा जीवनलाई हेरिएको छ । यिनका कवितामा जीवनलाई आस्तित्विक रूप र अनास्तित्विक रूपमा विभाजन गरिएको छ । उनका कवितामा युगीन विसङ्गतिको चित्रण, विकृतिको अभिव्यक्ति, मानवतावादी मनोभाव, युद्धमय परिस्थितिको चित्रण, युगीन विकृति, मानवीय विकृति रूपको वर्णन, अविश्वास, कुटनीति, प्रतिशोध र स्वार्थमय समाजदेखि तिक्त अनुभव, प्राकृतिक सौन्दर्यका साथै भावुकताको प्रकटीकरण जस्ता विशेषताहरू देखिन्छन् । यसका साथै उनका कवितामा आघात, शोषण, उत्पीडन र आघातको विरुद्धमा प्रतिघातको अभिव्यक्ति पाइन्छ । उत्तरदायित्वबोध, मानसिक द्वन्द्व, देशप्रतिको कृतज्ञताको भाव, देशको विसङ्गत स्थितिप्रतिको चिन्ता र एक न एक दिन स्वार्थको बादल फाटी घाम लाग्ने आशावादी मनोभाव पनि उनका कवितामा देखिने मूलभूत विशेषता हुन् । 'चक्रव्युह' का कविताहरूमा अस्तित्वको खोजी, अग्रज स्रष्टाप्रति सम्मान, राष्ट्रियताप्रतिको तीव्र आकर्षण, मानवता, कर्तव्यबोध एवम् जीवन सङ्घर्ष कवयित्री चन्द्रकला नेवारका भावगत विशेषता हुन् ( भट्टराई, १९९३ : ८) । नेवारका कविता जस्तै गीतमा पनि जातीयतावादी स्वर, जीवनबोध तरङ्गित भएका छन् । उनले जिन्दगीको भोगाइलाई यथास्थितिलाई गीतको स्वरूप प्रदान गरेकी छिन् । उनका गीतहरूमा माया पिरती, मिलन र विछोड, आँसु र हाँसो, विरह र वेदना छचल्किएका छन् । उनका कविता र गीतमा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) जीवनको निस्सारता, निरर्थकता र विसङ्गतिको अभिव्यक्ति

(२) जीवनलाई आस्तित्विक र अनास्तित्विक रूपले हेर्नु

(३) मानवीय विकृति रूपको वर्णन गर्दै अविश्वास, कुटनीति र स्वार्थमय समाजको चित्रण

(४) प्राकृतिक सौन्दर्यमयका साथै भावुकताको प्रकटीकरण

(५) प्रतिघात, शोषण, उत्पीडन र आघातको विरुद्धमा प्रतिघातको अभिव्यक्ति

(६) जातीयतावादी विचार धाराका साथै आशावादी र परिवर्तनको कामना

### ९.३.७.२ 'उज्यालो बिहानी पोखिन्छ जब' कविताको विश्लेषण

चन्द्रकला नेवारले विभिन्न कविता सङ्ग्रह, गीत सङ्ग्रह र फुटकर गरी हालसम्म लगभग एक सय गीत र एक सयभन्दा बढी कविता लेखेको पाइन्छ । नेपालीहरूको अस्तित्व

र स्वाभिमान, कलात्मक मूल्य, युगबोध र असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनका 'उज्यालो बिहानी पोखिन्छ जब' शीर्षकको कवितालाई मुख्य प्रतिनिधि कविताका रूपमा मानिएको छ । यो प्रतिनिधिमूलक कवितालाई भाव वा विषयवस्तु, विचार वा उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ :

चन्द्रकला नेवारको 'उज्यालो बिहानी पोखिन्छ जब' कविता १९९३ मा लेखिएको र उनको यो कविता **चक्रव्युह** (१९९३) शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित छ । उनको यो कविता लघु आयाममा विस्तारित प्रगीतात्मक कविता हो । यस कवितामा भारतीय नेपालीहरूको अस्तित्व, स्वाभिमान र पहिचान जस्ता विषयलाई कथ्य बनाएर जातीय पनको उज्यालोलाई आह्वान गरिएको छ ।

**(क) भाव विधान**

प्रस्तुत कवितामा नेपालीको वीरतापूर्ण स्वाभिमान ढलेर बुँख्याचा बन्दै गएको वर्तमान स्थितिलाई मुख्य विषय बनाइएको छ । उत्तर पूर्वी भारतका विभिन्न भू-भागहरूमा आफ्ना वीरता, साहस र श्रमपूर्वक आफ्नो निर्वाह गर्दै आएका नेपालीहरूले इतिहासमा देशको स्वाधीनताका निम्ति लडेको तथ्य आज विस्मृत हुँदै आएको कुरा यसमा देखाइएको छ । आफ्नै पसिनाले निर्माण गरेको भूमि भारतीय नेपालीहरूका निम्ति दलदल बन्दै गएको तथ्य यहाँ प्रकट भएको छ । जस्तै :

हाम्रा पसिनाको बोट बोटमा फलेको फल
हाम्रो होइन भनिसकेको छ
तिमीले मैले टेकेको धरती समेत
दल दल बनिसकेको छ
शायद त्यसैले होला
मनको अँध्यारो कोठा भित्र
कर्तव्यले लादिएको कसैलाई भान हुँदैछ

यस कवितांशमा कवयित्री नेवारले आफ्नै पसिनाले आर्जन गरेको भूमि आफ्नै निम्ति पराइ बनेको र दल दल बनेर जातीय अस्तित्व समेत टिक्न नसक्ने अवस्थामा पुगेको वास्तविकतालाई प्रकट गरेकी छन् । वर्षौंदेखि नेपालीहरूले भूमि र जातिका निम्ति लडाइँ लडेको तर कैयौं नेपालीहरूले ज्यान गुमाए पनि शोषण र उत्पीडनबाट मुक्ति पाउन नसकेको वस्तुगत सत्यलाई यसमा देखाइएको छ । यस कवितामा नेपालीको गौरवपूर्ण इतिहास र खस्किँदो वर्तमान दुवैको अवस्था तुलना गर्दै निर्भय र एकाग्र भएर उज्यालो बिहानी ल्याउनु पर्ने कुरा व्यक्त गरिएको छ ।

**(ख) उद्देश्य**

'उज्यालो बिहानी पोखिन्छ जब' कविताको मुख्य उद्देश्य जातीय अस्तित्वको खोजी गर्नु हो । विशेष गरेर भारतीय भू-भागमा प्राचीन कालदेखि छरिएर रहेका नेपालीहरूले त्यस

भूमिमा श्रममात्र पोखेका छैनन् स्वाधीनताका निम्ति लडेका पनि छन् । इतिहासमा वीरतापूर्ण लडाइँ लडेका नेपालीहरूको पहिचान र अस्तित्व सङ्कटमा पर्दै गएको वर्तमान अवस्थाप्रति कवितामा चिन्ता व्यक्त गरिएको छ । आफ्नो विगतको गौरवपूर्ण इतिहासलाई सम्झेर अब नेपालीहरू पुनः जागृत हुनु पर्ने जागरणको अभिव्यञ्जन कवितामा पाइन्छ । जबसम्म नेपालीहरूको स्वतन्त्रता र पहिचान हुँदैन तबसम्म भय र त्रासमा बाँच्नु पर्ने तथ्य तर्फ सङ्केत गर्दै यस कवितामा वर्तमान परिस्थितिलाई अँध्यारो वातावरणका रूपमा लिइएको छ । जब स्वाभिमान र स्वतन्त्रताको वातावरण सिर्जना हुन्छ अनिमात्र उज्यालो बिहानी पोखिन्छ भन्ने कुरा यहाँ व्यक्त भएको छ । अतः प्रस्तुत कविताको मुख्य उद्देश्य वर्तमान भारतीय नेपालीहरूको वास्तविकता देखाउँदै सुन्दर भविष्यको निर्माणमा जुभ्नु पर्ने आकाङ्क्षा हो । यसले कवि चन्द्रकला नेवारको युग चेतना, जातीय अस्तित्व र इतिहास चेतना जस्ता पक्षहरू पनि प्रकट भएका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत कविता मुक्त लयमा लेखिएको छ । प्रतीकात्मक शब्दहरूको संयोजन गरेर लेखिएको यस कवितामा उज्यालो, अँध्यारो, पर्खाल, रोवर्ट, बुख्याँचा, पसिनाको बोट, दलदल, आँगन जस्ता सरल शब्दहरूमा प्रतीकात्मक अर्थ भरिएको छ । उज्यालोले नेपालीहरूको स्वतन्त्र वातावरण, अँध्यारोले पराधीन वर्तमान, पर्खालले स्वतन्त्रता र वीरताको अभाव, रोवर्ट र बुख्याँचाले निरीह नेपालीहरू, पसिनाको बोटले नेपालीहरूले लडेर प्राप्त गरेको स्वतन्त्रता भूमि, दलदल र आँगनले आफ्नै धरातलको अवस्था आदिलाई सङ्केत गरेको पाइन्छ । सरल शब्दहरूको चयन गरेर पनि भारतीय नेपालीहरूको अवस्थालाई प्रत्यङ्कन गर्न सक्ने भाषिक कौशल कवितामा पाइन्छ । कोर्राको प्रहार विठ्युँले सहला विवेकले सहँदैन, दापभित्रै खुकुरी भुत्ते भइसकेछ जस्ता कवितांश ध्वनिमूलक छन् । कोर्राको प्रहार पिठ्युँले सहने कुराले नेपालीहरूप्रति गरिएको कठोर व्यवहार व्यञ्जित भएको छ भने दापभित्र खुकुरी भएको सन्दर्भबाट नेपालीहरूको निरीहता व्यञ्जित भएको छ । कविताको शीर्षकीकरण नै प्रतीकात्मक वाक्यबाट गरिएको छ । उज्यालो बिहानी पोखिन्छ जब भन्ने शीर्षकमा प्रयुक्त पदहरूले भावी अस्तित्व र स्वतन्त्र वातावरणको आकाङ्क्षा व्यक्त गरेको पाइन्छ । मनको अँध्यारो कोठा, आकाङ्क्षा र मोह, गुटुमुटु पार्नु, वीरताको पर्खाल ढल्नु, पसिनाको बोटमा फूल फुल्नु जस्ता पदावली र वाक्यात्मक तहमा देखिने शब्दहरूको विचलन युक्त प्रयोगले यस कविताको भाषा बिम्बात्मक, आलङ्कारिक, प्रतीकात्मक र व्यञ्जनात्मक रहेको देखिन्छ ।

### ९.३.८ शान्ति थापा र उनका कविता कृति

असमेली नेपालीहरूको जातीय जागरण र अस्तित्वको विषयलाई काव्य मार्फत व्यक्त गर्ने कवि शान्ति थापाको असमेली नेपाली कवितामा महत्त्वपूर्ण योगदान रहेको छ । यहाँ उनको काव्यगत प्रवृत्ति र प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

### ९.३.८.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरण जातीय जागरणको उत्थान कालको समयमा राम्रा गीत लेख्ने गीतकारका रूपमा शान्ति थापा (१९६१) देखा पर्छिन् । १९७९ मा युवा कार्यक्रम, उत्तराञ्चल, आकाशवाणी गुवाहाटी केन्द्रमा प्रथम गीत कविता वाचनबाट उनको काव्यिक यात्राको प्रथम चरण प्रारम्भ हुन्छ । यस प्रकार १९७० को दशकदेखि कविता यात्रा प्रारम्भ गरेकी शान्ति थापाको 'दुई गीत' (**परिषद् पत्र** १/१, १९८४) शीर्षकका गीत प्रकाशित छन् । उनको प्रथम गीत सङ्ग्रह भने २००४ मा प्रकाशित भएको देखिन्छ । उनले फुटकर कविता र गीतका साथै अनुवाद र कथा लेखनमा पनि उत्तिकै कलम चलाएको पाइन्छ । उनका फुटकर समालोचना लेख निबन्धहरू पनि प्रकाशित छन् । मूलतः गीत विधामा सशक्त योगदान दिएकी शान्ति थापाको 'माया' (२००४) एउटै मात्र गीत सङ्ग्रह प्रकाशित भएको छ ।

शान्ति थापाको करिब चार दशकको फुटकर कविता तथा गीति कविता यात्रा देखिन्छ । यस अवधिमा उनले हिन्दी, नेपाली, बङ्गाली र असमिया भाषामा समेत कलम चलाएकी छन् । यसका साथै यस अवधिमा उनले अनुवाद साहित्यमा निकै योगदान पुऱ्याएकी छिन् । उनले 'नामघरे' असमिया भाषामा अनुदित उपन्यासमा २००२ को भारतीय साहित्य अकादमी पुरस्कार पनि प्राप्त गरिसकेकी छन् । हिन्दी साहित्यमा पिएच.डी. को डिग्री हासिल गरिसकेकी थापाका हिन्दी भाषामा दशओटा शोधमूलक लेख प्रकाशित छन् । यसका साथै उनका हिन्दी कथा, कविता 'अन्तरंग' र 'समकालीन भारतीय साहित्य' आदिमा प्रकाशित पनि भइसकेका छन् । उनी एक सफल कथाकार र उपन्यासकारका रूपमा पनि परिचित र स्थापित भइसकेकी छन् । यसका साथै कुशल सम्पादकका रूपमा पनि उनको स्थान अलग रहेको दखिन्छ । २००४ देखि यता उनका कुनै गीत कविता प्रकाशित नभए पनि फुटकर कविता, गीत भने हाम्रो ध्वनि, सपरिवार, अन्तरंग (हिन्दी) गरिमा, मधानी, श्रद्धाञ्जली आदि पत्रिकामा प्रकाशित देखिन्छन् ।

शान्ति थापाको काव्य यात्रामा देखिएको मूल प्रवृत्ति भनेको जातीय स्वाभिमान र प्रेमप्रणयमूलक अभिव्यक्ति हो । यिनका कवितामा भावात्मकता, लयात्मकता र सङ्गीतात्मकता जस्ता आन्तरिक पक्षहरूको सफल प्रयोग भएको देखिन्छ । हृदयस्पर्शी भावनाको सम्प्रेषण यिनका गीतको सारतत्त्व हो । स्थायी र अन्तराको सबल पक्ष यिनका गीतमा पाइन्छ । सफल शाब्दिक संयोजनले यिनका गीतलाई मर्मस्पर्शी र प्रभावकारी बनाएको छ । यिनका गीतमा देशप्रेम र जातीय प्रेमको भावना अभिव्यक्ति भएका छन् । उनका गीतमा जातीय स्वाभिमानका निम्ति सधैं अग्रसर रहन आह्वान गरिएको हुन्छ । उनका गीतमा अस्तित्वको निम्ति सङ्घर्ष, जाति भाषा र अधिकारप्रति सचेतता, असम भूमिका जाति र उपजातिहरूको संस्कृतिप्रति सम्मान प्रदर्शन

आदि पाइने मूलभूत प्रवृत्ति हुन् । उनका गीतको अर्को सबल पक्ष प्रेमप्रणयमूलक भावना हो । उनका गीत सङ्ग्रहमा प्रेमपिरतीको संयोगात्मक पक्ष र प्रेम पिरतीको वियोगात्मक पक्ष रहेको छ । संयोगात्मक पक्षमा प्रेमिकासँगको वार्तालाप प्रेमालाप पाइन्छ भने वियोगात्मक पक्षमा विचलित भावना, छटपटी, रुष्टभाव जस्ता दुःख दायक स्थिति देखिन्छ । यिनका गीतको अर्को विशेषता प्राकृतिक प्रेम हो । प्राकृतिक प्रेममा यिनले प्राकृतिक सौन्दर्यको वर्णन, जातीय चिन्तन, प्राकृतिक उच्छ्वास र प्रेमालापको वर्णन गरेको पाइन्छ । यिनका गीतहरूमा सामाजिक यथार्थता, सङ्गीतात्मकता र भाव प्रचुरताको सङ्गम पाइन्छ । यिनका गीतमा आत्मपरक अभिव्यक्ति पाइन्छ । मानवीय वेदना, हाँसो, रोदन, प्रेम, मिलन, विछोड, छटपटी जस्ता मार्मिक अनुभूतिहरू नै यिनका गीतका मूल विशेषता हुन् । उनका गीतमा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) जातीय चिन्तनको अभिव्यक्ति दिँदै जातीय स्वाभिमानप्रति सजगता

(२) भाषा प्रेम, विश्व बन्धुत्वको आदर्श र मानवतावादी दृष्टिकोण

(३) मान्छे भित्रको विसङ्गति र विवशताको चित्रणका साथै केही कवितामा मानवीय संवेदनाको चिन्तन

(४) मानवीय सभ्यताले दिएको आघात र विश्वासघातको विरोध गर्दै परिवर्तनको कामना

**९.३.८.२ 'हिमाली सन्तान' गीतको विश्लेषण**

शान्ति थापाले फुटकर र गीत सङ्ग्रह गरी हालसम्म एक सय जति गीत र कविता लेखेको पाइन्छ । सशक्त विषयवस्तु, बौद्धिकतापूर्ण अभिव्यक्ति र असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनको 'हिमाली सन्तान' शीर्षकको गीतलाई मुख्य प्रतिनिधि गीतको रूपमा चुनिएको छ । ती प्रतिनिधि गीतलाई विषयवस्तु, उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ ।

शान्ति थापाको 'हिमाली सन्तान' गीत २००४ मा लेखिएको र उनको यो गीत 'माया' शीर्षकको गीत सङ्ग्रहमा प्रकाशित भएको छ । उनको यो गीत मध्यम स्तरीय आयाममा विस्तारित देखिन्छ । 'हिमाली सन्तान' शीर्षकको गीत लघु आयाममा संरचित प्रगीतात्मक गीत हो । यसमा हिमाली सन्तानका रूपमा नेपालीहरूको गौरव गान गरिएको छ । यहाँ विभिन्न शीर्षकमा गीतको विश्लेषण गरिएको छ ।

**(क) भाव विधान**

प्रस्तुत गीतको विषयवस्तुका रूपमा नेपाली जातिको वीरताको वर्णन रहेको छ । नेपालीहरूलाई हिमाली सन्तानका रूपमा लिएर यस जातिलाई इतिहास निर्माता र

शक्तिशाली जातिका रूपमा चित्रण गरिएको छ । गीतकार शान्ति थापाले हिमाली सन्तानले देशका निम्ति सहिद भएर मातृभूमिको लाज बचाएको सन्दर्भ उठाउँदै इतिहासमा कसैबाट पनि पराजित नभएको गौरवलाई सङ्केत गरेकी छन् । जस्तै :

रगत दिई विजयी बन्यौ
जगतलाई देखायौ धाक
तिम्रो बलिदानको रहेन मोल
भयौ तिमी बहिरागत आज
हे शक्तिमान हिमाली सन्तान

उद्धृत पङ्क्तिहरूमा भारतीय भूमिलाई स्वतन्त्र बनाउन लड्ने नेपालीहरूको विगत सम्भदै वर्तमानमा उनीहरू नै बाहिरबाट आएका हुन् भन्ने लाञ्छनाप्रति रोषपूर्ण व्यङ्ग्य गरिएको छ । यस गीतमा नेपालीहरूले आफ्नो अधिकारका लागि खुकुरी उठाउनु पर्ने धारणा व्यक्त गरिएको छ । आफ्नो जातीय अस्तित्वका निम्ति भारतीय नेपालीहरूले गोर्खाली इतिहासलाई सम्भिनु पर्ने भावलाई मुख्य कथ्यका रूपमा प्रस्तुत गरिएको छ ।

**(ख) उद्देश्य**

'हिमाली सन्तान' गीत नेपाली जातिको ऐतिहासिक गौरवलाई गायन गर्ने उद्देश्यले लेखिएको हो । नेपालीहरूले आफ्नो राष्ट्र नेपाललाई मात्र स्वतन्त्र राख्ने काम नगरेर भारतलाई मुक्ति दिलाउने काममा पनि सहयोग गरेको कुरा गीतमा व्यक्त भएको छ । ऐतिहासिक रूपमा वीर तथा स्वाभिमान नेपालीहरूले भारतीय भू-भागमा आयातीत भनेर तिरस्कृत हुनु परेकामा व्यथित बन्दै भारतीय नेपालीहरूले आफ्नो अस्तित्वका निम्ति पुनः इतिहासलाई स्मरण गर्नु पर्ने भावलाई यसमा व्यक्त गरिएको छ । कवि शान्ति थापाले भारतीय नेपालीहरूलाई हिमाली सन्तानको संज्ञा दिँदै विगतको वीरता प्रदर्शन गर्न आह्वान गरेकी छन् । अतः प्रस्तुत गीत उत्साह भावले भरिएको वीर रसमूलक देखिन्छ । यसले एकातिर वर्तमानको नेपाली अवस्थालाई यथार्थ चित्रण गर्ने उद्देश्य राखेको छ भने विगतको जातीय गौरवको आख्यानद्वारा जातीय जागरणको उद्घोष समेत गरेको छ ।

**(ग) भाषाशैली**

प्रस्तुत गीत मुक्त लयमा लेखिएको छ । सरल, सहज एवम् सम्प्रेष्य भाषाको उपयोग गरेर लेखिएको यस कवितामा लक्षणा र व्यञ्जना भन्दा पनि अभिधेय तहबाट गम्य वाक्य विन्यास पाइन्छ । 'पृथ्वी काँपिन तिम्रो निनादले' भन्ने जस्ता कतिपय वाक्यमा ओजस्वी भाव व्यक्त भएको पाइन्छ तर अधिकांश पङ्क्ति गुच्छ सरल रूपमा व्यक्त भएका छन् । यसमा पद विन्यासगत सामान्य विचलनयुक्त भाषिक प्रयोग पाइए पनि अन्य प्रकारका विचलन पाइँदैन । पङ्क्तिगुच्छका अन्त्यमा अन्त्यानुप्रासीय विन्यास पाइए पनि अन्य प्रकारका अनुप्रासगत वर्ण विन्यास पाइँदैन । शक्तिमान हिमाली सन्तान भन्ने पदावलीको पुनरावर्तनले

भावगत एकत्व सिर्जना गरेको पाइन्छ । समग्रमा सरल भाषिक अभिव्यक्तिका माध्यमबाट नेपालीहरूले स्वभावलाई यस कवितामा व्यक्त गरिएको छ ।

### ९.३.९ निरु शर्मा पराजुली र उनका कविता कृति

असमेली नेपाली कवितामा जातीय अस्तित्वलाई मुखरित गरेर कविता लेख्नेहरूमा निरु शर्माको नाम उल्लेखनीय मानिन्छ । यहाँ शर्माको काव्यगत प्रवृत्ति र प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

#### ९.३.९.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरणको शक्तिशाली कविता लेख्ने कविका रूपमा निरु शर्मा पराजुली (१९६८) देखा पर्छिन् । १९८६ को दशकदेखि कविता यात्रा प्रारम्भ गरेकी पराजुलीको 'ठूलो मानिस बन्ने रहरमा' (**सम्मेलन** पत्रिका १९८६) शीर्षकको कविता प्रकाशित छ । उनको प्रथम कविता सङ्ग्रह भने २००८ को जनवरीमा प्रकाशित भएको देखिन्छ । उनले असमिया भाषामा पनि उत्तिकै कलम चलाएको देखिन्छ । असमिया भाषामा उनको एउटा कथा सङ्ग्रह र एउटा कविता सङ्ग्रह प्रकाशित भइसकेका छन् । मूलतः कविता विधामा सशक्त योगदान दिएकी निरु शर्मा पराजुलीको प्रकाशित कविता कृति यस प्रकार रहेको छ ।

(१) भोकमा कोरिएका शब्दहरू (कविता सङ्ग्रह, २००८)

निरु शर्मा पराजुलीको करिब तीन दशकको कविता यात्रा देखिन्छ र यस अवधिमा उनले असमिया र नेपाली भाषामा समेत कलम चलाएकी छन् । उनको यो कविता यात्रालाई हेर्ने हो भने प्रवृत्तिगत दृष्टिले त्यति ठूलो अन्तर देखिँदैन । उनका पत्र पत्रिकामा प्रकाशित प्रारम्भिक रचनाहरू स्वच्छन्दतावादी प्रवृत्तिका हुँदै प्रगतिशील देखिएका र पछिल्लो समयमा अनुवाद साहित्यमा समेत उनी लागेको हुनाले उनका कविता यात्रालाई निम्नलिखित चरणमा विभाजन गर्न सकिन्छ :

(१) पूर्वार्द्ध (१९८६-२००८)

(२) उत्तरार्द्ध (२००९ देखि यता)

निरु शर्मा पराजुलीको काव्य यात्रामा देखिएको मूल प्रवृत्ति भनेको युगीन विसङ्गतिको चित्रण हो । निरु शर्मा पराजुलीले आफ्नो कविता कृतिमा समाजका दयनीय समस्याहरूलाई गम्भीर रूपमा प्रस्तुत गरेकी छन् । विशेष गरेर मानवीय समस्याहरू नै उनका कवितामा वर्णन गरिएका छन् । गरिबप्रतिको संवेदना देखाउँदै रूपियाँलाई सर्वोपरि मान्नेहरू र दुर्नीतिलाई अँगाल्नेहरू माथि उनका कविताले व्यङ्ग्य प्रहार गरेका छन् । जन्म दिने बाबु आमाप्रति सद्व्यवहार नदेखाउने अहङ्कारी सन्तानहरूलाई व्यङ्ग्य प्रहार गरेको पाइन्छ । बलात्कार र भ्रष्टाचारको

यथार्थ स्थितिको चित्रण, मानिसले जङ्गल नाश पारेपछि जङ्गली जनावरले सहरमा पसेर उत्पात मचाएको स्थिति, वर्तमानप्रतिको व्यङ्ग्य, समन्वयको भावना, सोचाइ र गराइमा देखिएको भिन्नता, प्रेममा विश्वास, आदर्शमय भावना, सत्य आत्माप्रति विश्वास, देशप्रेमको भावना, सन्त्रास र युद्धको चित्रण, आशावादी मनोभाव, अस्तित्ववादी चिन्तन, मानवीय वेदनाको चित्रण, तीव्र परिवर्तनको चाहना यिनका वैशिष्ट्य हुन् । असममै जन्मी हुर्की बढेकी कविका मनमा असम जन्मभूमिप्रति सद्भाव रहेको पाइन्छ । असम मातृभूमिलाई विन्ती चढाउँदै सबै भाषा भाषी, जात जातिहरू उनकै सन्तान हुन् भन्ने एकताको भावना पनि उनका कवितामा पाइन्छ । "मिश्रित भाव तरङ्गको अभिव्यक्तिगत इमान्दारीता, शैलीको मर्मस्पर्शी सरलता र तरलता शर्माका कविताका प्रमुख आकर्षण र विशेषता चिन्हित छन्" (नामदुग, २००८ : ग) । उनका कवितामा पाइने थप विशेषताहरूमा भ्रष्टाचारको विरोध गर्दै समाधान तर्फको रुझान, पर्यावरणप्रति सजगता, जीवनप्रतिको सकारात्मक सोच, शान्तिको चाहना गर्दै शान्तिको खोज, आत्मा र परमात्माप्रति विश्वास, अशक्तताप्रति मायाका साथै मानवीय हिंस्रक प्रवृत्तिको चित्रण पनि उनका कवितामा पाइने विशेषता हुन् । यसका साथै भोक र गरिबको चित्रण गर्दै भोकका कारणहरू र निवारणसम्म पुग्नु उनको वैशिष्ट्य हो । सत्यको खोज, वैयक्तिक पीडाको अनुभूति, वैयक्तिक अस्थिरता, सोचाइ र गराइमा देखिएका भिन्नताहरूको चित्रण, भ्रमपूर्ण जीवन भोगाइका चित्रण पनि उनका कवितामा पाइन्छन् । सकारात्मक सोचमा जीवनप्रति आशावादी, भारतीय हुनुको गौरव बोध, मिलावटप्रति व्यङ्ग्य, उखान र तुक्काको प्रयोग, विश्व बन्धुत्वको अवधारणा, नारीवादी विचार धाराको प्रस्फुटन, सहयोगिता र समभावनाको चित्रण, जीवनप्रतिको दार्शनिक अनुभूति, शान्तिको चाहना राख्दै विश्व मानव कल्याणको भावना र विभिन्न प्रकारका भोकको चित्रण गर्नु उनका मूल विशेषता हुन् । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) व्यङ्ग्यात्मक अभिव्यक्तिका साथै प्रश्नात्मक शैलीको प्रयोग

(२) समन्वयको भावना देखाउँदै प्रेम र विश्व बन्धुत्वको चाहना

(३) सत्य र आत्माप्रति विश्वास राख्दै ओम् परब्रह्मको अवधारणाको खोज र साथै ईश्वरप्रतिको आस्था

(४) शान्तिको चाहना राख्दै विश्व मानव कल्याणको भावना

(५) मानवीय हिंस्रक प्रकृतिको चित्रण गर्दै ईश्वरको सृजनाको विध्वंस भएको विचारको प्रस्तुति

(६) जीवनप्रतिको दार्शनिक अनुभूतिका साथै घुमिरहने जीवन चक्रप्रति विश्वास

(७) उखान र टुक्काको प्रयोग गर्दै स्वार्थी समाजको चित्रणको प्रस्तुति

(८) विपन्नहरूको दर्दनात्मक अवस्थाको चित्रणका साथै निम्नस्तरीय जीवनको टीठ लाग्दो अवस्थाको चित्रण

(९) कर्मप्रति विश्वास र जन्मभूमिप्रतिको अगाध स्नेह

### ९.३.९.२ 'बनसाइ' कविताको विश्लेषण

निरु शर्मा पराजुलीले कविता सङ्ग्रहमा र फुटकर गरी हालसम्म एक सयभन्दा बढी कविता लेखेको पाइन्छ । विषयवस्तुको सशक्तता, कलात्मक मूल्य, युगबोध, प्रगतिशील विचार, असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनको 'बनसाइ' र 'भोकमा कोरिएका शब्दहरू' शीर्षकका कवितालाई मुख्य प्रतिनिधि कविताका रूपमा मानिएको छ । ती प्रतिनिधिमूलक कवितालाई भाव वा विषयवस्तु, विचार वा उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिएको छ :

निरु शर्मा पुराजुलीको 'बनसाइ' कविता २००८ मा लेखिएको र उनको यो कविता **भोकमा कोरिएका शब्दहरू** शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित छ । उनको यो कविता बहत्तर पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हो । संरचनात्मक दृष्टिले यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

#### (क) भाव विधान

'बनसाइ' अस्तित्ववादी कविता हो । यसमा पीपलको विरुवालाई उखेलेर आफ्नो बैठक कोठामा पुऱ्याइएको छ । यो घाम, पानी, हावा आदिको स्पर्श बेगर बाच्न बाध्य गराइएको एउटा रूखको मर्मस्पर्शी र धार्मिक आस्थाको प्रतीकका रूपमा मानिएको र विस्तृत भएर फैलिने रूख हो । उसलाई उखेलेर कसैको बैठकमा सजाएपछि उसले फैलिन नपाएको मर्मस्पर्शी भावहरू यहाँ व्यक्त भएका छन् । पीपलको मानवीकरण गर्दै पीपलका हाँगा विङ्गालाई हातगोडा भनिएको छ । अभिधा अर्थमा पीपल पीपलै देखिए पनि यहाँ पीपल एउटा मानवीय प्रतीकका रूपमा उभिएको छ । 'पीपल' वास्तवमा नेपाली जाति हो । क्षमताका अहङ्कारीहरूले उसलाई खुम्च्याएर राखि दिएको भाव प्रकट भएको छ । नेपालीले आफ्नो अस्तित्वको हुँकार गरेको भाव यहाँ यसरी व्यक्त भएको छ :

छुन देऊ मलाई मेरा आकाश
देऊ मेरो जन्मस्थान, जग्गा जमीन
देऊ मलाइ मेरो आकाश ।
फुल्न देउ फक्रन देऊ
छर्न देऊ मलाई मेरा हृदयको सुबास ।
आफ्नो व्यक्तित्वमा ... अस्तित्वमा
किनकि म हुँ पिपल
जसको छ एउटा अतीत महान (पृ. ६२)

अतीतको वीर नेपाली कुनै धनाढ्यको दरवान भएर आफ्नो अस्तित्व गुमाएको भाव प्रकट भएको छ । आफ्नो अधिकारको माग गर्दै आफ्नो जन्मस्थानप्रति पनि आफ्नो अधिकार नभएर माग्नु पर्ने स्थिति, जग्गा जमीनप्रति पनि आफ्नो अधिकार नभएको स्थिति र एउटा स्वतन्त्र आकाशको, फुल्न र फक्रनको स्वतन्त्रताको माग गरिएको पाइन्छ ।

**(ख) उद्देश्य**

आफ्नो गुमेको अस्तित्वको खोज गर्नु कविताको मूल उद्देश्य रहेको छ । आफू स्वतन्त्र भएर मुक्त आकाशमा विचरण गर्न चाहने पीपलरूपी रूखको आत्मकथा आत्म व्यथालाई प्रतीकात्मक रूपमा व्याख्या गर्दै मानवीय परतन्त्रको स्थितिलाई देखाउन खोजिएको छ । आफ्ना पूर्वजहरूको मान मर्यादालाई पुनः स्मरण गर्दै वर्तमानमा आफूले त्यस्तो मर्यादा नपाएको स्थिति देखिन्छ । मूलतः पूर्वजको स्थितिलाई पुनः मूल्याङ्कन गर्न खोज्ने पनि यसको उद्देश्य रहेको देखिन्छ । यहाँ आफ्ना आकाश छुने रहर, धरतीलाई मृदु बतास दिने रहर, पथिकलाई शीतलता प्रदान गर्ने रहर, चरलाई आश्रय, अन्न दिने रहर, आफ्ना लागि मात्र नभएर अरूका लागि पनि बाँचि दिने रहर, सहारा र छहारी बन्ने रहर आदि रहरहरू गुमेको स्थिति देखाइएको छ । यस कविताको मूल उद्देश्य धरतीमा उभिएका हरेक विरुवाहरूको हुर्किने अधिकार छ, बालकबाट जवान हुने अधिकार छ, तर क्षमताको अहङ्कारीहरूले ती विरुवालाई थुनेर आफ्नो अनुसार तिनीहरूलाई बाच्न सिकाउछन्, तिनै परतन्त्रका आवाज 'बनसाइ' को आवाज हो भन्ने कुरा यहाँ देखिन्छ ।

**(ग) भाषाशैली**

प्रस्तुत कविताको भाषा सरल भए पनि कथन सोझो नभएर घुमाउरो किसिमको देखिन्छ । अभिधा अर्थमा देखिने पीपलको विरुवाको लक्षणार्थ बेग्लै देखिन्छ । यहाँ अभिधा अर्थको पीपलको मानवीकरण गर्दै मानिसको वेदनालाई लयात्मक किसिमले अभिव्यक्त गरिएको पाइन्छ । पीपल प्रतीकात्मक रूपमा आएको सिङ्गो नेपाली जाति हो । जसलाई बनसाइ (चिनारी हराएको वा अस्तित्वहीन) जस्तो पारेर अन्याय गरेको स्थिति देखिन्छ । देख्दा राम्रो गरे जस्तो तर वास्तविकता अर्कै रहेको स्थितिलाई व्यङ्ग्यार्थ रूपमा वर्णन गरिएको देखिन्छ । यहाँ नामकरण गरिएको 'बनसाइ' पदावलीलाई दुईपटक आवृत्ति गरेर चिनारी गुमाएको, अस्तित्व हराएको, उखेलिएको, फ्याँकिएको, अस्तित्वहीन भएको अर्थ प्रदान गरिएको छ । कवि कथन शैलीमा पीपलको अन्तरआत्मा कथन जोडेर प्रस्तुत यस कवितामा प्रकृतिको प्रस्तुत विधानबाट अप्रस्तुत जीवन कथा व्यक्त भएको हुँदा कविता अभिधात्मक भन्दा पनि व्यञ्जनात्मक बन्न पुगेको देखिन्छ । हात, गोडा, जनावर, घर, आकाश, पीपल, फल, फूल, आँगन, घाम, वर्षा, पुतली, चरी, जग्गा, जमीन जस्ता बिम्बहरू हुँदा हुँदै यी केवल काल्पनिक मात्र बनेका छन्, वास्तविकता अर्कै छ । पीपलाई आलम्बन

बनाएर समदर्शी मानवरूपी पीपलले समस्त चराचर जगतलाई छहारी दिने र शीतलता प्रदान गर्ने भाव यहाँ व्यक्त हुन पुगेको छ । यसमा वर्णन गरिएका भाषिक सरलता यस प्रकार रहेको छ :

> आकाश छुने मेरा रहरलाई
> मेरा बढ्दो हात गोडालाई
> खुम्चाएर राखिदिए
> ड्रइङरुमको शोभा बनाएर
> घाम, वर्षासँग लुकाचोरी खेल्ने
> पुतली चरीसँग हाँस खेल गर्ने
> थिए मेरा हरियाली आशा र भावनाहरू (पृ. ६)

रहरलाई, गोडालाई, खेल्ने, गर्ने जस्ता अन्त्यानुप्रासयुक्त वाक्यहरूले शैलीमा मधुरता र कर्णप्रियता बनाएको पाइन्छ । 'बनसाइ' शीर्षक कविता प्रकृति र मानवप्रति भइरहेको त्रासदीय स्थितिको व्यङ्ग्यात्मक अभिव्यक्तिमा केन्द्रित छ । यस कवितामा अभिधा अर्थमा देखिने प्रकृतिको अमूल्य सम्पदा 'पीपल' को विरुवालाई फैलिन नदिएर खुम्च्याएर राख्नु र व्यङ्ग्यार्थमा मानवीय प्रकृतिलाई शोषण गर्नु रहेको छ ।

### ९.३.९.३ 'भोकमा कोरिएका शब्दहरू' कविताको विश्लेषण

निरु शर्मा पराजुलीको 'भोकमा कोरिएका शब्दहरू' कविता २००८ मा लेखिएको र उनको यो कविता 'भोकमा कोरिएका शब्दहरू' (२००८) शीर्षकको सङ्ग्रहमा प्रकाशित छ । यो कविता पैंतीस पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हो । संरचनात्मक दृष्टिले प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

#### (क) भाव विधान

भोकमा कोरिएका शब्दहरू प्रगतिशील कविता हो । यसमा भोकलाई सर्वोपरि ठानेर चराचर जगतको केन्द्रमा स्थापन गरिएको छ । 'भोक' जीवनगतको प्रवृत्ति हो । चराचर जगतको मूल कारक तत्त्व भोक हो । भोकमा भोजन नपाउँदा जीवजगत मृत्युको मुखमा पुग्दछ । समग्र जीव जगत जीवित हुनुको रहस्य भोक हो, भोकले भोजनलाई आकर्षित गर्छ र भोजनले शक्ति प्रदान गर्छ जसले गर्दा यो जगत चलाचल अवस्थामा सञ्चालित हुन्छ । यहाँ भोकको परिभाषा विभिन्न ढङ्गले प्रस्तुत गरिएको छ । आजको उन्नतशील कम्प्युटरको जमानामा पनि भोकले ग्रसित भएका चित्रहरू प्रस्तुत गरिएका छन् । कवितामा विभिन्न प्रकारका भोकलाई ज्ञानको भोक, मानको भोक, उदारताको भोक, सद्गुणको भोक, सुख शान्तिको भोक आदि देखाइएको छ । भोकको ताडनाले हामीले बिर्सिदै गएका चीजहरूलाई यसरी देखाइन्छ :

> भोको प्रेतपुरीको कोलाहल र आर्तनादमा

भुलि सक्यौं हामीले गाउन
आत्मशुद्धिका गीत
स्वात्विक आचमनी (पृ. ७४)

यहाँ भोकको ताडनाले आत्मशुद्धि र ईश्वर चिन्तन पनि बिर्सिएको स्वत्विक आचमनी अर्थात् शुद्ध भोजन पनि बिर्सिएको भाव प्रकट भएको देखिन्छ ।

भोक विश्वजनिन बन्दै गएर यसले सारा विश्वलाई पिरोलेको भाव यसरी देखाइएको छ :

आफगानिस्थानको भोक दगुर्छ अमेरिका
अमेरिकाको पाकिस्तान...
पाकिस्तानको भारत
भारतको सोमालिया... रसिया...
यसरी नै संक्रमित हुन्छ भोक विश्वभरि (पृ. ७३)

भोकका करुण स्थितिले विश्वलाई नै पिरोलेको छ । अफगानिस्तानदेखि अमेरिकासम्म, अमेरिकादेखि पाकिस्तान र पाकिस्तान हुँदै भारत, सोमालिया, रसिया हुँदै विश्वको कुना कुनामा यसले त्रसित पारेको भाव कवितामा वर्णन गरिएको छ । भोकको पीर पूर्व र पश्चिम विकसित मुलुकहरूमा पनि उत्तिकै फैलिएको छ । यस प्रकारका भोकहरूको निवारण कवयित्रीले सञ्जीवनीको घुट्का पिलाएर गर्ने इच्छा व्यक्त गरेको देखिन्छ :

खै कहाँ छ त्यो कमण्डलु सञ्जीवनीको ?
जसले तुष्ट पारिदिने छ भोका प्रेतलाई
घरदिएर जल शान्तिको (पृ. ७४)

यस प्रकार भोकले मरेका प्रेतहरूको आत्मशुद्धि र शान्तिका निम्ति सञ्जीवनी जस्तो औषधिको प्रयोग गरेर त्यसको निवारण गर्ने भाव पनि प्रकट भएको छ ।

**(ख) उद्देश्य**

भोक भन्दा सन्तुष्टि नै ठूलो हो भन्ने भावका साथै स्वार्थपरकता भन्दा मानवता नै ठूलो हो भन्ने विचार प्रस्तुत कवितामा व्यक्त भएको छ । अमृतमय आनन्द र चिरशान्तिको खोज गर्नु कविताको मूल उद्देश्य रहेको देखिन्छ । भोक समय, जात भन्दा पनि माथिको एउटा मानवीय र चराचर जगतको तृष्णा हो । त्यही तृष्णालाई विषयवस्तु बनाएर यसबाट कसरी त्राण वा मुक्ति पाउने भन्ने उद्देश्यले यो कविता लेखिएको देखिन्छ । विभिन्न प्रकारका भोकको व्याख्या दिदै अन्त्यमा कवयित्रीले यस भोकको अग्निबाट मानवीय जगतलाई मुक्ति दिलाउनका निम्ति सञ्जीवनीको खोज गरेको देखिन्छ । जसले गर्दा भोकले तडपिएर मरेका आत्माहरूले पनि मुक्ति पाउने बाटो खुलेको पाइन्छ । कविताको अन्त्यतिरका केही वाक्यहरूले भोकको सामना गर्न सैरकल्पनाको सहारा लिएको देखिन्छ । मूलतः भोकको निवारणका निम्ति जुटेको यस कविताको उद्देश्य मानवको पक्षमा सकारात्मक नै देखिन्छ ।

### (ग) भाषाशैली

प्रस्तुत कवितामा कथावस्तु सर्वोपरि भोकमा केन्द्रित भएको हुँदा भोक एउटा जटिल समस्या बन्न पुगेको छ । विभिन्न स्थानिक बिम्बहरूका माध्यमले भोक विश्वभरि नै व्याप्त रहेको हुँदा समग्र कविता जटिल बन्न पुगेको छ । नेपालीमा अत्यधिक मात्रामा प्रचलित सरल शब्दहरूको उपयोग गरे पनि शब्द, पदावली र वाक्यहरूले व्यक्त गरेका भावहरू प्रस्तुत भन्दा अप्रस्तुत, व्यक्तिबोध भन्दा समष्टिबोधतिर अग्रसर भएकाले कविता क्लिष्ट बन्न पुगेको छ । अमेरिका, पाकिस्तान, भारत, सोमालिया, रसिया जस्ता स्थानिक बिम्बहरूले भोकको व्यापकतालाई सङ्केत गरेको छ भने सञ्जीवनी, कमण्डलु, आचमनी जस्ता दृश्य बिम्बले भोक निवारणतर्फ, शान्ति र सन्तुष्टि तर्फ अग्रसर गराउँदै समाधानको बाटो देखाएको पाइन्छ । कवि निरु शर्मा भोकको ताडनामा पनि शब्दहरू कोरिन सक्छन् भन्ने व्यञ्जना समेत गर्न पुग्छिन् । भोकमा शब्दहरू कोरिनु एउटा विद्रोहात्मक र त्रासदीपूर्ण संयोजनले युगको चरण व्यर्थता र विसङ्गतिलाई सङ्केत गरेको छ । मुक्त लयमा लेखिएको प्रस्तुत कविता व्यञ्जनात्मक शिल्पशैली उपयोग भएको कविता बन्न पुगेको छ । केही उदाहरणहरू यस प्रकार निम्नानुसारले देखाइन्छ :

आँखा अघि छरिएका भोका लाशले
बाटो छेक्छन् भोका प्रेतले !
भोको प्रेतपुरीको कोलाहल र आर्तनादमा
भुलि सक्यौं हामीले गाउन
आत्मशुद्धिको गीत (पृ. ७३)

विश्वभरि भोक नै मृत्युको कारण बनेको र मृत प्रेतात्माहरूले कोलाहल गर्दै बाँच्नेहरूमा त्रासदीय स्थितिको सृष्टि गरेको देखिन्छ । यहाँ प्रस्तुत भन्दा अप्रस्तुत र अमूर्तता तिर उन्मुख भएको स्थितिको वर्णन पाइन्छ ।

असमेली नेपाली कवितामा मात्र नभएर सिङ्गो नेपाली कवितामा नै निरु शर्मा पराजुलीको योगदान उल्लेखनीय देखिन्छ । उनले नेपाली भाषामा मात्र नभएर असमिया भाषामा पनि काव्यिक योगदान दिएकी छन् । उनका नेपालीमा लेखिएका गद्य कविताहरू सरल किसिमका नभएर गहन किसिमका नै देखिन्छन् । प्रगतिशील भावधारामा व्यक्त भएका उनका कवितामा युगीन विसङ्गतिको चित्र प्रस्तुत भएको देखिन्छ । शिल्पगत दृष्टिले पनि यिनका कविता सबल देखिन्छन् । उखान र टुक्काहरूको प्रयोगले यिनका कविता उदाहरणीय बन्न पुगेका छन् ।

## ९.३.१० किरणकुमार राई र उनका कविता कृति

नेपाली जातिको अस्तित्व र जागरणका विषयमा कविता लेख्ने किरणमकुमार राई स्वाधीनोत्तर कालको तेस्रो चरणका महत्त्वपूर्ण कवि हुन् । यहाँ राईको काव्यगत प्रवृत्ति र उनको प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

### ९.३.१०.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको तेस्रो उपचरण जातीय जागरणको उत्थान कालको समयमा राम्रा कविता लेख्ने कविका रूपमा किरणकुमार राई (१९६६) देखा पर्छन् । १९९० को दशकदेखि कविता लेखनको प्रारम्भ गरेका किरणकुमार राईको काव्य यात्रा 'खोजहरू- शान्तिको, विस्तृतताको' (**स्रष्टा**, १९९०) शीर्षकको कविताबाट भएको हो । उनको प्रथम कविता सङ्ग्रह १९९५ मा प्रकाशित भएको देखिन्छ । अनुवादकका रूपमा स्थापित भई भारतीय साहित्य अकादमी अनुवाद पुरस्कारसम्म हासिल गर्न सक्षम भएका राईको कवितामा पनि उत्तिकै दखल रहेको छ । केदार गुरुङको प्रोत्साहनले प्रारम्भ भएको काव्य यात्राले पछिल्लो समयमा उर्वरता प्राप्त गरेको देखिन्छ । उनका कविताहरूको उर्वरस्थल असमको तेजपुर भए पनि पृष्ठभूमि भने दार्जिलिङ नै रहेको उनको स्वीकारोक्ति छ । आफ्ना कविताहरूलाई आत्मसम्मोहन र घाइते संज्ञा दिने राई कविका रूपमा स्थापित भइसकेका छन् । मूलतः कविता विधामा सशक्त योगदान दिने किरणकुमार राईका आजसम्म प्रकाशित कविता कृतिहरू यस प्रकार छन् :

(१) **आत्मसम्मोहन र घाइते शब्द** (१९९५)

(२) **मायाजालमा बन्दी शब्दहरू** (२००९)

किरणकुमार राईको करिब दुई दशकको कविता यात्रा देखिन्छ । यस अवधिमा उनले विभिन्न पत्र पत्रिकामा कविता लेख्नुका साथै समालोचनात्मक तथा अनुसन्धानात्मक कृतिहरू पनि प्रकाशित गरिसकेका छन् । उनको कविता यात्रालाई हेर्ने हो भने प्रवृत्तिगत दृष्टिले त्यति अन्तर नदेखिए पनि केही कविताहरूले भावको उत्कृष्टतालाई छोएको देखिन्छ । उनका कवितामा युगीन यथार्थको प्रकटीकरण पाइन्छ । केही कविताहरूमा संवेदनात्मक स्थितिको चित्रण र समकालीन नेपाली सामाजिक तथा राजनीतिक परिस्थितिको विसङ्गत पक्षहरूको चित्रण छ । उनका कविता यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गर्न सकिन्छ :

(१) पूर्वार्द्ध चरण (१९९०-२०००)

(२) उत्तरार्द्ध चरण (२००१ देखि यता)

किरणकुमार राईको कविता यात्रामा देखिएको मूलभूत प्रवृत्ति भनेको नै प्रयोगवादी र युगीन विसङ्गतिको चित्रण हो । उनका पूर्वार्द्धका कवितामा पलायनवादी मनोभाव, प्रकृति चित्रण, प्रेम वियोगको स्थिति, वैयक्तिक पीडाको अनुभूति, परिवर्तनको चाहना, इतिहासको खोज, त्रासदीय समयको प्रस्तुतीकरण, पर्यावरणप्रति मोह, भ्रमपूर्ण जिन्दगीको चित्रण, वर्तमानको निस्फलता र निस्सारताप्रति खेद प्रकट, विसङ्गत जीवनको त्रासद अनुभूति, वर्तमानप्रति असुरक्षाबोध जस्ता विशेषताहरू पाइन्छन् भने उत्तरार्द्धका कवितामा

स्वच्छन्दतावादी, आख्यानात्मक अभिव्यक्ति, युद्धविभीषिकाको चित्रण, प्रयोगवादी चिन्तन, ईश्वर चिन्तनप्रति व्यङ्ग्य, धार्मिक व्यङ्ग्य, सस्तो कविता लेखनप्रति व्यङ्ग्य, साइवर संस्कृतिको विकासप्रति सचेतता, संवादात्मक कविताको प्रस्तुति, पर्यावरण सुरक्षाप्रति सजगता, पौराणिक आद्यबिम्बहरूको प्रयोग, आत्मिक पीडाबोध, नारीको सङ्कटमय जीवनप्रति चिन्तित जस्ता मूलभूत विशेषताहरू पाइन्छन् । उनका कवितामा पाइने मूलभूत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) प्रयोगवादी जीवन दृष्टि, युगीन विसङ्गति तथा समस्याको प्रस्तुतिका साथै शोषण अन्याय र अत्याचारको विरोध

(२) मानवीय मूल्य र मान्यतामा आएको ह्रासको चित्रण

(३) मानसिक पीडा, कुण्ठा र द्वन्द्वको मृत्युमुखी भावबोध

(४) स्वच्छन्दतावादी, भावुक र मानवतावादप्रति प्रवाहित

(५) व्यङ्ग्य चेतना, सरल र गम्भीर अभिव्यक्ति, आलङ्कारिक सौन्दर्यात्मक भाषाको प्रयोगका साथै भाव अनुकूलका बिम्ब तथा प्रतीकको प्रयोग

### ९.३.१०.२ 'खोजहरू -- शान्तिको, विस्तृताको' कविताको विश्लेषण

किरणकुमार राईद्वारा लिखित **खोजहरू -- शान्तिको, विस्तृतताको** कविता 'आत्मसम्मोहन र घाइते शब्दहरू' कविता सङ्ग्रहमा सङ्गृहीत छ । यस कवितामा वर्तमान युगमा मानिस खुम्चिदै गएको सन्दर्भलाई मुख्य काव्य बनाएर सङ्कीर्णता र अशान्तिबाट व्यापक र शान्त जीवनको खोज गरिएको छ । यहाँ यस कवितालाई विषयवस्तु, शिल्पशैली र उद्देश्यका दृष्टिले विश्लेषण गरिएको छ ।

### (क) भाव विधान

'खोजहरू -- शान्तिको, विस्तृतताको' कविताको विषयवस्तु वर्तमान युगको अशान्त र सङ्कीर्ण मानव नै रहेको छ । वर्तमान बुद्धिवादी युगमा मानिस आफ्नै बुद्धिले सीमित बन्दै गएको विषयलाई कवि राईले यस कविताको विषय बनाएका छन् । मानिस आफ्नो बौद्धिक क्रियाकलापका कारणले नै हाँस्न सकेको छ न रुन सकेको छ । आजको मान्छे आफैभित्र क्षतविक्षत बन्दै विध्वंश, विस्थापन र आस्थाहीन बन्दै गएको तथ्यलाई यहाँ देखाइएको छ । मानव भएर हिँड्ने विस्तृत मार्गको अभावमा मानिस खुम्चिदै निर्दयी, लाचार असमर्थ भएको तथ्य कवितामा व्यक्त भएको छ । जस्तो :

हिजोको साँझ
तिम्रो संघारको अघिबाट एक मुण्डित नवकिशोर भिक्षु
भिक्षादान नपाएर फर्किन लागेका क्षणहरूमा
---

इच्छा त कसलाई हुँदैन शान्ति-सृजनाको ?
आकांक्षा त कसलाई हुँदैन शान्ति स्थापनाको ?
यसैले नै मलाई फेरि भन्न मन लाग्दैछ
मलाई एउटा विस्तृत सडकको नितान्त प्रयोजन भइसक्यो (पृ. २१)

उपर्युक्त कविता पङ्क्तिहरूमा कवि राई बिम्बहरूको उपयोग गर्दै वर्तमानमा मानिस कठोर र सङ्कीर्ण भएको भाव व्यक्त गर्दछन् । पाश्चात्य पुराणका एडम र इभ अनि पूर्वीय बुद्धको बोधिसत्वको सन्दर्भ उठाउँदै आज तिनको सान्दर्भिकताको खोजी गरिएको छ । शान्ति स्थापनाका निम्ति गरिने शिखर सम्मेलनप्रति व्यङ्ग्य गर्दै अब प्रत्येक डाँडाकाँडामा शान्ति स्थापना हुनु पर्ने विषयलाई कविले यस कवितामा कथ्यका रूपमा उपस्थापन गरेका छन् ।

### (ख) उद्देश्य

'खोजहरू -- शान्तिको, विस्तृतताको' कविता वर्तमान मानिसका अन्तर पीडा र बेथितिप्रति लक्षित देखिन्छ । आदिम कालमा नै इभले संसारको फल खाएको सन्दर्भले मानिसको आधार नै त्रुटिपूर्ण पो छ कि भन्दै मानिसका सांसारिक पीडाको उद्घाटन गर्ने प्रयास गरिएको छ । बुद्धले बुद्धत्व प्राप्त गर्नु गल्ती थियो कि भन्ने आशङ्का गर्दै मानवीय चाहनाका रूपमा रहेको शान्ति नहुँदाको व्यङ्ग्य र ठूला ठूला शान्ति सम्मेलन देखावटी मात्र भएको भाव पनि यसमा व्यक्त भएको हुँदा कविताको मूल उद्देश्य शान्तिको चाहना रहेको देखिन्छ । शान्ति र सद्भावको खोजी गर्ने मानव झन सङ्कीर्ण बाटो हिँड्न पुगेको भाव व्यक्त गर्दै अब विस्तृत मार्ग अवलम्बन गर्नु पर्ने उद्देश्य यस कवितामा प्रकट भएको छ ।

### (ग) भाषाशैली

प्रस्तुत कविता मुक्त लयमा संरचित प्रगीतात्मक संरचनामा लेखिएको छ । कथ्यको प्रस्तुतिका निम्ति बिम्ब र प्रतीकको आश्रय लिइएको यस कवितामा युगीन मानवीय पीडा र असङ्गतिहरूलाई ध्वन्यात्मक रूपमा व्यक्त गरिएको छ । 'एक क्षण त हाँस्नु पर्‍यो', 'एक क्षण त चिच्याउनु पर्‍यो' जस्ता वाक्यहरूले वर्तमान मानिस हाँस्न र रुन नसक्ने घेरामा रहेको विवशतालाई सङ्केत गरेको छ । बुद्धि अघिल्तिर लम्पसार पर्नु, आस्था सल्किनु, निस्तब्धता समेट्नु जस्ता पदावलीहरूमा भएको अर्थगत विचलनले काव्यार्थलाई विशिष्ट तुल्याएको पाइन्छ । बोधिवृक्ष, इभ, गौतम बुद्ध जस्ता पौराणिक बिम्बले वर्तमान मानिसका दयनीय अवस्था र त्यसबाट मुक्तिको चाहना प्रकट हुन पुगेको छ । सेता परेवा, बोधिवृक्षको फल, अमरसिंह थापा, शिखर सम्मेलन जस्ता प्रतीकात्मक शब्दले वर्तमानमा गुमेको शान्ति, मानवीय त्रुटि, पुर्खाको वीरता र वर्तमानको आडम्बरतर्फ सङ्केत गरेको पाइन्छ । प्रस्तुत कवितामा सरल र अभिधेय तहका शब्द भन्दा प्रतीकात्मक र व्यञ्जनात्मक शब्दहरूको छनोट गरी पुराण, इतिहास जस्ता क्षेत्रका शब्दहरूको उपयोग गरिएको हुँदा कविता केही जटिल र गम्भीर बन्न पुगेको छ ।

### ९.३.११ गोविन्द शाण्डिल्य र उनका काव्य कृति

नेपाली जातीय स्वामीमानलाई विषय बनाएर कविता लेख्ने असमेली नेपाली कविहरूमा गोविन्द शाण्डिल्य एक महत्त्वपूर्ण कवि हुन् । यहाँ शाण्डिल्यको काव्यगत प्रवृत्ति र उनको प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

### ९.३.११.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालका तेस्रो उपचरणका शक्तिशाली हाइकु, गजल र कविता लेख्ने कविका रूपमा गोविन्द शाण्डिल्य (१९६२) देखा पर्छन् । १९८० को दशकदेखि कविता यात्रा प्रारम्भ गरेका शाण्डिल्यको कविता सङ्ग्रह भने १९९६ मा मात्र प्रकाशित भएको पाइन्छ । यिनले कविताका साथै हाइकु र गजलको पनि रचना गरेको देखिन्छ । मूलतः कविता, हाइकु र गजल विधामा सशक्त योगदान दिएका गोविन्द शाण्डिल्यका हालसम्म प्रकाशित कृतिहरू यस प्रकार छन् :

(१) कुरुक्षेत्र (कविता सङ्ग्रह, १९९६)

(२) पूर्वारुण (हाइकु सङ्ग्रह, १९९७)

(३) मेरो मुटुमा मेरो देश (कविता सङ्ग्रह, २००२)

(४) गजल गन्धार (गजल सङ्ग्रह, २००६)

(५) फूल फिलिङ्गाहरू (हाइकु सङ्ग्रह, २००८)

गोविन्द शाण्डिल्यको करिब तीन दशकको कविता यात्रा देखिन्छ । उनी पत्र पत्रिकाको सम्पादनका साथै सङ्घ संस्थाहरूसँग पनि आबद्ध छन् । उनको कविता, गजल तथा हाइकु लेखनको यात्रालाई हेर्दा प्रारम्भिक कविता र हाइकुमा केही प्रवृत्तिगत भिन्नता देखिन्छ । “हाइकुकार शाण्डिल्यले फूल फिलिङ्गाहरू (२००८) मा मुक्त छन्द र विषयको व्यापकता प्रतिपादन गरेका छन् । शुद्ध प्रकृति चित्रण थोरै हाइकुहरूमा पाइन्छ । धेरै जसोमा सामाजिक, राजनैतिक, वैचारिक, धार्मिक एवं स्वजातीय चेतलाई तीक्षण व्यङ्ग्य हानेको देखिन्छ” (दाहाल, २००७ : xix) । काव्य लेखनको प्रारम्भमा गीत र गजलहरूबाट प्रभावित हुने शाण्डिल्यको काव्य यात्रालाई निम्नलिखित तीन चरणमा विभाजन गर्न सकिन्छ :

(१) प्रथम चरण (१९८१-१९९६)

(२) दोस्रो चरण (१९९७-२००२)

(३) तेस्रो चरण (२००३-२००८)

गोविन्द्र शाण्डिल्यको काव्य यात्रा अस्सीको दशकदेखि प्रारम्भ भए तापनि यिनी जातीय जागरणको उत्थान कालका कवि हुन् । उनका काव्य यात्रामा देखिएका प्रथम चरणका मूलभूत प्रवृत्ति भनेको सभ्यताको विशृङ्खलताको चित्रण, शोषण र अन्यायको

प्रदर्शनका साथै अव्यवस्थित कानुन व्यवस्थाप्रति वितुष्टि, युद्धजन्य भयावह परिस्थितिको चित्रण, आफ्नो अधिकार र हकप्रतिको सचेतता, विप्लवी बन्दै सुरक्षा र देशका निम्ति लड्ने भावना, भाषा र संस्कृतिप्रति प्रेम र नेपालीत्व भावना जगाउने प्रयास उनका कवितामा यत्र तत्र पाइन्छ । आजका मानिसका कष्ट, दुःख, वेदना, आघात, रक्ताम्य परिवेश शाण्डिल्यका कवितामा प्रतिबिम्बित भएको छ । यस्तै अस्थिरता र अनिश्चयता, विपर्यय र विशृङ्खलताका बिचमा मानिसले सङ्घर्षरत हुनै परेको छ भन्ने भावना उनका कवितामा देखिन्छ (पराजुली, १९९६ : x) । उनका कविताले परम्पराप्रति मोह देखाउँदै जातीय कविप्रति सम्मान प्रदर्शन, जातीयतावादी चिन्तन, ऋतुहरूप्रति प्रणयमूलक भाव, आणविक शस्त्रास्त्रको विरोध, परिवर्तनको चाहना, मानवीय भेदभावप्रति विरोध, नारीप्रतिको श्रद्धाका साथै सत्य नासिनु, असत्य झ्याङ्गिनु र पक्षपात फैलिनु जस्ता भावधाराहरू उनका कवितामा देखिन आएको पाइन्छ । उनका प्रथम चरणका कवितामा जातीय अस्मिताको खोजी, त्रासपूर्ण परिस्थितिको वर्णन आदि विशेषता पनि पाइन्छ । १९९७ देखि यताका हाइकु कवितामा स्वजातिको स्वाभिमानप्रति गौरव प्रदर्शन, जातीय संस्कृतिको गौरव गान, राष्ट्रिय स्थितिप्रति तिखो व्यङ्ग्य, असमका नेपाली जातिको दुर्दशाको चित्रण, असमको वर्तमान भातृघाती वीभत्स संहारको चित्रणका साथै गरीबप्रतिको सहानुभूति प्रदर्शन उनका कविताका विशेषता हुन् । "यस प्रकार उनका हाइकुमा विभिन्न समयका मानवीय भाव र स्थितिको राम्रो चित्रण र वर्णन पाइन्छ र उनमा मानवप्रति सम्वेदना रहेको पाइन्छ" (नेपाली, १९९७ : xii) । उनका हाइकुमा ईश्वरप्रतिको आस्था, सहरमुखी सभ्यताको चित्रण, अतीतप्रति मोह, वर्तमानप्रति आस्था, गरिबीले सताएको त्रासमय जीवनको चित्रण, अनुबन्धित जीवनबोध, नेपालीत्वप्रति गौरब अनुभूति, भारतीयताप्रति गौरवबोध, आडम्बरको विरोध, पर्यावरण विनाशको चित्रण, जातीय तथा धार्मिक एकताको कामना, युद्धजन्य परिस्थितिको वर्णन, वर्तमान राजनीतिप्रति व्यङ्ग्य, शिक्षा पद्धतिको विरोध, जातीय र धार्मिक एकताको कामना, संस्कृति र परम्पराको नाममा आइपरेको आर्थिक कठिनाइको चित्रणका साथै सच्चाइको वातावरण हराएर जताततै दुर्जनले बास गरेको स्थितिको वर्णन गर्नु उनका हाइकुमा देखिएका विशेषता हुन् । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) हत्या, हिंसा र विनाशको विरोध, मानवतावादी, जीवनवादी र आशावादी चेतना

(२) भोगविलास र अति आधुनिकताको विरोध गर्दै गरिबी र उपेक्षितहरूप्रति प्रेम भाव

(३) मानवीय सभ्यताले दिएको आघात र विश्वासघातको विरोध गर्दै परिवर्तनको कामना

(४) पक्षपाती भावनाको विरोध गर्दै वर्तमान राजनीतिप्रति व्यङ्ग्य

(५) जीवनप्रति असन्तुष्टि र भ्रष्टाचारको विरोध

(६) जातीय अस्तित्व र अस्मिताको खोजी, अस्तित्ववादी चेतना र अधिकारको खोजी

(७) पर्यावरणप्रति सजग बन्दै प्रकृतिप्रति मोह र वैदिकयुगप्रति आस्था राख्दै वर्तमान सभ्यताप्रतिको विरक्तिभाव

### ९.३.११.२ 'पूर्वारुण' हाइकु कविताको विश्लेषण

गोविन्द शाण्डिल्यले कविता सङ्ग्रह र फुटकर, गजल र हाइकु गरी हालसम्म तीन सय भन्दा बढी कविता लेखेको पाइन्छ । विषयवस्तुको सशक्तता, कलात्मक अभिव्यक्ति, युगीन यथार्थको चित्रण र असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थित आदिका दृष्टिले उनको पूर्वारुण (हाइकु) कविता सङ्ग्रहलाई मुख्य प्रतिनिधि हाइकु कविताका रूपमा मानिएको छ । प्रतिनिधि कवितालाई विषयवस्तु, उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ ।

गाविन्द शाण्डिल्यको **पूर्वारुण** हाइकु सङ्ग्रह १९९७ मा लेखिएको कृति हो र उनको यस हाइकु सङ्ग्रहमा जम्मा दुई सय पचीस ओटा तिन हरफे हाइकु सङगृहीत छन् र छ सय पचहत्तर पङ्क्तिको आयाममा यो विस्तारित देखिन्छ । संरचनात्मक दृष्टिले यो ५-७-५ अक्षरी तिन हरफे जापानी हाइकु ढाँचामा लेखिएको पाइन्छ ।

### (क) भाव विधान

'पूर्वारुण' हाइकु सङ्ग्रहका हाइकुहरूमा जातीय अस्मिता र राष्ट्रिय अखण्डतावादी चिन्तन पाइन्छ । यस सङ्ग्रहमा जीवनका कटुमधु पक्षको चर्चा गरिएको छ । शाण्डिल्यका कवितामा स्वजातिको स्वाभिमानप्रति गौरब बोध गरेको भावका साथै जातीय संस्कृतिप्रति पनि गौरवबोध गरिएको छ । उनका हाइकु कवितामा ठाउँ ठाउँमा गरिबप्रति संवेदनशील तथा सहानुभूति प्रदर्शन गरिएको छ । कवितामा आचार्य स्वार्थी हुनु, एकलव्य लुण्ठित हुनु, मानवता शून्य हुनु, चौतारीमा शीतलता हराउनु, बलवीर्य लिलामी हुनु, आमा रुँदा छोरो घिनाउनु, भक्ति विलुप्त हुनु, नेपालीको अस्मिता ज्वलन्त चितामा दग्ध हुनु, टपरी रित्तो हुनु, महलका भित्तामा मजुर नाच्नु, भोका र नाङ्गाको रङ्ग पोतिनु जस्ता स्थितिका विडम्बनापूर्ण भाव यहाँ व्यक्त गरिएको छ । यस्ता भावलाई व्यक्त गर्ने केही हाइकु यस प्रकार छन् :

(१) स्वार्थी आचार्य
लुण्ठित एकलव्य
राज स्वदेशी (पृ. २, हाइकु ७)

(२) खै शीतलता
त्यो चौतारीमा
गन्हायो मुर्दा (पृ. ५, हाइकु १७)

(३) बन्धकी सूर्य
लिलामी बलवीय
नेपाली जाति (पृ. ६, हाइक २१)

(४) रोइन आमा
घिनाएछ छोराले
पाउ पावन (पृ. १०, हाइकु ३८)

(५) मन्दिरमा छ
नर निर्मित मूर्ति
विलुप्त भक्ति (पृ. १२, हाइकु ४८)

कवितांश (१) मा पौराणिक आख्यान महाभारतमा दोणाचार्यले एकलव्यबाट लिएको गुरु दक्षिणा स्वरूपमा दाहिने हातको बुढी औंलो लिएकोले आचार्यलाई स्वार्थी र एकलव्यले औंलो दिएकोले लुण्ठित भनिएको छ । यहाँ आचार्यको स्वार्थता र एकलव्यको लुण्ठन आज पनि समाजमा व्याप्त छ भन्ने भावनालाई प्रकाश पारिएको छ । कवितांश (२) मा गाउँको चौतारीमा रमाइलो शीतलताको सट्टा मुर्दा गन्हाउनु जस्तो विडम्बनापूर्ण भाव व्यक्त भएको छ । कवितांश (३) मा नेपाली जातिको जीवन अरूको गुलामी गर्दै बितेको भाव व्यक्त भएको छ । कवितांश (४) मा आमा बाबु बुढाबूढी भएपछि छोराहरूबाट घृणित हुनु परेको भाव प्रकट भएको छ । कवितांश (५) मा वर्तमान स्थितिमा भक्ति भावनाभन्दा पनि आडम्बरपूर्ण साज सज्जाप्रति बढी महत्त्व दिएकोमा व्यङ्ग्यपूर्ण भाव व्यक्त भएको देखिन्छ । कवितामा जिन्दगीलाई नदी र नदीलाई समयसँग तुलना गर्दै जिन्दगी अविरल बगिरहेको भाव प्रकट भएको छ । यसरी नै गरिबी र प्राकृतिक प्रकोपको ध्वंशको लीला देखाउँदै दुःखद मानवीय स्थितिको पक्षधर भएको भाव पाइन्छ । कवितामा सूर्य उपेक्षित हुनु, गोली र तीरले भरिएको परिस्थिति देखिनु, हरिया पातहरू झारिनु, पेटमा पटुकी कसिनु, इतिहास हराउनु, जतातते कसाई घुम्नु, मान्छेमा मानवीय पन हराउनु जस्ता त्रासपूर्ण भाव र विषयवस्तुले कविता विश्वजनिन बन्न पुगेको छ ।

**(ख) उद्देश्य**

राष्ट्रियता जातीय अस्तित्व तथा सङ्घर्षशील मानवीय जीवनको चित्रण प्रस्तुत गर्नु नै यस हाइकु सङ्ग्रहको मूल उद्देश्य रहेको देखिन्छ । कविले आफू जन्मेको देशप्रति अगाध मायाका साथै जाति र जातीय अस्तित्वको सुरक्षाका निम्ति जनसमूहमा एकत्रित भावना देखाउने उद्देश्य रहेको पाइन्छ । कविले यस सङ्ग्रहमा भातृघाती सङ्घातको वीभत्सपूर्ण चित्रण प्रस्तुत गरेका छन् । मानवीय जीवनको सङ्घर्षशील स्थितिको चित्रण गर्नु पनि यस काव्यको उद्देश्य रहेको देखिन्छ । उद्देश्यलाई देखाउने केही तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

(१) मागी खाँदैन
पसीनाको पुजारी
इमान्दारी (पृ. १०, हाइकु ३९)

(२) ज्वलन्त चिता
किन आज नेपाली
जाति अस्मिता (पृ. १४, हाइकु ५५)

(३) जल्दै छ मान्छे
जिउँदै वज्रपर्दा
खुल्दैन पर्दा (पृ. २७, हाइकु १०६)

उपर्युक्त तथ्याङ्कहरूमा नेपाली जातिको जातीय अस्तित्व विलयतिर लागेको पाइन्छ । नेपाली जातिको जातीय अस्तित्व, मानवीय सङ्घर्षको चरमोत्कर्ष तथा राष्ट्रियता भाव यी तिनओटा कुराको उद्घाटन गर्ने उद्देश्य काव्यमा रहेको देखिन्छ । कवितांश (१) मा नेपाली जातिले परिश्रम र पसिना चुहाएर आफू गरिखाएको स्थितिलाई देखाइएको छ । कहिलै मागेर खान मन नपराउने यो जाति अक्लान्त परिश्रमी रहेको जानकारी दिनु पनि अर्को उद्देश्य रहेको देखिन्छ । कवितांश (२) मा नेपालीको अवस्था ज्वलन्त चिता जस्तै भष्म हुन खोजेको स्थितिलाई देखाइएको छ । नेपालीको आफ्नो अस्तित्व नभएको, आफू मरेर अरूलाई उठाउने यो जातिको अस्मिता दाउमा लागेको देखाउने उद्देश्य यहाँ देखिन्छ । कवितांश (३) मा सङ्घर्षशील मानवीय जीवनको चित्रण प्रस्तुत भएको देखिन्छ । यहाँ वर्तमान समयको मान्छे युद्धमा जलेको छ, भातृ संघातमा जलेको छ, भ्रष्टाचारमा जलेको छ । यी नै मानवीय संघात देखाउने उद्देश्य यस कविताको रहेको पाइन्छ । यस प्रकार 'पूर्वारुण' सङ्ग्रहभित्र देखिएको मूल उद्देश्य हो राष्ट्रिय अखण्डताको सुरक्षा जातीय अस्मिताको सकारात्मक मनोभाव र मानवीय संघातलाई देखाउनु हो ।

### (ग) भाषाशैली

प्रस्तुत कविता जापानी हाइकु शैलीमा लेखिएको छ । यहाँ ५-७-५ अक्षरको निर्वाह गरेर तिन हरफमा एउटा एउटा हाइकु तयार पारिएको छ । कुनै कुनै हाइकुमा ७-११-६ वर्णक्रम पनि राखिएको छ । जापानी ५-७-५ लाई दुरुस्तै ५-७-५ मा मिलाउनु कठिन रहे पनि यहाँ धेरै जस्तो हाइकु ५-७-५ वर्णानुक्रममै रहेका छन् । कविले ५-७-५ अक्षरक्रम र तीन पङ्क्तिको विधान बाहेक अरू जम्मै कुरामा उन्मुक्त अभिव्यक्ति दिएको पाइन्छ । उनका "धेरैजसो कविताहरूमा यस्ता ध्वन्यात्मकताको कुशल निर्वाह गरिएको पाइन्छ । प्रतीकहरू प्रायशः प्रकृतिबाटै लिइएका छन् । प्रकृतिका कटु मधु दुवै पक्षलाई जीवनका विविध कटु मधु अनुभवका समानान्तरमा राखिएका छन् । यसले गर्दा कविता दुरुह बन्नबाट बचेको छ । वर्तमान विश्वका शैक्षिक, राजनैतिक पर्यावरणीय आदि विकृति र प्रदूषणप्रति कवि खिन्नता प्रकट गर्छन् । कतै व्यङ्ग्यात्मक तरिकाले वर्तमान स्थितिलाई देखाउँछन्" (भण्डारी, १९९७ : vi) । शाण्डिल्यका अरूहरू हाइकु सङ्ग्रहका तुलनामा वर्णक्रम यस सङ्ग्रहमा मिलेको पाइन्छ । सरल शब्दमा गम्भीर भावव्यञ्जना प्रस्तुत भएका उनका हाइकुले धेरै सन्देश छोडेका छन् । छोटा र सरल वाक्यले अर्थलाई सम्प्रेष्य बनाएका छन् । कवितामा प्रयुक्त केही अनुप्रासयुक्त हाइकुहरूलाई यस प्रकार देखाउन सकिन्छ :

(१) उग्र अरनी
यो आकाश-धरणी
तप्त असीम (पृ. ४१, हाइकु १६४)

(२) कल्कलाउँदो
तिम्रो रूपको आभा
ए ! सुनगाभा (पृ. ४०, हाइकु १६०)

(३) फूलदानीमा फुलेछ गोदावरी
बार्दली भरि (पृ. ४२, हाइकु १६६)

प्रस्तुत हाइकुमा विस्तारित वर्णहरू, अक्षरहरू, वाक्यहरू छोटा र अर्थपूर्ण, भावपूर्ण र सारगर्भित रहेका छन् । छोटा र सरल वाक्यले कविता रसात्मक र सरल बन्न पुगेको छ । कविले समष्टिगत समस्याहरूलाई देखाउने उद्देश्यले व्यङ्ग्यात्मक भाषाशैलीको पनि प्रयोग गरेको देखिन्छ । कवितांश (१) मा अरनी-धरणी, कवितांश (२) मा आमा-गाभा जस्ता अनुप्रासयुक्त वाक्यहरूले सही अर्थका साथै समध्वन्यात्मकताको निर्वाह गरेको पाइन्छ भने कवितांश (३) मा वरी र भरीको अनुप्रास देखिन्छ । सरल भाषामा भावलाई व्यङ्ग्यात्मक बनाउनु उनको शैलीय विशेषता हो ।

### ९.३.११.३ 'मेरो मुटुमा मेरो देश' कविताको विश्लेषण

गोविन्द शाण्डिल्यको 'मेरो मुटुमा मेरो देश' कविता २००२ मा लेखिएको र उनको यो कविता **मेरो मुटुमा मेरो देश** (२००२) शीर्षकको कविता सङ्ग्रहमा प्रकाशित छ । उनको यो कविता त्रिपन्न पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हो । संरचनात्मक दृष्टिले यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो ।

#### (क) भाव विधान

'मेरो मुटुमा मेरो देश' देश प्रेममूलक कविता हो । यसमा भारत वर्षलाई मुटुमा राख्दै आफ्नो जन्मभूमिप्रति अटल विश्वास र माया र देशप्रतिको भावनात्मक सम्बन्धलाई सुदृढताका साथ वर्णन गरिएको छ । यहाँ एउटा देशप्रतिको अधिकार र कर्तव्यलाई सुन्दरताका साथ प्रस्तुत गरिएको छ । देशको संज्ञा र देशको परिभाषाभन्दा पर देशको अर्थको खोज गरिएको छ । देश एउटा मानचित्र मात्र होइन भन्दै देश आस्थाका प्रान्तभरि र अनुरागका दिगन्तभरि रहेको वर्णन यहाँ गरिएको छ । भारत देशभित्र पर्ने हिमाल र सागरको विस्तारित रूपको वर्णन गर्दै कविको मुटुमा पनि देश त्यसै गरी विस्तारित भएको छ भन्ने भावना यहाँ देखिन्छ । देशलाई कुनै संज्ञा र परिभाषामा नबाँधेर यसको प्रगतिको र विकासप्रति ध्यान दिनु पर्ने कुरा यहाँ स्पष्ट पारिएको छ । देशलाई एउटा भूगोल र मानचित्रको सीमाबाट पर एउटा सनातन भावना हो भन्दै देशलाई रक्तद्रवित चेतना हो भनिएको छ । कविले आफ्नो रगतको अणु-अणुमा भारत विशाल कोरिएको छ भन्दै मेरो मुटुमा मेरा देश अटाएको छ भन्ने देशप्रतिको अगाध माया रहेको कुरा उक्त हरफहरूले दर्साएका छन् । कविले देशको अर्थ यहाँ यसरी प्रस्तुत गरेको देखिन्छ :

देश त एउटा सनातन भावना हो
भन्नै पर्दा
देश त एउटा रक्तद्रवित चेतना हो
...
मेरो रगतको अणु अणुमा
भारत विशाल कोरिएको छ (पृ. २३)

यहाँ देशको अर्थलाई सङ्कीर्णताको घेराबाट पर सनातन भावना अर्थात् पवित्र भावनाको संज्ञा दिइएको छ । देश भनेको मानचित्र र चार सीमा भन्दा अधिक मूल्यवान सनातन भावना हो । सनातन भावनामा सदैव राष्ट्र र देशभक्ति हुन्छ । सनातन सोच र भावनाले निस्वार्थी भावको सृष्टि गर्छ र निस्वार्थ भावले मात्र देशको विकास गराउँछ भन्ने भाव व्यक्त भएको पाइन्छ । कवितामा फोहोरी राजनीतिज्ञ र सत्ताको ताज पैरिनु मात्र एउटा देश होइन भन्ने भावना देखाउँदै वर्तमान भारतीय राजनीतिको विकृति स्वरूपप्रति व्यङ्ग्य हानिएको यस कविताको मूल भाव अभिधार्थबाट भन्दा लक्ष्यार्थबाट बढी स्पष्ट हुन्छ । कविले देशको सही अर्थको खोज यस प्रकार गरेको पाइन्छ :

देश भनेको फगत
दण्ड तरवार मुकुट मात्र पनि हुँदैन
देश भनेको
आतङ्क अशान्ति नारा जुलुस मात्र पनि हुँदैन (पृ. २३)

यहाँ कविले देशको सही अर्थको खोज गर्दै देशभित्र घटेका विभिन्न घटनाहरूले मात्र देश बन्दैन देश एउटा विश्वास, भरोसा, शान्तिले मात्र बन्छ भन्ने भावना देखाएका छन् । वर्तमान भारतभित्र आतङ्कमय परिवेश, अशान्तमय राजनीति, वितुष्टि भएका जनताहरूको नारा र जुलुसपूर्ण परिस्थितिको बोध गराउँदै व्यङ्ग्यार्थमा वर्तमान अशान्तिमय अवस्थाप्रति सङ्केत गरिएको छ । कविले देश विभाजनको विरोध गर्दै ऐकबद्ध देशको कामना गरेको देखिन्छ । देशलाई यहाँ सहज सत्ता र अविभाज्य अनुकम्पा भनिएको छ । कविका श्वास निश्वासको सर्कामा विजयी विश्व तिरङ्गा फर्फरिनु र देश मुटुमा अङ्कित हुनु देश भक्तिको चरम अनुभूति हो ।

**(ख) उद्देश्य**

गोविन्द शाण्डिल्यको प्रस्तुत कविताको मूल उद्देश्य देशभक्तिमूलक चेतनालाई जगाउनु र देशको सेवा गर्नु रहेको देखिन्छ । कवितामा देशको विभिन्न अर्थ मूल्य र मान्यतालाई प्रस्तुत गर्दै देश शब्दको अर्थलाई गहनताका साथ देखाउनु यसको मूल उद्देश्य रहेको छ । 'देश' शब्दको महानता र गम्भीर अर्थको खोज गर्दै देशभक्तिको भावनालाई यस प्रकारले प्रस्तुत गरिएको छ :

मेरो साथी
देश त एक एक सहजात सत्ता
देश त एक एक अविभाज्य अनुकम्पा (पृ. २४)

उक्त कवितांशमा कविले एउटा सिङ्गो र अविभाज्य भारतको रूपलाई सदैव देख्ने इच्छा प्रकट गरेका छन् । देश विभाजन गरेर देशलाई दुर्बल पार्ने आतङ्ककारीहरूको विपक्षमा कवि उभिएको पाइन्छ । वर्तमान देश विभाजनमा लागेका विभिन्न आतङ्ककारी संगठनहरूप्रति व्यङ्ग्य गरिएकाले उक्त तथ्याङ्कको उद्देश्य आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक आदि क्षेत्रमा देखिएका विषमतापूर्ण स्थितिलाई देखाउनु रहेको छ ।

**(ग) भाषाशैली**

गोविन्द शाण्डिल्यको 'मेरो मुटुमा मेरो देश' शीर्षक कविता सरल भाषा र वर्णनात्मक शैलीमा संरचित गद्य कविता हो । गम्भीर भावलाई सरल भाषाशैलीमा प्रतीकात्मक ढङ्गले प्रस्तुत गरिएको यस कविताको सम्पूर्ण भावलाई देशभक्तिमूलक ढङ्गमा प्रस्तुत गरिएको छ । अभिधा र लक्षणा दुवै सन्दर्भबाट अर्थ्याउन सकिने यो कविता जटिल र दुर्बोध्य नभई सरल र सुबोध्य छ । यहाँ प्रयुक्त मेरो देशले भारतलाई तथा दण्ड, तरवार र मुकुटले राजनीतिलाई बुझाएको छ । कवितामा कतै छोटा छोटा पूर्ण वाक्य र कतै लामा लामा अपूर्ण र विचलनयुक्त वाक्यका माध्यमबाट देश प्रेममूलक विषयक गहन भावलाई प्रस्तुत गरिएको छ । यस कवितामा आध्यबिम्ब, मिथकीय बिम्ब र प्रतीकको पनि सहज र स्वाभाविक प्रयोग गरिएको छ । अन्तरअनुप्रासिकताले यस कविताको गद्य लयलाई सशक्त तुल्याएको छ । कविताभित्र प्रान्तभरि, दिगन्तभरि, भावना हो चेतना हो, मुकुट मात्र पनि हुँदैन, जुलुस मात्र पनि हुँदैन र छरिएको छ भरिएको छ, जस्ता अनुप्रासीय शब्द र वाक्यको सहज प्रयोग तथा कतै सम र कतै विषम पङ्क्तिमा विन्यास विशिष्ट अनुप्रास योजनाको प्रयोग गरिएको छ । यसका साथै कवितामा 'मेरोमुटुमा मेरो देश भरिएको छ' पदावलीको चारपटक पुनरावृत्ति भएकाले गद्य कविता भएर पनि लयात्मक, गेयात्मक र साङ्गीतिक बन्न पुगेको छ । भावानुकूलका बिम्ब तथा प्रतीकको प्रयोग र आलङ्कारिक भाषाशैलीले कवितालाई प्रभावशाली बनाएका छन् ।

समग्रमा गोविन्द शाण्डिल्यका कवितामा मानवतावादी र जीवनवादी दृष्टिकोणका साथै देशभक्तिमूलक चेतना पनि पाइन्छ । उनले आफ्ना हाइकु, कविता, गजल र गद्य कविताहरूमा केही न केही उद्देश्यको खोज गरेको पाइन्छ । सभ्यताको नाश गर्दै अर्थप्रति लोलुपता देखाउन वर्तमान राजनैतिक सत्ताधारीहरूलाई उनका कविताले पूर्ण रूपमा विरोध जनाएको छ । उनका छोटा तिन हरफे हाइकु कविताले क्षणभङ्गुर जीवनप्रति पनि सङ्केत गरेको छ । उनका काव्यले जातीय सभ्यता र संस्कृतिको जयगान गाएको छ । जीवनमा आइ पर्ने सुखद क्षण र दु:खद क्षणको महत्त्वपूर्ण अनुभूतिको चित्रण पनि उनका कविताका

विषयवस्तु बनेको पाइन्छ । शाण्डिल्यका कवितामा असममा विभिन्न समयमा घटिरहने भातृघाती वीभत्स संहारको चित्रण पनि प्रस्तुत भएको पाइन्छ । यिनै मानवीय भावना, देश प्रेममूलक चेतना, जातीयतावादी मनोभाव, यथार्थवादी चित्रण नै उनका कविताका केन्द्रीय कथ्य हुन् ।

### ९.३.१२ स्वाधीनता उत्तर जातीय जगारण कालका तेस्रो चरणका कवितामा लयविधान

असमेली नेपाली कविताको लयगत उपलब्धिका रूमा मुक्तलय नै रहेको छ । **उषाहरण** र **सृष्टि** महाकाव्य बाहेक अन्य प्रतिनिधि कविताहरू मुक्तलयमा नै लेखिएका छन् । यस उपचरणमा गोविन्द शाण्डिल्यका हाइकु कविता पनि देखिएको हुँदा मुक्तलय विस्तारित हुँदै नयाँ लयात्मक स्वरूपलाई प्राप्त गरेको देखिन्छ । विधापति दाहालको 'उषाहरण' महाकाव्य असम भूमिमा घटित पौराणिक सन्दर्भको उषाहरण सम्बन्धी घटनामा आधारित परम्परागत मूल्य मान्यतायुक्त भएको हुँदा यसमा मालिनी, शालिनी, इन्द्रवज्रा, शार्दूलविक्रीडित, तोटक र भुजङ्ग्रप्रभात जस्ता शास्त्रीय छन्दको उपयोग गरिएको छ । शास्त्रीय छन्दमा लेखिए पनि यसमा आनुप्रासिक शब्द संयोजनले भावानुसारी लय सिर्जना गरेको देखिन्छ । यसरी नै खेमराज नेपालद्वारा लेखिएको यस उपचरणको अर्को महाकाव्य 'सृष्टि' अनुष्टुप छन्दमा लेखिएको छ । यस महाकाव्यमा ध्वन्यात्मक लय उत्पादनका निम्ति समध्वन्यात्मक शब्दहरूको विन्यास र उही शब्दको आवृत्ति गरेको पाइन्छ । जस्तो :

खन्ती-खुँडो कटारी र कचिया कर्द वा अरू
आरा छेनीहरू लिन्थे हातैपिच्छे खुरु खुरु (सृष्टि महाकाव्य, श्लोक ५१, पृ. ९)

यस पद्यमा ख, क, जस्ता वर्णको आवर्तनमूलक विन्यासले लय सिर्जना गरेको छ । यसरी नै खुरु खुरु शब्दको आवृत्तिले पनि लयात्मकता उत्पन्न गरेको छ ।

स्वाधीनता उत्तर जातीय जागरणकालका तेस्रो उपचरणका प्रगीतात्मक कवितामा मुक्तलयको उपयोग गरिएको छ । मुक्तलयात्मक कवितामा आनुप्रासमय शब्द संयोजन, समध्वन्यात्मक शब्दहरूको विन्यास, शब्दको आवृत्ति जस्ता लयोत्पादक भाषिक प्रयोग भएको देखिन्छ । जस्तो :

फुटाले चुरा कति नव वधुले
चुँडाली फ्याँके होला पोते कति पत्नीले (ए वीर तिमीलाई नमन, पृ. ५६)

प्रकृति पुत्रको जन्ती
प्राकृतिक काखमै बस्न खोज्यो
र जङ्गलमा मङ्गल भयो (सूर्य निभ्दैन, पृ. ?)

आऊ तपस्या गरौं खोजौ भगवान
कि उडाऊँ रहेट प्रत्येकओटा तारामा (भगवानको अन्वीक्षणमा, पृ. १)

उपयुक्त कवितांशहरू मध्ये पहिलो कवितांशमा फुटाले, चुँडाले, वधूले, पानीले जस्ता शब्दहरूमा आनुप्रासिक लयात्मकता सिर्जना हुन पुगेको छ । दोस्रो कवितांशमा प्रकृति, पुत्र, खोज्यौं, भयो जस्ता शब्दहरूमा समध्वनिहरूको उपयोगले लयात्मकता सिर्जना गरेको छ । यसरी यस उपचरणका कविताहरूमा शास्त्रीय छन्द र मुक्तलय दुवै प्रकृतिका काव्य वा कवितामा शब्द संयोजनगत सचेतताले विशिष्ट भाषिक लयात्मकता सिर्जित हुन पुगेको छ ।

### ९.३.१३ स्वाधीनता उत्तर जातीय जागरण कालका तेस्रो चरणका कवितामा दृष्टिविन्दु

असमेली नेपाली कविताको स्वाधीनता उत्तरकाल अन्तर्गत दोस्रो उपचरणका अधिकांश काव्य वा कविता तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएका छन् । विद्यापति दाहालको 'उषाहरण' महाकाव्य र खेमराज नेपालको 'सृष्टि' महाकाव्य क्रमशः पौराणिक तथा सामाजिक विषयवस्तुमा आधारित महाकाव्य हुन् । पुरणाका गम्भीर विषय उपस्थापन गर्नका निम्ति तृतीय पुरुष अनुपस्थित सहभागी आख्याता सर्वज्ञ बनेका र तत्कालीन घटना, परिवेश, पात्रीय मनस्थिति जस्ता पक्षको उद्घाटन गरेको छ । यसरी 'सृष्टि' महाकाव्यमा पनि तृतीय पुरुष सर्वज्ञ आख्याताले सृष्टिका विविध पक्ष वर्णन गर्दै वर्तमान समाजका गतिविधि वर्णन गर्न पुगेको छ ।

तृतीय पुरुष दृष्टिविन्दुको उपयोग गरेर लेखिएका यस कालका कविताहरूमा मैना थापा आशाको 'ए वीर तिमीलाई नमन', लक्ष्मीप्रसाद पराजुलीका 'आउनु होस् हामी एउटा युद्धको शुभारम्भ गरौं' र 'समय यो कस्तो समय', श्याम लिवाङको 'अभिशापित कलियुग', होमबहादुर क्षेत्रीका 'मृगतृष्णाको नदी' र 'सूर्य निभ्दैन', जयन्तकृष्ण शर्माको 'भगवानको अन्वीक्षणमा', पुष्पधर शर्माको 'हाम्रो धुकधुकी जराहरू' र 'सर्वहारा', शान्ति थापाका 'हिमाली सन्तान', किरणकुमार राईको 'खोजहरू-शान्तिको विस्तृतताको', गोविन्द शाण्डिल्यको 'पूर्वारुण' र 'मेरो मुटुमा मेरो देश' कविताहरू हुन् । यिनमा अनुपस्थित सहभागी समाख्याताले एतत्कालीन असमेली नेपाली समाजका समस्या, जातीय उत्पीडन, जातीय स्वाभिमान आदि यावत् विषयवस्तु उपस्थापन गरेको पाइन्छ । यस उपचरणमा मैना थापाको 'म समय हुँ' एक मात्र कविता प्रथम पुरुष दृष्टिविन्दुमा प्रस्तुत भएको छ र प्रथम पुरुषका आत्मपीडनका माध्यमबाट नेपालीहरूले असममा भोगेका समस्या प्रस्तुत भएको पाइन्छ ।

### ९.३.१४ स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका अन्य कवि र कविता

जातीय जागरणको उत्थान कालमा जम्मा पचहत्तर जना कविका एक सय अठाह्र ओटा काव्य कृतिहरू प्रकाशित छन् । यस चरणमा आउने पचहत्तर जना कवि मध्ये तेह्रजना कविलाई प्रतिनिधिको रूपमा चयन गरी तिनीहरूका प्रतिनिधि खण्डकाव्य, महाकाव्य र

फुटकर कवितालाई माथि विश्लेषण तथा निष्कर्ष समेत प्रस्तुत गरिएको छ । यस कालमा आउने फुटकर अन्य कृतिमा प्राप्त भए अनुसार पाँचओटा गीत सङ्ग्रह, सातओटा हाइकु सङ्ग्रह, तीनओटा मुक्तक सङ्ग्रह, एउटा गजल सङ्ग्रह र तीनओटा लिमारिक सङ्ग्रह प्रकाशित छन् । उक्त अन्य कविहरू र तिनका प्राप्त भएका काव्य कृतिहरूको बेहोरा र कविका काव्यिक प्रवृत्तिहरूलाई निम्नानुसारले प्रस्तुत गरिन्छ ।

### ९.३.१४.१ टीकाप्रसाद शर्मा

स्वतन्त्रता उत्तर कालको तेस्रो चरणमा मरणोपरान्त प्रकाशमा आएका टीकाप्रसाद शर्मा लुइटेल (१९१४-१९९३) चालिसकै दशकका कवि हुन् । दार्जिलिङबाट प्रकाशन हुने **गोर्खा** पत्रिकामा १९४७ मा देश स्वाधीन भएको उपलक्षमा लेखिएको कवितालाई सम्मानपूर्वक आवरण पृष्ठमा छापिएको थियो । यही 'स्वाधीनता' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्राको थालनी गर्ने टीकाप्रसाद शर्मा लुइटेलको मरणोपरान्त **लोहित्य** (१९९६) कविता सङ्ग्रह प्रकाशित छ । सत्तरी वर्षको उमेरमा पनि भाषा मागका निम्ति क्रियाशील बन्दै भोकहडतालसम्म गर्न पुग्ने लुइटेलमा जातीयतावादी चेत प्रबल रूपमा रहेको देखिन्छ । उनका कवितामा असमप्रतिको स्नेह, उदारता र विशालताको भाव, समाज र राज्यको हित चिन्ताको कामना, नेपाली भाषाप्रतिको मोह, ऋतु वर्णन, लोहित्य वर्णन, कृषिप्रति आकर्षण, नेपालीको त्याग र बलिदानको वर्णन, अनास्था र अव्यवस्थित समाजप्रति विरक्ति बोध, ईश्वर चिन्तन, असमको सङ्कट कालीन अवस्थाको चित्रण, पत्र पत्रिकाहरूप्रति रुचि, सामाजिक तथा आर्थिक व्यङ्ग्य जस्ता मूलभूत प्रवृत्तिहरू पाइन्छन् ।

### ९.३.१४.२ डा. लालुप्रसाद उपाध्याय

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालको समयका कविहरूमा डा. लालुप्रसाद उपाध्याय (१९३७) पनि परिचित छन् । १९५७ 'आसाम गोर्खा' पत्रिका १/७ मा 'आसाम गोर्खाप्रति' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्रा थालेका उपाध्यायका **विस्मृतिका कविता** (१९९८) र **ओझेलमा परेका कविता** (२०००) दुई कविता-सङ्ग्रह प्रकाशित छन् । **विस्मृतिका कविता**मा जम्मा छयालिसओटा कविता प्रकाशित छन् । त्यसै गरी **ओझेलमा परेका कविता**मा एकचालिसओटा कविता प्रकाशित छन् । 'विस्मृतिका कविता' त्यति बेलाको परिस्थितिमा (१९५७-१९६३) रचिएका हुनाले अहिलेका वातावरणसित त्यति मेल नखाए तापनि यी कविताहरूको नेपाली वाङ्मयमा छुट्टै महत्त्व छ र नेपाली साहित्यको गतिविधि बुझ्न र क्रमिक इतिहास खोज्न यी कविताहरूले अर्कै भूमिका खेलेका छन् । "... सरलता, स्वच्छता र हामीले दैनिक जीवनमा देखि रहेका र भोगि रहेका वस्तुलाई कविता बनाउनु 'विस्मृतिका कविता' को विशेषता हो" (ज्ञवाली, १९९८ : ख) । शिक्षा र साहित्यको प्रचार प्रसारमा जोड, हरियाली प्रकृतिको कामना, समयप्रति सचेत हुन आह्वान, सङ्घर्षशील जीवनको चाहना, बितेका दिनहरूको सम्झनामा (नष्टालजिया) आतुर, कृषक र कृषिप्रति

श्रद्धाभाव, प्रेमप्रीतिमा विश्वासपूर्ण भावना, मानवीय दार्शनिक चिन्तन, स्वप्निल अनुभूति, पत्रात्मक शैलीको प्रयोग, आक्षरिक कविताको प्रयोग उनका कवितामा पाइने मूलभूत विशेषता हुन् । विभिन्न किसिमका सामाजिक समस्या, मानवीय मूल्यको खोज, ह्रासोन्मुखता, कुसंस्कारप्रति असन्तुष्टि उनका कवितामा पाइने विशेषता हुन् । पचासको दशकका कविता भएकाले भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता दुर्बल छन् । उनी एक कृषि वैज्ञानिक भएर पनि नेपाली भाषातर्फ रुचि राख्दै असमेली नेपाली कवितामा योगदान पुऱ्याएको कुरा नकार्न सकिदैन ।

### ९.३.१४.३ तुलसी काफ्ले

स्वतन्त्रता उत्तर कालको जातीय जागरणको उत्थान कालका कविहरूमा तुलसी काफ्ले (वि.सं. १९९८) पनि परिचित छन् । १९६३ को **प्रभात** पत्रिकामा 'कोपिलो' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्रा थालेका काफ्लेका **मेरो कविता यात्रा** (२००६), **कविता घर** (२००७), **कविता स्वर्ग** (२०१०), **कविता विश्व** (२०११) गरी चारओटा कविता सङ्ग्रह प्रकाशित छन् । 'मेरो कविता यात्रा' मा नेपाली भाषाका एकचालिसओटा, असमिया भाषाका सातओटा, बङ्गाली भाषाका दुईओटा, हिन्दी भाषाका एउटा र अङ्ग्रेजी भाषाका दुईओटा गरी जम्मा त्रिपन्नओटा कविता रहेका छन् भने 'कविता घर' कृतिभित्र नेपाली भाषाका सोह्र, असमिया भाषाका सातओटा, बङ्गाली भाषाको एउटा, हिन्दी भाषाका दुईओटा र अङ्ग्रेजी भाषाका आठओटा गरी जम्मा चौंतिसओटा कविता प्रकाशित छन् । त्यसै गरी 'कविता स्वर्ग' मा नेपाली भाषाका सोह्रओटा, असमिया भाषाका सातओटा, बङ्गाली भाषाका छओटा, हिन्दी भाषाका पाँचओटा र अङ्ग्रेजी भाषाका दशओटा गरी जम्मा चवालिस कविताहरूका रहेका छन् । यसरी नै 'कविता विश्व' मा पनि नेपालीमा चौधओटा, असमिया भाषाका एघारओटा, बङ्गाली भाषाका नौओटा र अङ्ग्रेजी भाषाका तेह्रओटा गरी जम्मा सतचालिस कविता प्रकाशित रहेका छन् । उनी बहुभाषी कविका रूपमा देखिन्छन् र नेपाली, असमिया, बङ्गाली, हिन्दी र अङ्ग्रेजीमा समान रूपले उनले कलम चलाएको पाइन्छ । नैतिक आदर्शवादी चेतना, धर्मप्रतिको आस्था, देशप्रेम, व्यङ्ग्य, विसङ्गति, मान्छे भित्रका विभिन्न अनुभूति र भोगाइ, ईश्वरप्रतिको आस्था, प्रेम भाव, वीरताको अभिव्यक्ति, नारीका विविध सौन्दर्यको वर्णन आदि विशेषता उनका कवितामा पाइन्छन् । उनका कवितामा वर्णनात्मकता पाइन्छ र भाषाशैली साथै कलात्मक मूल्यका दृष्टिले उनका कविता त्यति सबल देखिँदैनन् ।

### ९.३.१४.४ चक्रपाणि शर्मा

स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका गीतकार तथा कविहरूमा चक्रपाणि शर्मा (१९५१) पनि परिचित छन् । १९७० **आँखा** पत्रिकामा 'मनको वह' शीर्षकको गीत प्रकाशित गरेर काव्य यात्राको थालनी गरेका शर्माको **सयपत्री** (२००३) गीति सङ्ग्रह प्रकाशित छ । **सयपत्री** गीत सङ्ग्रहमा १९७० देखि २००० सन् भित्र रचना

भएका गीतहरू समावेश गरिएको छ । यस गीत सङ्ग्रहमा जम्मा सत्ताइसओटा गीतहरू प्रकाशित छन् । गीत सङ्ग्रहमा १९७० मा रचना गरिएका दुई गीत, १९७१ मा रचना गरिएका दुई गीत, १९७२ मा रचित तीन गीत, १९७३ मा रचित दुई गीत, १९७४ मा रचित एक गीत, १९७५ मा रचित दुई गीत, १९८० मा रचित तीन गीत, १९८२ मा रचित एक गीत, १९८३ मा रचित तीन गीत, १९८६ मा रचित एक गीत, १९८७ मा रचित तीन गीत, १९८८ मा रचित एक गीत, १९९० मा रचित एक गीत र २००० मा रचित एक गीत गरी जम्मा सत्ताइसओटा गीत समाविष्ट छन् । वर्षको कम्तीमा एक र बढीमा तीन गीत रचना गरेर ज्यादै न्यून गतिमा गीतियात्रा अघि बढाउने शर्माका गीतमा शृङ्गारिक भावनाका साथै असमिया संस्कृतिको महिमा गान गरिएको पाइन्छ । उनका गीतमा प्रकृति चित्रण, सामाजिक जनजीवन, सामाजिक विषमताले ग्रस्त समाजको अभिव्यक्ति पाइन्छ । वैयक्तिक भावना, समयको महत्त्वको गायन, हास्यव्यङ्ग्यात्मक अभिव्यक्ति, प्राकृतिक दुर्योगको अत्यास लाग्दो परिवेशको चित्रण, प्रेम वियोग र प्रेम संयोगको चित्रण जस्ता प्रवृत्तिहरू उनका गीतहरूमा पाइन्छन् । उनका गीतमा प्रेमको वर्णनात्मक अभिव्यक्ति पाइन्छ । सरल र सुबोध्य भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका प्रारम्भिक गीतहरू केही दुर्बल देखिए पनि उत्तरार्द्धका गीतहरू सबल नै रहेका छन् ।

### ९.३.१४.५ लीला कालिकोटे

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा लीला कालिकोटे (वि.सं. २००७) पनि देखा पर्छन् । १९८२ **हाम्रोध्वनि** ९/४ मा 'हाम्रो आँट' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्राको थालनी गर्ने कालिकोटेको **कविता शौर्य** (२००७) कविता सङ्ग्रह प्रकाशित छ । उनी नेपाली साहित्यमा नाटककारका रूपमा पनि परिचित छन् । १९९४ मा चुनौती नाटक प्रकाशित गरेर नाट्य यात्राको थालनी गरेका कालिकोटे मूल रूपमा कवि हुन् । उनको पहिलो कविता सङ्ग्रह 'कविता शौर्य' मा जम्मा बीसओटा कविता प्रकाशित छन् । 'कविता शौर्य' मा कविको जाति, भाषा, साहित्य र मातृभूमिप्रति अगाध प्रेम झल्केको देखिन्छ । साथै ती कविताहरूमा वीरत्व एवम् विद्रोहको आवाज पनि सुन्न पाइन्छ (गौतम, २०११ : ६) । जातीय अस्तित्वमा आएको सङ्कटकालीन अवस्थाको चित्रण, प्रगतिशील र प्रगतिवादी स्वरमा विद्रोहको भावना, तीव्र परिवर्तनको चाहना, क्रान्ति, जातीय चेतनाका निम्ति आह्वान, सामाजिक व्यङ्ग्य, जातीय अखण्डताको आह्वान, वैयक्तिक पीडाको अनुभूति आदि उनका कवितामा पाइने मूलभूत विशेषता हुन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सामान्य छन् ।

### ९.३.१४.६ नारायण उपाध्याय

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा नारायण उपाध्याय पनि परिचित छन् । १९९४ को **चौतारी** पत्रिकामा 'दाइजो' शीर्षकको

कविता प्रकाशित गरेर उनले आफ्नो कविता यात्रा थालेका हुन् । उनको हाइकु कविता यात्राले लगभग एक दशकको यात्रा गर्दैछ । शिक्षक पेसामा संलग्न रहेका नारायण उपाध्यायका जम्मा चारओटा हाइकु सङ्ग्रह प्रकाशित छन् । उनका हाइकुहरू यस प्रकार छन् : **सयपत्री** (२००४), **ज्योति मञ्जुरी** (२००७), **इन्द्रेणी** (२००९), **भावनाका छालहरू** (२०११) । उनको प्रथम हाइकु सङ्ग्रह 'सयपत्री' मा जम्मा दुई सय चौंतीसओटा हाइकु प्रकाशित छन् । त्यसै गरी 'ज्योति मञ्जरी' मा तीन सयओटा, 'इन्द्रेणी' मा तीन सयओटा र 'भावनाका छालहरू' मा तीन सयओटा हाइकु प्रकाशित छन् । "भावनाका छालहरू भित्रका छालहरू हेर्दा कविका मनका उछालहरू छाल बनेर उठेका छन् । त्रिशती अर्थात् तीन सय छालहरू वर्णानुक्रम ५-७-५ लक्ष्मण रेखा नतोडी सत्र अक्षरको खोरैमै थुनेर प्रत्येक छालहरू रचना गरेका छन् । यो कौशल कविको ठूलो काव्य प्रतिभा हो भन्न सकिन्छ" (भट्टराई, २०११ : ६) । उखान टुक्काको प्रयोग, समयको बढी महत्त्व, स्वावलम्बी हुनमा जोड, प्रकृति चित्रण, जातीय संस्कृतिको महत्त्व गान, अराजकताप्रति चिन्ता, युद्धजन्य स्थितिको चिन्ता, जातीयतावादी मनोभाव, गरिबप्रति सहानुभूति आदि उनका हाइकुमा देखिने मूलभूत प्रवृत्ति हुन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका हाइकु कविता सबल छन् ।

### ९.३.१४.७ त्रैलोक्यनाथ गौतम

स्वतन्त्रता उत्तर कालको जातीय जागरणको उत्थान कालका कविहरूमा त्रैलोक्यनाथ गौतम पनि परिचित छन् । साठीको दशकदेखि नै नेपाली कविता लेखन प्रारम्भ गरे पनि प्रकाशनको अभावले पछि परेका त्रैलोक्यनाथ गौतमको 'सदियाको झलक' (१९८५) कविता सङ्ग्रह प्रकाशित छ । 'सदियाको झलक' मा जम्मा उन्नाईसओटा छन्दयुक्त कविताहरू प्रकिाशत छन । असमको पूर्वी प्रान्तमा पर्ने सदियामा धेरै नेपालीहरूको बसोबास आदौदेखि रहेको हुँदा त्यस ठाउँमा नेपालीहरूको आगमन, रहन सहन, जाति सेवा, राष्ट्र सेवा, गौ सेवा के कस्तो प्रकारको छ त्यस कुराको झलक देखाउनु यस पुस्तकको उद्देश्य देखिन्छ । मूलतः कविता सङ्ग्रह नै भए पनि यस पुस्तकमा खण्डकाव्य झैं मङ्गलाचरणबाट कविता लेखन प्रारम्भ गरिएको छ । यसमा सदियाका विभिन्न ठाउँ, गाउँ, त्यहाँको जनजीवनको वर्णनका साथै देवीप्रसाद गौतम कवि स्वयं त्रैलोक्यनाथ गौतमका पिताजीको जीवन वृत्त पनि प्रस्तुत गरिएको देखिन्छ । प्रस्तुत कविता सङ्ग्रह वर्णनात्मक शैलीमा लेखिएको ठाउँ वृत्तान्त र व्यक्ति वृत्तान्तमूलक काव्य हो । नैतिक आदर्शमूलक चेतना, ऐतिहासिक वर्णन, संस्कृत टोलहरू स्थापनाको वर्णन, प्राकृतिक चित्रण, कृषि जीवनको सुखानुभूति, प्राकृतिक विनाशको वर्णन (१९५० को भुइचालो), जङ्गल फडानीको वर्णन, नेपालदेखि सदियासम्मको आगमनको वर्णन यस कविता सङ्ग्रहको मूल विशेषता हो । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् । यस जातीय जागरणको उत्थान कालमा त्रैलोक्यनाथ गौतमको योगदान महत्त्वपूर्ण रहेको छ ।

### ९.३.१४.८ लोकनाथ उपाध्याय

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा लोकनाथ उपाध्याय (१९४०) पनि परिचित छन् । १९५८ **उदय** पत्रिकामा 'मेरो जीवन कहानी' शीर्षकको कविता प्रकाशित गरेर आफ्नो कविता लेखन थालेका उपाध्यायको कविता यात्राले तीन दशकको अवधि पूरा गरेको छ । यस अवधिमा उनका हिन्दी, अङ्ग्रेजी, असमिया, बङ्गाली र संस्कृतमा कविता, कथा, उपन्यास, निबन्ध, नाटक आदि कृति **साइत** (कथा सङ्ग्रह), **विवर्तन** (खण्डकाव्य, १९९०) र **अन्तराल** (कविता सङ्ग्रह, १९९२) (नेपाली (सम्पा.), १९९४ : १६७) प्रकाशित छन् । **विवर्तन** खण्डकाव्य एकदेखि छब्बीस खण्डमा विभाजित देखिन्छ । प्रत्येक खण्डमा दस, दस श्लोक गरी जम्मा दुई सय साठी श्लोकमा यो खण्डकाव्य संरचित देखिन्छ । त्यसै गरी 'अन्तराल' कविता सङ्ग्रहमा जम्मा एकाइसओटा कविता प्रकाशित छन् । सोह्र अनि चौध मात्राको मात्रिक छन्दमा लेखिएको र पहिलो दोस्रो अनि चौथो अनुप्रासमा बाँधेर लयात्मकता र गेयात्मकता प्रदान गर्न खोजिएको छ । उपाध्यायका कवितामा देशभक्तिको भावना, दोस्रो महायुद्धको वर्णन, अस्तित्ववादी चेतना, धर्मप्रति विश्वास, पशुता, दानवता, निर्दयताप्रति आक्रोश, वीर गोर्खालीको गुणगान, मातृत्व प्रेमको महिमा गान आदि उनको खण्डकाव्यमा देखिने मूलभूत विशेषता हुन् । उनका कवितामा जातीय संस्कृतिको विनाशप्रतिको चिन्ता, अस्तित्वको खोज, प्रगतिशीलता, ऐतिहासिक बिम्बहरूको प्रयोग जस्ता प्रवृत्ति पाइन्छन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका छन्दबद्ध काव्य कविता सबल छन् ।

### ९.३.१४.९ इन्दु प्रभा देवी

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा इन्दु प्रभा देवी (१९६९) पनि परिचित छन् । १९९० **देश वार्ता** साप्ताहिक पत्रिकामा 'भानुप्रति' शीर्षकको कविताबाट कविता यात्रा आरम्भ गरेकी इन्दु प्रभाका **सपनाको जरो पहिल्याउँदै** (२००७) र **एकसय लिमारिक** (२००१) गरी दुई कविता सङ्ग्रह प्रकाशित छन् । 'सपनाको जरो पहिल्याउँदै' मा जम्मा साठीओटा कविता प्रकाशित छन् । त्यसै गरी 'एकसय लिमारिक' मा जम्मा एक सयओटा पाँच हरफे मुक्तक प्रकाशित छन् । 'सपनाको जरो पहिल्याउँदै' का "कविताहरूमा भाषाको दुरुहता छैन, न त छ आयामेली लेखनको खजमजिएको अन्धानुकरण - यो एउटा कवयित्रीको सबल पक्ष हो । अवश्य, भाषा परिमार्जित हुँदै जाँदा कविताहरू अझै स्वादिला हुने छन्" (लामिछाने, २००७ : x) । असमिया भाषामै स्नातकोत्तर डिग्री प्राप्त गरेर "असमिया आरू नेपाली भाषा र रूपतत्त्व एक तुलनामूलक आलोचना" शीर्षकमा विद्यावारिधिसम्म गरिसकेकी इन्दु प्रभाका 'माधव कन्दलको असमिया रामायणको नेपाली अनुवाद तथा शब्द शिल्प र कारुकार्य' (२०१०) असमिया निबन्ध सङ्ग्रह प्रकाशित छन् । नेपाली साहित्य परिषद् तथा असम

लेखिका संस्थासँग जडित इन्दु प्रभाका कवितामा आञ्चलिकताको प्रभाव देखिन्छ । उनका कवितामा नारीले भोल्नु परेका त्रासदीय परिस्थितिको चित्रण पाइन्छ । "मान्छेका मानसिक कमजोरी, वैयक्तिक दुर्बलता, आधुनिकताका नाममा देखा परेका उत्ताउला प्रकृति, जागिरमा नातावाद, कृपावाद, फरियावाद र घुसको बिगबिगी, समाज र संस्कृतिमा देखा पर्न थालेका उभिन्डो बिप्ल्याँटा चलन, युवा युवतमि आएको उच्छृङ्खल प्रवृत्ति, सिनेमा, टेलिभिजन, मोबाइल र इमेल संस्कृतिले भित्र्याएको विसङ्गति, विकृति, फेसनमा आएको छाडापन आदि विषयमा व्यङ्ग्य वाण प्रहार" (वशिष्ठ, २०११ : ९) गर्नु उनका व्यङ्ग्य लिमारिक कविताका मूलभूत विशेषता हुन् । कृषिको प्रजनन क्षमताको वर्णन, नारी र प्रकृतिको सामञ्जस्य, प्रकृतिको मानवीकरण, तीव्र परिवर्तनको चाहना, दन्ते कथाहरूको वर्णन, बुद्धको बुद्धताप्रति आकर्षित, नयाँ पिंढीको व्यवहारमा खिन्नता, उच्चाकाङ्क्षीहरूप्रति व्यङ्ग्य, भाग्यवाद र नियतिमा विश्वास, माइतीप्रति स्नेह, भोक, शून्य, दरिद्रताले घेरेको विवश जीन्दगीको चित्रण, अहङ्कारीहरूप्रति व्यङ्ग्य, पाश्चात्य संसकृतिप्रति विकर्षण, एकान्त जीवनको चाहना, नारी अस्मिताको खोज, आञ्चलिक संस्कृतिप्रति मोह, जातीय अस्तित्वप्रति चिन्ता आदि उनका मूलभूत प्रवृत्ति हुन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.१० कृष्णप्रसाद भट्टराई

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा कृष्णप्रसाद भट्टराई (वि.सं. २०१९) पनि परिचित छन् । १९९० **प्रभात** पत्रिकामा 'भ्रष्टाचारी' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्रा थालेका भट्टराईका तीन कविता कृतिहरू प्रकाशित छन् । जीवनलाई चरम विसङ्गतिबोधसम्म पुऱ्याउने विचारधारा यिनका कवितामा प्रकाश भएको छ । यिनका प्रकाशित कृति यस प्रकार छन् : **बन्दी कारागारमा यो जिन्दगी** (१९९३), **किन फेरि अर्को कुरुक्षेत्र** (१९९६), **विसङ्गतिको यात्रा** (२०१२) । यिनको प्रथम कविता सङ्ग्रह (१९९३) मा जम्मा चालिसओटा कविता प्रकाशित छन् । त्यसै गरी 'किन फेरी अर्को कुरुक्षेत्र' मा पचपन्नओटा कविता प्रकाशित छन् भने तेस्रो कविता सङ्ग्रह 'विसङ्गतिको यात्रा' मा जम्मा साठीओटा कविता प्रकाशित छन् । भट्टराईका कवितामा राजनैतिक आक्रोश देखिन्छ । समाज सेवाका नाममा मखुण्डो भिर्नेहरूप्रति व्यङ्ग्यबोध पाइन्छ । सोभा र निमुखाहरूप्रति वर्ग बिभेद, अन्यायी, अत्याचारी, दुर्नीतिपरायण, भ्रष्टाचारीहरूप्रति आक्रोशित, प्रगतिशील मनोभाव, जीवनका वास्तविक चित्रण, सुविधावादीहरूप्रति व्यङ्ग्य आदि यिनका पूर्ववर्ती काव्य यात्राका मूलभूत प्रवृत्ति हुन् । करिब दुई दशक लामो यिनका कविता यात्रामा उत्तरवर्ती कवितामा शान्तिकामी मनोभाव, आञ्चलिकताको मोह, भारततिरका नेपालीहरूको वर्णन, कर्मवादी प्रवृत्ति, जीवनप्रतिको निराशा, देशप्रति स्नेह, युद्धजन्य परिस्थितिको चित्रण आदि विशेषता पाइन्छ । कलात्मक

मूल्यका दृष्टिले उनका कविता सबल छन् । समग्रमा यस जातीय जागरणको उत्थान कालमा उनको योगदान उल्लेखनीय छ ।

### ९.३.१४.११ रमेश दवाडी

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा रमेश दवाडी (१९७०) पनि परिचित छन् । उनी परम्परित कविता ढाँचा अवलम्बन गरेर पनि केही नवीन बान्कीका कविता लेख्न चाहने कविका रूपमा देखिएका छन् । १९९० 'स्पन्दन' नामक पत्रिकामा 'टाउको खोज्दै' शीर्षकको कविता प्रकाशित गरेर कविता लेख्न थालेका दवाडीको कविता यात्राले दुई दशकको अवधि पूरा गरेको छ । उनका **टाउको खोज्दै** (१९९२), **काव्य माला** (१९९७) कविता सङ्ग्रह प्रकाशित छ । उनका कवितामा अस्तित्ववादी चेतना पाइन्छ । समाजमा देखिने आर्थिक असमानता, वर्गीय विभेद, सामाजिक भेदभाव जस्ता समस्याको चित्रण पाइने उनका कविता सरल र रोचक छन् । व्यापक रूपमा जीवनको परिभाषाको खोजी, देशभक्तिको भावना, स्वच्छन्दतावादी चेतना, युद्धजन्य परीस्थितिबाट उत्पन्न त्रासपूर्ण जीवनको चित्रण, सामाजिक व्यङ्ग्य, वर्तमानप्रति असन्तुष्टि बन्दै तीव्र परिवर्तनको चाहना, ईश्वरको मृत्युको घोषणा, गुमेको अस्तित्व, पुनः स्थापनमा जोड, परिवर्तित युगप्रति असन्तुष्टि भावना आदि उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । उनका कवितामा उपमा अलङ्कार, बिम्ब र प्रतीकको प्रयोग व्यापक रूपमा भएको देखिन्छ । कलात्मक मूल्य र भाषाशैलीका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.१२ रण काफ्ले

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा रण काफ्ले (१९६९) पनि परिचित छन् । १९९२ **छिमेकी** पत्रिकामा 'बाँझो' शीर्षकको कविता प्रकाशित गरी आफ्नो कविता यात्रा आरम्भ गरेका रण काफ्लेको **कपिली बगरमा बटुलेका शब्दहरू** (२०१२) कविता सङ्ग्रह प्रकाशित छ । उनका **मायाको बन्धन** उपन्यास र **विस्फोट भएपछि** कथा सङ्ग्रह पनि प्रकाशित छन् । 'कपिली बगरमा बटुलेका शब्दहरू' मा जम्मा बाउन्नओटा कविता प्रकाशित छन् । सामाजिक शोषण, अन्याय, अत्याचार, सामन्ती प्रवृत्ति आदि नकारात्मकताको विरोध, गुमेको अस्तित्वको खोज, देशप्रेमको भावना, सामाजिक यथार्थको चित्रण, सामाजिक व्यङ्ग्य पनि उनका कवितामा पाइने प्रवृत्तिगत विशेषता हुन् । आधुनिक प्रविधिले बिग्रन लागेको तेस्रो पिंढीप्रति उनका कविताले चिन्ता व्यक्त गरेको छ । सामाजिक व्यभिचार र भ्रष्टाचारप्रति चिन्ताशील, जातीयतावादी स्वर, वासनामयी प्रेमको विरोध, बढ्दो आतङ्कमय परिवेशको चित्रण, बढ्दो पाश्चात्यमुखी संस्कृतिप्रति व्यङ्ग्य, साम्प्रदायिकताको विरोध आदि उनका कवितामा देखिने मूलभूत प्रवृत्ति हुन् । शिक्षण सँगसँगै पत्रकारितालाई समेत आफ्नो पेसा बनाउने रण काफ्ले सशक्त जाति सेवी र समाज सेवीका रूपमा परिचित छन् । कलात्मक मूल्य र भाषाशैलीका दृष्टिले उनका कविता सरल सुबोध्य छन् ।

### ९.३.१४.१३ इन्द्रकान्त कार्की

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा इन्द्रकान्त कार्की (१९६०) पनि परिचित छन् । १९९७ **सैनिक समाचार** पत्रिकामा 'देशका लागि' शीर्षकको कविता प्रकाशित गरी कविता यात्रा प्रारम्भ गरेका इन्द्रकान्त कार्कीले आफ्ना प्रारम्भिक कविताहरू भारत र नेपालका विभिन्न पत्र पत्रिकामा प्रकाशित गरेको देखिन्छ । १९९२ मा उनको **अभिव्यक्ति** कविता सङ्ग्रह प्रकाशित भएको देखिन्छ । 'अभिव्यक्ति' मा जम्मा आठओटा लामा कविता, दुईओटा गीत र एउटा गजल प्रकाशित छन् । आर्थिक समस्याग्रस्त निम्न वर्गीय चित्रण नै उनका कविताको उद्देश्य रहेको हुन्छ भने सामाजिक यथार्थका साथै राष्ट्रिय अन्तर्राष्ट्रिय विषय र परिवेशबाट पनि उनका कविता सिर्जिएका छन् । मान्छेको आत्मपरिचय हीनता, सामाजिक र राजनीतिक व्यङ्ग्य, राजनीतिक अस्थिरता, देश सुरक्षाप्रति सचेतता, मातृत्वप्रतिको प्रबल स्नेह, स्वच्छन्दतावादी मनोभाव, जातीयतावादी चेतना, मानवतावादी स्वर, अफ्रिकाका निग्रोहरूप्रति सहानुभूति, दमित इच्छाको अव्यक्त अनुभूति, विकृति संस्कृतिको विरोध, केन्द्र भञ्जन, नेपाली भाषाप्रति मोह जस्ता मूलभूत प्रवृत्ति कार्कीका कवितामा देखिन्छन् । उनका कविता अधिकांशतः सामाजिक परिवृत्तमै घुमेका हुन्छन् र यस्ता कवितामा सामाजिक अन्धता, कुसंस्कार, गरिबी, असमानता, भेदभाव आदि नकारात्मक पक्षप्रति विमति देखिएको हुन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल देखिन्छन् ।

### ९.३.१४.१४ हस्त सुब्बा

स्वतन्त्रता उत्तर कालको जातीय जागरणको उत्थान कालका कविहरूमा हस्त सुब्बा (१९५९) पनि परिचित छन् । १९९० देखि विभिन्न पत्रिकामा प्रकाशित गरेर कविता यात्रा थालेका सुब्बाको 'कविता कुञ्ज' (१९९२) कविता सङ्ग्रह प्रकाशित छ । 'कविता कुञ्ज' मा जम्मा उन्नाइसओटा कविता प्रकाशित छन् । अस्तित्ववादी सोच, प्रशासक, फौजी, कृषक तथा राजनीतिविदहरूप्रति सकारात्मक मनोभाव, शोषित, लाञ्छित र पीडित नेपालीहरू हेपिएर बसेकोमा आक्रोशित मनोभाव, जातीय संरक्षणप्रति चुनौतीपूर्ण आवाज, प्रशासन र शोषण प्रवृत्तिमाथि कडा प्रहार, जातीयतावादी चेत, जन्मभूमिप्रति अगाध स्नेह, आफ्नी प्रेयसीप्रति अगाध प्रेमको वर्णन आदि उनका कवितामा पाइने मूलभूत विशेषता हुन् । भूपि शेरचन र अगमसिंह गिरीबाट प्रभावित र प्रेरित सुब्बाका कविताहरू जीवनमुखी छन् । आफ्नो अस्तित्व मेटाएर अर्काले गरेको राजप्रति वितुष्टि मनोभाव देखिन्छ । यथार्थका परिप्रेक्षमा रहेर कविता लेख्नु सुब्बाको विशेषता हो । उनको कविताको शैली सरल छ भने विषयवस्तु प्रतिपादन गर्ने कला र शैली पनि अलग किसिमको छ ।

### ९.३.१४.१५ धमेन्द्र उपाध्याय

स्वतन्त्रता उत्तर कालको तेस्रो चरणमा जातीय जागरणको उत्थान कालका कविहरूमा धमेन्द्र उपाध्याय (१९७०) पनि परिचित छन् । १९९० **मधानी** पत्रिकामा (१/१) 'दुःखको कोक्रामा तिम्रो मुस्कान खोज्दै' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्राको प्रारम्भ गरेका उपाध्यायको **तिमी घामकी आमा** (२०१२) कविता सङ्ग्रह प्रकाशित छ । **तिमी घामकी आमा** कविता सङ्ग्रहभित्र जम्मा पैंतालीसओटा कविताहरू प्रकाशित छन् । सहज सरल भाषाशैलीमा आफूले बाँचेको युग र अनुभवहरूलाई अभिव्यक्त गरी कविता लेख्ने यिनी सामाजिक कवि हुन् । आफूले देखेका, भोगेका, सुनेका घटनाहरूको सहज सरल सन्दर्भहरूलाई रोचक तरिकाले कवितामा प्रकाश गर्न सिपालु यिनी जटिलता र दुर्बोध्यता भन्दा सहज सरल सम्प्रेषणमा विश्वास राख्छन् । जटिलताले पाठकबाट टाढिनु भन्दा सहजताले पाठक समक्ष नजिकिने कुरामा विश्वास राख्छन् । "आधुनिक कविता जटिल भन्ने गुनासो रहेको छ । जटिल समयको, कविता जटिल हुन बाध्य छ । आधुनिक नेपाली कविता जटिल भए भनेर पाठकदेखि टाढिन थालेको देखिन्छ" (उपाध्याय, २०१२ : ७) । जातीय जागरणको उत्थान कालमा नेपाली कविताको विस्तार गर्न योगदान पुऱ्याउने उपाध्यायले नेपाली कवितामा आएका विभिन्न परिवर्तनहरूलाई आत्मसात गरी कविता लेखेको देखिन्छ । स्वच्छ सुन्दर हरियाली धरतीको कामना गर्दै लेखिएका उनका केही कविताहरूले पर्यावरण सुरक्षातर्फ इङ्गित गरेको पाइन्छ । देशप्रतिको ममतामयी स्नेह, आञ्चलिक, जातीय संस्कृतिप्रति मोह, अन्तर्लयात्मक काव्य सृजना, जीवनप्रति आस्था र भरोसा, जातीय अस्तित्वप्रति शङ्काबोध, घृणा र हिंसाको परिवेशबाट मुक्तिको चाहना, किनाराका आवाज, जातीय संस्कृतिप्रति सचेतता आदि यिनका कवितामा देखिने मूलभूत प्रवृत्ति हुन् । परम्परावादी सोच र विचार धाराबाट पृथक रहेर आफ्नै मौलिक दृष्टिकोणलाई कवितामा अभिव्यञ्जित गर्न रुचाउने उपाध्यायका केही दुर्बल पाटाहरू छोडेर अन्य कविता सबल नै देखिन्छन् । जातीय जागरणको उत्थान कालमा उनको योगदान उल्लेखनीय देखिन्छ ।

### ९.३.१४.१६ तया चापागाई

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालको समयका कविहरूमा तया चापागाई (१९७१) पनि परिचित छन् । १९८८ 'जीवन' शीर्षकको कविता स्कुलको मेगाजिनमा प्रकाशित गरी कवितामा प्रवेश गरेका तथा चापागाई द्विभाषिक कवि, कथाकार र उपन्यासकारका रूपमा परिचित छन् । उनको **आजको बिहान** (१९९३) कविता सङ्ग्रह प्रकाशित छ । 'आजको बिहान' मा जम्मा त्रिचालिसओटा कविता प्रकाशित छन् । प्रेमप्रणयको अनुभूति, प्रेम विछोडको कातर स्वर, आँसु, मिलन, विछोड, जीवनका अतुल आकाङ्क्षाको वर्णन, वर्तमान जीवनप्रतिको सकारात्मक मनोभाव, नारी प्रकृति सुलभ

चित्रण, मृत्युको त्रासदीय चित्रण, कर्मफलमा विश्वास, आत्म चिन्तनको प्रस्तुतीकरण, जातीयतावादी मनोभाव आदि उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । तया चापागाईका कविता सङ्ग्रहभित्र अत्यन्तै निरासावादी मनोवृत्तिका कविताहरू पाइन्छ । यिनले वर्तमान विसङ्गतिबाट उत्पन्न भएका मानवीय समस्यालाई आफ्ना कविताका कथ्य बनाएका छन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले यिनका कविता त्यति सबल देखिँदैनन् ।

### ९.३.१४.१७ वैद्यनाथ उपाध्याय

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा वैद्यनाथ उपाध्याय (१९६७) पनि परिचित छन् । वैद्यनाथ उपाध्यायको **जुनेली** (१९९५) पहिलो प्रकाशित कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा लामा छोटा गरी जम्मा नब्बेओटा कविता प्रकाशित छन् । "यस सङ्कलनलाई सरसर्ती हेर्दा प्रायः जसो कविताहरूको भाव सरल हुँदाहुँदै पनि कविको कवित्वले कलात्मक प्रकाश पाएको छ । जीवनको क्षणभङ्गुरता, आशा निराशा, माया ममता, प्रेम वियोग अनि आजको जस्तो विशृङ्खल परिवेशमा मान्छे मात्रले बाँच्नु पर्ने विवशता आदिको अभिव्यक्ति उनका कवितामा पाइन्छ । उनका कवितामा स्वच्छ र स्वस्थ समाज निर्माण गर्ने आशय व्यक्त भएको देख्न पाइन्छ" (नेपाली, १९९७ : ४५२) । वैद्यनाथ उपाध्यायका कविताहरूको भाव सरल भए पनि सम्प्रेषण र अभिव्यक्तिमा कलात्मकता पाइन्छ । कलात्मक मूल्य र मान्यताका दृष्टिले उनका कविता मध्यमस्तरका रहेका छन् ।

### ९.३.१४.१८ दैवकी देवी तिम्सिना

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा दैवकी देवी तिम्सिना (१९६७) पनि परिचित छिन् । १९९५ मा काठमाडौँबाट प्रकाशित **ब्रह्मपुत्र** (२/२) पत्रिकामा 'सपनाको घर' शीर्षकको कविता प्रकाशित गरेर आफ्नो कविता यात्रा थालेकी तिम्सिनाको कविता यात्राले लगभग दुई दशकको अवधि पूरा गर्न लागेको छ । विभिन्न विषयवस्तुमा कविता लेख्ने तिम्सिनाका अधिकांश कविताहरू मूलभूत रूपमा जातीयतावादी मनोभावनामा केन्द्रित देखिन्छन् । विभिन्न पत्र पत्रिकामा फुटकर लेख, समालोचना प्रकाशित गराएकी तिम्सिनाका **तिम्रो स्थान कहाँ छ ?** (२०१०) कविता सङ्ग्रह प्रकाशित "प्रस्तुत कविता सङ्ग्रहमा जम्मा ५३ ओटा कविताहरू समावेश भएका छन् । आफ्नो धरतीप्रतिको आस्था, संस्कृति, रीतिरिवाजप्रतिको आस्था, धर्म र परम्पराप्रतिको आस्था, मानवीय सम्वेदना र मर्यादाप्रतिको निष्ठाको सारवस्तुलाई कवितात्मक सम्वेदनाको प्रखर पुञ्जमा समेट्ने प्रयत्नमा सिर्जित कविताहरूको प्रस्तुत सङ्ग्रह वर्तमानलाई भोगिरहेका नेपालीहरूको अन्तश्चेतनाका सङ्घर्षहरू कविता मार्फत प्रकटमा आएका छन्" (सुवेदी, २०१० : D) । उनी नारी जीवनका भोगाइ, पीडा,

विसङ्गतिका साथै पुरुषहरूले गर्ने शोषणलाई व्यङ्ग्यात्मक रूपमा कवितामा प्रयोग गर्ने कवयित्री हुन् । शान्तिकामी मनोभाव, जातीयतावादी मनोभाव, वीर योद्धा नारीहरूको वर्णन, प्रेमपूर्ण अभिव्यक्ति, नारीवादी चिन्तन, कुरीति र कुसंस्कारप्रति विद्रोह, अस्तित्ववादी खोजी, प्रकृति चित्रण आदि उनका कवितामा देखिने मूलभूत प्रवृत्ति हुन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.१९ कमल वगाले

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा कमल वगाले पनि परिचित छन् । १९६१ मा शिलङबाट निस्कने **तरुण** पत्रिकामा 'अल्पिदै जाने कता कता' प्रकाशित गरेर कविता यात्रा थालेका कमल वगालेका प्रारम्भिक कविताहरू सबै शिलङमा बसेर लेखेको देखिन्छ । साहित्यका कथा, नाटक र कविता विधामा कलम चलाउने वगालेको **मेरो युद्ध भोलिको लागि** (१९९५) कविता सङ्ग्रह प्रकाशित छ । १९५५ मा जनकवि केशरी धर्मराज थापा गुवाहाटी हुँदै शिलङ पसेका र यिनै कविकेशरीबाट प्रभावित बन्दै काव्य यात्रातर्फ रुचि लिएका वगालेका कवितामा जातीय चेतना पाइन्छ । 'मेरो युद्ध भोलिको लागि' कविता सङ्ग्रहमा बयालिसओटा कविता प्रकाशित छन् । जातीयतावादी भावना बोकेका उनका कवितामा नेपाली जातीय सहिदहरूप्रति श्रद्धास्पद भावना पाइन्छ । प्रकृति चत्रिण, जीवनबोध, मृत्युबोध, शान्तिको खोजी, प्रगतिशीलता, अस्तित्वको खोजी, भविष्यप्रति आशावादी दृष्टि, प्रणय भाव, विश्व प्रेमको भावना आदि उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । एक मई अट्ठार सय छयासीमा सिकागोमा भएको युद्ध क्रान्तीको वर्णन पनि उनका कवितामा पाइन्छ । कलात्मक मूल्य र भाषाशैलीका दृष्टिले उनका कविता मध्यम स्तरका छन् ।

### ९.३.१४.२० दीपक रिजाल

स्वतन्त्रता उत्तर काल जातीय जागरणको उत्थान कालका कविहरूमा दीपक रिजाल (१९७९) पनि परिचित छन् । १९९५ मा देशवार्ता साप्ताहिक पत्रिकामा 'जीवनको अन्तिम दिन' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्रा थालेका रिजालका **आमाशीर्वाद** (२००२), **तीता-मीठा मुक्तकहरू** (२००५), **हावामा छोडेका शब्द तरङ्ग** (२००७) गरी तीनओटा कविता सङ्ग्रह र एउटा मुक्तक सङ्ग्रह प्रकाशित छन् । 'आमाशीर्वाद' मा एकचालिसओटा कविता प्रकाशित छन् । यसरी नै 'तीता मीठा मुक्तकहरू' मा एक सय एकाउन्नओटा मुक्तक प्रकाशित छन् । त्यसै गरी 'हावामा छोडेका शब्द तरङ्ग' मा तीसओटा कविता प्रकाशित छन् । दुर्नीतिग्रस्थ राजनीति र बढ्दो उग्रवादप्रति चिन्ता व्यक्त, आफू बाँचेको अशान्तमय परिवेशको चित्रण, अन्तहीन अभिलाषाको वर्णन, समयप्रतिको सजगता, नैतिक उपदेशात्मकता, गरिबीप्रति दयाभाव, प्रेम बिछोडको वर्णन, वैयक्तिक जीवनका तीता क्षणको वर्णन, पुरुषार्थी र महापुरुषहरूप्रति श्रद्धाभाव, सामाजिक व्यङ्ग्य, जातीय अस्तित्वको लोपप्रति चिन्ता, टुहुरो

जीवनप्रति दुःखप्रकट, वर्तमानप्रति विरक्ति बोध आदि उनका कवितामा आउने मूलभूत प्रवृत्ति हुन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता त्यति सबल देखिँदैनन् ।

### ९.३.१४.२१ तारानाथ शाण्डिल्य

स्वाधीनोत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा तारानाथ शाण्डिल्य पनि परिचित छन् । १९८० को दशकदेखि नै विभिन्न पत्रिकामा कविता प्रकाशित गरेर काव्य यात्राको थालनी गर्ने शाण्डिल्यका आजसम्म **आदि शाण्डिल्य तथा अन्य कविता** (द्विभाषिक : संस्कृत नेपाली) १९९५ र 'शैलवती तथा अन्य कविता' मा संस्कृत भाषाका कविता र नेपाली भाषाका कविता प्रकाशित छन् । त्यसै गरी **शैलवती** (खण्डकाव्य) जम्मा पाँच खण्डमा विभाजित छ । यस प्रथम खण्डमा तीसवटा श्लोक, दोस्रो खण्डमा सत्रओटा श्लोक, तेस्रो खण्डमा तीसओटा श्लोक, चौथो खण्डमा एघारओटा श्लोक र पाँचौं खण्डमा सातओटा श्लोक गरी जम्मा पन्चानब्बेओटा श्लोकमा विस्तारित छ । संस्कृत र नेपालीका विद्वान् शाण्डिल्य बहुभाषिक कविका रूपमा देखिन्छन् । नेपाली र संस्कृतमा उनले समान रूपले कलम चलाएका छन् । प्राकृतिक वर्णन, अनेकतामा एकता, राजनैतिक परिवर्तन, शैक्षिक तथा वैज्ञानिक अभावको चित्रण, समाजको दुर्गतिको चित्रण, अस्तित्वको खोजी, नैतिक औपदेशिक तथा पौराणिक र आधुनिकताको व्यङ्ग्यात्मक समाज चित्रण, आर्थिक दुरावस्थाको चित्रण, उदार प्रकृतिको चित्रण आदि उनका काव्यमा पाइने मूलभूत प्रवृत्ति हुन् । उनका कवितामा वर्णनात्मकता पाइन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.२२ इन्द्र अधिकारी

स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा इन्द्र अधिकारी (वि.सं. १९९५) पनि परिचित छन् । विभिन्न पत्र पत्रिका मार्फत कविता प्रकाशित गरी कविता यात्रा थालेका इन्द्र अधिकारीको **काव्यमाला** (१९९७) कविता सङ्ग्रह प्रकाशित छ । 'काव्यमाला' मा जम्मा छब्बीसओटा कविताहरू प्रकाशित छन् । यिनले वैयक्तिक तथा युगीन यथार्थलाई आत्मसात गरी साधारण जस्ता लाग्ने विषयवस्तुलाई समावेश गरी साधारण पाठकका निम्ति आस्वाद्य लाग्ने कविताहरू रचेका छन् । कृति र कृतिकारको महत्त्वमाथि आलोकपात, खण्डित जीवनमा देखा परेको कालचक्रको वर्णन, प्राकृतिक विपर्ययको वर्णन, दैनिक व्यवहार योग्य सामग्रीको गुण तथा अवगुणको वर्णन, मानव शरीरका अवयवको चित्रण, छोरी चेलीको महत्त्वमाथि आलोकपात, आदर्शवान तथा बौद्धिक गरिमामय व्यक्तिप्रति श्रद्धा, वीर सेनानीको महिमा, उपदेश र आदर्शको धरातलमा नैतिक विचार प्रेषण आदि उनका कविताका मूलभूत विशेषता रहेका छन् । अधिकारीले शास्त्रीय छन्दका आधारमा आफ्ना कविताहरू रचेका भए पनि यसमा छन्दगत त्रुटि भने अवश्य रहेका छन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.२३ नेत्रभूषण खड्का

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा नेत्रभूषण खड्का (१९९५) पनि परिचित छन् । उनी युग सचेत मनोरचना र सामाजिक चिन्तनशील भावना भएका नवीन शैलीका कवि हुन् । १९९७ को **हाम्रोध्वनि** मा 'अब जन्मने मान्छे' शीर्षकको कविता प्रकाशित गरेर आफ्नो कविता यात्रा थालेका खड्काले हालसम्म एउटा कविता सङ्ग्रह प्रकाश गरेका छन् । समकालीन चेतना र युगबोध विचारहरू उनका कवितामा प्रभावमयी भएर देखा परेका छन् । विभिन्न पत्र पत्रिकामा फुटकर कविता प्रकाशित गराएका खड्काको **अब जन्मने मान्छे** (२००५) कविता सङ्ग्रह प्रकाशित छ । 'अब जन्मने मान्छे' मा जम्मा छत्तिसओटा कविता प्रकाशित छन् । जन्मभूमिप्रति स्नेह, मृत्युमय जीवनको उपलब्धि, बिग्रँदो देशको परिस्थितिको वर्णन, युद्धजन्य अवस्थाको चित्रण, संस्कृति चाडपर्वको वर्णन, समयप्रतिको मूल्यबोध, अल्पसंख्यकहरूको भाषा संस्कृति जोगाउनु पर्ने कुरामा जोड, मुक्तिकामी मनोभाव, जातीयतावादी मनोभाव, देशप्रेमको भावना, युगीन सचेतता आदि उनका कवितामा देखिने मूलभूत प्रवृत्ति हुन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.२४ पूर्ण छेत्री

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा पूर्ण छेत्री (१९६१) पनि परिचित छन् । नब्बेको दशकदेखि काव्य यात्राको थालनी गर्ने पूर्ण छेत्रीको **सूर्योदय हुनुभन्दा अघि** (१९९७) खण्डकाव्य प्रकाशित छ । छेत्रीको उपर्युक्त खण्डकाव्य आठ खण्डमा विभाजित रहेको छ । गद्यात्मक शैलीमा रचना गरिएको यस खण्डकाव्यका प्रथम खण्डमा दुई पृष्ठ दोस्रो खण्डमा तीन पृष्ठ, तेस्रो खण्डमा आठ पृष्ठ, चौथो खण्डमा चार पृष्ठ, पाँचौँ खण्डमा दुई पृष्ठ, छैठौँ खण्डमा चार पृष्ठ, सातौँ खण्डमा चार पृष्ठ, पाँचौँ खण्डमा पाँच पृष्ठमा विस्तारित जम्मा तेत्तिस पृष्ठको आयाममा विस्तारित देखिन्छ । छेत्रीको उपर्युक्त खण्डकाव्य भित्रको कथावस्तुमा मानवीय जीवनका दुःख, पीडा, शोषण, अत्याचार, भ्रष्टाचार, अन्याय, आर्थिक समस्याग्रस्त निम्न वर्गीय चित्रण, मानव अधिकारबाट विमुख, न्यायिक युद्धको चित्रण, शोषण मुक्तिको युद्ध चित्रण, शोषित पीडित जनताको मुक्तिको चाहना, सामाजिक युद्ध चित्रण, उच्च वर्गीय र निम्न वर्गीयको सङ्घर्षम वर्गीय चित्रण उनका खण्डकाव्यमा पाइने मूलभूत प्रवृत्ति हुन् । घटना, पात्र, परिवेश, भाषाका बिचको सन्तुलनका दृष्टिले केही दुर्बल देखिए पनि सामाजिक शोषणको पराकाष्ठालाई देखाउने कथावस्तु सबल नै देखिन्छ । समग्रमा असमेली नेपाली कविताको (समसामयिक धारा) कविताको उत्थान कालमा उनको योगदान उल्लेखनीय देखिन्छ ।

### ९.३.१४.२५ कर्णबहादुर छेत्री

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा कर्णबहादुर छेत्री (१९४३) पनि परिचित छन् । १९७७ देखि नै काव्य लेखन तर्फ रुचि लिने कर्णबहादुर छेत्रीको काव्य यात्रा 'स्रष्टा सारङ्गी' आदि पत्रिकाहरूमा कविता प्रकाशित गराएर प्रारम्भ हुन्छ । काव्य साधनामा कर्णबहादुर छेत्रीका **मुठीदान**' (१९९७) र **प्रतिदान** (२००३) दुई कविता सङ्ग्रह प्रकाशित छन् । 'मुठीदान' मा जम्मा एकासीओटा कविता प्रकाशित छन् र दोस्रो सङ्ग्रह 'प्रतिदान' मा एकाउन्नओटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहका कविताहरू चारदेखि एक्काइस हरफसम्मका संरचनामा संरचित कविताहरू सरल र सुबोध्य किसिमका छन् । उनका कविताहरू सरल र स्पष्ट तथा भाव गहनताका दृष्टिले महत्त्वपूर्ण छ । सरलताभित्र गम्भीर भावको प्रदर्शन उनले आफ्नो पहिलो चिन्तन प्रधान कविता 'भरमा परेको छु' मा व्यक्त गरेका छन् (क्षेत्री, २००३ : x) । भाषा साहित्य-संस्कृति विषयक कवितामा रुचि राख्ने छेत्रीका कवितामा भक्तिपूर्ण भावना, मानवीय मूल्यबोध, स्वदेशप्रेम, प्रकृति चित्रण, जातीय चेतना, नैतिकता, समन्वयको भावना, विश्व बन्धुत्वको भावना, ईश्वरवाद, उग्रवाद, अस्तित्वबोध, आदर्श भावना आदि विशेषता पाइन्छ । बढ्दो उग्रवादको निर्मूलको कामना पनि उनका कवितामा पाइन्छ । स्वच्छन्द गतिमा बग्न रुचाउने र कल्पनाको उडानमा उड्ने कवि सृष्टि तत्त्वको विषयतिर पनि अग्रसर भएको देखिन्छ । पठन पाठनमा रुचि बढाउने आह्वान, सभापरिषद् एकीकरणको आह्वान, जातीय अस्तित्व र जातीय सङ्घ संस्थाहरूप्रति निष्ठामय भावना, कर्ममय जीवनप्रति विश्वास जस्ता मूलभूत प्रवृत्ति पछिल्लो चरणमा देखिन्छन् ।

### ९.३.१४.२६ अमिया छेत्री

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा अमिया छेत्री (१९६८) पनि परिचित छन् । १९९८ मा **देशवार्ता** साप्ताहिक पत्रिकामा 'वसन्त आयो' शीर्षकको कविता प्रकाशित गरेर आफ्नो कविता यात्रा थालेकी छेत्रीको **मनको बह** ( २०१२) कविता सङ्ग्रह प्रकाशित छ । उनका कविताहरू भाषा संस्कृतिको संरक्षण र जातीयतावादी दृष्टिकोणको प्रकटीकरणमा अभिमुख देखिन्छन् । उनका विभिन्न पत्र पत्रिकामा लेख निबन्ध पनि प्रकाशित छन् । 'मनको बह' कविता सङ्ग्रहभित्र जम्मा तीसओटा कविता प्रकाशित छन् । सामाजिक जनजीवनमा घट्ने विविध घटनाहरूलाई पनि यिनले कविताको विषय बनाएकी छन् । जातीय संस्कृतिप्रतिको मोह, आञ्चलिकताप्रतिको मोह, मानवीय जीवनको मूल्यबोध, शान्ति र समृद्धिको चाहना, युद्धजन्य परिवेशप्रति सन्त्रस्त, प्राकृतिक विनाशको चित्रण, मातृभूमिप्रतिको मोह, रमणीय प्रकृतिको चित्रण, जातीयतावादी मनोभाव र आशावादी मनोभाव उनका कवितामा आउने मूलभूत विशेषता हुन् । वर्गीय विभेद र आञ्चलिकतालाई पनि यिनले सशक्त रूपमा कवितामा प्रयोग गरेकी छन् भने

नारी समस्या, नारी माथि पुरुषले गर्ने शोषणलाई पनि व्यङ्ग्यात्मक रूपमा कवितामा प्रयोग गरेको देखिन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले भने उनका कविता त्यति सबल देखिँदैनन् ।

### ९.३.१४.२७ शिव शास्त्री

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा शिव शास्त्री (वि.सं. १९९३) पनि परिचित छन् । १९५५ मा असम संस्कृत समिति, गुवाहाटी परिचालित पाणिनि व्याकरण शास्त्रको उपाधि परीक्षामा सफलता प्राप्त गरी व्याकरण शास्त्री उपाधि प्राप्त गरिसकेका शास्त्रीको **खागो** (१९९८) कविता सङ्ग्रह र **छन्दको सँगालो** प्रकाशित छ । 'खागो' मा जम्मा चौधवटा कविताहरू सङ्गृहीत भएका छन् । यसभित्र दुई प्रकारका कविताहरू देख्न पाइन्छ । यसमा एक प्रकारका लघु आयामका फुटकर कविता र अर्को प्रकारका मझौला आयामका श्लोकबद्ध कविता रहेका छन् । फुटकर छन्द कवितामा जम्मा चौधवटा फुटकर कविता र श्लोकबद्ध कवितामा 'ठूलो को हो ?' शीर्षकमा त्रीसठीवटा श्लोकमा लामो कविता संरचित भएको छ । छन्दमा काव्यको रचना, प्रकृतिको मनोरम चित्रणको प्रस्तुति, पुतली, कमिलो, भुम्रो, खागो, चिम्टा जस्ता दिन व दिन काममा आउने चिजलाई काव्यको विषयवस्तु चयन, आदर्श र नीतिवादी भाव विचारको प्रकटीकरण, गद्य कविता र छन्द कविताको मिश्रित रूप आदि उनका कवितामा देखिने मूलभूत प्रवृत्ति हुन् । सूक्ष्माति सूक्ष्म विषयलाई आफ्नो काव्यको विषय बनाएर काव्य रचना गर्ने क्षमता भएका शास्त्रीको भाषाशैली र निख्खर देखिन्छ । कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.२८ कृष्णबहादुर रावत

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा कृष्णबहादुर रावत परिचित छन् । विविध पत्रिका मार्फत आफ्ना कविता प्रकाशित गरी कविता यात्राको थालनी गर्ने रावतको **तारा नरोएको रात छैन** कविता सङ्ग्रह (१९९९) प्रकाशित छ । 'तारा नरोएको रात छैन' मा जम्मा बाउन्नओटा कविता प्रकाशित छन् । उनका कवितामा मातृभूमिको गौरवपूर्ण इतिहासको वर्णन, जातीयतावादी भावधारा, विसङ्गत जीवन भोगाइको चित्रण, स्वअस्तित्व एवं जातीय चेतना, मानवतावाद, नेपालीको पीडाको चित्रण, नेपालप्रति माया, मातृभाषाप्रति मोह, भविष्यप्रति आशावादी दृष्टि आदि मूलभूत प्रवृत्ति हुन् । मानव भएर मानवीयता मनोभाव हुनु पर्छ भन्ने उनको केन्द्रीय विशेषता हो । विशेषतः नेपाल छोडी विदेशतिर लाग्न बाध्य भएका र तत्कालीन निम्न वर्गीय समाजका आर्थिक समस्या र तिनले निम्त्याएको कारुणिक चित्रको प्रस्तुति उनका कवितामा देखिन्छ । कलात्मक मूल्य र भाषाशैलीका दृष्टिले उनका कविता मध्यम स्तरका छन् ।

### ९.३.१४.२९ दिलिप शर्मा सिटौला

असमेली नेपाली कविताको स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा दिलिप शर्मा सिटौला (१९६२) पनि परिचित छन् । १९८५ मा **स्पन्दन** पत्रिकामा **कवि र कविता** शीर्षकको कविता प्रकाशित गरेर कविता यात्रा थालेका शर्माको 'जीवनादर्श' कविता सङ्ग्रहमा त्रिचालिसओटा कविता प्रकाशित छन् । त्यसभित्र बाह्रओटा मात्रिक र वर्णमात्रिक छन्दका कविता छन् भने अरू बाँकी गद्य कविता रहेका छन् । कविता, निबन्ध र कथा पनि लेख्न रुचाउने सिटौला मूलतः कवि भएकाले उनको लेखन कवितामा बढी केन्द्रित रहेको देखिन्छ । उक्त कविता सङ्ग्रहमा शब्द चयन र वाक्य विन्यास पनि आफ्नै पाराको छ । असमेली परिवेशमा जन्मे हुर्केकाले उनका कवितामा धेरै असमेली शब्द आफ्नै पाराले नेपाली भएका छन् (सापकोटा, १९९९ : ज) । ग्रामीण जीवनको चित्रण, असमको प्राकृतिक चित्रण, नेपाली गोठाले जीवनको चित्रण, जातीयतावादी मनोभाव, प्राकृतिक चित्रण, जातीय संस्कृतिप्रति मोह, तत्सम शब्दको बाहुल्य, नेपाली भाषाप्रति स्नेहपूर्ण भाव, कर्ममय जीवनप्रति आस्था, अद्वैत दर्शनप्रति विश्वास, प्राकृतिक विनाशको चित्रण, प्रकृतिमय प्रेमपूर्ण अभिव्यक्ति, नेपालीको जातीय स्वाभिमानप्रति गौरवानुभूति, आत्मा परमात्माप्रति विश्वासका साथै नेपालीको अल्पशिक्षाप्रति व्यङ्ग्य गर्नु उनको काव्यिक विशेषता हो । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् । यस जातीय जागरणको उत्थान कालमा उनको योगदान महत्त्वपूर्ण रहेको छ ।

### ९.३.१४.३० होमनाथ सुवेदी

स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालको समयका कविहरूमा होमनाथ सुवेदी (वि.सं. १९९३) पनि परिचित छन् । १९७० मा **राष्ट्र सेवक** पत्रिकामा 'तु कौन ?' शीर्षकको हिन्दी कविता प्रकाशित गरी कविता साहित्यमा प्रवेश गरेका होमनाथ सुवेदीको **नवोदित सूर्य** (२००) प्रथम प्रकाशित कविता सङ्ग्रह हो । **शंखनाद** (१९९५) संयुक्त कविता सङ्ग्रहमा उनका दुईओटा कविता प्रकाशित छन् । नवोदित सूर्यमा जम्मा पचपन्नओटा कविता प्रकाशित छन् । उनका धेरै कविताहरू नेपाल रेडियोद्वारा प्रसारित, आकाशवाणी गुवाहाटीको नेपाली कार्यक्रम मार्फत प्रसारित भएका छन् । हिन्दी असमिया र नेपाली भाषामा कविता प्रकाशित गर्ने उनी बहुभाषिक कविका रूपमा देखिन्छन् । "तत्कालीन काशीबाट प्रकाशित 'उदय' दार्जिलिङबाट प्रकाशित 'गोर्खा', देहरादुनबाट प्रकाशित 'स्वतन्त्र नेपाली', आमा र मेघालयबाट प्रकाशित पत्रिकाहरूमा कतै कविता त कतै प्रबन्ध प्रकाशित भएका छन्" (सुवेदी, २००० : १९) । काव्यप्रति श्रद्धास्पद भावना, जन्मभूमि भारतप्रति श्रद्धासुमन, भारतीय सभ्यता र संस्कृतिको विनाशप्रति आक्रोश, मानवीय कुप्रवृत्तिको वर्णन, अघिल्लो जन्मप्रति विश्वास, जातीय संस्कृति संरक्षणप्रति सजग,

असमका जातीय प्रतिभाप्रति गौरवान्वित, तीव्र परिवर्तनको चाहना, मानवीय स्वार्थीपनको वर्णन, लयात्मक भाषाको प्रयोग असमिया साहित्यप्रति श्रद्धा आदि उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.३१ नारायण प्रधान

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा नारायण प्रधान (वि.सं. २००२) पनि परिचित छन् । १९६५ मा **आमा** पत्रिका ४/१२ मा 'अगाडि बढ्नु छ' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्रा आरम्भ गरेका प्रधानको कविता यात्राले पाँच दशकको समय पार गरिसकेको छ । विभिन्न संयुक्त कविता सङ्ग्रहहरूमा कविता प्रकाशित गर्दै आएका नारायण प्रधानको **यसै ब्रह्मपुत्रको बगरमा** (२०००) कविता सङ्ग्रह प्रकाशित छ । 'यसै ब्रह्मपुत्रको बगरमा' सङ्ग्रहभित्र जम्मा साठीवटा कविता प्रकाशित छन् । यी साठीवटा कवितालाई तीन भागमा विभाजन गरेर प्रकाशित गरिएको छ । प्रथम (क) केही बिर्सन लागेका पन्नाहरूबाट (१९६२ देखि १९६५ सम्म) जम्मा पन्ध्रवटा कविता प्रकाशित छन् । दोस्रो (ख) मा केही प्रकाशित पत्र पत्रिकाहरूबाट १९६४ देखि १९९६ सम्मका जम्मा उनन्तीसवटा र तेस्रो (ग) मा केही अप्रकाशित पन्नाहरूका कुना-काप्चाबाट १९६७ देखि १९९२ सम्मका कविता प्रकाशित छन् । नारायण प्रधानका उक्त तीन स्तरका अधिकांश कविताहरूमा सामाजिक व्यङ्ग्य, ईश्वर चिन्तनमा विश्वास, प्रेम बिछोडको अलाप, चरीरूपी प्रेमिकाको वर्णन, फूलरूपी नारीलाई भ्रमरो रूपी दानवले दिएको यातनाको वर्णन, मानवीय स्वतन्त्रताको वर्णन, आतुर प्रेमको आलिङ्गन, प्राकृतिक चित्रण, विचित्र मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य, रक्तदान जीवनदानको आह्वान, जीवनमा आउने सुख दुःखको वर्णन, देशप्रेममूलक भावना, प्राकृतिक चित्रण, प्रेमिकाको सानिध्यले ल्याएको अविरल साहस, युद्धजन्य परिस्थितिको वर्णन, वच्छ, कारगिल, नेफा र लद्दाखका युद्धविभीषिकाको वर्णन, लाश, एटमको त्रासको वर्णन, भत्किन टुक्रिन लागेको जातिप्रति व्यङ्ग्य, तीव्र परिवर्तनको चाहना आदि उनका कवितामा पाइने मूलभूत विशेषता हुन् । यस सङ्ग्रहको 'पागल हुनु नै जाती' कविता उत्कृष्ट कविता हो । छन्दात्मक शैलीको प्रयोग गर्न चाहे पनि विशुद्ध छन्दको परिपुष्टता उनका कवितामा पाइँदैन । उनका केही कविता गेयात्मक र लयात्मक अवश्यै छन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता मध्यम स्तरका छन् । साठीको दशकका कविताहरूमा प्रभुभक्ति आत्मा परमात्माको खोज पाइन्छ भने उत्तरवर्ती कविताहरूमा जातीयतावादी स्वर मिश्रित भएका छन् ।

### ९.३.१४.३२ रूपनारायण पाठक

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा रूपनारायण पाठक (वि.सं. १९९६) पनि परिचित छन । लामो समयसम्म एकजना सफल गद्य साहित्यकारका रूपमा चिनिदै आएका रूपनारायण पाठकको काव्य यात्रा **प्रभात**

पत्रिकाबाट प्रारम्भ हुन्छ । पत्र पत्रिकामा विभिन्न कविता प्रकाशित गरेर कविता यात्राको थालनी गर्ने पाठकको **फिलिङ्गो** (२०००) कविता सङ्ग्रह प्रकाशित लामो कविता हो । कविका रूपमा स्थापित व्यक्तित्व नभए पनि आधुनिक असमेली नेपाली कविता साहित्यको प्रगतिशील विचार धाराका सशक्त कविका रूपमा पनि उनको उपस्थिति देखिन्छ । "वर्ग विभाजित समाज व्यवस्थाको संरक्षणशील मनोभाव, शोषण र निस्पेषण देखेर विरक्ति भएका पाठक दाजु नेपाली समाज हेपिएको, लुटिएको, चोटिएको, पिल्सिएको देखेर यसलाई टुलुटुलु नहेरेर सङ्घर्षको माध्यमबाट आफैले निराकरण गर्नु पर्छ स्व-अस्तित्वको सङ्ग्राममा आफै अघि बढ्नु पर्छ भन्ने भाव व्यक्त भएका छन्" (गजुरेल, २००० : ङ) । जातीय जागरणको मनोभाव, शोषण र शोषकप्रति विद्रोहात्मक स्वर, अमानवीय प्रवृत्तिको विरोध, राजनीतिप्रति व्यङ्ग्य, जन्मभूमि र मातृभाषालाई प्रेम गर्नु पर्ने वर्णन उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । उपन्यास 'दोसाँध' बाट एकाएक कविता तर्फ पनि रुचि राख्ने पाठकको कविता सामाजिक प्रवृत्तिमै घुमेका हुन्छन् र यस्ता कवितामा सामाजिक अन्धता, कुसंस्कार, गरिबी, असमानता, भेदभाव आदि नकारात्मक पक्षप्रति विमति देखाइएको छ ।

### ९.३.१४.३३ लीलनान्द उपाध्याय 'दरङ्गे'

स्वतन्त्रता उत्तर कालका तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा लीलानन्द उपाध्याय तिम्सिना (१९७०) पनि परिचित छन् । १९९१ **हाम्रो ध्वनि** पत्रिकामा **सृष्टि** शीर्षकको कविता प्रकाशित गरेर कविता यात्राको थालनी गरेका दरङ्गेको **लाली पोतिएको ओठ** (२०००), **लाटकोसेरी कुर्लिएको बेला** (२००५) कविता सङ्ग्रह प्रकाशित छन् । 'लाली पोतिएको ओठ' मा चौबीसवटा कविता प्रकाशित छन् । त्यसै गरी 'लाटकोसेरी कुर्लिएको बेला' कवितामा जम्मा चौबिसवटा कविता प्रकाशित छन् । उनका कवितामा युगको चरम व्यर्थताको झलक पाइन्छ । लीलानन्दका कवितामा यौन मनोविज्ञानको झलक पाइन्छ । प्रकृतिलाई आलम्बन बनाएर शालीन एवं मर्यादित किसिमले यौन मनोविज्ञानलाई प्रस्तुत गर्ने कविका रूपमा लीलानन्द दरङ्गे देखा पर्छन् । सामाजिक व्यङ्ग्य, असन्तुष्टि, अनाहार, बेरोजगार अवस्थाप्रति किंकर्तव्यविमूढ स्थितिको वर्णन, प्रकृतिको मानवीकरण गर्दै प्रकृतिमा भएको अन्याय र अत्याचारको वर्णन, सामाजिक विकृतिको वर्णन, नाङ्गो प्रकृतिको उदात्तताको वर्णन, मानवीय अत्याचारले बली भएका निरपराध मानवको त्रासपूर्ण मृत्युको वर्णन, समन्वयको भावना, परिवर्तनको चाहना, यौन र अस्तित्वबोधी चेतना प्रमुख रूपमा प्रकटित हुने उनका कवितामा परम्परामुक्त मौलिक शैलीको प्रस्तुति पाइन्छ । जातीय जागरणको उत्थान कालमा नवचेतनावादी र अस्तित्ववादी चिन्तनमा विसङ्गत अवस्थाको जीवन्त चित्रण उनका कवितामा पाइन्छ ।

### ९.३.१४.३४ बद्री गुरागाई

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालको समयका कविहरूमा बद्री गुरागाई (१९५९) पनि परिचित छन् । १९९३ **कविताकुञ्ज** पत्रिकामा 'इतिहासको मलामी जाँदा' शीर्षकको गीत प्रकाशित गरेर कविता/गीत यात्राको प्रारम्भ गर्ने गुरागाईको **गीतायन** (२०००) गीत सङ्ग्रह प्रकाशित छ । १९९३ देखि प्रारम्भ भएको उनको गीत यात्रा एउटा गीत सङ्ग्रह प्रकाशित गरेर बन्द भएको देखिन्छ । **गीतायन**मा जम्मा पैंसट्ठीवटा गीतहरू प्रकाशित छन् । यसभित्रका गीतहरूलाई शीर्षकीकरण नगरेर नम्बरको आधारमा १, २, ३ आदि गरी राखिएको छ । अध्यात्मवादी चेत, प्रभु तथा ईश्वरीय आस्थामा ब्रह्माण्डको सृष्टिप्रति विश्वास, धर्मनिरपेक्ष, आधुनिक विचारधारा, मानवतावादी स्वर, जातीय कवि कलाकारहरूप्रति सम्मान र मोह, ग्रामीण जीवनप्रति लालायित, प्रेमप्रीतिप्रति विश्वास, गरिब प्रेमीको प्रेमानुभूति, जीवनप्रति नकारात्मक सोच, प्रकृति चित्रण, ऋतुहरूको वर्णन, नारीप्रति सम्मान आदि उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । पहाड र तराई जोड्ने खोला नालाहरूको मानवीकरण गर्दै समन्वय र सम्प्रीतिको गीत गाउन रुचाउने गुरागाईका कवितामा सहीदहरूप्रति सम्मानपूर्ण भावना रहेको छ । गहन भावना र सरल सरसपूर्ण अभिव्यक्तिले गीतहरूलाई माथि उठाए पनि भाषाशैली र कलात्मक दृष्टिले यी गीतहरू त्यति सबल छैनन् ।

### ९.३.१४.३५ हरि गजुरेल

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा हरि गजुरेल पनि परिचित छन् । १९७० 'गोर्खापत्र' पत्रिकामा 'सत्य लुक्छ किन' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्राको थालनी गर्ने हरि गजुरेलको **शब्द बटुल्दै** (२००१) कविता सङ्ग्रह प्रकाशित छ । **शब्द बटुल्दै**मा जम्मा एकचालिसवटा कविता प्रकाशित छन् । १९७९ देखि १९८५ सम्मको समय आसामको निम्ति अत्यन्त अव्यवस्थित समय रहेको छ । त्यस बेला विभिन्न जाति उपजातिको मिलन भूमि आसाममा बसोबास गर्ने दाजु भाइले एक अर्कालाई नचिन्ने भएको देखिन्छ । महापुरुष शङ्करदेवको पवित्र भूमिमा ज्योतिप्रसाद र विष्णुराभाको समन्वय क्षेत्रमा हत्या र हिंसा मडारिन थाल्यो । ... यसै समयमा गजुरेलका पनि निकै कविताहरू सृष्टि भएका छन् । यस संकलनमा संकलित उपहास, मलाई पराइ नसम्झ, चक्रवत परिवर्त्तन्ते, भोली आउँदै छ, हामी मान्छे : फगत मान्छे, वैशाख, १९८३ जस्ता कविताहरू यसै समयका हुन् (गजुरेल, २००१ : x) । स्वच्छन्दतावादी विचार धारा, जातीयतावादी विचार धारा, असम मातृभूमिप्रति स्नेहशील, शान्तिको चाहना राख्दै बुद्धको आह्वान, विश्व मानवताको भावना, धोखा धडीप्रति सचेतता, मङ्सिरको सुनौलो खेतको वर्णन, त्रास र शङ्कापूर्ण स्थितिको वर्णन, परिवर्तनको कामना, बिम्ब र प्रतीकको भरमार प्रयोग, आफ्नै जन्मभूमिमा बिरानो

हुनु परेको त्रासपूर्ण चित्रण, कर्ममय जीवनमा विश्वास, प्रगतिशील विचार धारा, राजनैतिक परिवर्तनको चाहना, सङ्कट कालीन अवस्थाको चित्रण, असामान्य राजनैतिक परिस्थितिको चित्रण, युद्धजन्य परिस्थितिको वर्णन, प्राकृतिक भौगोलिक सीमाङ्कन आदि उनका कवितामा पाइने मूलभूत विशेषता हुन् । भाषा आन्दोलन र विदेशी आन्दोलन कालमै काव्य यात्रा प्रारम्भ गरेका गजुरेलको काव्य प्रकाशनमा विलम्ब भएकाले नै उनी जातीय जागरणको उत्थान कालमा देखा परेका उल्लेख्य कविको रूपमा रहेका छन् ।

### ९.३.१४.३६ गोपाल खड्का

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा गोपाल खड्का पनि परिचित छन् । १९८४ को दशकदेखि पत्रिकामा कविता प्रकाशित गरेर कविता यात्रा थालेका खड्काको **मेरो प्यारो ब्रह्मपुत्र** (२००२) कविता सङ्ग्रह प्रकाशित छ । खड्का प्रगतिवादी धारामा कविता लेख्ने पछिल्लो समयमा देखिएका क्रियाशील कवि मध्ये एक हुन् । आफूले भोगेका, देखेका, अनुभवहरूलाई भाषा र शैलीको संयुक्त संयोजनमा अभिव्यञ्जित गर्न सिपालु खड्काका कविताहरूमा युद्धले त्रसित जनजीवनको चित्रण भरिएको छ । तीव्र परिवर्तनको कामना, वर्तमानप्रति विरक्तिबोध, प्रगतिशील मनोभाव, वर्तमानप्रति वितृष्णा र भविष्यप्रति निराशा, युद्धले त्रसित जनजीवनको वर्णन, शान्तिकामी मनोभाव, अन्याय र अत्याचारप्रति विद्रोहात्मक प्रस्तुति, पलायनवादी मनोभाव, नारी चरित्रको लयात्मक प्रस्तुति, आशावादी मनोभाव, प्रगतिवादी मनोभावमा विद्रोहात्मक चिन्तन, गोर्खा सैनिकहरूप्रति प्रेमभाव, अस्तित्वको विपन्नावस्थामा दोस्रो पिंढीप्रति चिन्ता आदि उनका कवितामा पाइने मूलभूत विशेषता हुन् । प्रगतिशील भावनाहरूको प्रस्तुति ग्रामीण तथा सहरी परिवेशको चित्रणले उनका कविता मार्मिक बन्न पुगेका छन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् । स्वतन्त्रता उत्तरको जातीय जागरणको उत्थानको यस उत्तरवर्ती चरणमा खड्काको योगदान सह्रानीय छ ।

### ९.३.१४.३७ रतनकुमार पाण्डे

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा रतनकुमार पाण्डे (१९४८) पनि परिचित छन् । उनका 'ब्रह्मपुत्रका छालहरू' (वि.सं. २००२), **रत्न कमल** (खण्डकाव्य, २०५९) र **कार्गिल** (गीति खण्डकाव्य, २००२) गरी जम्मा दुई खण्डकाव्य र एक कविता सङ्ग्रह प्रकाशित छन् । **ब्रहपुत्रका छालहरू** कविता सङ्ग्रहभित्र जम्मा उनन्तिसवटा कविता प्रकाशित छन् । त्यसभित्र धरैजसो गीत र एक गजल रहेका छन् । यो कविता सङ्ग्रह जम्मा चौसट्ठी पृष्ठको आयाममा विस्तारित रहेको पाइन्छ । यसभित्रका कविताहरू प्रगीतात्मक संरचनामा आबद्ध छन् । त्यसै गरी 'रत्न कमल' खण्डकाव्यलाई दुई खण्डमा विभाजन गरिएको छ । प्रथम रत्न खण्ड र दोस्रो कमल

खण्ड भनेर नामकरण गरिएको छ। रत्न खण्ड तेइस पृष्ठको आयाममा विस्तारित छ भने कमल खण्ड पचपन्न पृष्ठको आयाममा विस्तारित रहेको छ । उनको 'कार्गिल' गीति खण्डकाव्यलाई पनि दुई खण्डमा विभाजन गरिएको छ। पहिलो खण्ड बत्तीस पृष्ठको आयाममा विस्तारित छ भने दोस्रो खण्ड तेत्तिसदेखि अठसठ्ठी पृष्ठको गरी जम्मा पैंतीस पृष्ठको रहेको छ। "रतनकुमार पाण्डेको 'ब्रहमपुत्रका छालहरू' कवितामा छेल्का थिए भने 'रत्न कमल' उहाँकै कविता छन्दमा प्रारम्भदेखि अन्त्यसम्म छट्पट्टिइ रहेका हुन्छन् । नेपाली चेलीहरूको मनका विरहलाई पाण्डेले 'कार्गिल' परिवेशमा समावेश गराएर यिनको वीरता र साहसको परिचय, आफ्नो मिठासपूर्ण सरल काव्यिक लयमा दिने प्रयास गरेका छन्" (आचार्य, २००२ : प्रकाशकीय) । यिनका लयात्मक र गेयात्मक प्रगीतात्मक कविताले भावनाको आयामलाई विस्तारित गरेको पाइन्छ। ब्रह्मपुत्रलाई प्रतीक स्वरूप व्यवहार गर्दै आफू हुर्किएको ठाउँलाई साहित्यको प्रवाहमा प्रवाहित हुन छोडेको भाव देखिन्छ। प्रेम प्रणयभाव, साहित्यनुरागी मनोभाव, जाति र देशप्रति आस्था, वैयक्तिक भावनाको अभिव्यक्ति, त्याग र वलिदानको पराकाष्ठा आदि यिनका कविताको मूल विशेषता हो । उनका कवितामा भाषिक सरलता र गेयात्मकता पाइन्छ। भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता त्यति सबल छैनन्।

### ९.३.१४.३८ रामप्रसाद दाहाल

स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा रामप्रसाद दाहाल पनि परिचित छन् । विभिन्न पत्रिकामा कविता प्रकाशित गरेर कविता यात्रा थालेका रामप्रसाद दाहालको **लच्किएका अनुभव** (२००१) कविता सङ्ग्रह प्रकाशित छ। "यस कविता सङ्ग्रहका कविताहरू विशेष गरी स्वच्छन्दतावाद, प्रकृतिप्रेम, देशप्रेम, जातिप्रेम, शोषणको विरोध, मानवतावाद आदिमा केन्द्रित छन् । शब्द प्रयोग र भाषा सरल, सर्वसाधारणले बुझ्ने खालका छन्" (भण्डारी, २००१ : vii)। प्राकृतिक चित्रण, युद्धपूर्ण परिस्थितिको वर्णन, सामाजिक विकृतिपूर्ण परिस्थितिको वर्णन, सामाजिक व्यङ्ग्य, भ्रष्टाचारी, बलात्कारीप्रति आक्रोश, आगतको त्रासमय परिस्थितिको वर्णन, प्रेम बिछोडको अनुभूतिका साथै आक्रोश, ग्लानि र क्रन्दन उनका कविताका मूलभूत प्रवृत्ति हुन् । कविता बाहेक एकाङ्की नाटक, उपन्यास, निबन्ध, कथा, गीत र कोरस पनि लेख्न रुचाउने दाहाल मूलतः कवि नै हुन् । खास गरी दाहालले समाजको त्रासपूर्ण परिस्थितिलाई आफूले जस्तो भोगे त्यस्तै प्रकारका कविता लेख्ने गरेको देखिन्छ। उनका कवितामा गरिबको त्रास र भोक देखिन्छ। भाषाशैली र कलात्मक मूल्यका दृष्टिले कविता सबल छन्।

### ९.३.१४.३९ कमल चम्लागाई

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा कमल चम्लागाई (वि.सं. २०१०) पनि परिचित छन्। १९९६ देखि नै विभिन्न पत्र पत्रिकामा

कविता प्रकाशित गरेर कविता यात्राको प्रारम्भ गर्ने चम्लागाईको **आँखा** (२००२) कविता सङ्ग्रह प्रकाशित छ । **आँखा**मा जम्मा एकाउन्नवटा कविताहरू सङ्गृहीत छन् । "उहाँको कविताहरूलाई सुरुदेखि अन्त्यसम्म पढ्दै जाँदा मैले उहाँको भाव र विचारमा अत्यन्त गम्भीर चिन्तन र मनन भएका उच्च विचारहरू पाएँ । उहाँका कविताहरूमा समाज संस्कार, हास्य, मानिसका व्यस्तता, दुःख, कष्ट, देशप्रेम, अनास्था र अविश्वासको भाव आदिहरू सरोबर छन्" (नेपाली, २००२ : x) । उनका कवितामा जन्मभूमि र देशप्रेमको अगाध स्नेह, कर्मव्यस्ततामय जीवनको चित्रण, समाजका अन्याय, अविचार र अत्याचारप्रति सजग, कवितामा विभिन्न रूप र शैलीको प्रयोग पाइन्छ ।

'आँखा' कविता सङ्ग्रह भित्रका कवितारूमा उत्तर आधुनिक प्रभाव पाइन्छ । हिजोको मान्यता आज पुरानिन लागेको उत्तर आधुनिक विचार धारा उनका कवितामा पाइन्छ । 'मेरो छोरो मलाई भन्छ' यस सङ्ग्रहको उत्कृष्ट कविता हो । भक्ति, संस्कार, मर्यादा, शिष्टाचार आदिबाट विमुख आजको प्रजन्म भष्म हुन लागेको भाव उनका कवितामा पाइन्छ । कविताभित्र 'ए बलिया मान्छे ! थाम रिस रोक लडाई भाइ मारि नगर बढाईं' जस्ता विद्रोहात्मक तथा राज्यिक आन्तरिक द्वन्द्वको प्रकटीकरण भएको पाइन्छ । जातीय अस्मितामा आएको विषमता र जातीय भेद भावपूर्ण व्यवहारप्रति विद्रोहात्मक भावना प्रकट भएका कमल चम्लागाईंका यस सङ्ग्रहका प्रायः जसो कविताहरू उच्च कोटिका रहेका छन् । सरल भाषाशैलीमा गम्भीर भावको प्रकटीकरण उनको मूल विशेषता हो ।

### ९.३.१४.४० उमानाथ ज्ञवाली

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा उमानाथ ज्ञवाली पनि परिचित छन् । २००० को दशकबाटै कविता लेखनमा देखिएका उमानाथ ज्ञवाली प्रभावशाली कवि हुन् । उनका धेरै कवितामा चित्रात्मक प्रस्तुति पाइन्छ । प्रगतिशील भावना उनका कवितामा यत्र तत्र पाइन्छ । शोषक वर्गले शोषितमाथि गरेको अन्यायको विद्रोहात्मक प्रतिकार उनका कविताको मूल वस्तु हो । उनका कविताले किनाराका आवाजहरूलाई उठाउने प्रयत्न गरेको छ । युगीन परम्पराप्रति मोह, गतिशीलता भित्र अघि बढ्ने चाहना, अवास्तव जगतको चित्रात्मक प्रस्तुति, आशावादी जीवन दृष्टि, प्रकृति चित्रण, कहिलै समाप्त नहुने युद्धप्रति व्यङ्ग्य, शान्तिकामी मनोभाव, जीवन मृत्युको संघातमा बेह्निएको क्षण पलको वर्णन, यौन बिम्बहरूको प्रयोग, नाटकीय प्रस्तुति, मान्छेको बढ्दो अमानवीय चरित्रप्रति व्यङ्ग्य, स्वच्छन्दतावादी विचार, नेपाली जातिप्रतिको सकारात्मक दृष्टि, मानवतावादी मनोभाव, युद्धजन्य परिस्थितिको विभत्स अस्तित्वादी चिन्तन, परिवर्तनको कामना, पौराणिक मिथकीय बिम्बको प्रयोग आदि विशेषताहरू उनका कवितामा पाइन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.४१ प्रह्लाद छेत्री

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा प्रह्लाद छेत्री पनि परिचित छन् । गीत र सङ्गीतमा रुचि राख्ने प्रह्लाद छेत्रीको **धेरै आँखा रोजेँ मैले** (२००४) गीत सङ्ग्रह प्रकाशित देखिन्छ । 'धेरै आँखा रोजेँ मैले' गीत सङ्ग्रहमा जम्मा अट्ठाइसवटा गीत प्रकाशित छन् । छेत्रीका गीतहरू अल इन्डिया रेडियो, गुवाहाटीबाट प्रसारित भएका छन् । छेत्रीले जातीय जागरण, प्रेम बिछोड र प्रेम मिलनका गीत, दुःख जीवनको वर्णन, प्रकृतिको चित्रण, सांस्कृतिक चेतना जस्ता मूलभूत विषयलाई लिएर गीत रचना गरेको देखिन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका गीत त्यति सबल देखिँदैनन् ।

### ९.३.१४.४२ जीवन शर्मा फुएँल

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा जीवन शर्मा फुएँल (१९७२) पनि परिचित छन् । बाल कविता, कथा र नाटकमा पनि रुचि राख्ने जीवन शर्मा फुएँलका थुप्रै नाटकहरू अप्रकाशित अवस्थामा रहेका छन् । २००७ कै दशकदेखि काव्य यात्राको थालनी गरेका फुएँलको **मनचरीको गुनासो** (२००७) कविता सङ्ग्रह प्रकाशित रहेको छ । 'मनचरीको गुनासो' भित्र जम्मा एकाउन्नवटा कविता प्रकाशित छन् । "शब्द चयन र प्रयोगमा ठेट नेपाली भाव दिन सक्ने असमेली नेपाली कविहरू थोरै मात्र छन् । त्यस थोरैभित्र जीवन पनि पर्न गएका छन् । ... समग्र रूपमा भन्ने हो भने कवि जीवनका यी कविताहरू वर्तमान युगका हुँकार अनि तिक्खर सम्भावनाहरू बोकेका अमूल्य रत्न हुन् भन्न सकिन्छ" (शर्मा, २००७ : क) । ग्रामीण जीवनको सुखानुभूति, स्वार्थी मायाप्रति शङ्काबोध, भाषा र संस्कृतिको मूल्यबोध, जातीय गौरव बोध, अभाव ग्रस्थ जीवनको चित्रण, जीवनको सकारात्मक अनुभूति, जातीय संस्कृतिप्रति गौरवबोध, स्वच्छन्दतावादी मनोभाव, निस्वार्थ प्रेमको याचना, निम्न वर्गहरूप्रति सहानुभूति, पर्यावरण सुरक्षाप्रति सचेतता, ईश्वर सर्वव्यापी रहेको कुरामा विश्वास आदि उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । उनका कवितामा वर्णनात्मकता पाइन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.४३ बलराम उपाध्याय

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा बलराम उपाध्याय (१९४२) पनि परिचित छन् । २००७ **देशवार्ता** पत्रिकामा 'छेड्का' शीर्षकको व्यङ्ग्य कविता प्रकाशित गरेर कविता यात्रा थालेका उपाध्याय २०१२ को दशकसम्म पनि व्यङ्ग्य कविता लेखनमा सक्रिय देखिन्छन् । उनका हालसम्म प्रकाशित कविताहरू यस प्रकार देखिन्छन् : **छेड्का** (हास्य व्यङ्ग्य कविता, २००८), **वारिपारि हेर्दा** (मुक्तक सङ्ग्रह, २०१०), **प्रयास** (कविता सङ्ग्रह, २०१२) ।

विशेषतः राजनैतिक, सामाजिक, आर्थिक, आधुनिक, समस्याका विविध पक्षहरूलाई रोचकता साथ व्यङ्ग्य कविता, मुक्तक कवितामा उतार्ने उपाध्यायका कवितामा मानवतावादी दृष्टिकोणको अभिव्यक्ति सशक्त रूपमा गरिएको पाइन्छ । उनको 'छेड्का' मा नेपाली, भ्रष्टाचार, उग्रवाद, राजनीति, आधुनिक समाज, खेलकुद, अन्तर्राष्ट्रिय, अध्यात्मवाद, मौसम/पर्यावरण, अन्याय, दशवटा शीर्षकमा जम्मा एक सय एकानब्बेओटा श्लोक प्रकाशित छन् । "छेड्काका कवि बलराम उपाध्यायले छेड्काका छेस्कराहरूद्वारा आजको समाज, सभ्यता, संस्कृति, अर्थनीति, राजनीति, धर्म, अध्यात्म शिक्षा, खेलकुद आदिका क्षेत्रमा देखिएका असङ्गति, विसङ्गति, शोषण, वेथिति, दुराचार र भ्रष्टाचारहरूप्रति तीखा पेचिला व्यङ्ग्यवाण हानेका छन् । यसो गर्नुको उद्देश्य समाजका विभिन्न स्तर वा क्षेत्रमा देखिएका, विकृतिहरू दूर गर्नु र समाजमा स्वच्छता ल्याउनु हो" (उपाध्याय, २००८ : ११) । त्यसै गरी 'वारिपरि हेर्दा' मा राजनीतिक विषयमा पचास श्लोक, भ्रष्टाचारमा बत्तीस श्लोक, समाज विषयमा एकानब्बे श्लोक, आतङ्कवादमा उन्नाइस श्लोक, लोक परलोकमा एकसट्ठी, अर्थनीति विषयमा प्रन्ध्र श्लोक, नेपाली विषयमा सत्र श्लोक र खानपान विषयका अठाह्र गरी जम्मा तीन सय श्लोक प्रकाशित छन् । त्यसै गरी 'प्रयास' कविता सङ्ग्रहमा प्रथम भाग कवितामा जम्मा पच्चिसओटा कविता प्रकाशित छन् भने द्वितीय भागमा तिन फरफका 'विशेषक' (मुक्तक) साठीओटा र तेस्रो खण्डमा तिसओटा लिमारिक प्रकाशित छन् । उनका कवितामा व्यङ्ग्यात्मक ढङ्गले वाक् प्रहार गरिएको छ । उनका कविताले गलित समाजलाई निचोर्ने काम गरेको छ । भ्रष्टचारी समाज व्यवस्थाप्रति व्यङ्ग्य, राजनीति र भ्रष्टाचारीहरूप्रति व्यङ्ग्य जस्ता प्रवृत्तिहरू उनका सङ्ग्रहमा पाइन्छ । उनका मुक्तकहरूमा दुःख, हर्ष-विषाद, मोह-घृणा, अनाचार, व्यभिचार, अनाचार, अत्याचार, भ्रष्टाचारादिको कडा रूपमा विरोध गरिएको छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका हास्य व्यङ्ग्यात्मक कविता सबल छन् ।

### ९.३.१४.४४ लीलबहादुर सुनार

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा लीलबहादुर सुनार (१९५८) पनि परिचित छन् । आफूले भोगेका जीवन, विभिन्न संस्कृति र अनुभवलाई आफ्ना कविताका माध्यमबाट अभिव्यञ्जित गर्न सिपालु सुनारका कविताहरूमा वर्गीय भिन्नता वा विभेदता र सामाजिक विसङ्गतिको चित्रण प्रस्तुत भएको देखिन्छ । पत्र पत्रिका मार्फत कविता यात्रा थालेका सुनारको **नौलो बिहानी** (२००७) कविता सङ्ग्रह प्रकाशित छ । स्वतन्त्र साहित्य मञ्च, डिगबोइको गोष्ठीको माध्यमबाट साहित्य सोवामा लाग्ने सुनारका आफ्नै किसिमका काव्यिक विशेषताहरू पाइन्छन् । उनका 'नौलो बिहानी' मा जम्मा त्रिचालिसओटा कविताहरू प्रकाशित छन् । विभिन्न समय र परिवेशले ल्याएका नवीनतम भावनाहरू उनका कविताका विषयवस्तु हुन् । मातृभूमिप्रति अगाध स्नेह,

सङ्घर्षमय जीवनमा सुनौलो भविष्यको प्राप्ति, जातीय संस्कृतिप्रतिको मोह, जातीय सुधार र समन्वयको भावना, कवि कलाकारप्रतिको श्रद्धा भाव, प्रकृतिप्रतिको मोह, छली, लुटाहा र भ्रष्ट नेताहरूप्रति तीव्र व्यङ्ग्य, पहिरनले उच्छृङ्खल बनेका आजका युवा युवतीहरूप्रति शिष्टताको कामना, जातिभेद प्रथाको विरोध, जातीय विभूतिप्रति श्रद्धासुमन समाजका दीन हीन र अशक्तताप्रति सहानुभूति, मानवतावादी स्वर, सकारात्मक जीवन भोगाइको कामना, नवशिशुको उज्ज्वल भविष्यको कामना आदि विविध विषयवस्तुलाई केन्द्रबिन्दु बनाएर लीलबहादुर सुनारका कविताहरू रचिएका छन् । उनका कविताहरू शिल्प सचेतता र कलात्मकताका दृष्टिले मध्यम स्तरका रहेका छन् ।

### ९.३.१४.४५ रामप्रसाद ढकाल

स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा रामप्रसाद ढकाल पनि परिचित छन् । १९९७ को दशकदेखि नै पत्रिकामा कविता प्रकाशित गरेर कविता यात्राको थालनी गर्ने ढकालको **उपहार** (२००६) कविता सङ्ग्रह प्रकाशित छ । यस सङ्ग्रह जम्मा छब्बिसओटा कविता सङ्गृहीत देखिन्छन् । “रामप्रसाद ढकालका कविताहरूले सौन्दर्यको उपासना गरेका छन् र कुनै न कुनै रूपमा सत्यको अन्वेषण पनि गरेका छन्” (उपाध्याय, २०६४ : x) । प्राकृतिक चित्रण, नारीप्रतिको श्रद्धा, वर्तमान विसङ्गतिपूर्ण स्थिति, असममा पसेर नेपालीहरूले गरेको दुःख र आर्थिक अवदानको वर्णन, वैयक्तिक चिन्तन, सौन्दर्यप्रति सचेतता, आतङ्कमय परिवेशको चित्रण, भाषा र जातिप्रतिको अगाध स्नेह उनका कविताका मूलभूत प्रवृत्ति हुन् । नेपालीहरूले असमको आर्थिक स्थिति सबल बनाउन दिएको योगदानको वर्णन उनका कवितामा यत्रतत्र पाइन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल देखिन्छन् ।

### ९.३.१४.४६ ईश्वर लम्साल

स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा ईश्वर लम्साल (१९७७) पनि परिचित छन् । २००२ ‘अचानक’ पत्रिका ‘मलाई नसोध किन चस्किन्छ मुटु’ शीर्षकको कविता प्रकाशित गरेर कविता यात्रा थालेका ईश्वर लम्सालको **आठपाते** (२००८) कविता सङ्ग्रह प्रकाशित छ । ‘आठपाते’ जम्मा आठवटा कविता आठ पन्नामा विस्तारित भएर प्रकाशित हुनु यसको विशेषता हो । केवल आठवटा कविता, आठवटै पन्नाको र ‘आठपाते’ शीर्षकले न्वारन गरी यो यान्त्रिक युगको कर्म व्यवस्तता र बेफुर्सदीले साहित्यप्रति रुचि छँदाछँदै पनि बाध्यवश टाढिन गएका साहित्य प्रेमीहरूलाई समेट्ने प्रयास गरेको हुँ (लम्साल, २००८ : x) । आठपाते सानो आकारको र ज्यादै कम सङ्ख्यका चोटिला कविता रहेको कविता सङ्ग्रह हो । क्षणभङ्गुर जीवन, आधुनिक रहन सहनले नङ्ग्याएको नारी अस्मिताप्रति विस्मित, जीवश्रेष्ठ मानवप्रति शङ्काबोध, मानवीय स्वार्थी भावनाप्रति शङ्काबोध, अर्थप्रति सजग, प्रकृति संरक्षणप्रति

सजगता जस्ता मूलभूत प्रवृत्ति उनका कवितामा पाइन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता त्यति सबल छैनन् ।

### ९.३.१४.४७ लक्ष्मण अधिकारी

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा लक्ष्मण अधिकारी पनि परिचित छन् । १९६३ **प्रभात** पत्रिकामा 'मानिस' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्रा थालेका अधिकारीको 'माटो र मानिसका कविता' (२००९) प्रकाशित छ । **माटो र मानिसका कविता**मा छयालिसवटा कविता प्रकाशित छन् । संस्कृत भाषाका पनि ज्ञाता भएकाले उनका कविताहरू सारै सुसंस्कृत र परिमार्जित शब्दहरूका चयनले परिपूर्ण छन् । हिन्दी भाषामा पनि उत्तिकै दखल भएका कवि लक्ष्मण अधिकारका रचना राष्ट्रिय पर्यायका पत्रपत्रिका भाषा, कादम्बिनी, समकालीन भारतीय साहित्य, साहित्य अकादमी नइदिल्ली, आकार अहमदावाद आदिमा प्रकाशित भइसकेका छन् । प्रकाशक र प्रकाशनका अभावले पछि परेका अधिकारीका कविताहरूमा सामाजिक जागरुकताको भाव, मानवीय मूल्यको खोज, देशप्रति स्नेहपूर्ण भावना, प्राकृतिक चित्रण, वर्तमान परिस्थितिको अशान्तमय वातावरणको चित्रण, छन्दोबद्ध कविताको सिर्जना, सामाजिक व्यङ्ग्य जस्ता विशेषताहरू पाइन्छन् ।

अधिकारीको लामो कविता यात्राका क्रममा केही हिन्दी भाषाका कविताहरू पनि प्रकाशित भएका छन् । प्रस्तुत 'माटो र मानिसका कविता' भित्र तिन हिन्दीबाट अनूदित कविता पनि प्रकाशित छन् । उनका कवितामा खारिएको माझिएको भाषा प्रयोग भएको देखिन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.४८ डम्बर दाहाल

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा डम्बर दाहाल (१९५८) पनि परिचित छन् । १९७२ मा 'युवक' पत्रिकामा 'वसन्त' शीर्षकको हाइकु कविता प्रकाशित गरेर हाइकु कविता यात्राको थालनी गर्ने डम्बर दाहालको **उकुस–मुकुस** (हाइकु सङ्ग्रह, २००९) र **अतीतका पाइलाहरू** (हाइकु सङ्ग्रह, २०१५) प्रकाशित छन् । परम्परित मूल्य र मान्यतालाई विघटित गरेर वर्तमान व्यस्तताको समयको मूल्याङ्कन गर्दै छोटो छरितो अभिव्यक्ति, अन्तर्विषयकता, विश्वजनीन प्रकृति, बढ्दो आतङ्कवाद, शान्तिकामी मनोभाव, सामाजिक व्यङ्ग्य, धर्मका नाममा आडम्बरपूर्ण स्थितिप्रति व्यङ्ग्य, राजनीतिक भ्रष्टाचारीहरूप्रति व्यङ्ग्य, जातीय अस्तित्वप्रति चिन्ता, वैज्ञानिक प्रविधिहरूको गुण अवगुणको वर्णन आदि उनका हाइकुमा देखिने मूलभूत प्रवृत्ति हुन् । दाहालका हाइकुमा विषयगत विविधता देखिए पनि हाइकुमा प्रयोग गरिने ५-७-५ को अक्षर सङ्ख्याको विधानलाई राम्रोसँग समायोजन गरेको देखिन्छ । १९८६ को दशकदेखि लघुकथा तथा

बालसाहित्यमा रुचि राख्ने दाहालका दुई लघुकथा सङ्कलन र एक बालसाहित्य (२००८) प्रकाशित कृति हुन् । असमिया भाषामा पनि रुचि राख्ने तथा लेखन प्रकाशन गर्ने दाहाल बहुभाषिक व्यक्तित्वका रूपमा परिचित छन् । असमेली हाइकु साहित्यमा यिनको योगदान महत्त्वपूर्ण रहेको छ ।

### ९.३.१४.४९ कालिदास शर्मा थपलिया

स्वाधीनोत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालको समयका कविहरूमा कालिदास शर्मा थपलिया (१९६५) पनि परिचित छन् । १९९७ **हाम्रो ध्वनि** पत्रिकामा 'नेपथ्यका सत्य आवाजहरू' शीर्षकको कविता प्रकाशित गरेर काव्य यात्राको थालनी गरेका शर्माको **नेपथ्यका सत्य आवाजहरू** (२००९) कविता सङ्ग्रह प्रकाशित छ । 'नेपथ्यका सत्य आवाजहरू' मा जम्मा छत्तीसवटा कविताहरू प्रकाशित छन् । शर्माले भूगोल शास्त्रको विज्ञ भएर पनि नेपाली साहित्यको काव्यविधा तर्फ रुचि राखेको देखिन्छ । प्रबल जातीयतावादी स्वर, जीवनप्रतिको तिक्तता, अस्तित्वादी चेतना, इतिहासको सत्यताप्रति अडान, मुक्तिकामी मनोभाव, किनारीकृतको आवाज, एकताको निम्ति संकल्पित भावना, निस्वार्थ भावनाप्रति विश्वास, जातीय संस्कृति र संरक्षणप्रति सजग, राजनैतिक सत्ताप्रति शङ्काबोध, हास्य व्यङ्ग्यात्मक मानवतावादी स्वर, युद्धमुखी परिवेशको चित्रण, परिवर्तनको चाहना उनका कविताका मूलभूत प्रवृत्ति हुन् । उनका कविताहरू भाषाशैली र कलात्मक दृष्टिले त्यति सबल छैनन् तापनि यस जातीय जागरणको उत्थान कालमा उनको योगदान रहेकै देखिन्छ ।

### ९.३.१४.५० खडकराज गिरी

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा खडकराज गिरी (१९५८) पनि परिचति छन् । १९८० **बिन्दु** पत्रिकामा प्रकाशित 'विस्मृतिको खोजिमा' शीर्षकको कविताबाट कविता लेखनमा प्रवेश गरेका खडकराज गिरीका कविताहरू नेपाल तथा भारतका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । उनी मूलतः कथाकारका रूपमा प्रख्यात छन् । चारवटा कथा सङ्ग्रहहरू नेपाली साहित्यलाई प्रदान गरिसकेका गिरीको **क्याक्टसका हात** (२००९) कविता सङ्ग्रह प्रकाशित छ । विशेषतः तत्कालीन निम्न वर्गीय समाजका आर्थिक समस्या र तिनले निम्त्याएका कारुणिक चित्रको प्रस्तुति उनका कवितामा पाइन्छ । उनका कविताले मनभित्र पलाइरहेको क्रूरता र विघटनवादी मानसिकताको आभास दिन्छ । 'क्याक्टसका हात' कविता सङ्ग्रहमा जम्मा सतसठ्ठीवटा कविताहरू प्रकीशित छन् । स्वच्छन्दतावादी मनोभावको प्रबलता भएका उनका कविताले काल्पनिकता र स्वप्निल जगतको खोज गरेको छ । आशावादी दृष्टिकोण, जातीय जागरणप्रति उत्साह, सन्त्रासप्रति सन्त्रस्त, पर्यावरणवादी मनोभाव, राष्ट्रप्रति दायित्वशील

भावना, जीवनप्रति दार्शनिक चिन्तन, मानवतावादी दृष्टिकोण, आधुनिक प्रविधिप्रति आग्रह, आउने पिंढीहरूप्रति आशावादी दृष्टिकोण, लीला लेखन, नारीवादी चिन्तन, स्मृति, जीवनप्रतिको यथार्थ चित्रणको प्रस्तुतीकरण, पुर्खाप्रति माया, जन्मजन्मान्तरमा विश्वास, नारी जीवनको कर्म व्यवस्थताको वर्णन आदि उनका कवितामा आउने मूलभूत विशेषता हुन् । लघुकथामा पनि काव्यात्मकता सृजना गर्न सक्ने गिरीका कविताहरू सारगर्भित बिम्ब, प्रतीक र अलङ्कारयुक्त छन् । मूलतः निबन्धकार, कथाकार, अनुवादक जस्तो बहुआयामिक व्यक्तित्व भएका गिरीका कविताहरू पनि कथा झैं सबल छन् । भाषाशैली र कलात्मक दृष्टिले उनका कविता पठन योग्य र मनन योग्य छन् ।

### ९.३.१४.५१ रेवतीमोहन तिम्सिना

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा रेवतीमोहन तिम्सिना (१९५४) पनि परिचित छन् । १९९० को दशकदेखि नै पत्र पत्रिकामा कविता प्रकाशित गरेर कविता यात्रा थालेका तिम्सिनाको **सङ्कीर्णता त्यागौं** (सवाइ काव्य, २०१०) प्रकाशित छ । मूलतः कथाकार र एकाङ्कीकार तिम्सिनाले अचानक कविता तर्फ पनि चासो लिएको देखिन्छ । **सङ्कीणता त्यागौं** उनको सवाई छन्दमा लेखिएको सवाई काव्य हो । यसमा २००८ मा असमको ओदालगुढी जिल्लामा घटेको साम्प्रदायक सङ्घर्षको घटनाको चित्रण प्रस्तुत गरिएको छ । यस सवाई काव्यमा जम्मा सैंतिसवटा सवाई प्रकाशित छन् । विश्व बन्धुत्वको अवधारणा, प्रगतिपूर्ण भाव, शान्तिको चाहना, युद्धपूर्ण परिवेशको वर्णन, सरकार सङ्घ संस्थाप्रति सकारात्मक मनोभाव, सङ्कट कालीन अवस्थाको चित्रण आदि उनका सवाई काव्यमा देखिने मूलभूत प्रवृत्ति हुन् । प्रत्येक सवाईको नामकरण यहाँ 'सङ्कीर्णता त्यागौं' भनेर गरिएको छ । सरल भाषाशैलीमा रचित कलात्मक मूल्यका दृष्टिले यो काव्य सबल नै सावित हुन्छ ।

### ९.३.१४.५२ अंगराज छेत्री

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा अंगराज छेत्री (१९६२) पनि परिचित छन् । १९९५ को दशकदेखि नै कविता प्रकाशित गरेर कविता यात्रा थालेका छेत्रीको **भावना** (२०१०) कविता सङ्ग्रह प्रकाशित छ । यस 'भावना' कवितामा नेपाली भाषाका बयालिसवटा र असमिया भाषाका दसवटा गरी जम्मा बाउन्नवटा कविता प्रकाशित छन् । उनी बहुभाषी कविको रूपमा चिनिन्छन् । नामका कविता लेख्नु उनको मूल विशेषता हो । यस सङ्ग्रहमा आठजना महिला र चवालिस जना पुरुषका नामका कविता प्रकाशित छन् । अरूको भावना आत्मसात गरेर सम्प्रेषण गर्नु, आफ्नै भावनामा अरूको सोचको बखान गर्नु, युद्धको आतङ्कमय परिवेशको चित्रण, देशप्रति सकारात्मक भावना, जातीय चेतनाको अनुभूति, राष्ट्रियता र बलिदानप्रति निडर भावना, आदर्शमय जीवनको चित्रणका साथै दिवंगत भइसकेका व्यक्तिहरूको संस्मरण

गर्दै कविता लेख्नु उनका मूलभूत प्रवृत्ति हुन् । उनका नामका कविताहरू भाषाशैली र कलात्मक दृष्टिले त्यति सबल छैनन् तर पनि यस जातीय जागरणको उत्थान कालमा उनको योगदान रहेकै देखिन्छ ।

### ९.३.१४.५३ खिलनाथ शर्मा अधिकारी

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा खिलनाथ शर्मा अधिकारी (१९७७) पनि परिचित छन् । नब्बेको दशकदेखि नै विभिन्न पत्रिकामा कविता प्रकाशित गरेर कविता यात्रा थालेका अधिकारीको **यात्रा** (२०१०) कविता सङ्ग्रह प्रकाशित छ । यात्रामा जम्मा छप्पन्नवटा कविता प्रकाशित छन् । यात्रामा हाइकु, मुक्तक र विविध विषययुक्त कविताहरू प्रकाशित छन् । विभिन्न समय र परिवेशमा उत्पन्न कविका भावनाहरूले आधुनिक परिपाटीलाई आत्मसात गरी आशा, निराशा र वेदनाले विथोलेका मानवीय अनुभूतिहरू अभिव्यक्त गरेको पाइन्छ । ऐक्य र समन्वयको भावना, स्व-अस्तित्वको चाहना, विसङ्गतिको चित्रण, आञ्चलिकताको चित्रण, आस्थापूर्ण जिन्दगीको कामना, नारीलाई स्वावलम्बी र स्वाश्रित बन्ने कामना आदि उनका मूलभूत विशेषता देखा पर्दछन् । विकृतिलाई पन्छाउँदै संस्कृतिको स्थापना, प्रेममूलक चाहनाको चित्रण, नवीनताको आशा, कवि कलाकारहरूप्रति श्रद्धास्पद अनुभूति, नेपाली वीरताको वर्णन, आन्तरिक छटपटी र वेदनाको वर्णन, असमिया जाति भाषा र संस्कृतिप्रति गौरव, प्रेमप्रीतिको भावना आदि उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । समकालीन समाजमा देखा परेका वर्गीय भिन्नता, मानवीय भोगाइ, पीडा, समस्याहरू, अभिव्यञ्जित भएका उनका अधिकांश कविताहरू, जातीय अस्तित्व, मानवीय प्रवृत्ति र धेरैजसो वैयक्तिक भोगाइको सेरोफेरोमा केन्द्रित देखिन्छन् । विषयवस्तुका दृष्टिले विविधतामय देखिने उनका कवितामा समकालीन समाजका भोगाइ, सामाजिक समस्याको साथै अतीतको जातीय गौरवको चित्रण गरिएको छ । संसार र पृथ्वीलाई भार सम्झदै जीवनको आधार नबुझेर पश्चत्तापमा डुबेको स्थिति कवितामा देखिन्छ । कलात्मक मूल्य र भाषाशैलीका दृष्टिले उनका कविताहरू मध्यमस्तरका देखिन्छन् ।

### ९.३.१४.५४ दिनमणि शास्त्री

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा दिनमणि शास्त्री (वि.सं. १९९३) पनि परिचित छन् । साठीकै दशकदेखि नै लेखन कार्यमा संलग्न रहे पनि त्यस बेला दिनमणि शास्त्रीका कुनै कृति प्रकाशित देखिँदैन । खण्डकाव्य लेखनबाट काव्य यात्राको प्रारम्भ गर्ने शास्त्रीको **ब्रह्मा सृष्टि** (खण्डकाव्य, २०११) प्रकाशित छ । 'ब्रह्मा सृष्टि' खण्डकाव्यमा सृष्टिको वर्णन पाइन्छ । ऋग्वेदका नासदीय सूक्तको भाव सम्प्रसारण नै यस कृतिको विषयवस्तु हो । ऋग्वेदको नासदीय सूक्तमा परब्रह्म परमात्माको साकार रूप भएको पाइन्छ । नारायण रूपमा साकार

ब्रह्म त्यहाँबाट कमल उत्पन्न भएर ब्रह्मा, ब्रह्माबाट समस्त ब्रह्माण्डको उत्पत्ति भएको कुरा यस सूक्तको कथावस्तु हो र त्यस ब्रह्माका विषयमा शास्त्रको भनाइ छ- "यतो वाचो निवर्तन्ते अप्राप्य मनसासह । आनन्दंब्रह्मणो विद्वान् न विभेति कदाचित" जसका विषयमा समस्त वेदनलक्ष्णावाणी मौन भएर फर्कन्छन् र जसलाई जाने पछि कसैसँग डर रहँदैन त्यस्ता आनन्द स्वरूप ब्रह्मा नै समग्र सृष्टिका निमित्तोपादन कारण हुन् (उपाध्याय, २०१२ : ५) । **ब्रह्मा सृष्टि** खण्डकाव्य जम्मा सात सर्गमा विभाजित छ । प्रथम सर्गमा जम्मा पैंतिस श्लोक, दोस्रो सर्गमा छत्तिस श्लोक, तृतीय सर्गमा तेत्तिस श्लोक, चतुर्थ सर्गमा चौतीस श्लोक र सप्तम सर्गमा अट्ठाइस श्लोक गरी जम्मा दुई सय एकाउन्न श्लोक रहेका छन् । विश्व सृष्टिको अवधारणा, नासदीय सूक्तको वर्णन, प्रलयावस्थाको वर्णन, सृष्टिको प्रारम्भिक वर्णन, सृष्टिको पूर्वमुहूर्त र प्रागमुहूर्तको वर्णन, शून्य अवस्थादेखिको वर्णन, योगी र सिद्धजनहरूको वर्णन, जीवात्माहरूको वर्णन, प्रलयान्तको वर्णन, पृथ्वीको मोह चिन्ता र विशालताको वर्णन आदि यस खण्डकाव्यमा वर्णित भएको छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनको यो खण्डकाव्य सबल देखिन्छ ।

### ९.३.१४.५५ विष्णु शास्त्री

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा विष्णु शास्त्री (१९६४) पनि परिचित छन् । १९९० को दशकदेखि कविता यात्रा थालेका शास्त्रीको **प्रिये** (२०११) कविता सङ्ग्रह प्रकाशित छ । 'प्रिये' मा जम्मा साठीवटा कविताहरू प्रकाशित छन् । धेरै सम्मान र पुरस्कारले सम्मानित शास्त्रीले काव्यिक क्षेत्रमा भन्दा अन्य क्षेत्रमा बढी सम्मान पाएको देखिन्छ । उनी नाट्य शिल्पीका रूपमा परिचित छन् । त्रासमय परिस्थितिको वर्णन, भूमण्डलीय परिवेशको चित्रण, स्वार्थान्धप्रति वितुष्टि, प्रकृतिमा विश्वास, अस्तित्वादी चिन्तन, समाधिकारप्रति सजगता, जातीयतावादी मनोभाव आदि उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । आदिदेखि अन्त्यसम्मका कवितामा प्रियेको पुनः आवृत्ति भएको पाइन्छ । यस आवृत्तिले लयात्मकताको सट्टा अमिल्दो भावको सृष्टि गरेको छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता त्यति सबल देखिँदैनन् ।

### ९.३.१४.५६ बुद्धि सुवेदी

स्वतन्त्रता उत्तरकालको तेस्रो चरण जातीय जागरणको उत्थान कालको समयका कविहरूमा बुद्धि सुवेदी (१९८४) पनि परिचित छन् । विभिन्न पत्र पत्रिकाको माध्यमबाट कविता प्रकाशित गरेर कविता यात्रा थालेका सुवेदीको **कात्रोमा गोजी** (२०१२) प्रकाशित छ । यस पहिलो कविता सङ्ग्रह 'कात्रोमा गोजी' कविता सङ्ग्रह भित्र उनन्चासवटा कविता प्रकाशित रहेका छन् । नेपाली कविताका साथै असमिया र नेपाली नाटक लेखन र मञ्चन गराएर सफलता अर्जन गरिसकेका सुवेदीका कवितामा जातीय भावना, मानवीय मूल्यको

खोज, प्रेम प्रसङ्ग, जातीय गौरवप्रति सचेत, राष्ट्रप्रतिको प्रतिबद्धता, सांस्कृतिक सचेतता, ग्रामीण जीवनको सुखानुभूतिको वर्णन, वर्वरता र त्रासदीय समाजको चित्रण, समृद्धशाली समाज निर्माणप्रति सचेतता उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । जातीय भावना र जातीय गौरव जस्ता अस्तित्ववादी चेतनाबाट प्रभावित सुवेदीका कविताहरू सरल र सुबोध्य छन् । भाषाशैली र कलात्मक दृष्टिले उनका कविता सबल नै देखिन्छन् । यस जातीय जागरणको उत्थान कालमा सुवेदीको योगदान सराहनीय देखिन्छ ।

### ९.३.१४.५७ लावण्य देवी

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कवयित्रीहरूमा लावण्य देवी पनि परिचित छन् । प्रारम्भमा निबन्ध आदिमा रुचि राख्ने लावण्य देवीको कविता यात्रा २००० **देशवार्ता** पत्रिकामा 'उर्मिला' शीर्षकको कविता छापिएपछि अगाडि बढेको हो । उनको **उर्मिला** (२०१२) कविता सङ्ग्रह प्रकाशित छ । यस सङ्ग्रहका एकचालिसवटा कविताहरू विषय, शैली, प्रस्तुति आदिका दृष्टिले केही अपारम्परिक र केही नवीन किसिमका देखिन्छन् । यिनका कवितामा नारी जीवनका भोगाइ, समस्या आदिको अभिव्यक्ति पाइन्छ । मातृको प्रभाव, नारी कोमलताको चित्रण, पितृप्रतिको स्नेहशीलता, नारीहरूमा नैतिक चेतना ल्याउन उन्मुखता, ऐतिहासिक नारीहरूको त्याग र बलिदानको वर्णन, प्राकृतिक विनाश, नदीको संहारी रूपप्रति चिन्तित मनोभाव, देशभक्तहरूप्रति श्रद्धा सुमन, आधुनिक प्रविधिहरूको वर्णन, परिवर्तित विश्वप्रति विस्मयबोध, जातीय सहिदप्रति नतमस्तक, अतीत मोह (नस्टालजिया), नारीवादी आदि उनका कवितामा पाइने मूलभूत विशेषता हुन् । उनका कवितामा वर्णनात्मकता पाइन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

### ९.३.१४.५८ वसुन्धरा शर्मा

स्वतन्त्रता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा वसुन्धरा शर्मा (१९५०) पनि परिचित छन् । २००३ जुलाई ४ **देशवार्ता** पत्रिकामा 'हरिहरधाम' शीर्षकको कविता प्रकाशित गरेर आफ्नो लेखन थालेकी शर्माको कविता लेखन भर्खरै प्रारम्भिक चरणमा छ । प्रखर समाजसेवी व्यक्तित्वका रूपमा स्थापित वसुन्धरा शर्माको **प्रेरणा** (२०१२) र **मुक्तकमाला** (२०१२) गरी दुई काव्य कृति प्रकाशित छन् । कवयित्री वसुन्धरा शर्माको पहिलो कविता सङ्ग्रह 'प्रेरणा' मा सङ्गृहीत अधिकांश कविता सामाजिक यथार्थको सेरोफेरोमा लेखिएका छन् भने केही कवितामा यथार्थ जीवन भोगाइको पनि आंशिक प्रभाव पाइन्छ । 'प्रेरणा' मा जम्मा पैंसठ्ठीवटा कविता सङ्गृहीत छन् । त्यसै गरी 'मुक्तकमाला' मा जम्मा दुई सय सोह्रवटा मुक्तक प्रकाशित छन् । जातीय संस्कृतिप्रति गौरव अनुभूति, मानवतावादी स्वर, कर्ममय जीवनमा विश्वास, देशको विग्रदो परिस्थितिको वर्णन, प्रवल जातीयतावादी चेतना, आत्मा र परमात्माप्रति विश्वास,

भाषा संस्कृतिप्रति स्नेह आदि उनका कविता र मुक्तकमा देखिने मूलभूत प्रवृत्ति हुन् । "सहज सरल भाषामा व्यक्तिएका छन् यी मुक्तक । बोधगम्य भाषाको प्रयोग भएको छ । साधारण पाठकले पनि कुनै असुविधाको सम्मुखीन हुनु पर्दैन औं न त शब्दकोशका पाता पल्टाएर अर्थ खोज्नु पर्ने हुन्छ । साथै यहाँ गाभिएका सबै मुक्तकहरू रसिला, चखिला, घतलाग्दा र सुमधुर ध्वनिका छन् भन्दा अचाहिँदो नहोला" (उपाध्याय, २०१२ : ज) । नारीवादी भावनाको प्रबलताले गर्दा उनका कविता प्रेरणामयी बन्न पुगेका छन् । आन्तरिक लयका साथै अन्त्यानुप्रासको सफल प्रयोग उनका कवितामा पाइन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता त्यति सबल छैनन् ।

### ९.३.१४.५९ धमेन्द्र उपाध्याय

स्वतन्त्रता उत्तर कालको जातीय जागरणको उत्थान कालका कविहरूमा धमेन्द्र उपाध्याय पनि परिचित छन् । विभिन्न पत्रिकामा आफ्ना कविता प्रकाशित गरेर उपाध्यायको **तिमी घामकी आमा** (२०१२) पहिलो प्रकाशित कविता सङ्ग्रह हो । यस प्रथम कविता सङ्ग्रह **तिमी घामकी आमा** कविता भित्र जम्मा वैसट्ठीवटा कविता प्रकाशित छन् । प्रगतिशील भावधारा, विपन्न वर्गका दयनीय जीवनको चित्रण, कृषिप्रति आकर्षण, जातीय जागरणमा आएको ह्रासोन्मुख परिवेशप्रति चिन्तित, गरिब वर्गप्रति सहानुभूति, प्रवल जातीयतावादी मनोभाव, युद्धजन्य परिवेशप्रति भयभाव, सामाजिक राजनैतिक र जातीय व्यवस्थाप्रति व्यङ्ग्य भाव, पौरखी भावना, अतीतको वीर जातीय अस्तित्वप्रति गौरवानुभूति उनका कवितामा पाइने मुख्य प्रवृत्ति हुन् । उनका कवितामा नेपालीहरूको अतीतको इतिहास, वर्तमानको दुखमय परिवेश र भविष्यतको अस्तित्वप्रति चिन्तित मनोभाव प्रकट भएको देखिन्छ । उनका कविताहरूले अरण्यलाई फूलवारी बनाउँदा हराएका पुर्खा, श्मशानलाई बाटो बनाउँदा हराएका वीर, सीमान्तलाई उज्यालो पार्न हराएका पुर्खाहरूको खोज गरेको पाइन्छ । जातीयताप्रति सजग बन्दै आफ्नो जातिको संरक्षण तिरको सचेतता वा साथै कविको 'तिमी घामकी आमा' कविता सङ्ग्रह शीर्षकीकरणका दृष्टिले उत्कृष्ट छ । प्रगीतात्मक संरचनामा कविता लेख्ने धमेन्द्र उपाध्यायका कवितामा प्रथम तथा द्वितीय दुवै दृष्टिबिन्दुको प्रयोग पाइन्छ । उनका कविताहरू विचारको उत्कृष्टताका दृष्टिले मूल्याङ्कन गर्न सकिन्छ । असमेली नेपाली कविताको स्वाधीनता उत्तर जातीय जागरणको उत्थान कालको कविता परम्परामा उनको योगदान राम्रो छ । सामाजिक र युगीन यथार्थको प्रकटीकरण उनका कविताको विशेषता हो ।

### ९.३.१४.६० नरबहादुर क्षेत्री

स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका कविहरूमा नरबहादुर क्षेत्री (१९५८) पनि परिचित छन् । १९७९ देखि नै विभिन्न पत्रिकामा कविता प्रकाशित गरेर कविता यात्रा थालेका क्षेत्रीको **सदिच्छाका हरफहरू** (२०१२) पहिलो प्रकाशित कविता सङ्ग्रह हो । 'सदिच्छाका हरफहरू' मा जम्मा छत्तिसवटा कविता प्रकाशित छन् ।

“सरल शैली-शब्दावली, यथार्थवादीय धरातलसित व्यवहारिक एवम् चिन्तनका अभिव्यक्ति लिएर रचनात्मक बन्दै काव्य क्षेत्रमा ओर्लिएका कवि हुन् नरबहादुर छेत्री” (गिरी, २०१२ : ८) । अस्तित्व र स्वाभिमानको लडाइँप्रति सजग, सङ्कीर्णता र उच्च आकाङ्क्षी मनोभावको विरोध, जातीय अस्मिताप्रति चिन्तित, मानवीय पीडाको अनुभूति, पर्यावरण विनाशप्रति चिन्तित, बढ्दो सहरीकरणप्रति चिन्ता, मानवीय स्वार्थीपनाप्रति व्यङ्ग्य, मातृप्रतिको स्नेहीभाव आदि उनका कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । नयाँ र नौलो पनामा विश्वास राख्ने क्षेत्रीका कवितामा वन्यजन्तुहरूप्रति प्रेम भाव राखिएको छ । उनका कविता एक अक्षरीदेखि तिन शब्दहरूसम्म विस्तारित दुई लाइनको ढाँचामा रचिएका छन् । मानवीय प्रवृत्ति र प्रकृतिका विभिन्न चिजबीज वस्तु प्रकृति चराचुरुङ्गीहरूसित तादात्म्य मिलाउँदै लेखिएका कविताहरू बढी सबल छन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल छन् ।

#### ९.३.१४.६१ कमलादेवी भट्टराई

स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालको समयका कवयित्रीहरूमा कमलादेवी भट्टराई (१९५४) पनि परिचित छन् । २००४ मा ‘हाम्रो प्रजाशक्ति’ दैनिक पत्रिकामा ‘मेरो अभिमान’ शीर्षकको कविता प्रकाशित गरेर कविता यात्रा थालेकी कमलादेवीको ‘मेरो अभिमान’ (२०१२) कविता सङ्ग्रह प्रकाशित छन् । ‘मेरो अभिमान’ मा जम्मा तीसवटा कविताहरू प्रकाशित छन् “कविमा जातीय चेतना प्रबल रूपमा रहेको, आफ्नो भाषा-साहित्यप्रति पनि उत्तिकै प्रेम भएको हुनाले नै उनले कवि भानुभक्त आचार्य र महाकवि लक्ष्मीप्रसाद देवकोटाप्रति श्रद्धाका शब्द सुमन समर्पण गरेकी छन् । आफ्नी आमालाई माया गर्नु भनेको अरूलाई घिन गर्नु होइन । कवि कमला देवीको जातीयप्रेम स्वजातीय सेरोफेरो भित्र साँघुरिएको छैन । यो प्रेम मौलाएर विश्व भावनालाई अँगाल्न पुगेको छ” (छेत्री, २०१२ : x) । कमलादेवीका कविता विरोधी जोडीलाई एकअर्काको उत्प्रेरक मानेको देखिन्छ । उनका कवितामा नारीप्रति सद्भाव, बाल श्रमिकप्रतिको सहानुभूति, राजनैतिक शोषणप्रति व्यङ्ग्य, जीवनप्रति सकारात्मक मनोभाव, भाषिक तथा सांस्कृतिक विनाशप्रति चिन्तनशीलता, भारतीय नारी अस्तित्वको खोज, नारीवादी चिन्तनशीलता, जातीयतावादी मनोभाव, मातृभूमिप्रति अगाध स्नेह, परम्पराप्रति मोह, समाजका विकृतिप्रति व्यङ्ग्य, आन्तरिक साम्राज्यवादको विरोध, राजनैतिक व्यङ्ग्य आदि उनका काव्यिक विशेषता हुन् । उनका कवितामा वर्णनात्मकता पाइन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता त्यति सबल देखिँदैनन् ।

## ९.४ निष्कर्ष

असमेली नेपाली कविताको स्वतन्त्रता उत्तर कालको तेस्रो चरणमा देखिएका कविहरूले कविताका प्रगीत, खण्डकाव्य र महाकाव्य सिर्जना गरी कविताका बहुविध रूप निर्माण गरेको देखिन्छ । भारतमा छरिएर रहेका नेपालीहरूको स्वाभिमान, स्वतन्त्रता, संस्कृति,

भाषा, जातीय गौरव जस्ता विविध पक्षलाई मुख्य कथ्य बनाएर यस चरणका कविता, काव्य सृजित भएका छन् । नेपालीहरूले भारतीय भूभागमा, सेना, कृषि, गौपालन, मजदुरी लगायत अन्य अनेक व्यवसायलाई अँगालेर सङ्घर्षमय जीवन व्यतीत गर्नु परेको वास्तविकतालाई स्पष्ट गर्दै तिनको योगदानलाई राष्ट्रले वास्तविक मूल्याङ्कन गर्न नसकेको तथ्य यस चरणका काव्यकृतिमा प्रकट हुन पुगेको छ । मूल रूपमा जातीय स्वरूप मुखरित भए पनि असमेली नेपाली कविहरूले असम भूमिका भौगोलिक, सांस्कृति, राजनीतिक, धार्मिक आदि बहुविध पक्षलाई आफ्ना काव्यकृतिमा व्यक्त गरेका छन् । जातीय सहिष्णुता, भाइचारा सम्बन्ध, देशप्रतिको कर्तव्य बोध र निष्ठा जस्ता पक्ष पनि यस चरणका काव्यमा पाइने विषय हुन् । मुक्त लय, लोक लय र शास्त्रीय छन्दको उपयोग गर्दै लेखिएका यस चरणका कविता काव्यहरूमा नवीन प्रयोग धर्मी शिल्प चेतनाको विकास पनि हुन पुगेको छ । यस चरणका प्रायः जसो कवितामा स्वाधीनोत्तर कालमा जातीय अस्तित्व बोध र सामाजिक वास्तविकता नै कविताका कथ्य भएर आएको देखिन्छ । समाजलाई रूपान्तरण गर्न र नव समाजको निर्माणमा यस चरणका कविहरूको कवितात्मक प्रवृत्ति रहेको देखिन्छ । नवीन शिल्प सचेतता साथ स्वत्व बोध र रूपान्तरणका कविता नै यस चरणका प्राप्ति हुन् ।